## परिच्छेद-एक
# शोधपरिचय

१. **शोधशीर्षक :**

प्रस्तुत शोधपत्रको शीर्षक **'दुविधा'** उपन्यासको कृतिपरक अध्ययन रहेको छ ।

२. **शोधपत्रको प्रयोजन :**

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

३. **विषय-परिचय :**

आधुनिक नेपाली साहित्यजगत्मा ध्रुवचन्द्र गौतम चर्चित उपन्यासकारका रूपमा परिचित छन् । वि.सं. २०२४ सालमा **अन्त्यपछि** उपन्यासबाट सुरू भएको उनको औपन्यासिक यात्रा वि.सं. २०६२ सम्म पनि कायमै रहेको छ । हालसम्म उनले एकल १८ वटा र सहलेखन ४ वटा गरी जम्मा २२ वटा उपन्यासहरू सृजना गरिसकेका छन् । नेपाली उपन्यास परम्परामा भर्खरै भित्रिएको विसङ्गतिवाद तथा अस्तित्ववादलाई हुर्काउने मौलाउने काम उनैबाट भएको मानिन्छ । उनका उपन्यासमा नवीन शिल्प, नवीन विचार, नवीन संरचना, नवीन कथानक, नवीन अनुभूति आदिलाई प्राथमिकता दिएको पाइन्छ । उपन्यासयात्राकै क्रममा वि.सं. २०५२ सालमा **दुविधा** उपन्यास देखापरेको हो । यस उपन्यासमा तत्कालीन समाजका विकृति, विसङ्गति र प्रौढ अवस्थामा भोग्नु पर्ने? दुरावस्थाको भयानक चित्रण गरिएको छ । नेपाली समाजमा वृद्ध सदस्यहरूले भोग्दै गरेका समस्याहरूलाई स्वैरकल्पनात्मक शैलीमा निकै रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यस उपन्यासमा तत्कालीन नेपाली सहरीया समाजका पात्रहरूको सृजना गरी जीवनको बिषम अवस्थाको प्रस्तुतिका साथै यौन एवम् मनोरञ्जनात्मक अवस्थाको पनि चित्रण गरिएको छ । समाजमा के कस्ता चरित्रलाई नाम र दाम दुवै प्राप्त हुन्छ र के कस्ता चरित्रको दोष र दरिद्रता हुन्छ भन्ने कुरा अमरराज, शम्भु, जीवन, बलराम, भैरव, माधव, लम्वराज, कमलराज, नर्मदा, मीना, शिवराम, जस्ता पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् । यो उपन्यास मानवीय जीवनको अतित, वर्तमान र भविष्यको कथा हो । एक्काइसौं शताब्दीका द्वैत चरित्र बोकेका मानवीय सम्बन्धको द्वन्द्वबाट रङ्गिएको मानवीय ? द्विविधाको यथार्थ चत्रिण हो 'दुविधा' । यही विषय, चरित्र र प्रवृत्तिलाई बोकेको गौतमको 'दुविधा' उपन्यास नै विषय परिचय हो ।

४. **समस्याकथन :**

उपन्यासकार ध्रुवचन्द्र गौतमको **दुविधा** उपन्यासको विभिन्न कोणबाट अध्ययन, विश्लेषण र निरूपण गरिने यस शोधकार्यमा मूल समस्याहरू निम्न प्रकार रहेका छन् :

१. उपन्यासकार ध्रुवचन्द्र गौतमको रचनाधर्मिता के-कस्तो रहेको छ ?

२. नेपाली उपन्यासको विकासक्रम के कस्तो रहेको छ र त्यसमा ध्रुवचन्द्र गौतमको के कस्तो आगमन र स्थान रहेको छ ?

३. **दुविधा** उपन्यास औपन्यासिक दृष्टिले के-कस्तो देखिन्छ ?

४. **दुविधा** उपन्यासमा के-कस्ता प्रवृत्तिहरू रहेका छन् ?

## ५. शोधकार्यको उद्देश्य :

शोध समस्यामा देखिएका समस्याहरूको निरूपण गर्नु नै यस शोधकार्यका उद्देश्य हुन् । यस आधारमा शोधपत्रका उद्देश्यहरू निम्नलिखित रहेकाछन् ।

१. उपन्यासकार ध्रुवचन्द्र गौतमको रचनाधर्मिताको निरूपण गर्ने,

२. नेपाली उपन्यासको विकासक्रम पहिल्याउँदै यसमा गौतमको आगमन र स्थान के कस्तो रहेको छ भन्ने कुराको निर्धारण गर्ने,

३. औपन्यासिक दृष्टिले **दुविधा** उपन्यासको निरूपण गर्ने,

३. **दुविधा** उपन्यासमा रहेका प्रवृत्तिहरूको निक्र्योल गर्ने ।

## ६. पूर्वकार्यको समीक्षा :

ध्रुवचन्द्र गौतमद्वारा लिखित **दुविधा** उपन्यासका बारेमा विभिन्न विद्वान्हरूद्वारा पुस्तक, पत्र-पत्रिकामा व्यक्त भएका समीक्षा, समालोचना, टीका-टिप्पणी, लेख, रचनालाई नै यहाँ पूर्वकार्यका समीक्षाका लागि प्रस्तुत गरिएका छन् ।

**(१) कुमारराज दहाल, ध्रुवचन्द्र गौतम जीवनी व्यक्तित्व र कृतित्व** (**अप्रकाशित शोधपत्र त्रि.वि.वि. कीर्तिपुर**) **२०३६**

प्रस्तुत शोधपत्रमा शोधार्थी कुमारराज दहालले ध्रुवचन्द्र गौतमको जीवनी व्यक्तित्व र कृत्तित्वको विषयमा शोधपत्र तयार पार्दै ध्रुवचन्द्र गौतमले साहित्यको विभिन्न क्षेत्रमा कलम चलाए पनि उनी कथा र उपन्यासको क्षेत्रमा बढी चर्चित भएर नेपाली साहित्यमा देखा परेका छन् र सहरी वातावरणदेखि विरक्त भई निर्वासित भएका पात्रहरूले बाँच्नुको कुनै औचित्य हुँदैन भन्ने कुरा उनका उपन्यासमा पाइन्छ भन्ने तथ्य प्रकाश पारेका छन् । यसमा शोधार्थी दहालको शोधपत्रकै आधारमा अस्तित्वबोध र मूल्यहीनताको अवस्था दुविधा उपन्यासमा पाइने कुरा स्पष्ट हुन आउँछ ।

**(२) कृष्णचन्द्रसिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार** (**काठमाडौं, साझा प्रकाशन**) **२०३७**

कृष्णचन्द्रसिंह प्रधानले ध्रुवचन्द्र गौतमका उपन्यासका बारेमा चर्चा गर्दै गौतमका उपन्यास मनुष्यको निरर्थकता र नि:सहाय अनास्तित्वमा व्याप्त पीडाको गहिरो अनुभूति साँच्ने गर्छन् भन्ने तथ्य खुलाएकाछन् । उनका अनुसार गौतमका उपन्यासमा मानवीय जीवन र समाजको मूल्यहीनता र

विघटनको कथा हो । यसमा व्यक्त गरिएको भनाइले दुविधा उपन्यासका बारेमा समष्टिगत रूपमा प्रकाश पार्दैन तापनि यस अध्ययनले शोध अध्ययनलाई सहयोग पुग्ने देखिन्छ ।

(३) **खगेन्द्रप्रसाद लुइँटेल, समकालिन साहित्य** (**वर्ष ५ अंक ४ पूर्णाङ्क २०, कार्तिक-पुष २०५२**)

गौतमको उपन्यास क्षेत्र निकै फस्टाएको देखिन्छ, नेपाली उपन्यासका क्षेत्रमा संख्यात्मक र गुणात्मक दुवै दृष्टिले उत्कृष्ट उपन्यास दिन सफल गौतमका औपन्यासिक कृतिहरूमध्ये दुविधा (२०५२) उपन्यास पनि एक हो भन्दै यस लेखमा लुइँटेलले गौतमका कृतिहरूमध्येको **दुविधा**लाई नेपाली औपन्यासिक विधामध्येको महत्त्वपूर्ण उपन्यासका रूपमा उभ्याएकाले समग्रमा विश्लेषण नभएतापनि यो शोधकार्यलाई निश्चय नै सहयोग मिल्नेछ ।

(४) **खगेन्द्रप्रसाद लुइँटेल, दुविधा उपन्यासमा घोत्लिदाँ** (**कान्तिपुर वर्ष ३, अंक ३३५, २०५२, माघ १३ गते, कोसेली पृष्ठ ग**)

यस लेखमा खग्रेन्द्रप्रसाद लुइँटेलले दुविधा उपन्यास, शिवराज, लम्वराज, अमरराज, कमलराज तथा अमरराजका समयबयस दौंतरी जीवन, बलराम, भैरव, माधव र शम्भुको यथार्थ जीवन भोगाइको साझा कथा हो । यी सबैको जीवन भोगाइका हास्य, रोदन, सार्थक, निरर्थक, सङ्गत, असङ्गत, अनुकूल प्रतिकूल आदि यावत पक्षलाई उपन्यासले अमरराजका वंशजका माध्यमबाट मानव जीवनको त्रिकालिक (भूत, वर्तमान र भविष्य) अभिव्यक्ति प्रस्तुत गरेको छ । यस भनाइबाट दुविधा उपन्यासको पूर्ण विश्लेषण भने हुन सक्दैन, तापनि यसले यस शोधकार्यलाई महत्त्वपूर्ण सहयोग पुग्ने देखिन्छ ।

(५) **मोहनराज शर्मा, दुविधा भित्रका ध्रुवचन्द्र गौतम** (**भूमिका**) **दुविधा,** (**लुनकरण दास गंगादेवी चौधरी साहित्यकला मन्दिर, काठमाडौं**) **२०५२**

प्रा. मोहनराज शर्माले दुविधा उपन्यासको भूमिका खण्डमा दुविधाको कथ्यमा प्रौढजीवनको कामदी पनि छ र त्रासदी पनि छ, सौन्दर्य पनि छ र विद्रूप पनि छ । जय पनि छ र पराजय पनि छ, सृंगार पनि छ र जुगुप्सा पनि छ अनि अभिधा पनि छ र व्यङ्गय पनि छ भनेका छन् । यस भनाइले नै दुविधा उपन्यासको निचोड निकाल्न खोजेको देखिन्छ ।

(६) **सरोज पौडेल, निमित्त नायक उपन्यासको कृतिपरक अध्ययन** (**अप्रकाशित शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, त्रि.वि.वि**) **२०६१**

सरोज पौडेलले निमित्त नायक उपन्यासको कृतिपरक अध्ययन शोधपत्र तयार पार्दै गौतमलाई उनको उपन्यासयात्रा विसंगतिवादी धाराबाट सुरु भई क्रमशः आलोचनात्मक यथार्थवादलाई मूल आधारभूमि बनाउँदै विसङ्गतिवाद र अस्तित्ववाद दुवै चिन्ततबाट एकसाथ उल्लेख गरेका छन् । जसमा उनले गौतमका औपन्यासिक प्रवृत्तिका बारेमा गरेको चर्चाले यस शोधकार्यलाई सहयोग पुग्ने निश्चितै छ ।

(७) **रोशन थापा 'नीरव', भूमिका खण्डमा, घुर्मी (प्रतिभा प्रकाशन, काठमाडौं) २०६२**

रोशन थापा **नीरव**ले घुर्मी उपन्यासको भूमिकामा गौतमका लेखनमा समकालीन त्रासदीको चित्रणमा यथार्थताको प्रमुख निर्वाह हुन्छ, त्यसैको प्रमुख चित्रण यसमा पाइन्छ भनेका छन् । त्यस्तो उपमा र शैलीमा गौतमले पारङ्गत र सिद्धी नै प्राप्त गरेका छन् भन्नुमा कथाकारलाई चाहिँ कुनै दुविधा छैन, किनभने कल्पना जस्तो लाग्ने कथा र कथा जस्तो लाग्ने जीवनको प्रत्यारोप यो कृति हो । कल्पना र जीवनको यथार्थ सङ्गम हो यो कृति । यस चर्चाले उपन्यासको सामाजिक, आर्थिक र राजनैतिक पक्षलाई जोड दिएको देखिन्छ । यसरी यस भनाइबाट पनि दुविधा उपन्यासको विश्लेषण गर्न मद्दत भने अवश्य पुग्ने देखिन्छ ।

## ७. शोधको औचित्य :

पूर्वकार्यको समीक्षाबाट के स्पष्ट भएको छ भने ध्रुवचन्द्र गौतमका बारेमा विभिन्न विद्वानले समीक्षा र समालोचना र टिप्पणी गरे तापनि उनको औपन्यासिकताका बारेमा समष्टिगत अध्ययन भएको छैन । यसको औपन्यासिकताका बारेमा अध्ययन हुन बाँकी नै छ । यसबाटै प्रस्तुत अध्ययनको औचित्य पुष्टि हुन्छ । यसका साथै यस अध्ययनले नेपाली उपन्यासको ऐतिहासिक अध्ययनका क्षेत्रमा समेत सहयोग पुग्ने र गौतमको दुविधा उपन्यासका बारेमा जान्न चाहनेहरूलाई समेत सहयोग पुग्ने निश्चित छ । यसबाट पनि प्रस्तुत उपन्यासको कृतिपरक अध्ययनको औचित्य पुष्टि हुनेछ ।

## ८. शोधको सीमाङ्कन :

ध्रुवचन्द्र गौतमद्वारा रचना गरिएका विभिन्न कृतिहरूमध्ये दुविधा उपन्यासको कृतिपरक अध्ययन औपन्यासिक तत्वका आधारमा गर्नुमा मात्र सीमित रहेको छ ।

## ९. शोधविधि :

प्रस्तुत शोधकार्यका निम्ति मूलतः पुस्तकालयीय अध्ययन विधिका आधारमा सम्बद्ध पुस्तक, पत्र-पत्रिका, समीक्षात्मक लेख आदिको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ। यसका साथै प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट पनि आवश्यक सामग्री सङ्कलन गरिएको छ। आवश्यकता अनुसार शोधनायकको यस कृतिसम्बन्धी निजी विचार र धारणाहरू पनि यसमा समावेश गरिएका छन्। प्रस्तुत शोधसमस्या मूलतः समीक्षाशास्त्रका आधारमा तयार गरिएको छ। यस क्रममा ऐतिहासिक र वर्णनात्मक विधिलाई पनि आवश्यकताअनुसार उपयोग गरिएको छ ।

## १०. शोधको रूपरेखा

शोधपत्रलाई व्यवस्थित बनाउन निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपरिचय |
| परिच्छेद दुई | : | गौतमको साहित्यिक व्यक्तित्व र रचनाधर्मिताको परिचय |
| परिच्छेद तीन | : | आधुनिक नेपाली उपन्यासको विकासक्रममा **दुविधा** उपन्यास |
| परिच्छेद चार | : | औपन्यासिक तत्त्वका आधारमा **दुविधा** उपन्यासको अध्ययन |
| परिच्छेद पाँच | : | विभिन्न दृष्टिकोणबाट **दुविधा** उपन्यासको अध्ययन |
| परिच्छेद छ | : | उपसंहार |

सन्दर्भसामग्रीसूची

# परिच्छेद - दुई
# गौतमको साहित्यिक व्यक्तित्व र रचनाधर्मिताको परिचय

## २.१ गौतमको साहित्यिक व्यक्तित्व

### २.१.१ पृष्ठभूमि

आधुनिक नेपाली आख्यान साहित्यका शिखर व्यक्तित्व डा. ध्रुवचन्द्र गौतमको जन्म र जन्मस्थानका बारेमा विभिन्न मतमतान्तर देखिन्छन् । नेपाली साहित्यका विभिन्न सामग्रीहरूमा उनको जन्ममिति वि.सं. २००१[1] र २००० लेखेको भेटिन्छ । उनको जन्ममितिका सम्बन्धमा विभिन्न विवादहरू पाइए पनि अधिकांश समालोचकहरूले वि.सं. २००० साल पुष २ गते तद्नुसार सन् १९४३ डिसेम्वर १६ विहीबार बेलुका[2] गोविन्दचन्द्र गौतम र दीपावती देवी गौतमको कांहिँला छोराका रूपमा जन्मिएका छन् भन्ने कुरालाई बढी प्रामाणिक मान्न सकिन्छ । उनको खास नाम चेतचन्द्र भएपनि सानैमा बोलाउने नामका रूपमा ध्रुवचन्द्र राखिएको हो । उनको जन्ममितिमा जस्तै जन्मस्थानका बारेमा पनि एकरूपता पाइँदैन । उनको जन्मस्थान वीरगञ्ज भनिए पनि भारतको रक्सौलमा जन्म भएको र पछि परिवारसहित २००१ सालमा स्थायी बसोबासका लागि वीरगञ्ज आएका हुन् भन्ने भनाइ बढी प्रामाणिक देखिन्छ ।[3] उनको प्रारम्भिक शिक्षा वीरगञ्जस्थित केशवप्रसादको स्कुलबाट सुरू भई केही समयसम्म दशरथ मास्टरको स्कुलमा पनि अध्ययन गरी वीरगञ्जकै ऋद्धि हाइस्कुलबाट २०१५ सालमा एस.एल.सी. परीक्षा उर्त्तीण गरेका हुन् । २०१७ सालमा ठाकुरराम क्याम्पस वीरगञ्जबाट आइ.ए. र त्रि-चन्द्र कलेजबाट २०२० सालमा बी.ए.उर्त्तीण गरिसकेपछि त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट २०२३ सालमा एम.ए. द्वितीय श्रेणीमा उत्तीर्ण गरेका गौतमले २०३६ सालमा पुनः विश्वविद्यालयबाट A Descriptive stydy of terai Nepali शीर्षकमा विद्याबारिधी उपाधि हासिल गरेका छन् । वि.सं. २०१९ सालमा एजुकेसनल इन्टरप्राइजेजमा पुस्तक बिक्रेता तथा त्यसै साल गोरखापत्रमा प्रुफरिडरसमेत भएको देखिन्छ ।[4] उनको साहित्यिक यात्राको सुरुवात २०२० सालको रूपरेखा (पूर्णाङ्क २०) पत्रिकामा प्रकाशित 'तटस्थता : असफलता' शीर्षकको कथाबाट भएको हो । उनको प्राध्यापन पेसाको प्रवेश २०२३ सालमा रत्नराज्यलक्ष्मी गर्ल्स कलेजबाट सुरु गर्दै त्रि-चन्द्र कलेज (२०२४) बाट त्रि.वि. सेवामा कार्यरत रही २०५१ सालमा निवृत्त

---

[1] राजेन्द्र सुवेदी, **सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम**, (काठमाडौं, साझा प्रकाशन, २०५४) पृ.१

[2] खगेन्द्रप्रसाद लुइटेल, नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान, **गरिमा** (वर्ष २०, अंक ६, पूर्णाक २३४, २०५९) पृ.३० ।

[3] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** दोश्रो सं. (काठमाडौं साझा प्रकाशन, २०५८) पृ.२६४ ।

[4] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत पृ. ३० ।

भएका हुन् ।[५] उनले प्राध्यापन पेसाबाहेक अन्य गरिमामय उच्च पदमा रहेर पनि कार्य गरेका छन् । उनी अमलेख साहित्यिक आन्दोलनका संस्थापक सदस्य (२०३६), साझा प्रकाशनको संचालक (२०३६) गरिमा साहित्यिक पत्रिकाका संस्थापक सम्पादक (२०३९), नेपाल टेलिभिजनको संचालकमा निर्वाचित अध्यक्ष (२०४७), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव (२०५१), नेपाली लेखक सङ्घ काठमाडौंका अध्यक्ष (२०५२), माध्यमिक विद्यालय नेपाली विषय समितिका सदस्य (२०५४), एकेडेमी अफ पोएट्स एण्ड राइटर्स, अमेरिकाको नेपाल शाखाका संस्थापक अध्यक्ष (२०५८) आदि ठाउँहरूमा कार्य गरिसकेकाछन् ।[६] यसै गरी विभिन्न साहित्यिक पत्रपत्रिकाका सम्पादक तथा लेखकका रूपमा नियमित कार्य गर्दै गौतमले प्रज्ञा (२०५१), समकालीन साहित्य (२०५१), सयपत्री (२०५२), विमर्श, नेपाली आवाज, देशान्तर साप्ताहिक मञ्च, जनज्योति आदि पत्रपत्रिकाहरूमा स्तम्भ लेखकका रूपमा परिचित भएकाछन् ।[७]

## २.१.२ प्रेरणा

कुनै पनि मानिसले ज्ञानआर्जनका लागि कसैको प्रेरणा, प्रभाव वा व्यक्ति स्वयंको अध्ययनको प्रयत्नद्वारा कुनै पनि क्षेत्रमा प्रवेश गरेको हुन्छ । ऊ जन्मेको, हुर्केको, अनुभव गरेको तथा सामाजिक, पारिवारिक वातावरण आदिले व्यक्ति र उसको विचारलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यस सन्दर्भमा व्यक्ति कुन परिवेशमा बाँचेको हुन्छ भन्ने कुरा सर्वाधिक महत्त्वपूर्ण हुन जान्छ ।

'हुने विरूवाको चिल्लो पात भनेझैं ध्रुवचन्द्र गौतम १० वर्षको उमेरबाट नै कविता रचनामा प्रवृत्त हुन पुगेका छन् । विद्यालय तहदेखि नै अतिरिक्त क्रियाकलापका रचनात्मक कार्यक्रमहरूमा भागलिदै आएका गौतम गोष्ठी र कार्यक्रमहरूमा सहभागी भएर पुरस्कृतसमेत भएका छन् । कविता कोरेर सृजनाको संसारमा लागेका गौतमले २०१६ सालमा नै कवि गोष्ठीमा प्रथम पुरस्कार प्राप्त गरेका छन् ।[८] उनी सानै उमेरबाट नै अभिनयमा पनि त्यत्तिकै बेजोड रहेका छन् । गोपाल गोतामेको **समस्या** नाटकका चार नायकमध्ये एक भएर अभिनय गर्दा उनले २०१७ सालमा सर्वश्रेष्ठ नायकको पुरस्कार प्राप्त गरेका छन् ।[९] यिनका कविता, गीत र गायनबाट प्रभावित भएर स्व. श्री ५ महेन्द्रले छात्रवृत्ति प्रदान[१०] गरेकाले साहित्यतर्फ अभिमुख हुने प्रेरणा अझ मिलेको देखिन्छ । श्री ५ महेन्द्रको 'लेखिरहनु लेख्न नछोडनु' (बाढी पृ. १२९) भन्ने कथन पनि यिनका लागि निकै प्रेरणादायी छ । कविता लेखनमै नेपाली विषय पढाउने गुरुले पुरस्कार स्वरूप पाँच अङ्क थपिदिएर विद्यालयीय अध्ययनमा

---

५ लिला लुइटेल, **"ध्रुवचन्द्र गौतमको औपन्यासिक शिल्प", गरिमा** (वर्ष १८, अंक ६ पूर्णाङ्क १२०, २०५७) पृ.८६ ।

६ राजेन्द्र सुवेदी, सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम, पूर्ववत् पृ. २ ।

७ कृष्णबहादुर बस्नेत, **आधुनिक नेपाली उपन्यास**, (काठमाडौं, दीक्षान्त पुस्तक भण्डार, २०५९) पृ.२५० ।

८ जयदेब भट्टराई, "लेखेर नवाँचे पनि बाँच्नलाई लेखिरहने", **गोरखापत्र,** (काठमाडौं : गोरखापत्र संस्थान, मङ्सिर २७, २०६०),पृ.४ ।

९ ऐजन ।

१० खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३१ ।

थप हौसला र साहित्य सिर्जनामा प्रेरणा प्राप्त भएको उनले स्वयं बताएका छन् ।"[11] त्यसै गरी अग्रज साहित्यकार दौलतविक्रम विष्टको स्वभाव, व्यवहार, विनम्रताबाट पनि उनी प्रभावित छन् । विष्टका बारेमा स्वयं गौतमको स्वीकारोक्ति छ-"कहिलेकाँही मेरो लेखनको पनि चर्चा गर्नुहुन्थ्यो । त्यसबाट के थाहा हुन्थ्यो भने हामी भर्खर लेख्न थालेकाहरूको रचनाहरू पनि उहाँ पढनुहुँदो रहेछ । प्रोत्साहन पनि दिनुहुन्थ्यो । उत्साहित पनि हुन्थें दौलत दाइले प्रोत्साहन गर्नुभयो भनेर ।"[12] यसरी उनको साहित्य रचनाको  प्रत्यक्ष वा अप्रत्यक्ष प्रेरकका रूपमा मातृ वियोगको पीडा, आर्थिक अभाव, घरायसी साहित्यिक वातावरण, अग्रज लेखकहरूका रचनाहरूको अध्ययन मननले निकै सहयोग पुगेको पाइन्छ । यसका साथै स्वदेशी तथा विदेशी लेखकहरूका रचना, विचार, दर्शनबाट पनि उनी निकै प्रभावित देखिन्छन् । उनलाई मन पर्ने विदेशी साहित्यकारहरू हुन्: ज्याँ पाल सार्त्र, कामु, वेकेट, रवीन्द्रनाथ, तारा शंकर, मुरासाकी, लुसुन, अज्ञेय, निर्मल वर्मा, मोहन राकेश आदि रहेकाछन् । त्यस्तै नेपाली साहित्यका विश्वेश्वरप्रसाद कोइराला, पारिजात, विजय मल्ल, ध्रुव सापकोटा धनुषचन्द्र गौतम, मदनमणि दीक्षित आदि रहेका छन् ।[13] गौतमले बाल्यकालमा अध्ययन गरेका जासुसी उपन्यास र पछिका पूर्वीय तथा पाश्चात्यसाहित्य, स्वतन्त्रता, निस्सारता, प्रयोगशीलता, अमूर्तता आदि कुराबाट प्रभावित भएको पाइन्छ ।[14]

यसरी सृजनाको मूल प्रेरकका रूपमा यिनीभित्र लुकेर रहेको जन्मजात साहस, भावनाशीलता, सृजनशीलता, कल्पनाशीलता आदिलाई नै लिन सकिन्छ भने सहप्रेरकका रूपमा सामाजिक परिवेश, पारिवारिक वातावरण अनि स्वदेशी तथा विदेशी साहित्यकारका नवीनतम एवं उपजीव्य रचना आदिलाई लिन सकिन्छ ।

### २.१.३ गौतमको सृजनशीलताका विविध पक्षहरू

ध्रुवचन्द्र गौतमले साहित्यका सबै विधाहरूमा धेरथोर मात्रामा भएपनि कलम चलाएका छन् । उनको साहित्ययात्राको आरम्भ कविताबाट भएपनि बिस्तारै उनले कथा, गीत, नाटक, एकाङ्की, उपन्यास तथा कलाका अन्य विविध क्षेत्रहरूमा आफ्नो लेखन विस्तार गरेका छन् । कविताबाट उदाएका गौतम कालान्तरमा उपन्यास विधातर्फ केन्द्रित भएका छन् । वि.सं. २०२४ सालमा **अन्त्यपछि** नामक उपन्यास लिएर झुल्किएका गौतमले अनेक नवीनतम उपन्यासहरूको सृजना गरिसकेका छन् । उनी औपन्यासिक यात्राको प्रथम उपन्यासबाटै आफूलाई उपन्यासकारका रूपमा चिनाउन सफल भएका छन् । प्रथम उपन्यासमा नै प्रयोगवादी उपन्यासकारका रूपमा देखिएका

---

[11] गिरीराज निरौला, "उपसंहार अर्थात् चौथो अन्त्य उपन्यासको स्रष्टापरक अध्ययन", **अप्रकाशित स्नातकोत्तर शोधपत्र,** रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०६१), पृ. १२ ।

[12] डा. ध्रुवचन्द्र गौतम, "दौलतविक्रम विष्टः साहित्यका विशिष्ठ साधक" **वसुन्धरा**, (काठमाडौं : वर्ष १०, अङ्क १, २०५८ ) पृ. ५१ ।

[13] ध्रुव सापकोटा, "भेटवार्ता डा. ध्रुवचन्द्र गौतम", **गरिमा**, (ललितपुरः साझाप्रकाशन, वर्ष ४, अङ्क १२, पूर्णाङ्क ४८, २०४३),पृ.  ८४ ।

[14] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ.२६५ ।

गौतमले **अन्त्यपछि**मा नै परम्परालाई भत्काएर नवीन शिल्प र प्रवृत्तिलाई भित्र्याइएको देखिन्छ ।[15] यस पछि उनले क्रमशः अनेक उपन्यासहरूको सृजना गरेका छन् । उनी नेपाली उपन्यासका क्षेत्रमा संख्यात्मक र गुणात्मक दुवै दृष्टिले उत्कृष्ट उपन्यास सृजना गर्न सफल छन् ।

### २.१.३.१ उपन्यासकार

ध्रुवचन्द्र गौतमको सृजनाको मूलक्षेत्र उपन्यास रहेको छ । यो फाँट निकै उर्बर र झ्याँङ्गिएको पनि छ । प्रथम उपन्यासबाट नै गुणात्मक प्रतिस्पर्धामा उत्रिएका गौतमले अनेक नव उपन्यासहरूको सृजना गरेका छन् । १८ वटा एकल उपन्यास र ४ वटा सहलेखनका उपन्यासहरूमा पोखिइसकेका गौतमका उपन्यासहरू क्रमशः **अन्त्यपछि** (२०२४), **बालुवामाथि**(२०२८), **डापी**(२०३३), **कट्टेलसरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक शहरको एक कोठा**(२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य**(२०४८), **दुविधा** (२०५२), **अग्निदत्त+अग्निदत्त** (२०५३), **भीमसेन ४ को खोजी (२०६१) फूलको आतङ्क** (२०५८), **बाढी** (२०५६), **सहस्राब्दीको अन्तिम प्रेमकथा** (२०५७), **मौन** (२०५८), **तथाकथित** (२०५९), **घुर्मी** (२०६२) प्रकाशित छन् । त्यस्तै सहलेखनका उपन्यासहरूमा **आकाश विभाजित छ** (२०३५), **देहमुक्त** (२०४०), **अवतार विघटन** (२०४४), **ज्यागा** (२०५०) रहेका छन् । नेपाली साहित्यमा गौतमले नै उपन्यासमा सहलेखन परम्पराको जग बसाएको मानिन्छ ।[16] उनका प्रायः हरेक उपन्यासहरूले विसङ्गतिवादी, अस्तित्ववादी, दार्शनिक प्रस्तुति, शैली र शिल्पगत रूपमा प्रयोगवादी विशेषता बोकेको भेटिन्छ ।[17] विषयगत र संरचनागत रूपमा नवीनतम किसिमका अनुभवन्यास, सूत्र उपन्यास आदिको निर्माण गरी उपन्यासलाई विधा संक्रमणको स्थितिमा पुऱ्याएका छन् । ती संक्रमित उपन्यासलाई सूत्र उपन्यास र अनुभवन्यास भनी त्यसको न्वारनसमेत गरेका छन्।[18] यसरी उनका उपन्यासहरूले विसङ्गतिवादी जीवनदृष्टि, निराशापूर्ण एवं शून्यताबोधको मानिस अनि भय, त्रास, आतङ्क आदिलाई प्रस्तुत गर्छन् । यिनका उपन्यासमा एकाङ्कीमा बाँचेको जीवन त्यसमा थकित, कुण्ठित र निराश्रित जीवन जिइरहेको न्यास्रो र व्यर्थताको संसार सृष्टि गरेको पाइन्छ ।[19] यसै गरी उनका उपन्यासमा विभिन्न क्षेत्रमा व्याप्त विकृति विसङ्गति, आर्थिक दुराचार, भष्ट्राचार, राजनैतिक घातप्रतिघात, गरिबी र असह्य पीडा बीच हाँसेर बाँच्नु पर्ने वर्तमान मानवीय विवशतालाई विषयवस्तु बनाई तिनलाई औपचारिक संरचना प्रदान गर्न खप्पिस देखिन्छन् ।[२०]

### २.१.३.२ कथाकार

---

[15] गिरीराज निरौला, पूर्ववत्, पृ. ४१ ।

[16] खगेन्द्रप्रसाद लुइटेल, "श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम", **समकालीन साहित्य**, (काठमाडौं : ने.रा.प्र.प्र., वर्ष ५, अङ्क ४, २०५२), पृ. ११३ .

[17] कृष्णबहादुर बस्नेत, **आधुनिक नेपाली उपन्यास**, (सैद्धान्तिक विश्लेषण), (कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार, २०५९), पृ. २५२ ।

[18] लक्ष्मणप्रसाद गौतम, "औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र त्यसको अनुभवन्यासिक विश्लेषण", **समकालीन साहित्य**, ( काठमाडौं : ने.रा.प्र.प्र., वर्ष ११, अङ्क १, २०५७ ), पृ. १४२ ।

[19] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, तृतीय सं., (ललितपुर : साझा प्रकाशन, २०५२), पृ. ४०३ ।

[२०] लिला लुइटेल **"ध्रुवचन्द्र गौतमको औपन्यासिक शिल्प" गरिमा** ( १ वर्ष १८ अङ्क ६ पूर्णाङ्क २१०, २०५७) पूर्ववत् पृ.८७ ।

उपन्यासपछि गौतम कथाका क्षेत्रमा उदाएका छन् । २०२० सालमा **रूपरेखा** पूर्णाङ्क ३० पत्रिकामा प्रकाशित 'एक यात्रानुभूति' उनको पहिलो प्रकाशित कथा हो । गौतमका कथासङ्ग्रहका अतिरिक्त विभिन्न पुराणमा आधारित कथाहरू पनि प्रकाशित छन् । गौतमले रचना गरेका कथासङ्ग्रहरू **अँध्यारो दीपमा** (२०३५), **गौतमका केही प्रतिनिधि कथाहरू** (२०४८), **साठी वर्षमा हृदयाघात तथा कथा दृष्टिकोण** (२०६०) रहेका छन् । मूलतः यिनका कथाहरूले पनि सामाजिक विषमता, चाकडी, चाप्लुसी, अनैतिकता, राजनैतिक विकृतिलाई नै विवेच्य पक्ष बनाएको छ । खासगरी यिनका कथामा मानवीय जीवनमा अस्तित्वको प्रश्न, प्रेम र त्यसबाट उत्पन्न समस्या, प्रेमजन्य विकृति र विसङ्गति, विवाहित र अविवाहित नारी मनस्थिति, आर्थिक अभावका साथै यौन मनोविज्ञानका अतिरिक्त विसङ्गत र अस्तित्वको समिस्रण पाइन्छ ।[21] प्रारम्भतिरका कथाहरूमा दुरुहता, क्लिष्टता रहे पनि पछिका कथाहरू भने यथार्थको प्रकटीकरणले गर्दा सरल बनेका छन् । कथा लेखनमा पनि परम्पराभन्दा नितान्त भिन्न र नवीन ढाँचाका कथा लेखक ध्रुवचन्द्र गौतम प्रयोगधर्मी कथाकार हुन् ।[22] उनी नेपाली कथामा मौलिक सीप र विशिष्ठ शिल्प संयोजनको प्रयोग गर्ने कथाकारका रूपमा चिनिन्छन् । नेपाली कथामा व्यङ्ग्य विधालाई कथाभित्र सशक्त प्रवेश गराउने कार्य उनैबाट भएको मानिन्छ ।[23] यसरी उनका कथाहरूले सामाजिक विषयवस्तुलाई टिप्दै नेपालीले भोग्नुपरेको आर्थिक सङ्कट र त्यसबाट उत्पन्न मानवीय विकृति, विसङ्गतिलाई उदाङ्गो ढंगबाट पाठकमाझ ल्याउन सफल छन् ।

### २.१.३.३ नाटक तथा एकाङ्कीकार

आफ्नो सृजनाको मूल केन्द्र उपन्यास भए पनि नाटकका क्षेत्रमा पनि गौतम उत्तिकै सफल रहेका छन् । गौतमको नाट्ययात्राको आरम्भ **त्यो एउटा कुरा** (२०३०) बाट भएको हो । लेखनका दृष्टिले चाहिँ पहिलो नाटक २०१८ सालतिर विद्यार्थी जीवनमा लेखिएको **पिकनिक** हो । विद्यार्थीकालमा लेखिएको यो नाटक नै सफलतापूर्वक मञ्चन भएको पाइन्छ । प्रकाशनका दृष्टिले पहिलो नाटक भने 'एउटा कुरा' (२०३०) हो । उनले रचना गरेका अन्य नाटकहरूमा **भस्मासुरको नलीहाड** (२०३७), **समानान्तर** (२०३९ मञ्चन), **द्वन्द्व** (२०४०), **श्री कृष्णलीला** (२०४१), **दुर्गा अवतार** (२०४२), **नाटक कसरी थाल्ने ?** (२०५२), **कीर्तिमान** (२०५३) नाटक तथा एकाङ्कीहरू रहेका छन् । यी रचनाहरूमध्ये **त्यो एउटा कुरा** र **भस्मासुरको नलीहाड**लाई नाटक, **श्रीकृष्णलीला** र **दुर्गा अवतार** गीति नाटक र अरू एकाङ्की हुन् । हरेक क्षेत्रमा नयाँ प्रयोग गर्दै आएका गौतमले नेपालीमा थोरै नाटक लेखेर पनि उत्तरआधुनिक प्रयोगधर्मी नेपाली नाट्यकलामा नयाँनयाँ मोड ल्याएको मानिन्छ ।[24] आख्यानमा झैं नाटकमा पनि नयाँ प्रयोग गर्ने गौतम नेपालीमा पृथकीयप्रभाव, अराजक नाटक, विसङ्गत नाटक,

---

[21] खगेन्द्रप्रसाद लुइटेल, "नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान", **गरिमा**, पूर्ववत्, पृ. ३७ ।

[22] ऐजन ।

[23] गोविन्द गिरी 'प्रेरणा', "कथाकार ध्रुवचन्द्र गौतमको कथा-यात्रा" **मधूलिका,** चितवन वाङ्वय प्रतिष्ठान, वर्ष १० पू.९,२०६०,पृ. १५१ ।

दृश्यात्मक नाटक, असितव्यङ्ग्य तथा मिथकको कलात्मक उद्देश्यपूर्ण र विशिष्ठ प्रयोग गर्ने नाटककार मानिन्छन् ।[25] नेपाली नाटककारहरूमा विसङ्गतिवादी नाट्यलेखन-परम्पराको अनुसरण र त्यसको सफल प्रयोगसमेत गरेका छन् । यही विषय, परिवेशलाई पृथक शैली र मौलिक सीप प्रयोग गर्दै मानवीय जीवनको निस्सारता नैराश्य, असङ्गत परिस्थिति आदिलाई हास्य व्यङ्ग्यात्मक, रहस्यात्मक स्वैर कल्पनात्मक आदि ढङ्गबाट नाटकीय स्वरूप दिने सफल नाटककार हुन् ।

### २.१.३.४ कवि तथा गीतकार

गौतमको साहित्यिक यात्राको थालनी नै कविताबाट भएको हो । यिनको पहिलो कविता रूपरेखामा प्रकाशित **रूपरेखा** (अङ्क ३, वर्ष ३, २०२०)मा प्रकाशित 'तटस्थता असफलता' हो । लेखनका दृष्टिले चाहिँ यिनको प्रथम रचना 'सरस्वती तिम्रो शक्ति महान्' हो ।[26] गौतमले आफूलाई २०१५ देखि २०२० का अवधिमा कविता क्षेत्रमा नै केन्द्रित गराएका छन् । समय-समयमा विभिन्न फुटकर कविताहरू प्रकाशन गराउँदै आएका गौतमका फुटकर कविताहरूमा 'अन्त्यहीन क्रम' (रूपरेखा ८/२, २०२१), 'रानीपोखरीको किनारमा' (रूपरेखा ६/अवशेष नगर एक परिचय (रूपरेखा ८/२/२०२४), 'दिन टुक्राहरूमा' (रत्नश्री १०/६/२०३०), 'नववर्ष' (मधुपर्क २२६, २०३६) लगायतका कविता/गीत विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छन् ।[27] यिनै कवितामध्येबाट 'ह्याङ्गर माथि झुन्डिएको आकाश' शीर्षकको कविता संग्रह तयार गरी २०१९ सालमा प्रकाशनार्थ मदन पुरस्कार गुठीमा बुझाएको तर त्यो अद्यावधि अप्रकाशितै रहेको देखिन्छ । यसरी गौतमले कविताका अतिरिक्त भोजपुरी भाषामा गाएका र लेखेका गीत तथा कविताहरू रेडियो नेपालबाट प्रसारित हुँदैछन् ।[28] समग्रमा भन्दा गौतमले आफ्ना कवितामा विविध सामाजिक स्थितिको नै चर्चा गरेका छन् । उनका कविताको मूल विषयका रूपमा आर्थिक अभाव, जीवनको निस्सारता, विकृति, विसङ्गति, बेरोजगारी, राष्ट्रप्रेम, मानवीय प्रेम र मानवीय अस्मिताको खोजी जस्ता युगीन विषयवस्तुलाई भावमय र मर्मस्पर्शी तुल्याएर प्रस्तुत गरेका छन् ।

### २.१.३.५ निबन्धकार :

संख्यात्मक रूपले गौतम निबन्धका क्षेत्रमा अन्य विधाका तुलनामा निकै पछि छन् । यस क्षेत्रमा उनी झुल्किएर पुनः अस्ताएका छन् । उनले रचना गरेको **बाल्यकाल** (२०५०) संस्मरणात्मक निबन्धात्मक कृति निकै विशिष्ठ र महत्त्वपूर्ण छ । यसमा बाल्यकालका संस्मरणहरू समेटिएका छन् ।

---

[24] डा. केशवप्रसाद उपध्याय, "नेपाली नाट्य क्षेत्रमा ध्रुवचन्द्र गौतमको योगदान", **मधूलिका**, पूर्ववत्, पृ. १६७ ।

[25] नेत्र एटम, "ध्रुवचन्द्र गौतमका नाटकमा पाइने प्रयोगको स्वरूप", **मधूलिका** पूर्ववत्, पृ. १९२ ।

[26] खगेन्द्रप्रसाद लुइटेल, **गरिमा,** पूर्ववत्, पृ. ३६ ।

[27] ऐजन

[28] दिनेश गुप्ता, "उपन्यास सम्राट ध्रुवचन्द्र गौतम र वीरगन्ज", **मधूलिका**, पूर्ववत्, पृ. २४६ ।

### २.१.३.६ लेखक तथा चिन्तक :

गौतमले औपचारिक अध्ययन र स्वाध्ययनका क्रममा पूर्वीय तथा पाश्चात्य, चिन्तन, विचार, दर्शन आदिको अध्ययन गरेको हुनाले उनी सर्जकका अतिरिक्त चिन्तक र विचारक पनि हुन् । यिनै विचारहरूलाई उनी आफ्ना लेख, रचना, पुस्तक आदिमा उतार्छन्, प्रस्तुत गर्छन् । खासगरी विश्वसाहित्यमा देखापरेका यौनमनोविज्ञान, अस्तित्त्ववादी, विसङ्गतिवादी चिन्तनधारा गौतमका सृजनामा बढी प्रयोग भएको पाइन्छ ।[२९] गौतम आफ्नो बौद्धिकताको भण्डारलाई विभिन्न पत्र-पत्रिकामा स्तम्भ लेखकमार्फत पाठकमाझ ल्याउँछन् । गौतम **गरिमा**, **रूपरेखा**, **रचना**, **अभिव्यक्ति**, **मिमिरे** आदि साहित्यिक पत्रिकाका साथै **गोरखापत्र**, **देशान्तर**, **विमर्श**, **समीक्षा**, **समकालीन**, **जनज्योति**, **नेपाली आवाज**, **साप्ताहिक मञ्च**, **हिमालय टाइम्स**, **अग्निपथ**, **खबरकागज**, **प्रतीक साप्ताहिक** (वीरगन्ज), **अङ्कुश दैनिक** (वीरगन्ज) आदि थुप्रै अखबारहरूमा पृथ्वी, ध्रुवचन्द्र गौतम आदि नाम उपनामबाट स्तम्भ लेखकका रुपमा परिचित छन् ।[३०] त्यसै गरी समीक्षक, भाषाविद् आदिका रूपमा पनि उनी परिचित छन् । यी लगायत विभिन्न पत्र-पत्रिकामा समसामयिक विषयवस्तुमा आधारित उनका लेख रचनाहरू प्रकाशित भएको पाइन्छ ।

### २.१.३.७ कलाका अन्य विविध पक्षहरू :

ध्रुवचन्द्र गौतम कुनै एक विधा वा क्षेत्रमा मात्र संलग्न नभई अनेक फाँटमा फैलिएका छन् । उनले बङ्गलादेशका समकालीन कथाहरूको अनुवाद[३१] गर्नुका साथै विभिन्न चलचित्र, टेलिचलचित्रहरूमा कथा, पटकथा र संवाद लेखनका साथै निर्देशन पनि गरेका छन् । यसरी उनले आफूलाई नेपाली कलाका क्षेत्रमा एक प्रतिभाशाली व्यक्तित्त्वका रूपमा चिनाएका छन् । यसरी असीमित क्षेत्रमा फैलिएका गौतमले उत्तरार्द्धमा आएर लेखनकार्यमा मात्र सक्रिय छन् ।

## २.२ ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको चरण विभाजन :

ध्रुवचन्द्र गौतम उपन्यासको क्षेत्रमा वि.सं. २०२४ सालमा **अन्त्यपछि** उपन्यास लिएर देखा परेका हुन् । उनी उपन्यास लेखनको पूर्वाद्धमा नै इन्द्रबहादुर राई र पारिजातले अँगालेको विसङ्गतिवादी र अस्तित्ववादी प्रवृत्तिकै गोरेटोमा हिँड्ने उपन्यासकार हुन् । अस्तित्ववादी, विसङ्गसतवादी धारालाई अझ फराकिलो बनाउने काम उपन्यासकार ध्रुवचन्द्र गौतमबाट भएको छ । अस्तित्ववाद, विसङ्गतिवाद, आलोचनात्मक यथार्थवादलाई मूल केन्द्र बनाई नवीनतम उपन्यासहरूको सिर्जना यद्यपि ध्रुवचन्द्रबाट हुदैछ । गौतमको औपन्यासिक यात्राका थालनीका उपन्यासहरू **अन्त्यपछि**, **डापी**, **बालुवामाथि** आदिमा मान्छेले बाँचिरहेको विसङ्गत मनस्थितिको चित्रण, अभाव र पीडाले पिसिएको मानवीय जीवन र त्यसबाट उत्पन्न जीवनप्रतिको निराशालाई प्रस्तुत गरिएको छ । यिनका पूर्वकालीन

---

[२९] राजेन्द्र सुबेदी, **सृजनविधाका परिधिमा ध्रवचन्द्र गौतम**, पूर्ववत्, पृ. ८ ।

[३०] खगेन्द्रप्रसाद लुइटेल, **गरिमा**, पूर्ववत्, पृ. ३१ ।

उपन्यासका सापेक्षतामा उत्तरकालीन उपन्यासहरू विसङ्गतिवादकै धरातलमा टेकेर आलोचनात्मक यथार्थतर्फ अभिमुख भएको पाइन्छ।[32] परम्परागत शास्त्रीय मान्यताको सीमित परिधिको अनुसरण नगरी स्वतन्त्र हिँड्न रुचाउने गौतमले हाम्रै समाजमा हुनेगरेका विकृति एवं विसङ्गतिपूर्ण क्रियाकलापहरूलाई विविध कोणबाट प्रस्तुत गरेका छन्। उनका पछिल्ला चरणका उपन्यासहरू आलोचनात्मक यथार्थतर्फ ढल्केका छन् भने संरचनामा नवीन प्रयोगतर्फ अभिप्रेरित भएका छन्। चेतनप्रवाह शैलीका माध्यमबाट विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्य उनका पछिल्ला उपन्यासमा भेटिन्छ। यसरी उनको **अन्त्यपछि**देखि **घुर्मी**सम्मको औपन्यासिक यात्रा तय गर्दा विविध रुपलाई भेट्न सकिन्छ। उनका उपन्यासको अध्ययन, मनन चिन्तन गर्ने समालोचकहरूको विचार, उपन्यासको संरचना, प्रवृत्ति, विषयवस्तु आदिलाई दृष्टिगत गर्दा उनको औपन्यासिक यात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गरी अध्ययन गर्दा सान्दर्भिक हुने देखिन्छ।

पूर्व चरण (वि.सं. २०२४ देखि २०३३)

उत्तर चरण (वि.सं. २०३७ देखि हालसम्म)

### २.२.१ पूर्व चरण (वि.सं. २०२४-२०३३) :

उपन्यासकार गौतमको (वि.सं. २०२४-२०३३) को अवधिमा अन्तकेन्द्री औपन्यासिक प्रवृत्ति पाइन्छ। गौतमले आफ्नो औपन्यासिक यात्राको सुरुवात नै विसङ्गतिमूलक प्रयोगवादी उपन्यासबाट गरेका छन्। नेपाली उपन्यास परम्परामा देखापरेको विसङ्गतिवादी लेखनलाई उनको प्रथम उपन्यास **अन्त्यपछि** (वि.सं. २०२४) ले अझ दरिलो बनाएको छ। उनको उपन्यास लेखनको प्रारम्भिक चरण एक दशकसम्म रहेको छ। यस चरणका अन्य उपन्यासहरू हुन्: **बालुवामाथि** (वि.सं. २०२८), **डापी** ( वि.सं. २०३३)। यी उपन्यासले उनलाई प्रारम्भिक चरणमा नै उत्कर्षमा पुऱ्याएको छ। यो अवधिमा उपन्यासकार गौतमले प्रयोगवादी उपन्यास सृजनाको क्रमलाई निरन्तरता दिएका छन्।[33] **अन्त्यपछि** उपन्यासले मान्छेको जीवनमा घटित भएका र हुने नैराश्य, पीडा, अर्थहीन जीवनप्रतिको भोगाइलाई सचित्र उतारेको छ। आधुनिक नेपाली उपन्यास परम्परामा अत्यन्त सशक्त भएर देखा परेको यो उपन्यास पारिजातको **शिरीषको फूल** पछिको अति बौद्धिक, अत्यन्त विसङ्गगत जीवनदृष्टि र निस्सारतापूर्ण स्वरका दृष्टिबाट निर्मित उपन्यास हो। हाम्रो समाजभित्रका अन्याय, अत्याचार, अमानवीयता जस्ता कुरालाई यसमा महत्त्वका साथ प्रस्तुत गरिएको छ। उनको प्रथम उपन्यास **अन्त्यपछि**ले औपन्यासिक परम्परालाई भत्काएर नवीन शिल्प र प्रवृत्तिलाई भित्र्याइएको देखिन्छ।[34]

---

[31] ऐजन

[32] गिरीराज निरौला, पूर्ववत्, पृ. ३९।

[33] ऐजन।

[34] राजेन्द्र सुवेदी, **उपन्यास परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. २२०।

यसरी नवीन शिल्प र प्रयोगमार्फत अर्थहीन जीवनको निरर्थक भोगाइलाई गम्भीरतापूर्वक उजागर गर्नु यसको अभीष्ट हो । प्रथम चरणकै माहिलो उपन्यासका रूपमा **बालुवामाथि** (वि.सं. २०२८) रहको छ । यो उपन्यास पनि अस्तित्ववादी चिन्तनकै अर्को एक थप खुड्किलोको रूपमा रहेको छ । यस उपन्यासमा सुरुदेखि अन्त्यसम्म नै म पात्रका आफ्ना निःस्तारतापूर्ण जीवन भोगाइलाई इमान्दारपाराले व्यक्त गरिएको छ । यसमा लेखक स्वयंले भोगेको समाज र परिवेशको सजीव चित्रण गरिएको छ ।[35] प्रस्तुत उपन्यास प्रयोगवादी भएको कारणले बढी क्लिष्ट भएको चर्चा पाइन्छ । यसमा पनि जीवनमा पीडा, आतङ्क, भय, पराधीनता आदिका विरूद्ध सङ्घर्षशील रहँदा-रहँदै पनि उपन्यासका पात्रहरू निस्सारताबोध, निरपेक्षबोध र शून्यबोध गरिरहेका छन् भन्ने कुरालाई बढी जोड दिइएको भेटिन्छ । उनको प्रथम चरणको अन्तिम उपन्यास **डापी** (२०३३) स्वैरकल्पनामा आधारित प्रयोगवादी उपन्यास हो । प्रस्तुत उपन्यासमा निरीह र निरुद्देश्य भएर जीवनमा भौंतारिनु पर्ने मानवीय अवस्थालाई प्रष्ट्याउन खोजेको छ ।

यी तीन वटै उपन्यासको मूल केन्द्र भनेको चाहिँ मानिसले आफ्नो अस्तित्वका लागि गरिने सङ्घर्ष अन्त्यमा गएर शून्य हात लागेपछि विसङ्गतिमा गएर समाप्त हुन्छ भन्ने कुरा देखाउनु हो । समग्रमा भन्ने हो भने समाजको धार्मिक, सांस्कृतिक, राजनैतिक, आर्थिक क्षेत्रमा देखिएका विकृतिहरू उनको पहिलो चरणको उपन्यास लेखनका विषयगत परिधि हुन् । प्रथम उपन्यासबाट नै विसङ्गतितर्फ केन्द्रित रहेका गौतम २०३७ सालतिर आइपुग्दा मूल केन्द्र विसङ्गतिलाई मान्दै आलोचनात्मक यथार्थतर्फको लामो यात्रामा प्रवृत्त भएका छन् । उनले यसै चरणदेखि संरचना र शैलीको पुरानो मूल्य र परम्परालाई त्यागेर कथानकहीन उपन्यास लेखन स्थापित गरेका छन् ।

### २.२.२ उत्तर चरण (वि.सं. २०३७ देखि हालसम्म) :

उपन्यासकार गौतमको उत्तरार्ध चरणको उपन्यास लेखनमा पूर्वको तुलनामा बर्हिमुखि प्रवृत्ति पाइन्छ । यो अवधि उनको सबैभन्दा बढी उर्वर र महत्त्वपूर्ण रहेको छ । यो चरण केवल संख्यात्मकताका दृष्टिले मात्र वृहत् नभई गुणात्मकता र उत्कृष्टताका हिसाबले पनि उत्तिकै सवल र महत्त्वपूर्ण छ । **डापी** (२०३३) पछिका वर्षहरूमा उनी प्रवृत्तिगत विशेषता समान अंगाँलेर अघि बढेका भए पनि मौलिक सीप, नयाँ प्रयोग र चिन्तनगत हिसाबले भिन्न देखिएका छन् । यस अवधिका उपन्यासहरूमा वैचारिक उचाइ र विषयवस्तुगत नवीनता झन् खारिदै गएको छ । बहुविध विषय, शिल्पगत नवीनता आदिले उनको दोस्रो चरण सवल छ । वि. सं. २०३६ साल पछिका गौतमका सृजनामा चिन्तनगत परिर्वतन पाइन्छ । यसरी उनका चिन्तनगत परिवर्तनका प्रामाणिक उपन्यासहरू क्रमशः **कट्टेलसरको चोटपटक** (२०३७), **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक शहरको एक कोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८),

---

[35] गिरीराज निरौला, पूर्ववत्, पृ. ४१ ।

**दुविधा** (२०५२), **अग्निदत्त+ अग्निदत्त** (२०५३), **फुलको आतङ्क** (२०४५) **बाढी** (२०५६) **सहस्राब्दीको अन्तिम प्रेम कथा** (२०५७) **मौन** (२०५८) **तथाकथित** (२०५९), **भीमसेन ४ को खोजी** (२०६१), **घुर्मी** (२०६२) छन् ।

गौतमको औपन्यासिक यात्रालाई नयाँ मोड दिने प्रथम उपन्यास **कट्टेलसरको चोटपटक** रहेको छ । अत्यधिक प्रयोगका कारण जटिलता र बौद्धिकतालाई केही मत्थर पार्दै उपन्यासलाई सामाजिकतासँग जोडने प्रयास यसमा भएको छ ।[36] यसमा चाकडी प्रथाबाट टाढा रहँदा जीवन भोगाइमा आउने समस्याले मान्छेलाई गाँजेको हुन्छ भन्ने कुरा भेटिन्छ । यस उपन्यासमा उनी समाजका विकृति र विसङ्गतिलाई मात्र देखाउँदैनन् त्यसप्रति व्यङ्ग्य पनि गर्छन् । यस उपन्यासबाट उनी विस्तारै सामाजिक यथार्थतर्फ प्रवृत्त भएको भेटिन्छ । बौद्धिक समस्या, स्वतन्त्रताप्रति हुने अनादरपूर्ण व्यवहारको विरोधमा यसको रचना भएको पाइन्छ ।[37] यस उपन्यासमा आइपुगेपछि उनी शैलीगत परिर्वतन पनि गर्न पुग्छन् । गौतम वि.सं. २०४० सालमा अर्को उपन्यास **अलिखित** लिएर देखापर्छन । २०४० कै मदन पुरस्कार प्राप्त यस उपन्यासमा अङ्ग्रेजी साहित्यमा प्रयोग भएका नवीनतम शिल्पपद्धतिहरूलाई समेटिएको छ । यसमा स्वैरकल्पना र मिथकको अत्यधिक प्रयोग गर्दै गौतमले विसङ्गतिप्रतिको आफ्नो आलोचनात्मक टिप्पणीलाई प्रभावकारी बनाएको पाइन्छ ।[38] चेतनप्रवाह शैलीका माध्यमबाट विकृतिप्रतिको आलोचना गर्दै समाजको शोषण, अत्याचार आदिलाई यसमा देखाइएको छ । क्षयोन्मुख सामाजिक व्यवस्था, नैतिक र मानवीय मूल्यको ह्रास यसका विवेच्य पक्ष हुन् । यसै चरणको अर्को उपन्यास **निमित्त नायक** (२०४३) हो । यस उपन्यासले पनि पूर्वाद्धकै वैचारिक भूमिमा टेक्दै तत्कालीन राजनैतिक, आर्थिक विसङ्गति एवं विकृत सहरी सभ्यतालाई देखाएको छ । समाज सेवाका नाममा हुने धोकापूर्ण खेलहरू, अन्तर्राष्ट्रिय व्यापारका नाममा हुने सुरा र स्वास्नीको व्यापार यसका आलोच्य विषय बनेका छन् । **एक शहरको एक कोठा** (२०४६) सम्म आइपुग्दा गौतममा शैलीगत उच्चता निकै प्राप्त भइसकेको छ । मध्यमवर्गीय समाजले भोग्नु परेका तीता, अप्ठ्यारा र यथार्थपक्षहरूलाई नै यस उपन्यासले उधिनेको छ । यहाँ आर्थिक अभाव र त्यसले उत्पन्न गरेका दुःखका मुटु कमाउने क्षणहरू, जीवनभर सङ्घर्ष गर्दा पनि एक्लो पेट पाल्न नै धौधौ पर्ने सत्यतालाई जस्ताको तस्तै उतारिएको छ । उपन्यासमा तत्कालीन व्यवस्थाका सीमित नाइकेको भरमा सबैथोक चल्छ, यौन शोषण हुन्छ, अवैध सम्पत्ति प्राप्त हुन्छ, निर्दोष जेल पर्छ भन्ने कुरा महत्त्वकासाथ प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा सामाजिक असङ्गतिका कुरालाई पटाक्षेप गरिएको छ । **स्वर्गीय हीरादेवीको खोज** (२०४५) ले वर्तमान नेपालको अभिभावकत्वहीन जनसमाजको

[36] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २५७ ।
[37] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १३३ ।
[38] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २५८ ।

चित्र खिच्न पुगेको छ भने अर्कोतिर स्वदेशमै शरणार्थी बन्नु परेको तथ्यलाई समेटेको छ। यस उपन्यासमा शिक्षित बेरोजगारको दयनीय अवस्था, महङ्गी, असुरक्षा, ठगी, भ्रम, ढाकछोप, प्रशासनको खस्कदो स्थितिको उदाङ्गो रूपलाई स्वैरकल्पनाका माध्यमबाट पाठकमाझ ल्याएको छ। **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) उपन्यास पञ्चायतकालीन र पञ्चायतोत्तर प्रजातान्त्रिक व्यवस्थामा फैलिएको सर्वपक्षीय विसङ्गतिको चूडान्त नमुना बनेको छ। आलोचनात्मक जीवन दर्शनका माध्यमबाट गौतम यस उपन्यासमा फैलिएका छन्। उनले देशमा आएको राजनैतिक परिर्वतन पछि जनतामा आएको निराशालाई यहाँ देखाएका छन्। उपन्यासमा पञ्चहरू नै प्रजातन्त्रमा पनि रूप बदलेर शासन गर्छन् भने त्यत्रा जनताले रगतको खोलो बगाएको के अर्थ भयो भन्ने आलोचनात्मक दृष्टिकोण पाइन्छ। यसमा कर्मचारी, पत्रकार, सामाजिक संस्था सबै अवसरवादी भएका छन् पुराना मानिसहरूको नै देशमा हावी छ अनि प्रजातन्त्रको पुनः घाँटी रेटिएको छ भन्ने उल्लेख गरिएको छ। प्रकृतवादी सिद्धान्तको प्रयोग गरिएको यो उपन्यास निकै महत्त्वपूर्ण रहेको छ।[39] प्रस्तुत उपन्यासमा सीमित स्वार्थका निम्ति गरिने असीमित भ्रष्ट कार्यलाई उजागर गरिएको छ। यसमा राजनैतिक अव्यवस्था र छेपारे नेताको दुवैको आालोचना गर्ने र खिल्ली उडाउने कार्य गरिएको छ। **दुविधा** (२०५२) नयाँ प्रयोगीय सम्भावना बोकेर आएको छ। यस उपन्यासले भिन्न कथावस्तु र प्रयोगात्मक शैलीका माध्यमबाट सामाजिक विसङ्गतिलाई व्यङ्ग्यात्मक पाराले देखाएको छ।[40] यसले भविष्यमा प्रौढकालमा हुने दुरावस्थाको संकेत गरेको छ। अनौपचारिक शैली र भाषिक नवीनताका माध्यमबाट आएको यो उपन्यासले मानवीय जीवनको अतीत, वर्तमान र भविष्यलाई संकेत गरेको छ। यहाँ सम्पत्तिको अभावमा हुने गरेको वृद्धहरूप्रतिको पाशविक व्यवहार र पारिवारिक अवहेलनालाई देखाइएको छ। घटना प्रसङ्गहरूमा असङ्गत पात्र र असङ्गत घटनालाई एकान्विती प्रदान गरी गौतमले श्यामव्यङ्ग्यलाई जीवन्त तुल्याएका छन्।[41] त्यस्तै एक पुस्ता र अर्को पुस्ता बीचको वैचारिक भिन्नता र त्यस भिन्नताबाट उत्पन्न हुने पारिवारिक विषमतालाई उजागर गरिएको छ। **अग्निदत्त+अग्निदत्त** (२०५५) मा आइपुग्दा गौतमले पौराणिक कथामा आधारित अतिमानवीय चरित्र अग्निदत्तलाई आधुनिकसन्र्दभमा नवीन ढङ्गले उतारेका छन्। यहाँ प्रजातन्त्रोत्तर नेपालमा व्याप्त विकृति र विसङ्गतिको सर्वाङ्ग नाङ्गो चित्र खिचिएको छ। नेपालीहरूले भोगिरहेको पीडा र शासकहरूको पाशविकतालाई श्यामव्यङ्ग्य गरिएको छ। यो उपन्यासमा स्वैरकल्पना, मिथक आदिका माध्यमबाट व्यङ्ग्य गरिएको छ। यस चरणको अर्को उपन्यास **फूलको आतङ्क** (२०५५) हो । त्यसपछि कमशः **बाढी** (२०५६)**,सहस्राब्दीको अन्तिम प्रेमकथा** (२०५७), **मौन**(२०५८)**र** हालको सबैभन्दा कान्छो धुर्मी (२०६२) गरी जम्मा १९ वटा उपन्यासहरू रहेका छन्। गौतमले यस

[39] टङ्क भट्टराई, "प्रकृतवादी उपन्यासका रूपमा उपसंहार अर्थात् चौथो अन्त्य" **मधूलिका**, पूर्ववत् पृ. ८ ।

[40] गिरीराज निरौला, पूर्ववत्, पृ. ४३ ।

चरणमा आएर उपन्यास निर्माणका परम्परागत एवं शास्त्रीय सीमित घेरालाई चुनौती दिएका छन् । उपन्यासको परम्परागत रूप र सिद्धान्तभन्दा नितान्त भिन्न र नवीन कथ्य, संरचना, शिल्पमा संरचित **अन्त्यपछि**बाट सुरु भएको उनको प्रयोगधर्मी औपन्यासिक यात्रा **धुर्मी**सम्म आइपुग्दा कलात्मकता र नवीनताका साथ बेग्ला-बेग्लै रूप लिएर देखापरेको पाइन्छ ।[42]

यसै गरी उनले उपन्यासमा मानक तत्त्वहरूलाई पन्छाउँदै स्वयं लेखकले नै सूत्र उपन्यास भनेर **फूलको आतङ्क** उपन्यासको न्वारन गरेका छन् । यो नयाँ प्रयोग देखिएकाले मोहनराज शर्माले यसलाई यसरी लिन्छन्: "सूत्र उपन्यास सर्वथा नवीन विधा र रचना प्रकार हो । यस खालको यो नै प्रथम रचना भएकोले सूत्र उपन्यासको परिभाषा, परिचय, पहिचान, नियम, व्यवस्था र संरचना पनि यो कृति नै हो । यो कृति नै सूत्र उपन्यासको दृष्टान्त वा उदाहरण पनि हो । अहिलेसम्म सूत्र उपन्यासको अथ र इति यो कृति नै हो ।"[43] यसरी गौतमले सूत्र उपन्यासलाई सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक क्षेत्रमा विकृति र विसङ्गतिलाई प्रस्तुत गर्ने उपन्यासका रूपमा लिएका छन् । विधाभञ्जन नगरेजस्तो गरी विधाभञ्जन गरिएका र विधामिश्रण नगरिएजस्तो गरी विधामिश्रण गरिएका औपन्यासिक कृतिको सृजना गर्ने गौतमका **फूलको आतङ्क** र **बाढी** ठूला आविष्कार मानिन्छन् ।[44] **बाढी** पनि आख्यान फाँटमा अनुभवन्यास भनेर नवविधाका रूपमा देखा परेको छ । पूर्वीय पाश्चात्य सिद्धान्तमा अनुभवन्यास विधामात्र होइन सैद्धान्तिक नामसमेत उल्लेख गरेको पाइदैन ।[45] गौतमले यस चरणमा मौलिक नवविधाको अवतरण गराएका छन् र त्यसको अनुभवन्यास भनेर आफैंले नामकरण समेत गरेका छन् । आफ्नै पुराना अनुभव र विषयलाई नवीन तरिकाले पाठकमाझ ल्याएका छन् । यहाँ स्वयं लेखकले भोगेको जीवनलाई श्रृङ्खलाबद्ध तरिकाले खण्डखण्डमा अभिव्यक्ति गरिएको छ । **बाढी**को नामकरण सम्बन्धमा लेखक आफैं भन्छन्: "**बाढी** लेख्दाखेरि यस विधालाई अलग्गै नाउँ दिऊँ भन्ने लागेको थियो, जुन चाहिँ देखिएको छैन । त्यसकारण मैले अनुभवन्यास 'उपन्यास' र 'अनुभव' को लय वा न्यास गरेर अनुभवन्यास गरें"[46] भनी गौतमले आफ्नै जीवनमा घटित इतिहासलाई पुनर्लेखन गरेका छन् । "यो अनुभवन्यास एउटा यस्तो इतिहास हो जुन अन्त कतै लेखिन्न, कहिल्यै लेखिन्न, कारण यो इतिहास त उसको आफ्नो अनुभवबाट गुज्रेर लेखिएको

[41] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, (काठमाडौं : ने.रा.प्र.प्र., २०५७), पृ. ६२ ।

[42] लीला लुइटेल, "शिल्प संयोजनको नवीनताका दृष्टिले फूलको आतङ्क", **मधूलिका**, पूर्ववत्, पृ.९७ ।

[43] मोहनराज शर्मा, **सूत्र उपन्यासको सिद्धि र फूलको आतङ्क**, (काठमाडौं : प्रतिभा प्रकाशन, २०५५), पृ. ९७ ।

[44] लक्ष्मणप्रसाद गौतम,"औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र यसको अनुभवन्यासिक विश्लेषण", **समकालीन साहित्य**, (काठमाडौं : ने.रा.प्र.प्र., बर्ष १, अङ्क १ पूर्णाङ्क ३९, २०५६), पृ. १४५ ।

[45] लक्ष्मणप्रसाद गौतम **मधूलिका**, पूर्ववत्, पृ. १४५ ।

[46] रोशन थापा 'नीरव', "केही अन्तरङ्गक्षण डा.ध्रुवचन्द्र गौतमसँग कुराकानी", **समकालीन साहित्य**, ( काठमाडौं : ने.रा.प्र.प्र., वर्ष ९, अङ्क ४, पूर्णाङ्क ३६, २०५२), पृ.६१ ।

हो।"[47] त्यसै गरी **सहस्राब्दीको अन्तिम प्रेमकथा** उनको अर्को युगसापेक्ष फड्को हो। यहाँ युवा पुस्ताहरूको प्रणयाकाङ्क्षालाई देखाउँदै राजनीतिक र आर्थिक कमजोरीका कारण मानिस सबैतिर निरीह हुनुपर्ने कुरालाई प्रस्ट्याइएको छ। सत्ता र सम्पत्ति हुनेको प्रगति र सज्जनको दुर्गति नै यसका विवेच्य पक्ष हुन्। यसमा देशका समस्त नागरिक राजनैतिक कुठाराघातले प्रपीडित भई द्विविधाग्रस्त बनेका देखिन्छन्। उनको अर्को उपन्यास **मौन**ले सूत्र उपन्यासलाई अझ सबल बनाएको छ। यसमा **फूलको आतङ्क**मा जस्तो उपशीर्षक नभईकन विभिन्न चरणहरू छन् र यिनै चरणले विविध घटनाको प्रतिनिधित्व गर्दछन्। अकथा र अउपन्यासका रूपमा रहेको यस उपन्यासले पनि समाजका विसङ्गतिहरूलाई उतार्ने र त्यसको नग्न यथार्थ प्रस्तुत गर्ने काम गरेको छ।[48] यसमा विशृङ्खलित घटनाचक्रका अनेक विषयवस्तुहरू समाहित भएका छन्। यसले सामाजिक, आर्थिक, सांस्कृतिक, भाषिक आदि सबै क्षेत्रमा **मौन** बोलेको छ, जस्ताको तस्तै देखाएको छ। यस चरणको अर्को उपन्यास **तथाकथित** हो। विश्वसाहित्यमा देखा परेको उत्तरआधुनिकवादलाई ग्रहण गर्दै यसले शिल्प, विषय र संरचनामा समेत नयाँ आयम ल्याएको छ। स्वैरकल्पनाको प्रयोग गर्दै सामाजिक विसङ्गतिप्रति आलोचनात्मक अभिव्यक्ति प्रकट गर्न उपन्यासकार सफल देखिएका छन्। उपन्यासको विषयले समसामयिक नेपाली राजनीतिका परिदृश्यहरूसँग घनिष्ट सम्बन्ध राख्दछ। यसले समकालीन जीवनका यावत् विकृति, विसङ्गति र २०४६ पछिको राजनैतिक आरोह-अवरोहलाई देखाउँदै एवं आलोचना गर्दै असङ्गत पक्षको चिरफार गरेको छ। यसरी नै गौतमको अहिलेसम्मको पछिल्लो एवम् पूर्ण विकसित सूत्र उपन्यासको रूपमा **'भीमसेन ४ को खोजी'** देखिएको छ। उनको सुरूको शुत्र उपन्यास **'फूलको आतङ्क'** प्रारम्भिक रूप हो र **'मौन'** विस्तारित मध्यरूप हो भने **भीमसेन ४ को खोजी** चरमविन्दु वा पूर्ण रूप हो। यसमा देशको अन्योल स्थितिको मार्मिक चित्रण गरिएको छ। नेता, ठेकेदार आदि सबै व्यवस्था र शासन पद्धति चलाउँन आतुर छन्। यसमा प्रतीकात्मक पात्र तर्कासुर परपीडक, मानवीय संवेदना र स्वतन्त्रतालाई वास्ता नराखी जनतालाई दुःख दिदैं मारेर खान्छ। त्यही तर्कासुरलाई हराउँन भीमसेनको खोजी गरिन्छ। खोजी गरे अनुसारको तर्कासुरलाई वसमा पार्ने **भीमसेन ४ को खोजी** हुदै गरेको तर उपलब्ध हुन नसकेको वर्तमान यथास्थितिको जीवन्त चित्रण मिथकीय शैलीमा प्रस्तुत गरिएको छ।[४९] यस चरणको अन्तिम उपन्यास 'धुर्मी' हो। यो गौतमको **'बाढी'** पछिको दोस्रो अनुभव न्यास हो। यो कृति 'बाढी' कै मध्यविस्तार रूप हो। यसमा गौतमले पी.एच.डी. शिक्षा आर्जनको समयमा पुनामा बिताएका क्षण दाजुभाइसँगको सम्बन्ध टाढा हुँदै गएको

---

47 लक्ष्मणप्रसाद गौतम, पूर्ववत्, पृ. १४२।

48 रोशन थापा, 'नीरव', "मौनभित्रका विस्फोटहरू", **गरिमा**, (काठमाडौं : साझाप्रकाशन, वर्ष २०, अङ्क १०, पूर्णाङ्क २३८, २०५९), पृ.६३।

४९ रोशन थापा, 'नीरव', भूमिकाको प्रसङ्गमा (धुर्मी, काठमाडौं प्रतिभा प्रकाशन, २०६२, पृ. भ

मित्रहरूको दुःख लाग्दो कर्तुत बिम्व प्रतीक आदिको माध्यमबाट बडो स्वभाबिक रूपमा चित्रण गरेका छन् ।[५०]

## २.३ ध्रुवचन्द्र गौतमका औपन्यासिक प्रवृत्ति

ध्रुवचन्द्र गौतम नेपाली साहित्यमा प्रथमतः उपन्यासकारका रूपमा चिनिन्छन्। उनले उपन्यास लेखनको प्रारम्भमा नै विसङ्गतिवादलाई आत्मसात् गरेका छन्। उनको प्रारम्भिक उपन्यास **अन्त्यपछि**बाट नै नवीनताको खोजी हुन थालेको छ। भिन्नभिन्न संरचना, प्रयोग, विषयवस्तु, विचार, शैली उनका उपन्यासमा पाइन्छन्। यिनका औपन्यासिक कृतिहरूमा पाइने विचार, दर्शन, आर्थिक, सामाजिक, राजनैतिक, जैविक, मनोवैज्ञानिक आदि सबैकुरा सङ्गतिहीनतामा आधारित देखिन्छन्। अनौपचारिक शैलीको शिल्पप्रविधिका साथै कथ्यलाई सोझै नभनेर विम्ब, प्रतीक, मिथक, स्वैरकल्पना, असितव्यङ्ग्य आदिका माध्यमबाट अभिव्यक्त गरेको पाइन्छ।[५१] विसङ्गतिवादकै सेरोफेरोमा उपन्यास सिर्जना गर्ने क्रम **'घुर्मी'**सम्म पनि कायमै छ। हरेक उपन्यासमा समयसापेक्ष विषयवस्तुको प्रयोग उनको निजत्व नै रहेकोछ। विसङ्गतिवादी र अस्तित्ववादी धाराबाट प्रेरित गौतम विस्तारै आलोचनात्मक यथार्थवादी, प्रकृतवादी, प्रयोगवादी उपन्यासकारका रूपमा स्थापित भएका छन्। विशेषगरी पाश्चात्य दर्शनबाट प्रभावित एवं सधैं नवीनताको खोजी गर्ने गौतमले नवीन विधाको निर्माणसमेत गरेका छन्। उनले अनुभवन्यास, सूत्रउपन्यास जस्ता नितान्त मौलिक र परम्पराभन्दा भिन्न उपन्यासको सृजना गरेका छन्। आधुनिक नेपाली उपन्यासको सम्पूर्ण इतिहासमा यिनलाई विषयवस्तु, शिल्प, संरचना, सबैमा सन्तुलन गर्न सक्ने प्रमुख उपन्यासकारका रूपमा लिन सकिन्छ। यसरी गौतमका प्रमुख औपन्यासिक प्रवृत्तिहरूलाई खुट्याउन उपन्यासको कथावस्तु, शैली, शिल्प, संरचना एवं विविध विचारका आधारमा उनका प्रवृत्तिहरूलाई अध्ययन गर्नुपर्ने देखिन्छ।

### २.३.१ विसङ्गतिवादी प्रवृत्ति :

ध्रुवचन्द्र गौतमका पूर्वचरणका उपन्यासका पात्रहरूमा वैयक्तिक इच्छा अकांक्षा कुण्ठित भएपछि ती विवशता बाध्यता मूल्यहीनताका बोधले विसङ्गतितर्फ प्रवृत्त रहेका छन्। आफ्नो उपन्यासयात्राको प्रथम उपन्यास **अन्त्यपछि**मा नै उनले जीवनको अर्थहीनता, निस्सारता, बेमेलता र, सङ्गतिहीनतालाई उतारेका छन्। विसङ्गति र शून्यता जस्ता दार्शनिक विचारलाई उनका प्रारम्भिक उपन्यासहरूमा नै प्रतिपादन गरेका छन्। गौतमको सफलता भनेको नै अर्थहीन तथा मूल्यहीन बचाइ र शून्यताबोधको दुरुस्त प्रकटीकरण हो। उनका उपन्यासमा अस्तित्वका लागि गरिने सङ्घर्ष पनि विसङ्गतिमा नै गएर टुङ्गिएको छ।[५२] समाज, धर्म, अर्थ, राजनीति, संस्कार, परम्परामा आएको विचलन

---

[५०] रोशन थापा नीरव पूर्ववत पृ. म ।

[५१] लक्ष्मणप्रसाद गौतम, **सान्दर्भिक समालोचना**, (काडमाडौं : भुडी पुराण प्रकाशन, २०५७), पृ. १८ ।

[५२] कृष्ण बस्नेत, पूर्ववत्, पृ. २५४ ।

र मानवताको ह्रासमा व्यक्तिले भोगेको पीडालाई प्रस्तुत गर्नु उनको निजत्व हो । त्यसरी नै **डापी**मा भय र सन्त्रासबाट जन्मिएको विसङ्गति र अस्तित्वको चित्रण गरिएको छ । वर्तमान जीवनका समस्या र तिनबाट उत्पन्न विसङ्गत पक्षलाई उजागर गर्नु उनको वैशिष्ठ्य रहेको छ । उनका उपन्यासमा जीवन भोगाइका क्रममा मानिस अनेक झन्झट र समस्यामा फँस्छ र समाधान नभएपछि झन् शून्य, निराशा र विसङ्गतिको भासमा फँसेको पाइन्छ । यो तथ्यका साथै उनका उपन्यासमा विचार र विषयवस्तुमा मात्र विश्रृङ्खलता नभई पात्र, संरचना, शैली आदिमा समेत सङ्गतिहीनता पाइन्छ । आजको सांसारिक विसङ्गतिलाई केलाउँदै जीवनका सम्पूर्ण चिन्तनप्रणाली र मानवीय समस्याको अस्तव्यस्त पक्षलाई प्रस्तुत गर्नु उनको प्रवृत्ति रहेको छ । रोग, भोक, अभाव, पीडाले च्यापेको मान्छेको विसङ्गत सोच र विसङ्गत कार्यलाई व्यक्तिकै सामाजिक पृष्ठभूमिमा प्रस्तुत गर्नु उनको विशेषता हो । युद्ध, हिंसा, हत्या, बलात्कार, मानवीयमूल्य, मान्यता र अस्तित्वको विघटन उनका उपन्यासमा यत्रतत्र भेटिन्छन् । एकाङ्गीमा बाँचेको जीवन, त्यसमा थकित, कुण्ठित र निराश्रित जीवन जिइरहेको न्यास्रो र व्यर्थताको संसार सृष्टि गर्नु उनको प्रमुख प्रवृत्ति हो ।[53] वर्तमान अवस्थामा मान्छे निरीह र निरुद्देश्य भएर भौँतारिरहनु पर्ने र विसङ्गत स्थितिमा पुग्ने गरेको उनी देखाउँछन् । पूर्वार्द्धका उपन्यासहरू **अन्त्यपछि, वालुवामाथि** र **डापी** जस्ता उपन्यासहरूले जीवनको पीडा, व्यथा, निस्सारता, साँघुरोपन जस्ता कुरालाई प्रतिनिधित्व गरेका छन् । त्यसो त पूर्व चरणमा मात्र नभई उत्तरार्द्धका अधिकांश उपन्यासहरूले पनि धेरथोर मात्रामा माथि उल्लिखित विचारहरूलाई पछ्याउन भने छाडेका छैनन् । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यास राजनैतिक, आर्थिक, नैतिक, साहित्यिक विसङ्गतिको शिखरस्थ उपन्यास नै भएको छ । यसैगरी **दुविधा**, **अग्निदत्त+अग्निदत्त**, **फूलको आतंक**, **बाढी**, **सहस्राब्दीको अन्तिम प्रेमकथा**, **मौन, भीमसेन-४ को खोजी** आदि उपन्यासहरूमा पनि विसङ्गतिका स्वरहरू जुर्मुराएको देख्न सकिन्छ । पछिल्ला उपन्यासहरूमा आएको विसङ्गतिमूलक जीवनदृष्टि तटस्थ नभएर आलोचनात्मक र व्यङ्ग्यात्मकताका साथ प्रस्तुत भएको छ जुन उनको निजी पहिचान हो ।[54]

### २.३.२ अस्तित्ववादी प्रवृत्ति

गौतमका उपन्यासहरूमा अस्तित्ववादी प्रवृत्ति पनि प्रमुख रूपमा रहेको छ । उनको प्रथम उपन्यास **अन्त्यपछि**मा नै अस्तित्ववादी चिन्तन देखा परेको छ । विसङ्गतिवादको अन्तिमावस्था अस्तित्वको बिजारोपण भएकोले मानिस जीवन जिउने क्रममा आफूलाई निरर्थक ठान्छ र अन्त्यमा अस्तित्वको खोजी गर्न थाल्छ भन्ने कुरा उनको उपन्यासमा भेटिन्छ । त्यसैले मानिस आफ्नो अस्तित्वरक्षाको लागि अनेक कार्यहरू गर्न थाल्छ । **अन्त्यपछि**मा दोस्रो विश्वयुद्धपछि मान्छेको मनमा देखापरेको पाश्चात्य परम्पराको मूल्यहीनतालाई अस्तित्ववादी साँचोमा ढालेको पाइन्छ । गौतममा

[53] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ४०३ ।

[54] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २५९ ।

**डापी** उपन्यासको प्रकाशन पछि अस्तित्ववादी चिन्तन अझ प्रभावकारी रहेको छ । यस उपन्यासमा सधैं आतङ्क र क्रुरतामा बाँचेका मान्छेहरू अन्त्यमा डर र त्रासलाई पचाएर प्रतिवाद गर्ने टुङ्गोमा पुगेका भेटिन्छन् । जतिसुकै निरर्थक भए पनि प्रयत्न बेगर बाँच्न सकिदो रहेनछ भने आफू हुनुको बोध स्वीकार्नु पर्छ र सङ्घर्ष गर्नुपर्छ भन्ने कुरा **डापी**, **अन्त्यपछि** जस्ता उपन्यासमा पाइन्छ । मान्छे सङ्घर्षदेखि डराए पनि, निरर्थक बचाइदेखि भागे पनि भाग्नकै लागि सङ्घर्ष गर्नुपर्छ भने किन भाग्ने ? बरू सङ्घर्ष गरेर आफ्नो अस्तित्व जोगाउनु पर्छ भन्ने चिन्तन उपन्यासभरि पाइन्छ । जहाँ गए पनि पीडा मुक्त नहुने यथार्थलाई मनन गरी विसङ्गत कुरालाई चिर्दै अस्तित्वका लागि सङ्घर्ष गरेको भेटिन्छ । **चौथो अन्त्य**को पात्र रवि मृत्युपछि पनि लक्ष्मीलाई हाँक दिई अस्तित्वको छाप छोड्न सफल छ । यसबाट के स्पष्ट हुन्छ भने मान्छे विसङ्गतिको चुलीमा पुगिसकेपछि पुनः आफ्नो अस्तित्व र स्वतन्त्रताका लागि लड्ने प्रयत्न गर्छ । **डापी**मा सन्त्रास, भय तथा मानवीय क्रुरताको बीचमा छटपटाइरहेको उसको अहम्लाई मूल केन्द्र बनाइएको छ ।[५५] **अन्त्यपछि, बालुवामाथि**, **डापी**, **चौथो अन्त्य**, **कट्टेलसरको चोटपटक**, **अलिखित**, **अग्निदत्त+अग्निदत्त** जस्ता उपन्यासहरूमा जीवनलाई निरन्तर प्रयत्न पछि पनि निरर्थक, निस्सार र विसङ्गतिले घेरेको कुरालाई देखाउँदै विसङ्गतिकै बीच अस्तित्वको खोजी गर्नु गौतमको मूलभूत प्रवृत्ति हो । यसरी जतिसुकै पलायन भएपनि दुविधामा बाजे शिव शर्मा आफ्नै सन्तानहरूले आफूप्रति गरेको दुर्व्यवहारलाई सहन गर्न नसकेर ७० वर्षको उमेरमा पनि अस्तित्वको खोजी गर्दै दोस्रो विवाह गर्न पुग्छन् । अन्त्यमा जीवन पुनः नयाँ-नयाँ सम्भावनाहरूको खोजी गर्नतिर लगाउदै मानव जीवनका विसङ्गत र मूल्यहीनताका बीचबाटै आफ्नो अस्तित्वको खोजी गर्नुपर्छ भन्ने उनको मूलभूत प्रवृत्ति देखिन्छ ।

### २.३.३ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

गौतमका उपन्यासहरूमा समाजमा देखिएका विकृति र विसङ्गतिलाई कोट्याउँदै त्यसप्रति आलोचना गरेको पाइन्छ । वि.सं. २०३७ सालपछि समाजका विभिन्न क्षेत्रमा व्याप्त विकृति, विसङ्गति, आर्थिक दुराचार, भ्रष्टाचार, राजनैतिक विकृति जस्ता कार्यलाई औंल्याउँदै त्यसप्रति तीव्र आलोचना गर्नु उनको मूलभूत प्रवृत्ति हो । जीवन भोगाइका क्रममा आज सामाजिक परम्पराको विखण्डन भएको छ, नैतिकताको बिक्री भएको छ , अनि उनी आधुनिकताको नाममा जसरी भएपनि शक्ति र सम्पत्ति हत्याउने स्वार्थी प्रवृत्तिको हावी भएकोप्रति खुलेर आलोचना गर्छन् । **कट्टेलसरको चोटपटक**मा सामाजिक दुरावस्था, आर्थिक विपन्नता, राजनैतिक अनुदारता, चाकडी, चाप्लुसी आदिको उदाङ्गो रूपलाई प्रस्तुत गरेका छन् । त्यस्तै **अलिखित**मा धनी र ठालुहरूलाई हत्या, बलात्कार, लुटपाट जस्ता असामाजिक कार्य गर्दा पनि छुट हुने गर्छ भने विरहिनपुर बरेवा जस्ता गाउँको न अस्तित्व छ, न देश छ, न राष्ट्रियता नै । यस्तो अनामिक स्थितिको सृजना गरेर सरकार एवं उच्च ओहदामा बस्ने र

---

[५५] ऐजन

नीतिनियम निर्माण गर्ने नियामकहरूको आलोचना उनले गरेका छन् । **निमित्तनायक**मा विनय जस्तो आदर्शवान् व्यक्तिलाई भऱ्याङ बनाएर अरूले फाइदा लिन पुगेका छन् । यसमा पनि अनैतिक शासनको परिणाम र समस्यालाई प्रस्तुत गरिएको छ । राजनैतिक, आर्थिक, सामाजिक विषमताप्रति नकारात्मक दृष्टि राख्नु उनको वैशिष्ठ्य हो । उनले **स्वर्गीय हीरादेवीको खोज**मा पञ्चायतकालीन राजनैतिक विकृतिलाई आलोचनात्मक रूपले प्रस्तुत गरेका छन् । **चौथो अन्त्य**मा पञ्चायतकाल र प्रजातन्त्र प्राप्ति पछिको स्थितिमा रवि जस्ता परिवर्तनको पक्षमा लड्नेलाई उल्टै चैतेहरूले मिथ्या आरोप लगाएर पाखा लगाइएको छ, हत्या गरिएको छ र पुनः चैतेहरू नै प्रजातन्त्रोत्तर समयमा पनि हाबी भएको देखाउनुबाट गौतमको आलोचनात्मक यथार्थवादी प्रवृत्ति झन् तिख्खर भएको स्पष्ट हुन्छ । सम्पत्ति र शक्तिमा नै मानवीयता हराएको छ, अनुकूल वातावरण बनाएर प्रतिकूल काम गर्ने मानिसको समाजमा भीड रहेको छ । नीति र नियम सोझा र निमुखा जनतालाई मात्र लाग्ने गर्छ भन्ने जस्ता सामाजिक विकृतिप्रति आलोचना गर्नु उनको विशेषता हो । यो प्रवृत्ति उनको **दुविधा** उपन्यासमा पनि देख्न सकिन्छ । **कमलराज**ले सडक विभागको सामान्य कर्मचारी भएर राता-रात अथाह सम्पतिको मालिक भएको सामाजिक कटु यथार्थलाई आलोचनात्मक ढंगबाट प्रस्तुत गरेका छन् । सामाजिक अन्याय र विषमताप्रति स्वतन्त्र भएर आवाज उठाउनु उनको निजत्व हो । प्रजातन्त्रपछिका उनका उपन्यासहरूमा पैसाका लागि जीवनका सम्पूर्ण मूल्य, मान्यता, नैतिकता, अस्मितालाई बेच्ने अवसरवादीहरूप्रति आलोचना गरिएको पाइन्छ । समाजका यथार्थ पक्षको तटस्थ प्रस्तुति मात्र नगरेर तिनमा रहेका विकृति र विसङ्गत पक्षहरूमाथि आलोचना गर्नु उनको थप विशेषता हो । उनका उपन्यासको निजी प्रवृत्ति भनेको सामाजिक शोषण, राजनैतिक घात-प्रतिघात, मानवीय मूल्यको विघटन जस्ता कुरालाई सामाजिक यथार्थताको सापेक्षतामा देखाउनु हो ।

### २.३.४ प्रकृतवादी प्रवृत्ति :

गौतम एक प्रकृतवादी उपन्यासकारका रूपमा पनि परिचित छन् । उनका उपन्यासहरूमा व्यक्ति र उसका पाशविक प्रवृत्तिहरूलाई विनापर्दा प्रस्तुत गरिएको हुन्छ । उनी मान्छे जति-जति सभ्यताको शिखरमा पुग्दै गयो उसका आदिम प्रवृत्तिहरूमा कुनै पनि परिवर्तन आएको छैन भन्ने कुरालाई देखाउँछन् । उनी उपन्यासमा यौनको खुला चर्चा गर्छन्, समाजले अश्लील भनेर वर्जित गरेका शब्दहरूलाई एवं अप्राकृतिक शारीरिक अवस्थालाई जस्ताको तस्तै भन्न पनि कन्जुस्याइँ गर्दैनन् । प्रकृतवादी यथार्थको प्रयोग गर्ने क्रममा मानिसका त्यस्ता पशुवत् चरित्र र निकृष्ट क्रियाकलाप पनि अभिव्यक्त भएको पाइन्छ ।[५६] **दुविधा**मा अंगुल ऋषिले गरेको हस्तमैथुन र नर्मदासँगको यौन तथा प्रेमाप्रसङ्गका कुरामा अश्लील रूप सजिलै भेटन सकिन्छ । यो प्रवृत्ति उनमा बढ्दै गई **चौथो अन्त्य**मा आइपुग्दा त यथार्थको नाङ्गो प्रस्तुतिको पराकाष्ठामा नै पुगेको छ । जीवनको यथार्थताको

[५६] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २६० ।

चित्रण गर्दा उनलाई कुनै आदर्श, नैतिकताले छेकेको पाइँदैन ।[57] **चौथो अन्त्य**मा लक्ष्मी जस्ता पात्रहरू जैविक स्वार्थका लागि जस्तोसुकै  घटिया र नीच कार्यहरू गर्न पनि पछि पर्दैनन् । लक्ष्मी छोरी र आमा दुवैलाई यौन सम्पर्क गर्न पनि पछि पर्दैन । **चौथो अन्त्य**, **अलिखित**, **दुविधा** जस्ता उपन्यासहरूमा गरिबीको फाइदा लिएर यौन मनोरञ्जन लिने कु-प्रवृत्ति यी उपन्यासमा पाइन्छ । मान्छेका आदिम बर्बर प्रवृत्तिहरूलाई बढी महत्त्व दिएर स्वयं मान्छेले सृजना गरेका सामाजिक आचरण, नीति- नियम जस्ता कुरालाई जबर्जस्ती उखेलेर फाल्ने चेष्टा उनका उपन्यासमा पाइन्छ । मान्छेभित्रको मूल तत्त्व मन र मनको अवचेतन प्रवृत्तिलाई महत्त्व दिनुका साथै मानवीय, नैतिक, धार्मिक तथा सामाजिक दृष्टिकोणका विपरीत मान्छे भित्रको नग्नता, उत्तेजना, उन्माद र विशुद्ध प्राकृत वा प्रकृतवादी पाशविकताको चित्रण गर्नु उनको औपन्यासिक प्रवृत्ति हो ।[58] **डापी**, **निमित्त नायक, अलिखित** आदि उपन्यासबाट सुरू भएको नग्नयथार्थको चित्रण **चौथो अन्त्य**मा आइपुग्दा चरमोत्कर्षमा पुगेको छ । सामाजिक दृष्टिले अनैतिक र अश्लील मानिने यथार्थलाई **चौथो अन्त्य**को लक्ष्मीको माध्यमबाट प्रस्ट पारिएको छ । यसरी नै **'दुविधा'** उपन्यासभित्र पनि अंगुल ऋषिले गरेको हस्तमैथुन, अमरराजबाहेकका अन्य ५ जनाले नर्मदासँगको यौन सम्पर्कको प्रसङ्ग र कमलराजको भव्य महलमा बलात्कार गर्न ल्याइएकी कलिली केटीलाई गरिन खोजिएको पाशविक व्यवहार समेत प्रष्ट छ । क्षयोन्मुख नैतिकता, मानवीय मूल्यको स्खलन अनि आदर्श र अनुशासनको उल्लङ्घन देखाउनु उनको मूल विशेषता हो ।

### २.३.५ भय, आतङ्क र सन्त्रासात्मक प्रस्तुति

भयपूर्ण, सन्त्रासमय जीवनको उदेकलाग्दो रूपको चित्रण गर्नु उनको महत्त्वपूर्ण औपन्यासिक प्रवृत्ति हो । उनका उपन्यासका पात्रहरूको सामाजिक स्थिति कहालीलाग्दो र मुटु कमाउने किसिमको रहेको पाइन्छ । कुनै पनि पात्र सुरक्षित र भयमुक्त जीवन जिउन पाउँदैनन् । गौतमका पूवार्द्धका उपन्यासहरूमा भय, आतङ्क र क्रूरताले कहिल्यै छाडेका छैनन् । सधैं शक्ति र सत्तामा रहने व्यक्तिले सोझा, निमुखा जनतालाई निरन्तर आक्रमण गरिरहेको देखाउनु उनको थप विशेषता हो । **डापी**का कल्पित टोलहरूमा मानिसले बेहोर्नु परेको क्रूर शासन, भय आतङ्क जहींतहीं पाइन्छ । **डापी** कल्पित टोलको नाम हो तर त्यसले सृजना गरेको भय, आतङ्कले समाजलाई मुठ्याइ राख्ने क्रूरतम शासनको संसारलाई बुझाउँछ भन्ने कुराको संकेत गरेको छ ।[59] खासगरी अमानवीय शासन प्रणाली, सम्भ्रान्त वर्गबाट सत्ताको दुरुपयोग आदि प्रस्तुत गर्नु उनको निजत्व हो । **अन्त्यपछि**, **डापी**, **चौथो अन्त्य**, **फूलको आतङ्क**, **दुविधा**, **मौन**, **अग्निदत्त+अग्निदत्त** जस्ता उपन्यासहरूमा यो प्रवृत्ति यत्रतत्र पाइन्छ । **डापी** र **अलिखित**को समग्रतालाई कालिक विभीषिका, निरङ्कुशता, सन्त्रास र पीडालाई बिम्बित गर्ने

---

[57] कृष्ण बस्नेत, पूर्ववत्, पृ. २२५ ।

[58] टङ्क भट्टराई, **मधूलिका**, पूर्ववत्, पृ. ८६ ।

[59] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, पूर्ववत्, पृ. ४०४ ।

यथार्थताको प्रतीकात्मक चित्रको रूपमा उतारेको पाइन्छ ।[60] **निमित्त नायक**, **स्वर्गीय हीरादेवीको खोज** आदि उपन्यासहरूले तत्कालीन व्यवस्थाले सर्वसाधारण माथि केकस्तो शासकीय व्यवहार गरेको थियो भन्ने संवेदनहीन चित्रलाई उतारेको छ । उनबाट पञ्चायतकालीन र प्रजातन्त्रोत्तर दुवै कालमा लेखिएका उपन्यासहरूमा आतङ्क, पीडा, मानवीय मूल्यको ह्रास, नैतिकताको अपहरण उत्तिकै भेटिन्छ । भय र सन्त्रासको वातावरण बुनेर अनि त्यसमा दिशाहीन मनुष्यको निरुपाय स्थिति र त्यसद्वारा आतङ्कित, त्रस्त तथा अस्तित्वहीनतालाई देखाउनु उनको निजत्व हो ।[61] गौतमले **तथाकथित**मा व्यवस्थाका अनुत्तरदायी र अवसरवादी चरित्रका माध्यमबाट देश, देशको घटना, देश चलाउने पद्धति, तिनीहरूको प्रवृत्ति र यौनाचरणलाई नवीन ढङ्गले प्रस्तुत गरेका छन् भने भीमसेन ४ को खोजीमा तर्कासुरको राक्षसी प्रवृत्तिबाट कयौं मान्छेले ज्यान गुमाउनु पर्ने भय र आतंकित चरित्रको सफल प्रयोग गरेकाछन् ।[६२] निरीह जनतामाथि निरन्तर आक्रमण भइरहन्छ र क्रूरशासन बेहोरिरहनु पर्छ भन्ने सन्त्रास देखाउँदै विचित्र, डरलाग्दा, आतङ्कपूर्ण, मानिस मार्ने, पुर्ने, थुन्ने जस्ता अविवेकपूर्ण कार्यहरू प्रस्तुत गर्नु पनि उनको प्रवृत्ति हो ।

### २.३.६ स्वैरकल्पनात्मक प्रवृत्ति

ध्रुवचन्द्र गौतमको अर्को महत्त्वपूर्ण प्रवृत्ति भनेको स्वैरकल्पनात्मक प्रवृत्ति हो । यथार्थ घटना र विषयभन्दा पर काल्पनिक विषयवस्तुको प्रस्तुतिबाट यथार्थको जानकारी गराउनु उनको निजत्व हो । **डापी**, **अलिखित** जस्ता उपन्यासहरू स्वैरकल्पनाका लागि बेजोड मानिन्छन् । विभिन्न किसिमका परिकल्पनात्मक एवं किम्बदन्तीय घटनाको सृजना गर्नु उनको आफ्नै वैशिष्ठ्य हो । समसामयिक जीवनको यथार्थतासँग मेल खाने **डापी**का क, ख, ग, गाउँहरू अनि **अलिखित**का विरहिनपुर बरेवा, दोरहन्तल पोखरा उत्खनन आदि स्वैरकल्पनाका महत्वपुर्ण प्रस्तुति हुन् । त्यस्तै प्रजातन्त्रोत्तर उपन्यास **अग्निदत्त+अग्निदत्त**मा तुरुपराज्यको स्वैरकल्पनाको रूपमा नेपालको जीवन भोगाइलाई प्रस्तुत गरिएको छ । **डापी**का टोलहरू र **अग्निदत्त+अग्निदत्त**को तुरुपराज्य स्वैरकल्पना भएपनि त्यसले नेपालको राज्यव्यवस्थाको अन्याय, अत्यचार, आतङ्कपूर्ण, क्रूरतम, नातावाद, घुसखोरी आदि घटनालाई बिम्बात्मक रूपले प्रस्तुत गरेको छ । यस्तो स्वैरकल्पनात्मक प्रवृत्ति उनको निजी विशेषता हो । यसरी **अन्त्यपछि**देखि **घुर्मी**सम्म आइपुग्दा गौतमको स्वैरकल्पनात्मक प्रवृत्तिले विशिष्ठता प्राप्त गरेको छ । उनका प्रायः उपन्यासहरूमा जादूको संसार सृजना गरी आफ्नै वरिपरि भइरहेको जीवन भोगाइको विसङ्गतिलाई अत्यन्त टड्कारो रूपमा ब्यक्त गरेका छन् । त्यसैले स्वैरकल्पनामा प्रभावकारिताका साथ प्रतीक र बौद्धिकताको पनि मिश्रण गर्नु उनको औपन्यासिक प्रवृत्ति हो ।[63] कल्पनात्मक जीवन र जगत्को सृजना गरी त्यसप्रति व्यङ्ग्य गर्नु उनको प्रवृत्ति हो । समाजभन्दा निरपेक्ष नभई समाज

---

[60] कृष्णचन्द्रसिंह प्रधान, "ध्रुवचन्द्र गौतमको उपन्यासकारिता" **मधूलिका**, पूर्ववत्, पृ. ३ ।

[61] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, पूर्ववत्, पृ. ४०३ ।

[६२] रोशन थाप नीरव, भूमिकाको प्रसङ्गमा ......, **घुर्मी**, काठमाडौं प्रतिभा प्रकाशन, २०६२, पृ.ढ.भ. ।

[63] कृष्णहरि र नेत्र एटम, पूर्ववत्, पृ. २६१ ।

सापेक्षित स्वैरकल्पनाको प्रयोग र समकालीन अवस्थाप्रति व्यङ्ग्य गर्नु उनको प्रवृत्ति हो। उनको स्वैरकल्पना प्रायः देशको, जनताको स्थितिको भविष्यवाणीका रूपमा आएको हुन्छ।[६४] **डापी**का क, ख, ग, टोलहरू, **अलिखित**का विरहीनपुर बरेवा जस्ता गाउँहरू अनि **चौथो अन्त्य**को प्रजातन्त्रको हत्याको भविष्यप्रतिको शंका यथार्थमा परिवर्तन भएको देख्न सकिन्छ। गौतमले **तथाकथित** उपन्यासमा देशको राजनीतिले प्रजातन्त्रमाथि गरेको हमला र प्रजातन्त्र बडाहाकिम, प्रधानमन्त्री, ठेकेदार आदिका हातमा खोसाखोस भएर लुप्त प्रायः बन्न लागेको र सुशासक प्राप्त हुन नसकेको घटनालाई स्वैर कल्पनात्मक ढंगले प्रस्तुत गर्नु उनको निजात्मक प्रवृत्ति भन्न सकिन्छ।[६५]

### २.३.७ प्रयोगवादी प्रवृत्ति

ध्रुवचन्द्र गौतमको सबैभन्दा ठूलो शक्ति भनेको नै उपन्यास निर्माणको परम्पराभन्दा भिन्न हुनु उनको मौलिक र महत्त्वपूर्ण प्रवृत्ति हो। उनको पहिलो उपन्यास **अन्त्यपछि**देखि नै आफूलाई पृथक् रेखामा हिंडाउन उनी प्रयत्नरत छन्। गौतमको हरेक नयाँ उपन्यासमा नयाँ-नयाँ प्रविधिको प्रयोग गर्नु उनको प्रवृत्ति हो। उनले उपन्यास निर्माणको परम्पराप्रति असहमति देखाउँदै कथ्य, चरित्र, परिवेशको अनौठो र अमूर्त प्रस्तुति उनले गरेका छन्।[६६] गौतमद्वारा नेपाली उपन्यासजगत्मा नभएका नवीनत परिवर्तनहरू भएका छन्। उनले प्रयोगीय प्रवृत्तिलाई उत्तरार्द्धका उपन्यासमा झन् विकास गर्दै लगेका छन्। परम्परागत सिद्धान्तका विरुद्धमा आएका कथानकहीन कथावस्तु, अनायक चरित्र, स्वैरकल्पना, बिम्ब र प्रतीकको प्रचुर प्रयोग, श्यामव्यङ्ग्यको उपयोग आदि उनका प्रवृत्ति हुन्। स्वैरकल्पना र मिथकलाई नबतरिकाबाट प्रयोग गर्नु गौतमको थप विशेषता हो। संरचनागत नवीनता, विचारगत उत्कृष्टता उनका उपन्यासका निजत्व हुन्। चेतनप्रवाह शैलीको नवीन प्रयोगीय भूमिमा लेखिएका **अलिखित**, **चौथो अन्त्य** आदि उपन्यास अत्यन्त सफल छन्। परम्परागत आदर्श नायक-नायिकालाई पनि खिल्ली उडाउने शैली भएको **अलिखित** उनको विशिष्ठ उपन्यास मानिन्छ।[६७] उनको **बालुवामाथि** र **अन्त्यपछि**बाट नेपाली उपन्यासपरम्परामा अउपन्यास तथा अधिउपन्यासको परम्परा सुरु भएको मानिन्छ।[६८] **डापी** उपन्यासबाट सुरु भएको श्यामव्यङ्ग्य उत्तरार्द्धका उपन्यासहरू **कट्टेलसरको चोटपटक**, **अलिखित**, **दुविधा**, **चौथो अन्त्य** आदि उपन्यासहरूमा झन् विशिष्ट बन्दै गएको छ। गौतम विश्वसाहित्यमा देखापरेको नवीनत आधुनिकोत्तर प्रवृत्ति श्यामव्यङ्ग्यलाई नेपाली आख्यान साहित्यमा सर्वप्रथम प्रयोग गर्ने विशिष्ठ आख्यानकारका रूपमा परिचित छन्।[६९] उनको **फूलको आतङ्क**, **मौन**, **बाढी**, **भीमसेन-४ को खोजी**, **घुर्मी** जस्ता उपन्यासहरुमा नवविधाको निर्माण गरेका

---

[६४] कृष्ण बस्नेत, पूर्ववत्, पृ. २५७।

[६५] रोशन थापा, नीरव भूमिकाका प्रसङ्गमा, पूर्ववत् पृ. ढ

[६६] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २६१।

[६७] माधवप्रसाद पोखरेल, "अलिखित उपन्यासको रचनाशिल्प", **मधूलिका**, पूर्ववत्, पृ. ६३।

[६८] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २६१।

[६९] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, पूर्ववत्, पृ. ५८।

छन् । **फूलको आतङ्क**, **मौन** र **भीमसेन-४** को खोजी सूत्र उपन्यास परम्परागत उपन्यासको सन्दर्भमा विधाभञ्जन हुन् । लघुकथा जस्ता स-साना सूत्रकथाको अनुस्यूतिका आधारमा यो लघुकथा सङ्ग्रह र उपन्यासका बीचको विधामिश्रण र सूत्र उपन्यासका रूपमा यो नवविधा प्रवर्तन र नवप्रयोग हो[70] । त्यसैगरी **बाढी** र **घुर्मी** संस्मरणात्मकताका आधारमा आएको उपन्यास र संस्मरणको दोसाँधको विधामिश्रित कृति हो । यसरी गौतमले शुरुदेखि नै उपन्यासमा कथ्य, शिल्प, प्रविधि आदि सबै क्षेत्रमा प्रयोगीय प्रवृत्ति अँगाल्ने भएकाले प्रयोग उनको मूलभूत विशेषता हो ।

### २.३.८ भाषाशैलीगत प्रवृत्ति

संरचनात्मक रूपबाट हेर्दा गौतमका उपन्यासहरू विश्रृङ्खलित देखिन्छन् भने शैलीगत प्रस्तुति पनि श्रङ्खलाविहीन नै छ । उनका उपन्यासहरूमा भाषिक एकरूपता पाइँदैन । हरेक उपन्यासमा कुनै न कुनै रूपले भाषिक नवीनता पाउन सकिन्छ । व्याकरणले निश्चित गरेका नियमको प्रयोग उनका लागि अनिवार्य छैनन् । व्याकरणभन्दा भिन्न आलङ्कारिक पदकम उनको उपन्यासमा पाइन्छ । भाषालाई भाँचेर विचलनयुक्त भाषाको प्रयोग गर्नु उनको भाषिक विशेषता हो । पूवार्द्धका उपन्यासको तुलनामा उत्तरार्द्धको भाषा सरल र सहज रहेको छ । छोटा-छोटा अनुच्छेद र स्वगतकथन उनको प्रवृत्ति हो । विचारमा जे आयो त्यहीलाई अङ्कन गर्दै अगाडि बढ्ने विशेषता गौतमका धेरै उपन्यासहरूमा पाइन्छ ।[71] चेतनप्रवाह शैली उनको विशिष्ट प्रयोग हो । **अलिखित**, **चौथो अन्त्य** जस्ता उपन्यासहरूमा यो प्रवृत्ति बढी पाइन्छ । अनौपचारिक शैली र भाषिक छरितोपन उनको भाषिक विशेषता हो । उखानटुक्का, टुके संवाद, अङ्ग्रेजी, संस्कृत, हिन्दी आदि शब्दको प्रयोग उनका उपन्यासमा पाइन्छ । भाषामा कवितात्मक प्रस्तुति उनको महत्त्वपूर्ण प्रवृत्ति हो । परम्परागत शैलीलाई पन्छाउँदै पदसङ्गतिविहीन काव्यात्मक भाषाको प्रयोग उनका उपन्यासमा भेटिन्छ । अत्यन्त सटिक र क्रियाविहीन वाक्य प्रयोग गर्नु उनको विशेषता हो ।

---

[70] लक्ष्मणप्रासद गौतम, **मधूलिका**, पूर्ववत्, पृ. १०४ ।

[71] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २६२ ।

## २.३.९ श्यामव्यङ्ग्यका प्रयोक्ता :

ध्रुवचन्द्र गौतम श्यामव्यङ्ग्यका सफल प्रयोक्ता हुन् । उनीबाट नै नेपाली उपन्यासमा श्यामव्यङ्ग्यको प्रयोग भएको मानिन्छ । श्यामव्यङ्ग्यको मूल शक्ति भनेको बर्बरता र मनोविनोदलाई जोडेर विसङ्गतिमाथिको प्रहार हो ।[७२] **डापी** पछिका उपन्यासहरूमा श्यामव्यङ्ग्य यत्रतत्र पाइन्छ । हेर्दा सामान्य लाग्ने किसिमका घटनाहरूको सृजनागरी असामान्य व्यङ्ग्यको सन्तुलित प्रयोग गर्नु उनको विशेषता हो । **डापी** पछिका उपन्यासहरूमा गौतमले स्वैरकल्पना र परिकल्पनालाई पनि जोड दिँदै विसङ्गत घटना, विसङ्गत पात्रलाई प्रस्तुत गर्ने कार्य अघि बढाएका छन् । उपन्यासहरूमा जीवनका सङ्गत, असङ्गत, अनुकूल-प्रतिकूल, सत्-असत्, सार्थक-निरर्थक, आदि कुरालाई विनोदी पाराले व्यङ्ग्य गर्नु उनको निजी विशेषता हो । **डापी**मा डापी टोलको वर्णन गर्दा शासनका क्रूरता, असङ्गति, अन्योल, शोषण, व्यभिचार आदिलाई प्रस्टयाउने क्रममा श्यामव्यङ्ग्य भेटन सकिन्छ । **कट्टेलसरको चोटपटक**, **अलिखित**, **अग्निदत्त+अग्निदत्त**, **चौथो अन्त्य** आदि उपन्यासहरूमा यसको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । **अग्निदत्त+अग्निदत्त**मा प्रजातन्त्रको आगमन सँगसँगै विकसित भएका विकृति, विसङ्गति, नैतिकताको ह्रास जस्ता कुरालाई श्यामव्यङ्ग्यमार्फत व्यक्त गरिएको छ। त्यस्तै **चौथो अन्त्य**मा प्रजातन्त्रोत्तर पनि पुनः भ्रष्टाचार, चाकडी, अमानवीयता जस्ता तथ्यहरूको चित्रणमा श्यामव्यङ्ग्यलाई औंल्याउन सकिन्छ। त्यसै गरी **चौथो अन्त्य**मा प्रजातन्त्रोत्तर समयमा पनि पुनः भ्रष्टाचार, अमानवीयता, चाकडी, चाप्लुसी आदिमा वृद्धि हुँदै गई पुनः पञ्चहरू नै हाबी भई प्रजातन्त्रको हत्या हुन पुगेबाट श्यामव्यङ्ग्यको मौलिकता अझ प्रस्टिन्छ । **डापी**बाट सुरू भएको श्यामव्यङ्ग्य **दुबिधा**मा प्रखर रूपमा देख्न सकिन्छ भने त्यसपछिका उपन्यासहरूमा झन् सशक्त भएको छ । दुबिधाभरि पात्र र घटनावलीलाई स्वतन्त्रतापूर्वक आफूखुसी विचरण गर्ने अवसर दिएर वर्तमान युगीन सहरिया मध्यमवित्तीय परिवारले भोग्नु परिरहेको मानवीय पीडा, विवशता, बाध्यता र कमजोरीलाई कलात्मक र ओजिलो गद्यका माध्यमबाट सबै प्रसङ्गमा असङ्गत पात्र र असङ्गत घटनालाई एकान्विति प्रदान गरी उपन्यासकार गौतमले श्यामव्यङ्यलाई जीवन्त तुल्याएकाछन् ।[७३]

## २.३.१० मिथक एवं बिम्ब प्रतीकको प्रवृत्ति :

ध्रुवचन्द्र गौतमका उपन्यासमा मिथक तथा बिम्वप्रतीकको विविध प्रयोग भएको देखिन्छ । **अन्त्यपछि**बाट सुरु भएको प्रतीकात्मक भाषाको प्रयोग बालुवामाथि, डापी उपन्यासहरूमा पुग्दा रहस्यवादी प्रतीक एवम् बिम्वको सशक्त प्रयोग भएको भेटिन्छ । कट्टेलसरको चोटपटकमा इमान्दार शिक्षकले भोग्नु पर्ने समस्यालाई कट्टेलसर प्रतीक बनाएको छ भने अलिखित उपन्यासमा दन्त्यकथाका वर्णनशैली र नयाँ मिथकको सफल प्रयोग भएको पाइन्छ । यसै गरी पञ्चायती व्यवस्थाको ज्यादती र

---

७२ ऐजन ।

७३ खगेन्द्रप्रसाद लुइटेल, श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम, समकालिन साहित्य वर्ष ५ अंक ४, २०५२, पृष्ठ ३९ ।

कुशासनको दुरुस्त प्रतीकका रूपमा निमित्त नायक उपन्यासमा पुरानो भत्किसकेको चारतले घरलाई बनाइएको पाइन्छ । स्वर्गीय हीरादेवीको खोजमा एक किशोरको क्रियाकलापका माध्यमबाट र **एक शहरमा एक कोठा** उपन्यासमा क्षीण हुँदै भएको मानवीय संवेदनशील पक्षको त्रासदीपूर्ण चित्रणलाई विविध प्रतीक र बिम्बका माध्यमबाट औल्याएका छन् । **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा लक्ष्मी अर्थ पिसाच हो भने रवि चेतनाको ज्योति भएको यथार्थतालाई व्यञ्जनात्मक ढङ्गबाट देखाएको छ । 'दुविधा' उपन्यासमा पनि वर्तमान स्थितिमा वृद्धजनहरूले भोग्ने जीवनलाई जसरी घर पुरानो र जीर्ण हुँदै भत्किन सुरु भएपछि त्यसको अस्तित्व समाप्त ठानी नयाँ घरको खोजी गरिन्छ, त्यसै गरी पुरानो, जीर्ण अवस्थामा पुगेको मानिसको अस्तित्व लोप भएको ठानिने सामाजिक यथार्थतालाई पुरानो जीर्ण र भत्किँदै गएको घरलाई प्रतीक बनाई उपन्यासकार गौतमले सफल प्रतीकात्मक बिम्वको प्रयोग गरेका छन् । यसपछिका उपन्यासमा पनि बिम्व र प्रतीकको सफल प्रयोग गर्दै भीमसेन ४ को खोजीमा पुग्दा तर्कासुरको प्रवृत्तिको हाबी बढ्दै गएर भीमसेनको आवश्यकता भएको वर्तमान परिस्थितिलाई मिथकीय शैलीमा प्रस्तुत गरेकाछन् ।

## २.४ योगदान तथा मूल्याङ्कन :

नेपाली आख्यान परम्परामा आधुनिकताको सूत्रपात भएपछि धेरै परिवर्तनहरू आए, धेरै मोड, धारा र चरणका युगहरू आए । आदर्शोन्मुख सामाजिक यथार्थवादी धाराबाट थालिएको नेपाली आख्यानपरम्परामा वर्तमानसम्म आइपुग्दा नव-नव अनेकौं सम्भावनाहरू देखिएका छन् र देखिंदै छन् । यसै बीच ध्रुवचन्द्र गौतम आधुनिक नेपाली उपन्यास परम्परामा २०२० को दशकदेखि एउटा छुट्टै विशेषता बोकेर नवीन औपन्यासिक शिल्पको प्रयोग गर्दै आएका छन् । गुणात्मक र परिमाणात्मक दुवै मूल्यबोधको दृष्टिले उनका सृजनाहरू उच्च छन् ।

एउटा प्रतिभाशाली व्यक्तिले आफूलाई बहुविध क्षेत्रमा समावेश गरेको हुन्छ । सृजनाका अनेकौं पाटाहरूतिर ऊ फैलिएको हुन्छ । त्यसैले स्रष्टा ध्रुवचन्द्र गौतम पनि साहित्य विधाका कथा, कविता, नाटक, निबन्ध जस्ता विधाहरूमा फैलिएका छन् भने उपन्यास उनको सबैभन्दा झ्याङ्गिएको, फैलिएको र रुचिको विषय रहेको छ । यी मुख्य विषयका अतिरिक्त यिनले केही समालोचनात्मक एवं निबन्धात्मक लेख रचनाहरू तथा भाषासम्बन्धी लेखहरू पनि लेखेका छन् । यिनले कतिपय भूमिका लेखनका साथसाथै पारिजात, भूपि शेरचन, रत्नशमशेर थापा आदि साहित्यकारको व्यक्ति विम्ब पनि प्रस्तुत गरेकाछन् । विभिन्न पत्रपत्रिकामा स्तम्भकारका रूपमा अनि समसामयिक विषयवस्तुमा आधारित यिनका अगणनीय लेख रचनाहरू प्रकाशित भएका छन् ।

यसरी बहुविध क्षेत्रमा संलग्न रहेका गौतमको साहित्यिक यात्राको प्रारम्भ नै कविताबाट भएको देखिन्छ । यिनको प्रथम प्रकाशित कविता 'तटस्थता असफलता' (रूपरेखा ३/३/२०२०) शीर्षकको कविता हो । विभिन्न नेपाली राष्ट्रियस्तरका साहित्यिक पत्रिकाहरूमा उनका कविताहरू

प्रकाशित भएका छन् । **रूपरेखा**, **मधुपर्क** जस्ता पत्रपत्रिकाहरूमा उनी २०२० देखि नै साधनारत देखिन्छन् । वि.सं२०१५-१८ को समयमा यिनी कवितामा केन्द्रित रही उनले २०१९ सालमा 'ह्याङ्गरमाथि भुन्डिएको आकाश' शीर्षकको कविता संग्रह तयार गरी २०१९ मै मदन पुरस्कार गुठीमा बुझाएको तर हालसम्म अप्रकाशित रहेको छ । गौतमको हालसम्मको कविता एवं गीतलाई हेर्दा यिनले लघु आकारका प्रगीतात्मक संरचनायुक्त कविता/गीत रचना गरेको देखिन्छ । पछिल्लो समयावधिमा यिनले गीत र कवितामा कम रुचि देखाएका छन् । यसरी उनले आफ्ना कविताहरूबाट जीवनकै निस्सारतालाई अभिव्यक्त गरेका छन् । यसका साथै मानवीय प्रेम, राष्ट्रप्रेम उनका कवितामा भेटिन्छ । यिनले आफ्ना कविताका मूलविचार वा विषयका रूपमा विसङ्गत जीवन, आर्थिक अभाव, बेरोजगारी, सहरिया विसङ्गति, वैचारिक र मानसिक दरिद्रता, मानवीय अस्मिताको खोजी जस्ता विषयलाई प्रस्तुत गरेका छन् । यसरी युगीन विसङ्गति, विकृति आदि कुरालाई प्रस्तुत गर्नमा युवा कवि ध्रुवचन्द्रले नेपाली कवितामा थोरै भए पनि गुन लगाएका छन् । यिनको कवि तथा गीतकार व्यक्तित्त्व सबैको सामु स्पष्ट नै छ, कुनै सन्देह छैन ।

गौतमको साहित्यिक व्यक्तित्वको अर्को महत्त्वपूर्ण सफल पाटोको रूपमा नाटक तथा एकाङ्कीकार व्यक्तित्त्व पनि हो । गौतमले नाटक लेखन पनि वि.सं २०१८ तिरबाट सुरु गरेको पाइन्छ । यिनका २०१८ सालतिरकै **पिकनिक** नाटक लेखन तथा वीरगन्जमै मञ्चन भएको बुझिन्छ । गौतमको पहिलो प्रकाशित नाटकचाहिँ **त्यो एउटा कुरा** (२०३०) हो । यसरी २०१८ सालतिरबाट नै नाटक लेख्न थालेका गौतमले हालसम्म नेपाली साहित्यलाई नाटक तथा एकाङ्की गरी एक दर्जन जति कृतिहरू सृजना गरिसकेका छन् । जसमध्ये **पिकनिक**(२०१८), **त्यो एउटा कुरा** (२०३०), **भस्मासुरको नलीहाड** (२०३७), **समानान्तर** (२०३९), **द्वन्द्व**(२०४०), **श्रीकृष्ण लीला** (२०४१), **दुर्गा अवतार** (२०४२), **नाटक कसरी थाल्ने** ?(२०५२) र **कीर्तिमान** (२०५३) रहेका छन् । नाटककार गौतमले लामा-छोटा विभिन्न संरचना र आयाममा नाट्यकृतिको रचना गरेका छन् । यिनका कतिपय नाटकहरू अङ्कमा विभाजित छन् भने कतिपय दृश्यमा मात्र विभाजित छन् । त्यस्तै कतिपयलाई गीतिनाटक र अन्य कतिपय एकाङ्कीका रूपमा मात्र पनि हेर्न सकिन्छ । नाटककार गौतम नाटक लेखनमा पनि परम्परित पद्धतिभन्दा भिन्न हुन रुचाउँछन् । गौतम खास गरी पाश्चात्य परम्परामा सन् १९५०/६० को दशकतिरका अस्तित्ववादी र विसङ्गतिवादी लेखन पद्धति अनुरूपका नाटकमा केन्द्रित रहेका छन् । उनले थोरै नाटक लेखेर पनि समकालीन प्रयोगधर्मी नेपाली नाट्यकलामा नयाँ मोड ल्याएका छन्, नयाँ आयामको उद्घाटन गरेका छन् ।

यसरी गौतम २०१८ सालदेखि २०५३ सालसम्म नाट्य विधामा संलग्न रहेका देखिन्छन् । पुग- नपुग साढे तीन दशकको नाट्ययात्रा अन्तर्गत खास रूपमा २०३०-४० सम्मको दशक उनको उर्वर समय रहेको छ र यस दशकका केन्द्रीय प्रतिभा पनि उनै देखिन्छन् । गौतमका नाटक

संख्यात्मक रूपले त्यति धेरै नभए पनि गुणस्तरयुक्त हुनाले उनको योगदान महत्त्वपूर्ण छ। विजय मल्लद्वारा विकसित यथार्थवाद तथा अधियथार्थवाद र प्रकृतवादमा आधारित मनोविश्लेषणात्मक नाट्यधाराका स्थानमा विसङ्गत नाट्यधाराको प्रवर्तन गरेर नेपाली नाट्यविधामा नयाँ मोड ल्याउने काम गरेका हुनाले उनको योगदानको ऐतिहासिक महत्त्व देखिन्छ।[74] गौतमले नै पाश्चात्य परम्पराका अत्याधुनिक शिल्प र पद्धतिको प्रयोग गर्दै नेपाली नाटकमा पृथकीय प्रभाव, अराजक नाटक, विसङ्गत नाटक, दृश्यात्मक नाटक, असितव्यङ्ग्य तथा मिथकको कलात्मक उद्देश्यपूर्ण र विशिष्ट प्रयोग गर्ने नाटककार हुन्।[75]

ध्रुवचन्द्र गौतमको नेपाली कथाको सृजनामा पनि कम महत्त्वपूर्ण योगदान छैन। यिनी कथा-यात्रामा पनि २०२० को दशकबाट नै सक्रिय रहेका छन्। उनका प्रकाशित कथा सङ्ग्रहहरू हुन् : **अँध्यारो द्वीपमा** (२०४४), **गौतमका केही प्रतिनिधि कथाहरू** (२०४४), **संरक्षक** (२०४८), **ध्रुवचन्द्र गौतमका एकाउन्न कथाहरू** (२०४८), **साठी वर्षमा हृदयाघात तथा कथा दृष्टिकोण** (२०६०) रहेका छन्। गौतमले यसरी चार दशक लामो कथायात्राको दूरी पार गर्दा उनी कथामा परम्पराभन्दा भिन्न प्रयोगधर्मी कित्तामा देखा परेका छन्। उनका कथामा स्वैरकल्पना र श्यामव्यङ्ग्यको विशिष्ट प्रयोग भेटिन्छ। यिनको प्रयोगधर्मिता कथाको भाषा, शैली, शिल्प सबैमा भेट्न सकिन्छ। उनका कथामा युगीन परिवेशलाई नै अत्यन्त नवीन र रोचक ढंगले व्यक्त गरिएको भेटिन्छ। २०३० को दशक पछि लेखिएका गौतमका कथामा शिल्प र संरचनागत थप नौल्याइँ, विषयवस्तुगत व्यापकता र विस्तृतता, प्रस्तुतीकरणगत विविधता, स्वैरकल्पनाको आधिक्य, भाषिक सरलता र सहजताको जीवन्त प्रस्तुति भेटिन्छ। उनको कथाको अर्को महत्त्वपूर्ण पाटो भनेको युगबोध हो। समय र परिवेशअनुसार देखिने परिवर्तन र ती परिवर्तनले ल्याएको सामाजिक अवमूल्यन उनका कथामा जहींतहीं भेटिन्छ। प्रजातन्त्र प्राप्तिपछि अनपेक्षित रूपमा देखा परेको सामाजिक, आर्थिक विसङ्गति, विकृति, घुसखोरी, कालोबजारी आदि कुरालाई यथार्थवादी शैलीमा व्यक्त गरिएको हुन्छ। यिनका कतिपय कथामा कथानकको क्षीणता र शून्यताको स्थिति पनि पाइन्छ।[76] स्वैरकल्पना, श्यामव्यङ्ग्य, अनेक विम्ब, प्रतीक र मिथकको प्रयोग कथाकार गौतमको सिर्जनागत प्रयोगधर्मिता हो। भाषिक विचलन, प्रतीकात्मक भाषिक प्रयोग यिनका कथामा पाउन सकिन्छ। वर्तमान युगीन मानवीय जीवनको भोगाइलाई दुरुस्त उतार्ने गौतम विशिष्ट कथाकार हुन्। कथा सिर्जना उनको मूलक्षेत्र नभए पनि उनी नेपाली कथामा कथागत वर्चस्व कायम गर्न सफल छन्। यही नै ध्रुवचन्द्र गौतमको कथागत योगदान हो।

ध्रुवचन्द्र गौतमको सिर्जनाको मूलकेन्द्र भनेको उपन्यास रहेको छ। २०२४ सालबाट नै आरम्भ भएको उनको औपन्यासिक यात्रा विभिन्न आरोह-अवरोह पार गर्दै अद्यापि कायमै छ। उनको

---

[74] केशवप्रसाद उपाध्याय, **मधूलिका**, पूर्ववत्, पृ. १६८।

[75] नेत्र एटम, "ध्रुवचन्द्र गौतमको नाटकमा पाइने प्रयोगको स्वरूप", **मधूलिका**, पूर्ववत्, पृ. १९२।

उपन्यास सिर्जना चाहिँ नवीनताका दृष्टिले नेपाली साहित्यमा अद्वितीय नै रहेको छ। गौतमले २०२४ देखि हालसम्म आइसक्दा नेपाली साहित्यलाई लगभग २० वटा उपन्यासहरू दिइसकेका छन्। नेपाली उपन्यास परम्परामा उनीबाट नै सहलेखन परम्पराको आरम्भ भएको मानिन्छ। उनीद्वारा रचना गरिएका एकल तथा सहलेखनका उपन्यासहरू निम्न रहेका छन् :

**अन्त्यपछि**, **बालुवामाथि**, **डापी**, **आकाश विभाजित छ**, **कट्टेलसरको चोटपटक**, **अलिखित**, **देहमुक्त**, **दुविधा**, **अवतार विघटन**, **स्वर्गीय हीरादेवीको खोज**, **एक शहरको एक कोठा**, **उपसंहार वा चौथो अन्त्य**, **ज्यागा**, **दुविधा**, **अग्निदत्त+अग्निदत्त**, **फूलको आतङ्क**, **बाढी**, **सहस्राब्दीको अन्तिम प्रेमकथा**, **मौन**, **तथाकथित, भीमसेन-४ को खोजी र घुर्मी** आदि रहेका छन्।

आधुनिक नेपाली उपन्यासमा उनको उचाइलाई **डापी** (२०३३) ले निकै माथि पुऱ्याएको छ। उनलाई बलिया उपन्यासकारका रूपमा स्थापित गर्ने र कीर्तिमान राख्ने **डापी** पहिलो उपन्यास भएको छ। यसरी प्रयोगशील अस्तित्ववादी, विसङ्गतवादी उपन्यासकारका रूपमा उनको पहिचान भएको छ। त्यसपछि क्रमशः उनीबाट नवीन उपन्यासहरूको सृजना मौलाउँदै गएको भेटिन्छ। वि.सं २०४० को **अलिखित**ले त उहाँलाई मदन पुरस्कार नै दिलाएको छ भने **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासले अस्तित्ववादी विसङ्गतिवादी उपन्यासकारका रूपमा बलिया स्तम्भका रूपमा चिनाएको छ। गौतम आफ्नो पहिलो उपन्यासबाट नै नवीन प्रयोगतर्फ उन्मुख भएका देखिन्छन्। उनका प्रत्येक उपन्यासमा विषयवस्तुगत, शिल्पगत, संरचनागत नवीनता भेटिन्छ। परम्परित विषयवस्तु, पौराणिक विषयवस्तुलाई उनी आधुनिक सन्दर्भमा उतार्न खप्पिस छन्। वि.सं. २०२४ तिर भर्खरै विकास हुन थालेको विसङ्गतिवादी अस्तित्ववादी जीवनदृष्टिलाई अझ विस्तारित बनाउने काम ध्रुवचन्द्रबाट भएको छ। उनको **अन्त्यपछि**, **बालुवामाथि**, **डापी** जस्ता उपन्यासहरू यसैका उदाहरण हुन्। गौतमको उपन्यासलेखनकै यात्रामा वि.सं.२०३७ तिर आएपछि उनी विसङ्गत जीवन दृष्टिलाई आधार बनाउँदै आलोचनात्मक यथार्थतर्फ उन्मुख भएका छन्। यसबेलाका उनका उपन्यासहरूले वैचारिक विषयका रूपमा भने समाजका विभिन्न क्षेत्रमा व्याप्त विकृति, विसङ्गति, भ्रष्ट्राचार, यौनाचार आदि कुरालाई आलोचनात्मक रूप दिएर अघि बढाएका छन् । **कट्टेलसरको चोटपटक**, **अलिखित**, **स्वर्गीय हीरादेवीको खोज**, **दुविधा** जस्ता उपन्यासहरूमा सामाजिक विकृतिको आलोचना भेटिन्छ। अब उनी समाजका यथार्थ कुराहरूलाई मात्र देखाउँदैनन् कि त्यसको खुलेर आलोचना पनि गर्दछन् । त्यसैगरी **अलिखित** मिथक र स्वैरकल्पनाको बेजोड नमुनाको रूपमा आएको छ। यो एक गद्य महाकाव्यको रूपमा आएको छ। नवीन परम्पराअनुसार आएको **अलिखित**का नायक नायिकालाई किन्नायक-किन्नायिको रूपमा उल्लेख गरिएको छ।[77] कवितात्मक शैली, सामाजिक व्यङ्ग्य, आञ्चलिकता यसका नवीनतम

[76] खगेन्द्रप्रसाद लुईटेल, **गरिमा**, पूर्ववत्, पृ. ३१।

[77] माधवप्रसाद पोखरेल, **मधूलिका**, पूर्ववत्, पृ. ६३।

पक्ष रहेका छन्। त्यस्तै वि.सं. २०४८ मा **उपसंहार अर्थात् चौथो अन्त्य** देखापरेको छ जसमा प्रजातन्त्रपश्चात् र प्रजातन्त्रोत्तर राजनैतिक विकृति र विसङ्गतिको चूडान्त प्रस्तुति देख्न पाइन्छ। उपन्यासमा उक्त कुरा देशको भविष्यवाणी भएको छ। भाषिक अनौपचारिकता, प्रकृतवादी शैली, विशृङ्खल कथानक यसले बोकेका नवीनत पक्ष हुन्। मिथकीय आधार बनाएर **अग्निदत्त+अग्निदत्त** प्रस्तुत भएको छ। पौराणिक पात्रलाई आधुनिक सन्दर्भमा युगसापेक्ष बनाई जीवन्त तुल्याइएको छ। उनको अर्को नवीन आविष्कार भनेको सूत्रउपन्यास र अनुभवन्यास हो। सूत्रउपन्यास र अनुभवन्यास लेखेर परम्परागत उपन्यास पद्धतिलाई चुनौती दिएका छन्। यिनको **फूलको आतङ्क** र **मौन, भीमसेन-४ को खोजी** उत्कृष्ट सूत्र उपन्यास हुन् भने **बाढी** र **घुर्मी** अनुभवन्यास हुन्। गौतमले आख्यानपरम्परामा नवविधाको नै निर्माण गरेका छन् । यसरी आएका उनका यी उपन्यासहरू विधामिश्रण भएका छन्, विधाभञ्जन भएका छन्। नेपाली उपन्यासमा अहिलेसम्म नदेखिएका र नलेखिएका नवविधालाई प्रवेश गराउने उनी एक सशक्त उपन्यासकार हुन्। उनको यो मौलिक आविष्कारलाई नेपाली उपन्यासको अमूल्य निधिका रूपमा स्वीकार्न सकिन्छ। यसरी गौतमका उपन्यासले युगीन बहुविध विषय, अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन, श्यामव्यङ्ग्य, आञ्चलिकता, स्वैरकल्पना, मिथक, प्रतीक, पुराकथा, सूत्रउपन्यास, अनुभवन्यास, भाषिक अनौपचारिकता, संरचनागत नवीनता आदिको प्रस्तुति मौलिक रूपले गरेका छन्। त्यसैले नेपाली उपन्यासमा उनको यो योगदान अविस्मरणीय छ, अतुलनीय रहेको छ भन्न सकिन्छ।

समग्रमा भन्दा नेपाली साहित्यमा कविता, कथा, नाटक तथा एकाङ्की अनि उपन्यास विधामा कलम चलाउने गौतम अरू विधामा धेर थोर मात्रामा सफल भएपनि उपन्यासमा उनी अत्यन्त सफल रहेका छन्। यिनीद्वारा रचना गरिएका रचनाहरू विशिष्ठ र उल्लेखनीय हुँदाहुँदै पनि उपन्यास सिर्जना चाहिँ अन्य विधाका तुलनामा सर्वोच्च रहेको छ भन्न सकिन्छ।

हामी ध्रुवचन्द्र गौतमलाई नेपाली साहित्यमा प्रत्यक्ष वा परोक्ष रूपले २०१० सालदेखि नै साधनारत रहेको पाउँछौं। उनी नेपाली साहित्यमा सर्वप्रथम कविताविधामार्फत प्रवेश गरी कालान्तरमा उनले आफूलाई उपन्यास विधातर्फ केन्द्रित गराएका छन्। नेपाली कवितामा पनि विभिन्न फुटकर कवितामार्फत मानवीय जीवनका निस्सारताका पक्षहरूको उद्घाटन गर्ने काम गरेका छन्। निस्सार जीवन र त्यसबाट उत्पन्न मानवीय विद्रूपताका परिणामको खोजी उनका कवितामा पाइन्छ। उनी कवि मात्र नभएर गीतकार पनि हुन् । विविध राष्ट्रप्रेम र मानवीय प्रेमले भरिएका गीतका रचनाकार पनि हुन् गौतम। त्यसैले उनले लेखेका, गाएका गीतहरू अहिले पनि रेडियो नेपालबाट प्रसारित हुँदैछन्। सानै उमेरबाट नै जीवन भोगाइको वास्तविक घटनालाई उनले कवितामार्फत व्यक्त गरेका छन्। आर्थिक अभाव अनि त्यसबाट उत्पन्न हुने दमित मानवीय इच्छा र आकाङ्क्षा जस्ता युगीन विषयलाई कवितामा प्रस्तुत गरेका छन्। गौतम थोरै फुटकर कविताबाट पनि

धेरै वैचारिक भावमय एवं मर्मस्पर्शी विचारहरू पाठकमाझ ल्याउन सफल छन्। यो नै उनको सृजनात्मक सफलता हो भन्न सकिन्छ।

त्यसैगरी उनले नाटक तथा एकाङ्कीलाई पनि निकै उचाइमा पुऱ्याएका छन्। उनको नेपाली नाटकमा शक्ति भनेको पाश्चात्य नवीन परम्परालाई नेपाली परिवेश, विषय शैलीअनुसार प्रयोग गर्नु हो। नेपाली नाटकमा विविध लामा छोटा संरचनाका नाटकहरू उनीबाट रचना भएका छन्। वालकृष्ण समका झैं यिनका पनि कतिपय नाटकहरू अङ्कमा मात्र विभाजित छन् भने कतिपय दृश्यमा मात्र विभाजित रहेका छन्। त्यस्तै उनका नाटकहरूमा कतिपय गीति नाटक रहेका छन् भने कतिपय एकाङ्कीहरू रहेका छन्। नेपाली नाटकमा सन् १९६० तिरको पाश्यात्य विविध प्रयोगधर्मी परम्परालाई उनले भित्र्याइएका छन्। परम्परागत मूल्यहरूको विद्रोह गर्न उनी क्रियाशील रहेका छन्। **त्यो एउटा कुरा** यसैको उदाहरण हो। यो हामीले भोगिरहेको जीवन र यससित सम्बन्धित बाँच्ने विद्यालाई सही रूपमा नाटकमा उतार्ने एउटा नयाँ प्रयोग र खोज हो। यो नाटकमा पनि कुनै क्रमबद्ध कथा छैन। **त्यो एउटा कुरा** नाटकलाई अहिलेसम्म प्रकाशित भएका नाटकहरूमध्ये सबैभन्दा नैलो र कलात्मक प्रयोग भएको मानिन्छ। गौतमको यो नाटक पुराना नेपाली नाटकहरूप्रति एउटा अवज्ञा र हाँक मात्र नभई हाम्रो जीवनलाई सही रूपमा हेर्ने, बुझ्ने र प्रस्तुत गर्ने एउटा कलात्मक प्रयोग पनि हो। नाटकमा पनि मिथकीय सन्दर्भलाई आधार बनाई प्रयोगधर्मी नाटक रचना गर्नु उनको अपूर्व कला हो। **भस्मासुरको नलीहाड** पनि यस्तै मिथकीय प्रयोगात्मक नाटकको रूपमा रहेको छ। त्यस्तै **समानान्तर** नाटकलाई दर्शकहरूबाट नै अभिनयकर्ता लिएर नाटक खेल्ने विधि पश्चिमी प्रयोगधर्मी नाटकको प्रस्तुतिका रूपमा लिइन्छ। खुट्टा नभएको अपाङ्गलाई नायक-नायिकाको रूपमा उभ्याउने काम नवप्रयोग हो। गौतमका आधादर्जन नाटक तथा एकाङ्की गरी सबै नाट्यकृति प्रयोगधर्मी रहेका छन् र तिनले नेपाली नाट्यपरम्परामा नयाँ आयामको विकास गरेका छन्। यसरी गौतमले नाटकमा नयाँ विचार, दर्शन, नयाँ विषय, नयाँ संरचनाको विकास गरेका छन्। यो नै उनको क्षेत्र हो। नेपाली नाटकमा विषयका रूपमा भने विसङ्गति जीवनदृष्टि, निस्सारता, निरर्थकता नै रहेको छ। गौतमले उनका नाटकमा पाश्चात्य शैलीको पृथकीय प्रभावको प्रयोग गरेका छन् भने अराजक नाटक, विसङ्गत नाटक, मौन नाटकपरम्पराका नाटक, असितव्यङ्ग्यका नाटक, मिथकीय नाटक आदि उनका नवीनतम एवं सफलतम नाटकहरू हुन्। नेपाली नाटकमा आएको यो परिवर्तन सम्माननीय छ, अनुकरणीय छ भन्न सकिन्छ।

ध्रुवचन्द्र गौतम कथामा पनि निरन्तर रूपले सक्रिय रहेका छन्। आधुनिक नेपाली कथा परम्परामा नयाँ, प्रयोग गर्न उनी आतुर देखिन्छन् । उनी कथामा पनि परम्पराभन्दा भिन्न प्रयोगधर्मी किसिमका कथाकार हुन्। उनका कथाहरू खण्डित मानिसका खण्डित कथाहरू हुन्। गौतम प्रथम कथा 'यात्रानुभूति' (२०२०) मै नयाँ संरचना लिएर देखापरेका छन्। नेपाली कथामा श्यामव्यङ्ग्य र

स्वैरकल्पनाका विशिष्ठ प्रयोगकर्ताका रूपमा उनी परिचित छन् । उनका २०३० को दशकपछिका कथाहरूमा शिल्प र संरचनामा थप नौल्याइँ आएको छ । वर्तमान संकटग्रस्त मानवीय जीवन भोगाइलाई दुरुस्त प्रकट गर्न सक्ने खुबी उनको महत्त्वपूर्ण पक्ष हो । कथाको मूल वैचारिक पक्षका रूपमा भने उनी सामाजिक, राजनैतिक, विकृतिकै सेरोफेरोमा घुमेका छन् । घुसखोरी, भ्रष्टाचार, चाकडी, चाप्लुसी, युवाबेरोजगारी त्यसबाट उत्पन्न समस्या नै कथाका विवेच्य पक्ष हुन् । समग्रमा भन्नु पर्दा उनका कथामा पनि विशिष्ठ शिल्प संयोजन, मिथक, विम्ब, प्रतीक, स्वैरकल्पना, श्यामव्यङ्ग्यको प्रयोग, युगबोध, विसङ्गतिवादी जीवन-दर्शनको प्रयोग नै उनको शक्ति हो । फरक-फरक कथावस्तु, शैली आदिको प्रयोग उनको महत्त्वपूर्ण विशेषता हो, जो नेपाली कथाले २०२० कै दशकबाट पाउन थालेको छ । यसरी कथामा पनि उनको योगदानलाई कम आँक्न नमिल्ने देखिन्छ ।

ध्रुवचन्द्र गौतमको सृजनाको उर्वर क्षेत्र उपन्यास हो । परिमाणात्मक र गुणात्मक रूपले उनी उपन्यासको क्षेत्रमा निकै उच्च स्थानमा रहेका छन् । यति हुँदाहुँदै पनि उनको उपन्यासको तुलनामा अन्य क्षेत्रमा उनी अलि छायामा नै परेका छन् । ध्रुवचन्द्र गौतमले नेपाली उपन्यासलाई विचारले, शैलीले, प्रयोगले, मौलिकताका दृष्टिले उपल्लो स्थानमा पुऱ्याएका छन् । उनको उपन्यास सृजनाको क्षेत्र चाहिँ अद्वितीय रहेको छ । विश्वसाहित्यका समकक्षी साहित्यकारका रूपमा उनी रहेका छन् । प्रयोग, संरचना, शैली, विषय आदि सबैले उनी विश्व साहित्यमा तुलनायोग्य भएका छन् । आफ्नो प्रथम उपन्यास **अन्त्यपछि**बाट नै फरक बाटो हिंड्न रुचाएका गौतम अहिले पनि नवीन एवं मौलिक विधा निर्माणमा समेत सक्रिय रूपले लागेका छन् । नेपाली साहित्यमा २०२० को दशकमा भर्खरै हुर्कन थालेको विसङ्गतिवादी अस्तित्ववादी जीवनदृष्टिलाई अझ व्यापक रूपले विस्तार गर्ने काम उनीबाटै भएको हो । विसङ्गतिवादको गोरेटोलाई उनले राजमार्गमा परिणत गराएका छन् । प्रयोगशील उपन्यासकारका रूपमा उनी नेपाली साहित्यमा देखिएका छन् । उनीभित्रको अन्तर्निहित सिर्जनात्मक व्यक्तित्त्व अद्वितीय रहेको छ । उनीबाट नेपाली साहित्यमा नवीनतम् प्रविधिहरूको खोज, विकास एवं मौलिक सोच अद्यापि छँदैछ । उही परिवेश, उही विषयलाई गौतमले कलात्मकताका साथ प्रस्तुत गरेका छन् यो उनको महत्त्वपूर्ण खुबी हो । समसामयिकतालाई जोड दिँदै आएका गौतमले **अन्त्यपछि**देखि **बालुवामाथि** हुँदै **डापी**, **अलिखित** र प्रजातन्त्र पुनर्स्थापना पछि लेखिएका **उपसंहार अर्थात् चौथो अन्त्य**, **दुविधा**, **अग्निदत्त+अग्निदत्त** आदिलाई प्रजातन्त्रत्तोर सामाजिक विकृतिका ज्वलन्त उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । सधैंभरि सृजनात्मक मौलिकता र निजीपनको खोजी गरिरहने गौतमले नेपाली उपन्यासलाई नयाँ उचाइमा पुऱ्याएका छन् । वर्तमान समयमा अस्तित्ववाद र विसङ्गतिवादको वैचारिक धरातललाई अंगालेर सर्वाधिक प्रभावपूर्ण उपन्यासहरूको रचना उनीबाट भएको छ । प्रथम उपन्यासबाट नै कथानकहीन भएर देखापरेकोले नवप्रयोगको ढोका खोल्न अग्रसर भएको अनुभव हुन्छ । त्यस्तै मानवीय एक्लोपन, भयावह, न्यास्रोपन, निरर्थकतालाई प्रस्तुत गर्दै

**बालुवामाथि**ले एउटा छुट्टै अस्तित्व कायम गरेको छ। त्यस्तै **डापी**ले एउटा टोलमार्फत समग्र विश्वलाई प्रतिनिधित्व गरेको छ। संसारकै मानिसहरूले भोग्नु परेको पीडालाई अर्थ्याउने काम भएको छ। उपन्यास सिर्जनाको यात्रासँगै वैचारिक भिन्नतालाई पनि उत्तिकै महत्त्व दिन्छन्। उनको **कट्टेलसरको चोटपटक** उपन्यास आएपछि आलोचनात्मक यथार्थवादले मौलाउने मौका पाएको हो। जस्तोसुकै सामाजिक परिवेशमा पनि वैचारिक सन्तुलन नगुमाई खराब पक्षको आलोचना गर्नु उनको स्तुत्य पक्ष हो। चाकडी प्रथाबाट टाढा रहँदा जीवन कस्तो संकटपूर्ण अवस्थामा व्यतीत गर्नुपर्छ भन्ने कुरालाई देखाउने काम गरेका छन्। **अलिखित** (२०४०) त झन् अद्वितीय प्रयोग नै हो। स्वैरकल्पना र मिथकीय प्रयोगको अनुपम सङ्गम **अलिखित**मा देख्न सकिन्छ। **अलिखित**को गुणस्तरीयता र प्रयोगीयताले अङ्ग्रेजी भाषामा समेत रूपान्तरण हुनुले यसको उच्चता कति रहेछ भन्ने कुरा आफैं स्पष्ट हुन पुगेको छ। त्यस पछिका उनको **दुविधा** त राजनैतिक र आर्थिक विसङ्गतिको पराकाष्ठा नै हो। पञ्चायतकालीन विकृति र विसङ्गतिप्रति यति ठूलो विद्रोह गर्न सक्नु उनको मौलिक साहस हो।

युगीन परिवेशको आलोचक बन्न सक्नु उनको विद्रोहीपन हो। **अग्निदत्त+अग्निदत्त** र **भीमसेन-४ को खोजी**मा पौराणिक आदर्श पात्रहरूलाई आधुनिकताको सन्दर्भमा उतारेर नयाँ प्रयोग गरेका छन्। यहाँसम्मको औपन्यासिक यात्रामा उनले स्वैरकल्पना, मिथक, श्यामव्यङ्ग्य तथा अन्य प्रयोगशील क्षेत्रहरूको पर्दा उघार्ने काम गरेका छन्। त्यस्तै **उपसंहार अर्थात् चौथो अन्त्य**ले प्रजातन्त्रकालीन र प्रजातन्त्रोत्तर विकृति र विसङ्गतिलाई पराकाष्ठामा नै पुऱ्याएको छ। उपन्यासयात्राको उत्तरार्द्धतिर आएर उनले संरचनागत नवीनतामा प्रशस्त नौल्याइँ ल्याएका छन्। वर्तमान विद्रूपताको त्रासदीय चित्राङ्कन गर्ने **फूलको आतङ्क** र निजी जीवनका वैयक्तिक अनुभूति जीवन्त रूपमा प्रस्तुत गर्ने **बाढी** प्रयोगशील छन्। **फूलको आतङ्क, मौन**, र **बाढी, भीमसेन-४ को खाजी, घुर्मी** विधाभञ्जन र विधामिश्रण गरी लेखिएका उपन्यास हुन्। **फूलको आतङ्क, मौन र भीमसेन-४ को खोजी** सूत्र उपन्यास हुन् भने **बाढी र घुर्मी** अनुभवन्यास हुन। यी दुवै विधाको निर्माण र नामकरण स्वयं लेखककै मौलिक उपज हुन्। पूर्वीय एवं पाश्चात्य विधा सिद्धान्तमा पनि सूत्र उपन्यासको चर्चा पाइँदैन। उनीबाट नै नेपाली साहित्यमा सूत्र उपन्यासको प्रथम नमुना र नामाङ्कन प्राप्त भएको छ। नेपाली साहित्यमा यो सूत्र उपन्यासको अवधारणाको विकास उनीबाट नै भएको हो। त्यस्तै पूर्वीय पाश्चात्य विधा सिद्धान्तमा 'अनुभवन्यास' विधा मात्र होइन सैद्धान्तिक नामसमेत उल्लेख देखिदैन। आत्मकथा, संस्मरणात्मक शैलीको यो अनुभवन्यास नेपाली साहित्यको नवीन अनुभव हो, नवीन आविष्कार हो। यसरी गौतमले उही आफ्नै परिवेशको विषयलाई नवीन, संरचना, शैली, प्रयोग गर्दै मौलिक सीप देखाएका छन्।

मौलिकतालाई गौतमको सर्वोपरि गुण मान्न सकिन्छ। यिनले विषयवस्तु, कथानक, प्रस्तुति, भाषा, शैली, विचार, प्रयोग सबै पक्षमा मौलिकतालाई व्यापक बनाएका छन्। भाषा प्रयोगमा पनि

उनको आफ्नै किसिमका खोजी र प्रयोग पाइन्छ भने शैलीगत नवीनताले अझ रोचक बनाएको छ। उनका हालसम्म प्रकाशनमा आएका औपन्यासिक कृतिले उपन्यास को परम्परागत परिभाषालाई चुनौती दिएका छन्। उनका सबैजसो उपन्यासमा नवनव प्रयोग पाइन्छ। **डापी**मा अन्तर्विधात्मकताको प्रयोग, **कट्टेलसरको चोटपटक**मा समाख्याताको प्रथम र तृतीय पुरूषगत दृष्टिविन्दुको प्रयोग, **अलिखित**मा विश्रृङ्खलित कथानकभित्र श्रृङ्खलाबद्धताको प्रयोग, **एक शहरको एक कोठा**मा संरचनात्मक ढाँचाको विरलै प्रयोग, **स्वर्गीय हीरादेवीको खोज**मा सिङ्गो स्वैरकल्पनाको आद्योपान्त प्रयोग, **दुविधा**मा प्रौढ वयका नायकत्वको प्रयोग, **अग्निदत्त+अग्निदत्त**मा माध्यमिककालीन नेपाली उपन्यासको एउटा पात्र अग्निदत्तको मिथकीय प्रयोग, **बाढी** र **घुर्मी**मा आत्मकथालाई उपन्यास तुल्याउने प्रयोग र **मौन** र **भीमसेन-४ को खोजी** स्वयं लेखकलाई पात्र बनाउने प्रयोग चाहिँ नेपाली उपन्यासजगत्का आन्दोलनकारी प्रयोग हुन्।[७८]

गौतम नेपाली उपन्यासमा प्रयोग र नवीन प्रवृत्तिका सम्वाहकका रूपमा देखापरेका छन्। उपन्यास विधामा गरेको निरन्तर साधनाले उनलाई नेपाली उपन्यास साहित्यका अग्रणी उपन्यासकारका रूपमा स्थापित गरेको छ। हालै चितवन वाङ्मय प्रतिष्ठानले उनलाई आख्यानपुरुषको उपाधिले सम्मान गरेको छ। उनीबाट नेपाली साहित्यमा भएको मौलिक प्रगतिको उल्लेख गर्दै खगेन्द्र लुइँटेलले 'गरिमा' मा उल्लेख गरेअनुसार उपन्यास सम्राट्, मोहनराज शर्माले **समकालीन साहित्य**मा उल्लेख गरे अनुरूप मुकुटरहित राजकुमारको उपाधि उपन्यासकार गौतमले पाएका छन्। त्यस्तै समग्रमा उनको आख्यानकारिताको मूल्याङ्कन गर्दै **मधूलिका**मा सनत रेग्मीले आख्यान पुरुष, त्यस्तै **मधूलिका**मै डा. खुमनारायण पौडेलले उनको मूल्याङ्कन गर्दै उपन्यास सम्राट्, कथा सम्राट्, आख्यानका सगरमाथाको रूपमा चर्चा गरेको भेटिन्छ।

जे होस् गौतम आधुनिक नेपाली उपन्यासका अथक साधक र नवनव प्रयोक्ता सिद्ध भएका छन्। उनलाई हालै आख्यानपुरुष भन्ने उपाधि पनि प्रदान गरिएको छ। उनी एक अत्यन्तै सफल उपन्यासकार हुन् यसमा कुनै दुईमत छैन तर उपाधि दिन हतारिनु पर्ने अवस्था भने देखिदैन। उनको सृजनात्मक व्यक्तित्त्व त छँदैछ तैपनि उपाधिका विविध पगरी गुथाउनु सोचनीय विषय नै रहेको छ। अहिले नै यस्तै हुनुपर्छ वा हो भनेर ठहर गरिहाल्नु पर्ने अवस्था नहोला भन्ने मलाई लाग्छ। तापनि यो स्तरमा पुग्नु सहज उपन्यासकारको असहज उचाइ भने स्तुत्य नै रहेको छ भन्न सकिन्छ।

---

[७८] गिरीराज निरौला, पूर्ववत्, पृ. २७।

परिच्छेद - तीन

# आधुनिक नेपाली उपन्यासको विकासक्रममा 'दुविधा' उपन्यास

## ३.१ 'दुविधा' को युगीन पृष्ठभूमि :

**दुविधा** उपन्यास २०५२ सालमा प्रकाशित उपन्यास हो । यो उपन्यास ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको उत्तर चरणको उपन्यास हो । परम्परादेखि चलि आएका गलत मूल्य र मान्यताले ल्याएका विकृति र विसङ्गतिका साथै राजनैतिक भ्रष्टचरित्रको चित्रण आफ्ना उपन्यासका माध्यमबाट गौतमले देखाएका छन् । कुनै पनि साहित्यकार समाजमा नै जन्मने, हुर्कने, बढ्ने तथा बसोबास गर्ने भएकाले ऊ कुनै पनि समय समाज निरपेक्ष भएर रहन सक्दैन । यसरी स्रष्टालाई आफू बाँचेको समाज, युग, परिवेश आदिले अवश्य प्रभाव पारेको हुन्छ । साहित्य शून्यमा सिर्जना हुन नसक्ने भएकाले त्यस कृतिले समेटेको परिवेश त्यही समाजको भूत, वर्तमान र भविष्यको रेखाङ्कन हुन जान्छ । अर्थात् कुनै पनि कृति सृजना हुँदा त्यो युग पृष्ठभूमिको रूपमा रहेको हुन्छ । सामाजिक उपन्यासहरूमा त्यसै बेलाको सामाजिक परिवेश हुन्छ भने ऐतिहासिक उपन्यासहरूमा पनि इतिहासकै कुनै कालखण्डलाई आधार बनाइएको हुन्छ । पौराणिक उपन्यासहरूमा पौराणिक कालअनुसारको पृष्ठभूमि त्यसैको सापेक्षतामा प्रस्तुत गरिएको हुन्छ । त्यसो त आधुनिक युगमा आएर नवीनतम किसिमका उपन्यासहरू सिर्जना गरिएका छन् र तिनका विषय आदिलाई हेर्ने हो भने मानव, समाज, मानवीय मनस्थितिको विश्लेषण, मूल्याङ्कन गर्न मै व्यस्त छन् । त्यसैले हरेक कृतिले समाज र मानवभन्दा अलग कुरा अँगालेको हुँदैन । समसामयिक यथार्थलाई प्रस्तुत गरी लेखिएका उपन्यासहरूमा भने तत्कालीन समाजको स्पष्ट प्रभाव रहेको हुन्छ । समाजसँग कुनै न कुनै रूपले ती उपन्यासहरूको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहेकै हुन्छ ।

यसरी हेर्दा प्रस्तुत **दुविधा** उपन्यास पनि समसामयिक यथार्थकै रूपमा प्रस्तुत भएको छ । तर स्रष्टाले यसमा यथार्थतालाई प्रस्तुत गर्दा सामाजिक नियमका विपरीत कुराहरूलाई आलोचनाका साथ प्रस्तुत गरेका छन् । उपन्यासकार समाजमा फैलिएका नराम्रा कुराहरूप्रति आलोचित छन् । यो उपन्यासमा मूलत प्रौढावस्थाको दूरावस्था सामाजिक, आर्थिक, सांस्कृतिक, नैतिक आदि क्षेत्रमा कसरी र कस्तो विकृति फैलिएको छ भन्ने कुरालाई आलोचनात्मक रूपबाट प्रस्तुत गरिएको छ । उल्लिखित उपन्यासका सन्दर्भमा निम्नानुसार हेर्न सकिन्छ ।

### राजनैतिक अवस्था :

**दुविधा** उपन्यास प्रजातन्त्रको पुर्नप्राप्तिपछि समाजले चाहे अनुसारको राज्य व्यवस्था हुन नसकेको समयमा २०५२ सालमा रचना भएको हो । पञ्चायती व्यवस्थाभित्रका राजनैतिक अवस्था जस्तै भष्ट्राचार, शोषण, अन्याय, अत्याचारको अवस्था अझसम्म पनि कायमै रहेको स्थितिलाई

देखाइएको छ। पुरातन सामाजिक परम्परा र संस्कृतिको ठेक्का लिएका बाम्हाण पद्‌भनाथसमेत मन्त्रीलाई अरूका काम गरिदिएर घुस खाने कार्यमा लागेका छन् भने मन्त्री पनि घुस पाएर आफूले गरेको संघर्ष सफल भएकोमा गौरव मान्दछन्। अर्कोतर्फ अमरराजका छोराहरूले जागिर पाउन घुस खुवाउने पर्ने बाध्यता देखाएका छन्। कार्यालयका कर्मचारीहरू जनउत्तरदायी हुन नसकेको अवस्था, सोर्स नहुँदा र घुस दिन नसक्दा एउटै विभागमा वर्षौंसम्म जागिर खानु पर्ने अवस्था, कमलराज जस्तो सडक विभागमा सामान्य कर्मचारी (ओभरसियर) भएर राता-रातमा करौडोपति बन्ने स्थिति र त्यस्तै व्यक्तिहरू मात्र समाजमा प्रशंसाका पात्र हुने अवस्था र राष्ट्रको चौथो अङ्ग मानिएको पत्रकार समेत त्यस्तै व्यक्तिको पञ्जाभित्र रहेको अवस्थाको यथार्थ चित्रण गर्न सफल छन् उपन्यासकार गौतम। स्वयम् उपन्यासकारले ६ जनाको वंशजको परम्परालाई व्यङ्ग्यात्मक रूपमा २०४६ देखिको उपन्यास प्रकाशन २०५२ वर्षको अवधि ६ वर्षको राजनैतिक परिवर्तनमा पनि उही ६ वर्षे पुरानो परम्परा नै विद्यमान रहेको सांकेतिक स्वीकारोक्ति व्यक्त गरेका छन्।

**आर्थिक अवस्था :**

पुरानो भत्किने अवस्थाको जीर्ण बन्दै गएको अमरराजको घर टालटुल गरेर बस्नु पर्ने स्थितिको चर्चाबाट नै देशको आर्थिक अवस्था पनि कमजोर क्षीण हुँदै गएको स्थितिको घोतक हो। केही मुट्ठीभरका कमलराज जस्ता मानिसहरूको आर्थिक वैभव राता-रात बढ्दै गएको भए पनि अधिकांश मान्छेहरू बाँच्नका लागि विभिन्न कार्य गर्न विवश भएको स्थिति उपन्यासमा देखाइएको छ। अमरराजले छोरा-छोरीको पढाइका लागि छोरीको टप बेच्नु पर्ने, नर्मदाको अदृश्य प्रेमी भनाउँदाले नर्मदालाई काठमाडौंमा ल्याई त्यसैको वेश्यावृत्तिको कमाई खानु पर्ने, स्वयम् नर्मदा पनि बाँच्ने रहरमा वेश्यावृत्ति लाग्नु, आर्थिक विपन्नताका कारणले अमराराज आफ्नै श्रीमती र सन्तानसमेत बेवास्ता, बेमतलब अपहेलित घृणित हुनुपर्ने स्थितिलाई उपन्यासकार गौतमले उदाङ्गो ढंगले प्रस्तुत गरेका छन्। कमलराज जस्ता मान्छेहरू आफूलाई धनको आडमा धर्ती पुत्र, समयको मान्छे र भोट किनिदिने मान्छेका रूपमा देखिन्छन्। यसै गरी ऊ अरू आर्थिक विपन्न भएका मान्छे कमजोर र कमसल खालका हुने हाँक दिनुले देशको आर्थिक संरचना समानुपातिक रूपमा विभाजित नभएको तथ्यलाई संकेत गरिएको छ।

यसरी यस उपन्यासमा एकातर्फ गलत कार्य गरी राता-रात सम्पत्ति आर्जन गरी धनी हुने व्यक्तिको प्रतिनिधित्व छ भने अर्कोतर्फ परिश्रम गरेर पनि जीवनयापन गर्ने समस्यामा अल्झेका मानिसको प्रतिनिधित्व गरी आर्थिक विषमताको डरलाग्दो चित्रण भएको पाइन्छ।

**सामाजिक अवस्था :**

२०४६ सालपछिको सामाजिक अवस्था पनि जटिल स्थितिमा गुज्रिरहेको स्थितिलाई प्रस्तुत उपन्यासले औंलाएको छ। यस उपन्यासमा मूलत समाजमा रहेका प्रौढावस्थाका मानिसका दुर्दशा,

कष्ट, अपहेलना, छिःछिः र दुरदुरको घृणित, दुर्व्यवहार, अपमान र वस्तुसरह बाँच्नुपर्ने विवशताको दुःखत यथार्थ चित्रण गरिएको छ। नयाँ पुस्ताले पुरानो पुस्ताप्रति गरिने दुर्व्यवहारको कटुसत्य र यथार्थको चित्रण हो **'दुविधा'**। अमरराज र उसका साथी शम्भु, जीवन, बलराम, भैरव र माधव जस्ता प्रौढावस्थाका वृद्धहरूलाई घर परिवार र समाजबाट गरिने दुव्यर्वहारको भयावह चित्रण यसमा गरिएको छ। त्यही दुव्यर्वहार र अपहेलनाको कारणले जीवनले आत्महत्या गर्नु, शम्भुले उचित औषधिउपचार नपाउनु र मृत्यु हुनु बलराम जागिर सरुवा गरी समाजबाट बाहिरिनु, भैरव साधु-सन्तको भेषमा विरक्तिएर हिंड्नु र अमरराज अपमान सहेर मृत्यु र जीवनको दोसाँधमा दुविधा अवस्थामा पुग्नु सामाजिक पक्ष कै भूमिकाको साङ्गोपाङ्गो चित्रण भेटिन्छ।

यसरी नै समाजमा छोरा र छोरीलाई हेर्ने विभेदपूर्ण परम्परागत मूल्य र मान्यताको विरोधी स्वरहरू यस उपन्यासभित्र रहेको पाइन्छ। समाजमा रहेको पुरानो मूल्य कै रूपमा नारीपात्र भोग्या र सन्तान उत्पादन गर्ने यन्त्रका रूपमा रहेका छन्।

समाजमा महिलालाई हेर्ने, दृष्टिकोणमा व्यापक सुधार नआएसम्म **'दुविधा'** कै महिलाले भोग्नु परेको दुर्दशा, उत्पीडन यथावत् रही सामाजिक उन्नतिमा नै अवरोध हुने पक्का देखिन्छ। उपन्यासभित्रका नर्मदा र कक्षा ८ मा पढ्दै गरेकी १४-१५ वर्षकी कलिली युवतीहरूले क्रमशः आफ्नै प्रेमी र बाबुबाट बेचिएर बलात्कृत जीवन बिताउन बाध्य हुनुपर्ने स्थितिको चर्चा समेत यसमा गरिएको छ। अर्कोतर्फ नयाँ पुस्ताका आधुनिक युवतीहरूमा समेत प्रेम, सपना र संभोगका बारेमा गरिएको चर्चाले दासतावृत्तिबाट नारी चिन्तन माथि उठ्न नसकेको स्थिति सामाजिक परिवेश र फ्रायडेली सिद्धान्तको गलत प्रभाव हो भन्न सकिन्छ। उनीहरूमा शिक्षा आर्जन गर्नु भनेको धनाढ्य परिवारमा विवाह हुनु हो भन्ने गलत सामाजिक मानसिकताको विकार रहेको भान हुन्छ।

यसरी समाजमा रहेको अन्धविश्वास, वृद्धजनप्रति गरिने दुर्व्यवहार, नारीप्रति हेरिने गलत दृष्टिकोण र चेलीबेटी बिक्री गरिने सामाजिक अपराध र छोरा-छोरीप्रतिको विभेद, भष्ट्राचारी प्रवृत्ति, वृद्धअवस्था दिनँहु जाँडरक्सी खाने प्रवृत्ति आदिको यथार्थताको चित्रण यस उपन्यासमा गरिएको छ।

यस उपन्यासले २०५२ सालतिरको सामाजिक अवस्थाको बिम्वलाई पुरानो भत्किदै गएको दिन-प्रतिदिन जीर्ण बन्दै गएको घरको माध्यमबाट समाजका वृद्ध-वृद्धाहरूको स्थितिलाई विम्वका रूपमा चित्रण गरिएको छ। यसका साथै राजनैतिक, आर्थिक, शैक्षिक अवस्थाको विकृति र विसङ्गतिको यथार्थ चित्रणको नाङ्गो रूप देखाइएको छ। परम्परागत मूल्य र मान्यतालाई जगेर्ना गर्ने ठेक्का लिएका ऋषि तपस्वीहरूको यौनदुराचारको चित्रण समेत यसमा देखाइएको छ। यस उपन्यासमा समाजका वृद्धजनहरू प्रति गरिने अपमान, घृणा र दुर्व्यवहारको सजीव चित्रण र यस्ता व्यवहारबाट वाक्क र दिक्क भएर बाँच्नु र बाँची दिनु पर्ने जीवनमा दिनहुँजस्तो रक्सी खाएर बाँच्ने स्थितिको सृजना बडो मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ। समाज, घरपरिवारबाट फालिएपछि रक्सी

मात्र होइन वेश्यागमन जस्तो नित्कृष्ट कार्यमा लागेर सामाजिक मूल्य र मान्यतालाई समेत चुनौती दिइएको छ। अर्कोतर्फ घरपरिवारको अपमान र दुव्यर्वहारबाट वाक्क र दिक्क भएर सामाजिक मान्यताको विद्रोहमा उभिएको ७० वर्ष शिव शर्माको वैवाहिक जीवनको स्थितिलाई समेत देखाइएको छ। मान्छे बूढो हुँदैमा उसभित्रका सम्पूर्ण इच्छा आकांक्षा र मनोबल घट्छ र वस्तुसरह हुन्छ भन्ने मान्यतालाई उपन्यासमा देखाइएको छ।

समाजमा आर्थिक विषमताको खाडल फराकिलो हुँदै जाँदा साथीभाइ इष्टमित्र आफन्त त के कुरा गरौं आफ्नै श्रीमती र सन्तान आफ्ना हुँदैनन् भन्ने कटु सत्यलाई यस उपन्यासमा बडो मार्मिक ढंगबाट प्रस्तुत गरिएको छ। साथी-साथी बीचमा पनि आस्था र विश्वासको वातावरण नरहेको वास्ताविकतालाई पनि औल्याइएको छ। आर्थिक समस्या परेको बेला कोही पनि आफ्नो हुँदैन बरु अरूको समस्यामा फाइदा उठाउँने चेष्टा राखिने कुरालाई पनि चित्रित गरिएको छ।

यसरी प्रताडितपूर्ण जीवनशैली अङ्गाल्न नसक्ने भएपछि कि त मृत्युवरण गर्नुपर्छ कि त विरक्तिएर हिड्नुपर्छ या त द्विविधापूर्ण जीवन बिताउँन विवश हुनुपर्छ भन्ने आलोचनात्मक ययार्थवादी जीवन दृष्टि दिन सफल छन् उपन्यासकार गौतम । यिनै माथि उल्लेखित विकृति, विसङ्गति, सामाजिक असङ्गतिबाट सृजित यथार्थतालाई आलोचनात्मक ढंगबाट प्रस्तुत गर्नु लेखकीय शक्ति हो।

**शैक्षिक अवस्था :**

**'दुविधा'** उपन्यासभित्र प्रजातन्त्रको प्राप्तिपछिको शैक्षिक अवस्था र शैक्षिक वातावरणको चर्चा गरिएको छ। प्रजातन्त्र अघिझैं अन्य क्षेत्र सामाजिक, राजनैतिक, आर्थिकको अवस्था प्रजातन्त्रपछि खासै सुधार हुनसकेको स्थिति छैन। क्याम्पस पढ्न गएका केटाहरू बस स्टपमा बस कुरिरहेकी ( मञ्जुला) लाई जिस्कयाउँने,बसमा चढेका केटीहरुलाई चिमोट्ने र केटीहरू समेत शिक्षा प्राप्त गर्ने उद्देश्यभन्दा बढी प्रेम, सपना र सम्भोगका विषयमा बढी चिन्तित हुने अवस्थालाई चित्रण गरिएको छ। अर्कातर्फ पढ्न चाहना राख्ने विद्यार्थीलाई घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसक्ने स्थिति छ भने धेरै पटक अनुत्तीर्ण भई बल्लतल्ल उत्तीर्ण भएकाहरूको उचित सम्मान र कदर गरिने परिपाटीलाई देखाइएको छ। यसै गरी कक्षा ८ मा नै पढ्दै गरेकी छोरीलाई आफ्नै बाबुले वेश्यावृत्ति तर्फ उन्मुख गराउने चेष्टा राख्ने प्रवृत्तिको समेत चित्रण गरिएको छ। यसै गरी छोरीलाई माथिल्लो तहको शिक्षा दिनु हुँदैन भन्ने पुरानो रूढीवादी संस्कारको छाप पनि प्रस्ट देख्न सकिन्छ।

## ३.२ आधुनिक नेपाली उपन्यासको विकासमा 'दुविधा' :

नेपाली उपन्यासको विकासप्रक्रिया त्यति लामो छैन। नेपाली उपन्यास भन्न सकिने रचना भनेर **वीरचरित्र** (१९६० तिरको) लाई ठानिन्छ। यो **वीरचरित्र** ले नेपाली उपन्यासको रेखाङ्कनमा ऐतिहासिक महत्त्व राख्दछ। यो उपन्यास नै नेपाली भाषामा लेखिएको पहिलो मौलिक उपन्यास मानिन्छ। विविध आख्यानहरूको विकासबाट नै नेपाली उपन्यासको निर्माण भएको हो । नेपालीमा

पनि विभिन्न किसिमका लामा-छोटा आख्यानहरू विकसित भएका छन् । यसरी हेर्दा नेपाली उपन्यासको विकासमा **हितोपदेश**, **पञ्चतन्त्र**, **वीरसिक्का** जस्ता आख्यान ग्रन्थहरू उपन्यासका रूपमा ऐतिहासिक महत्त्वका साथ आएका छन् । हुन त **वीरचरित्र** (१९६०) पूर्व पनि सदाशिव शर्माकै **चन्द्रकान्ता**, **नरेन्द्र मोहनी**, **महेन्द्र प्रभा** जस्ता कृतिहरूले औपन्यासिक रूप लिने चेष्टा गरेका छन् तर तिनमा पनि खास औपन्यासिकता नपाइने भएकाले **वीरचरित्र**लाई नै प्रथम औपन्यासिक रचना मान्ने गरिएको हो । यसरी वि.सं. १९६० पछि १९९० सम्म नै **वीरचरित्र**कै ढाँचामा थुप्रै औपन्यासिक कृतिहरू लेखिएका पाइन्छन्, तर ती उपन्यासहरूले पनि नेपाली उपन्यासलाई आधुनिकताको रूप दिन भने सकेका छैनन् ।

नेपाली उपन्यासको अध्ययन, अनुसन्धान गर्ने क्रममा विभिन्न विद्वान् तथा समालोचकहरूले प्रस्तुत भएका उपन्यासहरूलाई विभिन्न वाद, धारा, प्रणाली आदिमा वर्गीकरण गरेर उपन्यासहरूको अध्ययन गरेका छन् । आधुनिक नेपाली उपन्यासको विकासक्रममा **दुविधा** उपन्यासको स्थान निर्धारण गर्नुपर्ने भएकाले यहाँ विभिन्न उपन्यासहरूको सामान्य चर्चा गरी आलोच्य कृतिको स्थान निर्धारण गरिएको छ ।

वि.सं. १९९१ मा रूद्रराज पाण्डेले **रूपमती** उपन्यास लेखेपछि नेपाली उपन्यासले आधुनिकतालाई वरण गरेको हो । रूपमती उपन्यास माध्यमिककालीन अतिरञ्जनात्मक काल्पनिक उपन्यासहरूभन्दा भिन्न उपन्यासका रूपमा आएको छ । यो उपन्यास परम्परामा हुर्किएको प्रवृत्तिलाई त्याग्दै सामाजिक विषयलाई ग्रहण गर्दै अगाडि बढेको छ । सामाजिक विषयवस्तु, सामाजिक पात्र, भाषा, संवाद आदिमा पनि सहजता र यथार्थता पाइन्छ । रूपमतीले सामाजिक यथार्थलाई उल्लेख गर्दागर्दै पनि मूल उद्देश्य भने औपदेशिकतालाई अंगालेको छ । रूपमती पछि यस परम्परामा धैरै उपन्यासहरू लेखिएका छन् ।

त्यसरी नै वि.सं १९९३ मा रूपनारायण सिंहको **भ्रमर** औपन्यासिकताले सजिएर आएको छ । **रूपमती**ले आदर्शोन्मुख सामाजिक यथार्थवादी धाराको सुरुवात गरेको थियो भने **भ्रमर**ले स्वच्छन्दतावादी धाराको सुरुवात गरेको हो । वि.सं.२००४ सालमा नेपाली उपन्यास परम्परामा फेरि नयाँ परम्पराको सुरुवात भयो । लैनसिंह वाङ्देलको **मुलुकबाहिर** (२००४)ले आदर्शलाई पूर्ण परित्याग गर्दै सामाजिक यथार्थवादी धाराको सुरुवात गऱ्यो । समाजका यथार्थ पक्षको उद्घाटन गर्न यो उपन्यास सफल छ । त्यस्तै डायमन्ड शमशेरले **बसन्ती**का माध्यमबाट वि.सं. २००६ सालमा ऐतिहासिक विषयलाई प्रस्तुत गर्दै अर्को ऐतिहासिक उपधाराको निर्माण गरे ।

यसरी नै आलोचनात्मक यथार्थवादी परम्पराको पहिलो नेपाली उपन्यास लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** (२००८) हो तापनि पूर्ण रूपमा यस परम्परालाई निर्वाह गर्ने उपन्यास भने हृदयचन्द्रसिंह प्रधानको **स्वास्नी मान्छे** (२०११) हो । त्यसपछि आलोचनात्मक यथार्थवादी लेखनको

धारा क्रमशः अगाडि बढिरहेको छ। हृदयचन्द्रसिंह प्रधान यस परम्पराका सशक्त र प्रतिभाशाली उपन्यासकार हुन् । **स्वास्नी मान्छे** जस्तो नयाँ परम्पराको सुरुवात गर्ने उपन्यासदेखि लिएर **एकचिहान** (२०१७) उनको अर्को आलोचनात्मक यथार्थवादी उपन्यास हो । यसमा गरिब तथा किसान परिवारको कारूणिक गाथालाई प्रस्तु गरेको छ। शोषक र शोषित बीच रहेको वर्गीय द्वन्द्व यस उपन्यासको विवेच्य पक्ष रहेको छ। यसरी नै  उनी आफ्ना उपन्यासमा सामाजिक दायित्वप्रति अत्यन्त सचेत रही अन्धविश्वास, शोषण तथा परम्परागत कुरीतिप्रति कठोर प्रहार गर्दै परिवर्तनको पक्षमा छन् । **स्वास्नी मान्छे**मा नारीउपर गरिने भेदभाव र भोगवादी प्रवृत्तिलाई प्रस्तुत गरिएको छ ।

यसपछि यसै परम्पराका उपन्यासकार खड्गबहादुर सिंह हुन् । उनको **विद्रोह** भाग १ र २ ( २०११-१३) र **हुरीको चरा** (२०१३) दुई उपन्यास रहेका छन् । **विद्रोह**मा विसङ्गत कुराहरूप्रति लडेर नयाँ मानवीय चरित्र निर्माण गर्नुपर्ने अनि राजनैतिक अस्तव्यस्तालाई नयाँ रूपमा प्रस्तुत गरिनुपर्ने कुरालाई देखाइएको छ । **हुरीको चरा**ले पनि प्रजातन्त्रोत्तर नेपाल र नेपालीको दिशाहीन राजनीतिलाई प्रस्तुत गरेको छ। त्यस्तै दौलतविक्रम विष्टको **मञ्जरी** (२०१६), **एक पालुवा अनेक याम** (२०२६), **बिग्रिएको बाटो** (२०३३), **थाकेको आकाश** (२०३४), **भोक र भित्ता** (२०३८) र **ज्योति ज्योति महाज्योति** (२०४५) आदि उपन्यासहरूमा पनि आलोचनात्मक यथार्थवादी प्रवृत्ति पाइन्छ । **एक पालुवा अनेक याम**ले २००७ को प्रजातन्त्र प्राप्ति पछिको दुई पुस्ता बीचको द्वन्द्वलाई प्रस्तुत गरेको छ । **भोक र भित्ताहरू** विष्टको महत्त्वपूर्ण उपन्यास हो । यसमा गरिबीप्रति हुने शोषणलाई प्रस्तुत गरिएको छ । धनी र गरिब बीचको आर्थिक विषमता नै यसको केन्द्र हो । **ज्योति ज्योति महाज्योति**ले आर्थिक आडमा गरिने विकृतिहरू माथि व्यङ्ग्य र विरोध गरेको छ। ताना शर्मा पनि आलोचनात्मक याथार्थवादी धाराका सशक्त उपन्यासकार हुन्। उनका **मेरो कथा** (२०२६), **ओभ्रेल पर्दा** (२०२६), **सुली** (२०३०), **झझल्को** (२०४५) र **नेपालदेखि अमेरिकासम्म** (२०४९) गरी पाँच उपन्यासहरू प्रकाशित छन् । निश्चित क्षेत्रीय गुरुङ संस्कृतिलाई चित्रण गरिएको छ **मेरो कथा**मा । **ओझेल पर्दा**मा चाहिँ अपराध मनोविज्ञानमा आधारित छ । **सुली** उपन्यासलाई आलोचनात्मक यथार्थको दृष्टिले राम्रो मानिन्छ। त्यस्तै ध्रुवचन्द्र गौतम आफ्नो उपन्यासलेखनको दोस्रो चरणमा आलोचनात्मक यथार्थवादलाई मूल केन्द्र बनाएर समाजका विद्यमान सबै प्रकारका विसङ्गतिको जरा खोतल्न क्रियाशील रहेका देखिन्छन्। उनका **कट्टेलसरको चोटपटक**, **अलिखित**, **निमित्त नायक**, **स्वर्गीय हीरादेवीको खोज**, **एक शहरको एक कोठा**, **उपसंहार वा चौथो अन्त्य**, **दुविधा**, **अग्निदत्त+अग्निदत्त**, **फूलको आतङ्क, तथाकथित, भीमसेन-४ को खोजी, घुर्मी** आदि उपन्यासहरूले समकालीन समाजका अभाव, समस्या, विसङ्गतिलाई  समाजसपेक्ष रूपमा समेटेको छ । त्यसैगरी पारिजातको **शिरीषको फूल** (२०२२), **महत्ताहीन** (२०२५), **बैंसको मान्छे** (२०२९), **तोरीबारी बाटा र सपनाहरू** (२०३३), **उसले रोजेको बाटो** (२०३५), **अनिदो पहाडसँगै** (२०३९) आदि उपन्यासहरू आलोचनात्मक यथार्थवादी

परम्परामा सिर्जिएका छन् । पारिजात पछि नारी उपन्यासकारका रूपमा सक्रिय भएर गीता केशरी देखा-परेकीछिन् । उनका उपन्यासहरूमा **कसिङ्गर**(२०४३), **सौगात**(२०४६), **आवाज** (२०४७), **मुक्ति** ( २०४८), **विश्वास** (२०५२) आदि पर्दछन् । त्यस्तै गोविन्द गिरी 'प्रेरणा' को **उत्खनन** (२०४५), **पाखण्ड पर्व** (२०५०), **अन्तिम खाडल** (२०५३) र **मृगतृष्णा** (२०५४) जस्ता उपन्यासहरू प्रकाशित छन् । गणेश रसिकको **आकाश गङ्गाको ओतमुनि** (२०४८), कृष्ण गौतमको **स्वर्ण विम्ब** (२०४८), नारायण ढकालको **पीत संवाद** (२०५५), रामप्रसाद ज्ञवालीको **परिवर्तनको मोडमा**(२०५०), **जीवनका घुम्तीहरू**( २०५३), तेजप्रकाश श्रेष्ठका **प्रेमको स्मारक** (२०३३) र **सङ्कल्प जिउँदो रहनेछ**(२०५२), ध्रुव सापकोटाको **विखण्डित** (२०५५), नारायण तिवारीको **पिताम** (२०५७), कृष्ण जोशीका **मृत्यु दोहरिन्छ म बाँचे भने** (२०३४), **असम्मत सम्मत** (२०५१), **काडमाडौं वरपर** (२०५६) आदि महत्त्वपूर्ण यथार्थवादी उपन्यासहरू हुन् । गोविन्दराज भट्टराईको **मुग्लान**(२०३१) र **मणिपुरको चिठी** (२०३४), पिटर जे कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे** (२०३४), धनुषचन्द्र गोतामेको **घामका पाइलाहरू** ( २०३५), भरत जङ्गमको **कालो सूर्य** (२०३९), नयनराज पाण्डेको **नाङ्गो मान्छेको डायरी** (२०४४), कविताराम श्रेष्ठको **बकपत्र** (२०४६), खगेन्द्र संग्रौलाको **जुनकिरीको सङ्गीत** (२०५६) आदि उपन्यासहरू पनि महत्त्वपूर्ण आलोचनात्मक यथार्थवादी उपन्यासहरू हुन् ।

यसरी हेर्दा ध्रुवचन्द्र गौतम नेपाली उपन्यास परम्परामा एक सफल उपन्यासकारका रूपमा देखा परेका छन्। अस्तित्ववादी विसङ्गतिवादी धाराबाट उपन्यास यात्रा सुरु गर्दै पछि क्रमशः आलोचनात्मक यथार्थवादतर्फको स्पष्ट लेखकीय पहिचान बनाउन सफल छन्। उनी २०२० को दशकमा अस्तित्ववादी विसङ्गतिवादी र २०३० को दशकको उत्तरार्द्धबाट आलोचनात्मक यथार्थवादी प्रवृत्ति लिएर नेपाली उपन्यास परम्परामा विभिन्न मोड तथा उपमोडका साथ स्पष्ट पहिचान बनाउन सफल उपन्यासकार भएका छन्। ध्रुवचन्द्र गौतमका २०३७ पछिका प्रायः सबै उपन्यासहरू आलोचनात्मक यथार्थवादकै परम्परामा प्रस्तुत भएका छन् ।

## परिच्छेद - चार

# औपन्यासिक तत्त्वका आधारमा 'दुविधा' उपन्यासको अध्ययन

### ४.१ औपन्यासिक तत्त्वहरू :

उपन्यास साहित्यको गद्य विधाका रूपमा देखा परेको व्यापक युग, जीवन, समाज आदिलाई समेटेको विधा हो । यसले मानवीय स्वरूप, प्रवृत्तिहरूलाई वृहत्त् एवं विविध कोणबाट देखाउने प्रयास गरेको हुन्छ । यसको निर्माणमा पनि आफ्नै किसिम र प्रक्रियाहरू रहेका छन् । कथा, नाटक आदि विधामा जस्तै यसका पनि छुट्टै संरचक तत्त्वहरू रहेका छन् । एउटा पूर्ण उपन्यास बन्नका लागि विविध तत्त्वहरूको जमघट एकै ठाउँमा भएको हुनुपर्छ । प्राचीन कालदेखि नै यसका अनेकौं मौलिक तत्त्वहरू रहेका छन् । यी तत्त्वहरूकै योगबाट एउटा पूर्ण स्वरूपको निर्माण हुन्छ । उपन्यासका तत्त्वका सम्बन्धमा विद्वान्हरूबीच एकरूपता चाहिँ पाइँदैन । प्राचीन समयका तुलनामा भन्दा अर्वाचीन समयमा यसका तत्त्वहरूमा परिर्वतन आएको छ । प्राय: विद्वान्हरूबीच तत्त्वका सम्बन्धमा मतैक्य नदेखिए पनि उनीहरू बढीभन्दा बढी एक अर्काका नजिक देखिन्छन् । तसर्थ यसको कोमलतम स्वरूप र विकासशील प्रकृतिले गर्दा यसलाई निश्चित शास्त्रीयतामा बाँध्न नसकिए पनि सामान्यत: यसमा पाइने आवश्यक वस्तुका आधारमा उपन्यासको मूलभूत तत्त्व भन्नाले कथानक, चरित्र, सम्वाद, शैली, परिवेश, उद्देश्य आदिलाई औंल्याइएको हो ।[७९] त्यस्तै ऋषिराज बरालले उपन्यासका संरचक तत्त्वहरूमा कथानक, चरित्र-चित्रण, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेशलाई उल्लेख गरेका छन् । त्यस्तै राजेन्द्र सुवेदीले वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र विचारलाई औंल्याएका छन् । त्यसै गरी कृष्णहरि बराल र नेत्र एटमले हिजो आजका नवीन पद्धतिहरूलाई समेत समावेश गरी तत्त्वको बारेमा उल्लेख गरेका छन् । उनीहरूले तत्त्वका निम्न प्रकार बताएका छन्- कथानक, चरित्र, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा, प्रतीक र विम्ब, गति वा लय । यसरी विभिन्न विद्वान्हरूबीच मतभेद देखिए पनि समग्रमा भन्दा उपन्यासका तत्त्व भन्नाले कथावस्तु, चरित्रचित्रण, परिवेश, भाषाशैली, उद्देश्य, द्वन्द्व, दृष्टिविन्दु, कथोपथन, कौतूहल आदिलाई प्रमुख र गौण तत्त्वका रूपमा चिनाउने गरेको पाइन्छ ।

#### ४.१.१ उद्देश्य :

उद्देश्य उपन्यासको अति नै महत्त्वपूर्ण तत्त्व हो । कृतिकारले प्रत्यक्ष वा अप्रत्यक्ष भएपनि कुनै न कुनै उद्देश्य लिएको हुन्छ । उपन्यासकारले आफ्नो दृष्टिकोण वा विचारधाराहरूलाई बहुआयमिक रूपमा ध्वन्यात्मक ढङ्गले अघि सारको हुन्छ । उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विविध पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन

---

[७९] टंकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, द्वितीय सं., (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. २०३ ।

मात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ठ दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् ।[80] उपन्यासकारको सामाजिक परिवेश, वातावरण, संस्कार आदिअनुसार उसले उद्देश्यलाई निर्धारण गरेको हुन्छ । उपन्यासको विषयअनुसार पाठकलाई आनन्द तथा मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनुका साथै अर्वाचीन समयमा समाजलाई नै नैतिक रूपमा अगाडि बढाउनु, सामाजिक विकृति र विसङ्गतिहरूलाई देखाउनु, त्यसको चिरफार गर्नु र यथार्थपक्ष आदिलाई पाठकमाझ ल्याउनु उपन्यास लेखनको उद्देश्य हो । कुनै पनि उपन्यासकारको जीवनदृष्टि उद्देश्यमार्फत नै आएको हुन्छ । उपन्यासहरू सामाजिक, आर्थिक, मनोवैज्ञानिक, ऐतिहासिक, सांस्कृतिक जे-जस्ता विषयमा आधारित भएपनि तिनीहरूको एक न एक उद्देश्य भने रहेकै हुन्छ । उपन्यासमार्फत भन्ने, देखाउने, प्रस्तुत गर्ने सारपक्ष नै उद्देश्य हो, उपन्यासकारको प्रमुख लक्ष्य पनि हो । लेखकले पाठकलाई के-कस्ता आस्था, मूल्य, मान्यता प्रदान गर्दछ भन्ने कुरासँग उद्देश्यको सम्बन्ध रहेको हुन्छ । समाजलाई कुन बाटो देखाउने, पाठकलाई के सन्देश दिने आदि कुरा नै उद्देश्यसँग सम्बन्धित हुन्छन् । लेखकले कुनै पनि विषय वा सन्देशलाई आख्यानको कलात्मक रूप दिएर प्रस्तुत गरेको हुन्छ । भिन्न-भिन्न शैली, विम्ब, प्रतीक आदिको प्रयोग गर्दै आफ्ना उद्देश्यलाई पाठकमाझ प्रस्तुत गर्दछ । उपन्यासको वैचारिक उचाइलाई उद्देश्यको प्राप्ति ठानिन्छ । लेखक समाजको कुन पक्षसँग बढी प्रभावित छ, कुन पक्षसँग बढी संवेदनशील छ त्यही पक्ष नै स्रष्टाको वैचारिक सम्पत्ति भएर प्रकट हुन्छ ।[81] यसरी हेर्दा विषयगत गहनता, प्रस्तुतीगत उच्चता आदि नै उपन्यासको विचार पक्ष हो, उद्देश्य हो । उद्देश्यबिना उपन्यास अर्थहीन हुन जान्छ । जस्तासुकै नवीनतम मौलिकप्रवृत्ति, सिद्धान्त, प्रणाली, वाद आदि अपनाइएका उपन्यासको रचना भएपनि तिनको मूल्य र उद्देश्य भने रहेकै हुन्छ ।

### ४.१.२. शीर्षकविधान :

कुनै पनि कृतिको नामकरण खास उद्देश्य प्राप्तिका लागि गरिएको हुन्छ । यसरी गरिएको नामकरणले त्यस कृतिमा प्रस्तुत गर्न खोजेका कुराहरूलाई समग्रमा सङ्केत गर्न खोजेको हुन्छ । त्यस कृतिको शीर्षकले सिङ्गै कृतिलाई चिनाउने जस्तो महत्त्वपूर्ण काम गरेको हुन्छ । त्यसैले कृतिका लागि शीर्षक महत्त्वपूर्ण हुन्छ । यो कृतिको शिर हो ।

उपन्यासकार ध्रुवचन्द्र गौतमद्वारा लेखिएको **दुविधा** उपन्यासको शीर्षक व्याकरणिक दृष्टिले दु+विधा गरी दुईवटा पदहरूको संयोजन भई बनेको छ । 'दु' (दुई वि.) समासको रूपमा कुनै शब्दसँग जोडिदा 'दुई' को संक्षिप्त प्रयोग हुने शब्द र 'विधा' (संज्ञा, स्त्री) ले तरीका वा शैली अर्थ बोकेको छ । यसरी दुई पदको संयोजनबाट 'दुविधा' ले शाब्दिक अर्थमा दुई तरिकाले वा शैलीले बाँच्ने स्थितिलाई कार्यको आधारमा संकेत गरेको छ । यस उपन्यासका अधिकांश चरित्रहरु असमञ्जस्यता, दोधार,

80 कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, पूर्ववत्, पृ. ११ ।

81 गुणाकर भुसाल, (सम्पा.), **इन्द्रणी सङ्गालो**, (कीर्तिपुर : क्षितिज प्रकाशन, २०५८), पृ. २२६ ।

दोमन अवस्थामा देखाउनुले शीर्षकको औचित्यलाई प्रस्टयाउँछ । यस उपन्यासमा नायकका रूपमा रहेको अमरराज र उसका साथीहरूले भोग्नुपर्ने भोगेका दुदर्शा र अपमानित दुव्यर्वहारको परिणतिले बाँच्नु र मर्नुको दोमनको स्थितिलाई प्रस्तुत गरिएको छ । अभिधात्मक अर्थबाट हेर्दा के स्पष्ट हुन्छ भने यसो हो वा उसो हो ? भन्ने अप्ठेरो स्थिति वा दोधारको अवस्थालाई बुझाउँछ । उपन्यासभरि देखिएको ५५ र ६० वर्षको हाराहारीको अमरराज इमान्दार सभ्य सत्चरित्रकै रूपमा देखिएको छ । ऊ आफ्नो परिवारको पालनपोषणमा लाग्दा लाग्दै पनि आफ्नै परिवारले मिल्किएको वा फ्याकिनेलायक वस्तुको रूपमा एक्लै थोत्रो र प्रदूषित वातावरणमा विवश भएर बस्न बाध्य गराएपछि बाँच्नु र मर्नुको द्विविधापूर्ण अवस्थामा पुगेको छ । यसमा ऊ लगायत उसका बाजे आत्माराम र अन्य पाँच जना साथीहरूले भोग्नुपर्ने दुर्दशापूर्ण जीवनको कहालीलाग्दो अवस्थामा रोगाउनु, वैराग्य हुनु, आत्महत्या गर्नु र निरीह बन्नु पर्ने भयावह स्थितिमा पुगेपछि अमरराज दोधारे अवस्था पुगेको छ । समाज र घरपरिवारकाले लत्याएर द्विविधापूर्ण जीवन ब्यथितको गर्न पुग्नुमा आफन्त र आफ्नै भनिएको कमलराजको दोधारे व्यवहारले महत्त्वपूर्ण भूमिका खेलेको छ । एकातर्फ आर्थिक विपन्नता देखाउँदै कमलराज, अमरराजका छोरी विवाह गरिदिने र अमरराजका छोरा र श्रीमतीका सम्पूर्ण आवश्यकता पूर्ति गरिदिने चरित्रमा देखिन्छ भने अर्कातर्फ अमरराजलाई मानसिक र सामाजिक रूपमा मुख देखाउन लायक नहुने अवस्थामा गर्दै नगरेको बलात्कारीको सिकार बनाई बाँच्नु न मर्नु पर्ने स्थितिमा पुऱ्याइएको छ । यसै गरी उपन्यासभित्रकी प्रमुख नारी पात्र नर्मदाको चरित्रले पनि द्विविधाको स्थिति देखाएको छ । ऊसँग यौन सम्बन्ध कायम राख्ने सबैसँग आफू हजुरसँग मात्र खुलेर कुरा गर्छु, अरूसँग कहाँ त्यसो गर्छु र भन्ने व्यवहारबाट सबैलाई धुकचुक पार्नु र उसको अदृश्य पति प्रेमी र दलाल सबै भएको कुरा गर्नु र अमरराज साथी शम्भु, बलराम, जीवन र माधवहरूलाई नर्मदाको प्रेमी वा पति नर्मदाको आउने गरेको हो होइन, छ छैन भन्ने कुरामा भ्रममा पारी द्विविधात्मक स्थिति सृजना गर्नुले उपन्यासको शीर्षक विषयवस्तुका आधारमा 'दुविधा' नै सार्थक भएको पुष्टि गर्न सकिन्छ ।

### ४.१.३. कथावस्तु :

उपन्यासको कथावस्तु सबैभन्दा बढी महत्त्वपूर्ण रहेको हुन्छ । उपन्यास निर्माणको आधारभूमि नै कथानक हो । उपन्यास सामान्य वा जटिल घटनाहरूको संयोजनबाट कथावस्तु निर्मित हुन्छ । उपन्यासले पाठकमाझ कत्तिको सफलता प्राप्त गर्दछ वा गर्दैन भन्ने कुरा कथावस्तुमा नै भर परेको हुन्छ । कथानकका लागि विभिन्न घटनाहरूलाई श्रृङ्खलाका रूपमा आपसमा मिलाइएको हुन्छ । उपन्यासमा प्रस्तुत हुने कथावस्तु लेखकको अमूर्त विचार वा धारणालाई मूर्त रूप दिने प्रयास गरेको हुन्छ । देश, काल, परिस्थितिको निर्माणमा कथावस्तुले भूमिका खेलेको हुन्छ । कथावस्तुले नै पाठकलाई उत्सुकता प्रदान गर्दै अघि बढाएको हुन्छ । यसलाई उपन्यासमा शरीरको रूपमा लिइन्छ ।

कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो। यसमा आउने घटनाहरू कार्य कारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन्।[८२] विविध विषय, परिवेशलाई समेटेर उपन्यासकारले कथानक उनेको हुन्छ। सामान्य कथावस्तुलाई पनि कलात्मक र सिलसिलाबद्ध रूपमा ल्याएको हुन्छ। उपन्यासमा प्रयोग भएको कथावस्तु आदि, मध्य र अन्त्यको परिपाकपूर्ण वितरण गरिएको हुन्छ। कथावस्तुको विकासका निम्ति उपन्यासकारले अनेक किसिमका रङका कथाको विन्यास गरेको हुन्छ। आधुनिक युगका उपन्यासहरूमा कथावस्तुलाई कम महत्त्व दिन थालिएको छ र विश्रृङ्खलित एवं क्षीण कथावस्तुको आयोजना गर्न थालिएको छ। उपन्यास निर्माण गर्दा कथावस्तुको प्रभावकारिता कमजोर भयो भने त्यसको कलात्मक मूल्यमा ह्रास आउँछ। मानव शरीरमा मुटुबिना शरीरको कल्पना गर्न नसकेझैं कथावस्तुबिना उपन्यासको कल्पना गर्न पनि सकिदैन। आजभोलि कथावस्तुको रूपमा ऐतिहासिक, पौराणिक, धार्मिक, सांस्कृतिक, काल्पनिक आदि अनेक रहेका छन्। त्यस्तैगरी विविध वादका रूपमा यथार्थवादी, विसङ्गतिवादी, जासुसी, मनोवैज्ञानिक आदि जुनसुकै पनि लिएको पाइन्छ। आधुनिक उपन्यास लेखनमा कथानकलाई बेवास्ता गरेर उपन्यासहरू लेखिनाले निकै चुनौतीका खुड्किलाहरू देखापरेका छन्। नयाँ-नयाँ प्रयोग, शैली भित्र्याउने क्रममा यस्ता कुराहरू देखिएका छन्। कथानकको ढाँचा पनि फरक-फरक तरिकाले विकास भएको पाइन्छ। उपन्यासमा कथानकको विकास पनि रैखिक, वृत्तकारीय कुनै हुन सक्छ। कथानकको आङ्गिक विकासअनुसार भएका कथाहरू रैखिक मानिन्छन् भने कुनै शास्त्रीय विधिमा नबाँधिएका क्रमबद्ध रूपले नआएका कथानक वृत्तकारीय मानिन्छन्। 'दुविधा' उपन्यास वृत्तकारीय कथानकमा आधारित उपन्यास हो।

अमरराजको पुर्ख्यौली पुरानो र भत्किन सुरु भएको जीर्ण हुँदै गएको घरमा हजुरबा आत्माराम, बाबु शिव शर्मा, हजुरआमा, भाइहरू, भाइका छोरा-छोरीहरू (कमलराज, मृदुला, रीता, प्रतिभा) आदि चौथो पुस्ताका एउटै घरमा संयुक्त परिवारका रूपमा बस्दछन्। अमरराज ५५ वर्ष नाघेको व्यक्ति हो। ऊ कुनै विभागमा नोकरी गर्छ। साँझ परेपछि दिनहुँ जस्तो आफ्ना बालककालदेखिकै साथीहरूसँगै रक्सी खान भट्टी जान्छ। उसका सबै साथीहरू पनि घुस खान नपाउँने विभागमा काम गर्छन्। अमरराज ज्यादै डरपोक र काँतर व्यक्ति हो। उसको जमानामा उसलाई केटीले पुस्तकमा हालेर दिएको प्रेमपत्रको उत्तर नै नदिएर पुस्तक समेत फर्काएको थिएन। यौवनास्थामा देखिने विपरीत लिङ्गीप्रतिको यौन झुकाव र प्रेम गर्ने दृढ आकांक्षा हुँदा पनि कमजोर आत्माबलका कारणले अन्त्यमा बाबुआमाले रोजी दिएकी केटी शान्तिसँग विवाह गर्न विवश हुन्छ। अमरराजका दुई छोरा र तीन छोरीहरू हुन्छन्। प्रायः उसका सबै साथीहरू (शम्भु, जीवन, भैरव, बलराम र माधव) उसका उमेरका थिए। कुनै एकदिन रक्सीभट्टीबाट घर फर्कदा बाटामा रहेको पीपलका बोटमुनि एउटी अर्धनग्न केटी (नर्मदा) लाई भेट्छन् र उसलाई बस्ने व्यवस्था मिलाउँछन्।

---

८२ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २१।

अमरराजबाहेक अन्य पाँच जना आफ्नो दैनिक जस्तो जमघट हुने रक्सीभट्टीमा पालैपालो अनुपस्थित हुन्छन् । उनीहरू आफू अरू साथीलाई छलेर नर्मदा कहाँ जाने गरेको रहस्य खुल्दछ ।

अमरराजका साथीको संख्या छ भएभैँ उनीहरूका वंशमा पनि छ भाइ छोरा हुनुपर्ने परम्परा रहेको छ । छोरीलाईभन्दा छोरालाई बढी महत्त्व दिइन्छ । अमरराजका परिवारमा छोरीहरूलाई सानै उमेरमा विवाह गरी पुण्य कमाउँनुपर्छ भन्ने मान्यता हाबी छ । तर केही समय यता घरको आर्थिक अवस्था कमजोर हुँदै गएकोले अमरराज र भाइका छोरीलाई पढाउनुपर्ने धारणा राखिदै विवाह गरिदिएका थिएन । अमरराजको आम्दानीको अन्य स्रोत नभएकाले छोरा-छोरीहरूलाई पढाइ र घरको खर्च टार्नुपर्ने कारणले आर्थिक अवस्था कमजोर हुँदै गइरहेको छ । अर्कातर्फ अमरराजको भाइको छोरो कमलराजको भने आर्थिक वैभव चुलिदै गइरहेको हुन्छ ।

एकदिनको कुरा हो, कमलराजका बनिदै गरेका सातवटा भव्य घरमध्येको एउटा घरमा ६ जना अमरराज लगायतका साथीहरूले भोजको आयोजना गर्दछन् । उक्त भोजमा बाबुद्वारा १०० रुपैयाँमा बेचिएकी एउटी १४-१५ वर्षकी कक्षा ८ मा पढ्दै गरेकी केटीलाई यौनतृप्तिका लागि ल्याइएको हुन्छ । अमरराज र जीवनको आग्रहमा उक्त कलिली केटीलाई बलात्कार गर्नबाट बचाइन्छ । अमरराज र अन्य साथीहरू घरपरिवारले उनीहरू प्रति गरिने व्यवहारदेखि दिक्क हुँदै गइरहेका हुन्छन् । केही समयपछि शम्भु सिकिस्त बिरामी पर्छ, घरका मानिसले अस्पतालमा पैसा दिएर कुरुवा राख्दछन् । तर घरपरिवारले उसको उति चिन्ता लिदैनन् हुँदाहुँदै उसको रगत-क्यान्सरको कारणले मृत्यु हुन्छ । यसै गरी भैरव पनि सन्यासीको रूप धारण गर्छ, बलराम जागिर सरुवा गरी अन्यत्र जान्छ, जीवनले आत्महत्या गर्ने घटना सृजना हुन्छ । जीवनले आत्महत्या गरेको खबर सुनाउँन आउँदा माधवले अमरराज र जीवनका बारेमा सुनेका र हल्ला चलाइएका कुरा अमरराजले भनेको छ । कुनै दिन कमलराजको भव्य घरमा ल्याइएकी किशोरीलाई अमरराज र जीवनले बलात्कार गरेको भुटो आरोप अमरराजले सुन्दछ ।

अर्कोतर्फ अमरराजका सम्पूर्ण घरपरिवारका सदस्यहरू अमरराजलाई छाडेर अन्यत्र बसाइँ सराइ गरी जान्छन् । उसका छोराछोरी र श्रीमती समेत कमलराजको तारिफ गर्दै उसकापछि लागेर थोत्रो र पुरानो घरमा अमरराजलाई मिल्क्याएर जान्छन् । एकातर्फ घरपरिवारका आफ्नै श्रीमती र सन्तानबाट अपहेलित हुनुपर्ने र अर्कोतर्फ नगरेको अपराधको लाञ्छना सहनुपर्ने बाध्यतामा बाँच्नु र मर्नुको दोसाँधमा अमरराज अभ्र बाँच्नु नै पर्छ कि भन्दै द्विविधामय स्थितिमा उपन्यास समाप्त हुन्छ ।

### ४.१.४ कथानकको वस्तुचयन :

**दुविधा** उपन्यासको वस्तुचयन सामाजिक यथार्थमा आधारित छ । मानव समाजमा देखिएका विकृति र विसङ्गतिलाई देखाउँदै उपन्यास अगाडि बढेको छ । यस उपन्यासले मूलतः समाजमा रहेका वृद्ध-वृद्धाहरूले भोग्नुपर्ने तिरस्कार, दुर्व्यवहार, विभिन्न खालका सास्ती र पीडाको यथार्थ चित्रण

गरेको छ भने अर्कातर्फ त्यस्ता खालको व्यवहारबाट वाक्क र दिक्क भएर उमेर पाको भए पनि स्वतन्त्र र सम्मानपूर्वक बाँच्न सकिने अवस्थाको विद्रोह पनि बोकेको छ। पुरानो र थोत्रो घरको सन्दर्भमा पुरातन सामाजिक संस्कार र मूल्य मान्यताको सांकेतिक अर्थ दिँदै ६ को वंशज परम्परालाई कायम राख्ने अर्थले (२०४६-२०५२ प्रजातन्त्र पुर्नःस्थापना र उपन्यास प्रकाशन) को ६ वर्ष बितिसक्दा पनि पुरानै राजनैतिक सामाजिक र आर्थिक क्षेत्रमा शासन पद्धतिमा परिवर्तन आए पनि हाम्रो सोचाइ र दृष्टिकोणमा कुनै नौलो परिवर्तन नआएको कुरा लुकेको छ भन्न सकिन्छ। यो उपन्यासमा नयाँ र पुरानो पुस्ताबीचको द्वन्द्वमा नयाँ पुस्ताको विजय पनि देखाएको छ। पुरानो पुस्ता अमरराज पुरानो चर्किसकेको घरमा प्रदूषित र कोलाहल वातावरणमा बाँच्नुपर्ने विवशतालाई देखाएको छ भने अर्कातर्फ र धनाढ्य सम्पन्नताका पछि लाग्ने प्रवृत्तिलाई देखाइएको छ। उमेरले डाँडो काट्दा र सम्पत्ति पनि नहुँदा आफ्नै सन्तान र आफ्नै जीवन संगिनी पनि आफ्नै हुँदा रहेनछन् भन्ने कुरालाई समेत यसमा देखाइएको छ। यसरी समाजमा विद्यमान सामाजिक नियम, परम्परा, राजनैतिक तथा आर्थिक अवस्थाको यथार्थ चित्रण नै यस उपन्यासको कथावस्तु हो।

**४.१.५. चरित्रचित्रण :**

आधुनिक उपन्यासमा चरित्रको भूमिका निकै महत्त्वपूर्ण रहेको हुन्छ। व्यक्तिले संवरण गरेको गुण, दोष प्रकट गर्ने मूल तत्त्व नै चरित्र हो। चरित्रकै माध्यमबाट व्यक्तिको बाह्य तथा आन्तरिक पक्षलाई सर्जकले पाठकसामु प्रस्तुत गरेको हुन्छ। उपन्यासमा कुनै पनि घटना आफैं घट्दैन, पात्रद्वारा घट्ने गर्दछ। चरित्र निर्माणमार्फत नै व्यक्ति तथा समाजको आन्तरिक तथा बाह्य प्रवृत्तिहरूको प्रस्तुति हुन्छ।[६३] सर्जकले उपन्यासमा प्रस्तुत गरेका चरित्र नै समाजका प्रतिनिधि रहेका हुन्छन् र तिनीहरूले गर्ने सत् असत् कार्य पनि सामाजिक पृष्ठभूमिमै रहेको हुन्छ। उपन्यासमा पात्रहरूको प्रयोग मानव र मानवेतर दुवै किसिमका हुन सक्छन् र तिनीहरूले वहन गर्ने भूमिका पनि मुख्य, सहायक, गौण आदि रहेका हुन्छन्। मुख्य पात्रले खेल्ने भूमिका महत्त्वपूर्ण हुनुका साथै कथालाई समेत अगाडि बढाउने किसिमको हुन्छ। सहायक तथा गौण पात्रले पनि सोही कार्यलाई सहयोग पुऱ्याएको पाइन्छ। कथावस्तुको स्वरूप र स्थितिअनुसार यी पात्रहरूले विभिन्न विशेषता बोकेका हुन्छन्। चरित्रले नै सम्पूर्ण उपन्यासको वैचारिक पक्षलाई सङ्केत गरेको हुन्छ, प्रतिनिधित्व गरेको हुन्छ। उपन्यासका पात्रहरू केन्द्रीय, परिधीय हुनाका साथै प्रवृत्तिगत आधारमा पात्रहरू अनुकूल, प्रतिकूल गरी दुई किसिमका पनि हुन्छन्। उपन्यासकारले अनुकूल पात्रमार्फत देश, काल, परिस्थिति, संस्कृति, आर्थिक, राजनैतिक आदि परिवेशलाई ध्यानमा राखेर कार्य गर्दछ। उपन्यासकारले आफ्नो विचार, उद्देश्यलाई पनि सोही पात्रका माध्यमबाट भनिरहेको हुन्छ। उपन्यासमा त्यस्तै गतिशील र स्थिर, यथार्थ, आदर्श, अन्तर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक आदिका रूपमा चरित्रलाई हेरिएको पाइन्छ। त्यस्तै लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदिका रूपमा चरित्रको भूमिका रहेको हुन्छ। उपन्यासभरि पात्र सृजनाका क्रममा

---

[६३] कृष्ण बस्नेत, पूर्ववत्, पृ. २५।

आवश्यकताअनुसार धनी, गरिब, विद्वान्, मूर्ख, युवा, वृद्ध, सज्जन, दुर्जन, उदार, अनुदार, स्वार्थी, निस्वार्थी आदि जस्तासुकै पनि प्रयोग भएका पाइन्छन् । उपन्यासकारले काल्पनिक चरित्रमार्फत जीवन र जगत्को यथार्थ चित्रण गरेको हुन्छ । यसरी उपन्यासको समग्र पक्षलाई प्रभावकारी बनाउने उद्देश्य र विचारको प्रकटीकरण गर्ने चरित्रको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । चरित्रको सहायताले उपन्यासमा उनीहरूका जातीय विशेषताहरू, मानवीय शास्वत सत्यहरू र व्यक्तिको प्रवृत्तिगत वैचित्र्यहरू उद्घाटित गरेको पाइन्छ ।[84]

### ४.१.६ दृष्टिविन्दु :

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिने वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो ।[85] यसले कथा भन्ने व्यक्ति वा तरिकालाई बुझाउँछ । दृष्टिविन्दु मूल रूपमा कुन पात्रलाई मुख्य केन्द्र बनाएर कथा भनिएको छ ? र कथाहरूसँग त्यस पात्रको कुन प्रकारको सम्बन्ध कायम रहेको छ ? भन्ने प्रश्नमा आधारित हुन्छ । उपन्यासको प्रस्तुतिलाई जीवन्त राख्ने कार्य दृष्टिविन्दुले गर्दछ । आधुनिक उपन्यासपरम्परामा दृष्टिविन्दुलाई महत्त्वपूर्ण तत्त्वका रूपमा लिईन थालिएको छ । उपन्यासमा कथावाचक कसरी उभिन्छ मात्र उपन्याससित गाँसिएको छैन, कथावाचक कसरी कथा भन्दछ, केको कथा भन्दछ भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण छ । दृष्टिविन्दुअनुसार कथा वाचकको स्थितिलाई विभिन्न किसिमले व्याख्या विश्लेषण गरेको पाइन्छ । यसरी हेर्दा दृष्टिविन्दु बाह्य वा तृतीयपुरूष र आन्तरिक वा प्रथमपुरूष गरी दुई प्रकारका हुन्छन् । मुख्य रूपमा हेर्ने हो भने पात्रलाई म र त्यो को रूपमा प्रयोग गरिएको हुन्छ । उपन्यासमा दृष्टिविन्दु कथानकको प्रस्तुतीकरणसँग सम्बन्धित महत्त्वपूर्ण तत्त्व हो । तृतीयपुरूष दृष्टिविन्दु भएका उपन्यासमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ । उपन्यास कथयिताका आधारमा यसलाई सर्वज्ञ र सीमित गरी दुई वर्गमा बाँड्न सकिन्छ ।[86] सर्वदर्शी दृष्टिविन्दुमा उपन्यासकारले उपन्यासका सबै पात्रहरूको भावना, विचार, उद्देश्य आदिको मनोस्थितिको बारेमा चित्रण गर्ने गर्दछ । उपन्यासमा कथयिताले नै सम्पूर्ण कुरा आफ्नै नियन्त्रणमा लिएको हुन्छ । सर्वज्ञ पनि हस्तक्षेपी र निर्वैयक्तिक गरी दुई प्रकारको हुन्छ ।[87] सीमित दृष्टिविन्दुमा चाहिँ केवल एक पात्रको मनोस्थितिको चित्रण गरिन्छ । सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गरिन्छ । आन्तरिक दृष्टिविन्दुमा म पात्रका रूपमा चरित्रले  कथावाचन गर्दछ । पात्रको कार्यको आधारमा प्रथमपुरूष दुष्टिविन्दुलाई केन्द्रीय र परिधीय भनी छुट्याउन सकिन्छ ।[88] समग्रमा भन्दा दृष्टिविन्दु उपन्यासमा कथावाचकको अवस्था हो । वास्तवमा आख्यानको सन्दर्भमा दृष्टिविन्दु भन्नाले

---

84 कृष्णचन्द्रसिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, पूर्ववत्, पृ. ८ ।

85 कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३८ ।

86 कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३८ ।

87 ऐजन ।

88 ऐजन ।

कथावाचक उभिने ठाउँ भन्ने बोध  हुन्छ ।[६७] यसरी विविध पात्रको सजीवतामाथि प्रकाश पार्ने काम दृष्टिविन्दुले गर्दछ ।

दृष्टिविन्दु उपन्यासकारको दृष्टिकोणको प्रतिनिधित्व हो । उपन्यासमा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु र तृतीय पुरुष बाह्य दृष्टिविन्दु गरी दुई प्रकारका हुन्छन् । यस उपन्यासमा तृतीय पुरुष वाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

त्यसैले उपन्यासको थालनीमा तृतीय पुरुष वाह्य विन्दु दृष्टिविन्दुका रूपमा द्रष्टा वा सर्वज्ञाता स्वयम् उपन्यासकार नै हुन । उपन्यासकारले उपन्यासभन्दा बाहिर रही सम्पूर्ण कथावाचन गरेकाछन् । उपन्यासमा ऊ र उनीहरू पात्रका जीवनमा घटेका घटना र मूल ऊ पात्रका रूपमा रहेको अमरराजको पारिवारिक वंशजको वर्णन गरिएको छ । उपन्यासको सम्पूर्ण घटनाको द्रष्टा वा सर्वज्ञाता स्वयम् उपन्यासकार हुन् । कथायिता स्वयम् म पात्रको रूपमा उपन्यासमा उपस्थित भएका छैनन् । अन्य पात्रको मानसिक स्थिति एवम् चरित्रलाई कथावाचक आफैले वर्णन गरेका छन् । यसरी उपन्यासकारले उपन्यासबाट बाहिर बसेर वर्णन गरेको यस उपन्यासमा तृतीय पुरूष बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

उपन्यास तृतीय पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग अमरराज र अन्त्यमा साथीहरूको दिनचर्या र पारिवारिक अवस्था र भोग्नुपर्ने दुःखद् परिस्थितिको प्रासाङ्गिक घटनाहरू रहे पनि आदि मध्य र अन्त्य अमरराजका कथाव्यथालाई प्रस्तुत गरिएको छ । उपन्यासको सुरुमा नै अमरराजको विसङ्गत पूर्ण स्थिति र निम्न आर्थिक परिवारको यथार्थ चित्रणको वर्णन गरिएको छ । उपन्यासभित्रका केही पात्रहरूमा परिवर्तन देखिए तापनि अमरराज र अन्य साथीहरूमा जीवन रहेसम्म कुनै परिवर्तन आएको देखिदैन । बरु उनीहरूमा दृढता, अठोट र आत्मविश्वास भने कमी आएको देखिन्छ । अमरराज लगायतका साथीहरूमा विपरीत परिस्थितिसँग डटेर लड्ने सामान देखिँदैन । त्यही नसक्नुकै परिणाम रोग मृत्यु, वैराग्य र उदासपूर्ण जीवन जिउन विवश छन् । अमरराज र उसका साथी (बलराम, शम्भु, भैरव, जीवन र माधव) माध्यमबाट समाजका विसङ्गतको, विकृतिलाई देखाउँदै वृद्धहरूले भोग्ने कष्टपूर्ण कारुणिक जीवनको यथार्थ घटनालाई प्रस्तुत गरिएको छ । यसका केही उदाहरणलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

ऊ केही बोलेको थिएन । अरूका सगँसँगै आफ्नो घडी पनि उसले अरूलाई देखाएर फुकालेको थियो । उसले त्यसबाट ठट्टा उमार्ने प्रयत्न गरेको थियो । तर परिस्थिति भने, आई.सी.यु. मा भर्ना भइसकेको थियो । पृ. ३

दुविधा उपन्यासमा प्रमुखपात्रको भूमिका निर्वाह गर्ने अमरराजका साथीहरू पीपलको बोटमुनि प्रेमीबाट बलात्कृत भएर बसेकी नर्मदाकहाँ साथीहरू एक अर्कालाई छलेर यौनको भोक मेटाउँन जाने क्रमको वर्णन गर्दा पनि सबै घटना तृतीय दृष्टिविन्दुको रूपमा प्रयोग भएको छ । भैरवले सोध्यो- “के भो नर्मदा, एक्कासी तिम्रा आँखालाई ? कसिंगर पऱ्यो कि ?”

---

[६७] डा. ऋषिराज बराल, “दृष्टिविन्दु र नेपाली उपन्यास”, **मिर्मिरे**, ( काठमाडौं : नेपाल राष्ट्रबैंक बैंकर्स क्लब थापाथली, वर्ष २३, अङ्क, ७, पूर्णाङ्क ११२, २०५१), पृ. १७ ।

यस वाक्यपछि पोखरीमा ढुङ्गा हाने जस्तै भए छ, नर्मदाले आँसु झारी नै दिई। आँसु झारेपछि बोली केही नाटक मिसाएकी भए पनि क्षम्य थियो। बोली- "कसिंगर मेरा आँखामा होइन, जीवन मै परेको छ। आँखाले त त्यो कसिंगर बगाउँनमा मद्दत पुऱ्याएको छ।" पृ. १०९

यसरी नै नेपाली समाजमा रहेका वृद्धहरू माथि गरिने अनैतिक र वद्नियतपूर्ण दुर्व्यवहारलाई तृतीय पुरुष सर्बदर्शी दृष्टिबिन्दुमा नै प्रस्तुत गरिएको छ।

ए..... अमरराजले हँसिलो अनुहार पार्दै भन्यो। उसले बुझ्यो, कमलले जे भन्छ, यिनीहरू त्यसैको पालन गर्छन्। त्यसैले उसलाई केही भनेनन्। बिहेको कुरा, घर सर्ने कुरा केही पनि।

यस बखत अमरराज आफूलाई चिरेको दाउराको चिर्पट जस्तै भुँईमा लडेको र मिल्किएको अनुभव गरिरहेको थियो। पृ. १८७

प्रस्तुत उपन्यासमा आउने प्रायः सबै पात्रहरूको आवेगात्मक तथा संवेगात्मक मनस्थितिको चित्रण तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुमा नै भएको छ। उपन्यासका अमरराज लगायतका अन्य पात्रहरूको मनस्थितिको चित्रण बाह्य रूपमा भएकाले यसमा सर्वदर्शी दृष्टि बिन्दुको प्रयोग भएको छ। देशमा वृद्धजनहरूले भोग्नुपर्ने दासत्वपूर्ण दुर्व्यवहारदेखि लिएर अन्य सामाजिक विकृति, विसङ्गति राजनैतिक भ्रष्ट आचरण, आर्थिक दुराबस्ताले निम्त्याएका जटिल परिस्थिति, धार्मिक विकृति आदिको चित्रण गरिएको छ। इमान्दार र नैतिकवान् मानिसले बाँच्ने ठाउँ नभएको बरु विभिन्न आपराधिक लाञ्छना लगाई बाँच्नु न मर्नुको द्विविधापूर्ण स्थितिमा रहन बाध्य पारिएको यथार्थ चित्रण गरिएको छ। अनैतिक र भ्रष्ट आचरण, फटाहा चरित्र भएकालाई नाम र दाम मिल्ने यथास्थितिको यथार्थ चित्रण गरिएको छ। आफ्नो जीवनको मूल्यवान समयलाई घरपरिवार र आफ्ना भनिएकालाई अर्पण गरेर दिलोज्यान दिए पनि अन्त्यमा आफू असक्त, असक्षम भएपछि कोही कसैको सहयोग त के सहानुभूति समेत नपाई मानवेतर पात्र जस्तै दुःखत र निराशायुक्त जीवन बाँच्न विवश परिस्थितिको चित्रण गरिएको छ। समाजमा रहेका कतिपय मान्छेहरू आफ्ना भनिएका मान्छेहरूलाई अरूको परिवारलाई भाँडेर तहसनहस पारेर खुसी मनाउने कमलराज जस्ताको चित्रणलाई तृतीय पुरुष दृष्टिविन्दुको रूपमा प्रस्तुत गरिएको छ। उपन्यासमा प्रयुक्त सत असत सम्पूर्ण पात्र-पात्राहरूको चरित्रलाई सर्वदर्शी तृतीय पुरुषको रूपमा प्रयोग गरिएको छ।

### ४.१.७. परिवेश :

उपन्यासमा देश, काल, वातावरणको पनि स्थान महत्त्वपूर्ण रहेको हुन्छ। उपन्यासकारले देश, काल, वातावरणलाई नै आधार बनाएर उपन्यास रचना गरेको हुन्छ। उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान, समय, वातावरण अथवा घटनाहरू घटित हुने वस्तुजगत्लाई नै परिवेश भनिन्छ। देशकालभित्र चरित्रको सम्पूर्ण पर्यावरण समेटिएको हुन्छ। समाजका विविध समस्या, रीतिस्थिति, चालचलन, सामाजिक मूल्य र मान्यता, समाजसँग सम्बन्धित रहेका हरेक सांस्कृतिक पक्ष आदिलाई यसले समेटेको हुन्छ। त्यसैले उपन्यासकारले यी विषयहरूकै सेरोफेरोमा समाजसापेक्ष भएर परिवेशको निर्माण गरेको भेटिन्छ। सामान्यतः उपन्यासमा कुन समाज र त्यसको अवस्था लेखिएको छ भन्ने कुरालाई परिवेश अन्तर्गत हेरिन्छ। त्यस उपन्यासको मूल्यनिर्धारण गर्दा पनि परिवेशसँग तुलना

गरी गर्ने गरिन्छ । जहाँ रहेर पात्र-पात्राहरू कार्य गर्छन् त्यस्तो घटनाको समय वरिपरिको आन्तरिक र बाह्यस्थिति आदिलाई देश, काल, वातावरणको रूपमा लिइन्छ ।[९०] सर्जकले परिवेशअनुसार कृति सिर्जना गर्न नसके सो कृतिको सफलताको अपेक्षा गर्न पनि सकिदैंन । उपन्यासकार स्वयं पनि आफ्नै देश, काल, जाति, संस्कृतिमा हुर्कने भएकाले उसले उपन्यासमा पनि सोही सामाजिक परिवेशलाई लिएको पाइन्छ । परिवेशलाई पनि आन्तरिक तथा बाह्य गरी दुई भागमा हेरिन्छ । बाह्य परिवेशमा सामाजिक, राजनैतिक तथा प्राकृतिक पर्दछन् र आन्तरिक परिवेशमा व्यक्तिको वैयक्तिक मनोजगत पर्दछ ।[९१] विश्वसाहित्यमा पनि समसामयिक परिवेशलाई समेट्न सकेका उपन्यासहरू अत्यन्त सफल भएका छन् । परिवेशको सजीव चित्रणले उपन्यासलाई विशिष्ठ बनाउन सहयोग गरेको देखिन्छ । परिवेशले नै सामाजिक जीवन, त्यहाँको लवाइखुवाइ, प्रवृत्ति, भेषभूषा र समाजका मानवीय समस्याहरूको प्रतिकृति उतारेको हुन्छ । त्यसैले उपन्यासलाई प्रभावकारी र रोचक बनाउन परिवेशको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासकारले एउटा निश्चित आधारभूमि तयार गरेर यसको निर्माण गरेको हुन्छ । उपन्यासमा वर्णित विषयवस्तु नै सामाजिक परिवेशले निर्माण गरेको हुन्छ ।

**दुविधा** उपन्यासमा कार्यव्यापार भएका वा घटेका घटनाहरू नै यसको परिवेश हो । उपन्यासमा कार्यव्यापार भएका सम्पूर्ण घटनाहरू काठमाडौंको परिवेशमा नै केन्द्रित रहेको छ । यहाँ उपन्यासको मुख्य पात्र एवं नायक अमरराजको जीवन भोगाइका संकटपूर्ण व्यथाहरू प्रस्तुत भएका छन् । अमरराज र अन्य साथीहरूले वृद्ध अवस्थामा भोग्नु पर्ने दुरावस्था र दुर्व्यवहार बारेका घटनाका साथै गाउँबाट प्रेम गरी ल्याईएकी नर्मदा, अमरराजको भतिजो कमलराजको वैभव आदि प्रसङ्ग काठमाडौंभित्र कै देखाएको छ र केही छिटफुट घटना झापा जिल्लाको पनि देखाएको भएता पनि मूल घटना क्रम काठमाडौंको सेरोफेरोमा घुमेको छ ।

उपन्यासको प्रारम्भमा काठमाडौंको पुरानो घरभित्रका आर्थिक समस्याका बीचमा पनि दिनहुँजस्तो साँझमा रक्सी खाई सुतेर बिहान श्रीमतीसँग समस्यालाई टार्ने बहाना खोजिएको अवस्थालाई देखाइएको छ । एकातिर दिनप्रतिदिन घरको स्वरूप बिग्रिदै जानु र अर्कोतिर घरको आर्थिक अवस्था कमजोर हुँदै जानु र समाजका वृद्ध व्यक्तिहरूलाई गरिने अपहेलना र दुर्दशापूर्ण दुव्यर्वहारको यथार्थ चित्रण नै यसको आधारभूमि हो । यसमा आन्तरिक वर्गीय द्वन्द्व, विसङ्गति र विकृतिपूर्ण सहरीया वातावरण नयाँ पिँढी र पुरानो पिँढीका बीचको द्वन्द्वमा पुरानो पिँढीले भोग्नुपर्ने समस्या, परम्परागत मूल्य र मान्यतामा आधारित जीवनशैली, राजनैतिक विसङ्गति र सामाजिक विकृति आदि यसको परिवेश हो । राजनीतिमा पण्डित र मन्त्री मिलेर घुस खाने प्रवृत्ति, कमलराजले भष्ट्र र अनैतिक कार्यबाट ब्रिफकेसभरि ल्याई रकम गनेको दृश्य यसमा प्रस्तुत गरिएको छ ।

[९०] टंक न्यौपाने, पर्ववत्, पृ. २१४ ।

[९१] कृष्ण बस्नेत, पूर्ववत्, पृ. २९ ।

यस उपन्यासको मूल घटित घटनाहरू वृद्धावस्थाका अमरराज र लगायतका भैरव, शम्भु, बलराम, जीवन र माधवहरूले भोग्नु परेको र भोगाइका संकटपूर्ण व्यथाहरूको यथार्थ चित्रण नै 'दुविधा' उपन्यासको मुख्य परिवेश मान्न सकिन्छ। उदाहरण स्वरूप शम्भुले भनेको थियो, "हामी प्रायःजसो अब आ-आफ्नो दुनियाँमा घरमा अरूको दिनचर्याको अङ्गमात्र हुँदै गइरहेका छौं, पूर्ण रूपमा भइसकेका छैनौं, हाम्रो बाँच्ने आधार त्यति हो" (पृ.१६९)।

बूढाले भने- 'म के गरूँ त ? बाबु-आमाको काम हो, जन्मदिनु र हुर्काउँनु। उमेरको जिम्मा त भाग्यकै हातमा हुन्छ, त्यसकारण म धेरै बाँचे भनेर दुःख मनाउ नगर बाबु हो, तिमीहरूलाई यिनै हातले हुर्काएको हुँ। नातिनातिना जन्मिदा खुसी मनाएकै हुँ। सब व्यर्थ रहेछ। तर अब म नमरे पनि तिमीहरूलाई धेरै दुःख भने दिन चाहन्न।

बूढाले त्यसोभन्दा कमलराज पनि त्यही थियो। उसले भन्यो- "हजुरबुबा मैले धेरैजसो बूढाहरूको एउटै मनोविज्ञान देखेको छु। उनीहरू दीर्घजीवी बनून्, त्यसमा हाम्रो सहमति छ, तर मृत्यु नहुञ्जेल पछिको पुस्ता त छँदैछैन जस्तो ठानिदिन्छन्। आफू निष्क्रिय र अशक्त भइसकेका हुन्छन्। तैपनि हामी छाडेर को छ त भन्ने धारणा किन पाल्दछन् ? हजुरहरूले हाम्रो उमेर बढेकै देख्नु हुन्न कि कसो ? यसको अर्थ त भयो वृद्धहरूले बढी बाँचेको सजाय पो हामीले भोग्नुपर्ने भयो। यस्तो केले गर्दा होला ?"

"यी तिमीहरू जस्तै नालायकले गर्दा" बूढाले भने- ठीक छ नि त, अब म बढी बाँचेको सजायँ तिमीहरूलाई कहिल्यै दिनेछैन भन्ने अठोटका साथ नै आएको छु। अबदेखि म आफ्नो जीवन आफ्नै हिसाबले भोग्छु।

यसपटक 'भोग्छु' भनेकोमा सबै सर्तक भए। बूढाको आशय कुनै अर्कै प्रकारको छ कि ?

"स्पष्ट भन्नुस् न त के भन्न खोज्नु भएको हो ?" कमलराजले भन्यो। "म अब यस घरमा बस्न नसक्ने भएँ बाबै हो, मैले बेग्लै डेरा लिइसकेको छु, त्यही सूचना दिन आएको हूँ।"

"किन के पऱ्यो र त्यस्तो बुबा ?" अमरराजले अलिक सुर्ताएको भाव प्रकट गर्दै सोध्यो।

"आफ्नै घर मान्छेलाई वन जंगल जस्तो खुख्वार र झम्टिने खालको लाग्न थालेपछि, कि पर्खेरै बस्नु पऱ्यो, कि थर्केरै बस्नु पऱ्यो। कि अलि चर्केर बस्नु पऱ्यो, होइन त ?" बूढा आफूले तुक्का जोरेकोमा आफैं हाँसे अन्त्यमा। पृ. ११८

एकदिन अमरराजले राति आएपछि सोध्यो- "खानलाई केही छ ?" स्वास्नीले भनी- "छैन।"

"किन ?"

हामीले उता छेउमा खायौं। छोराहरू पिकनिक गएका थिए। हजुरको एक त ठेगान भएन। दोस्रो, घरमा चामल बाहेक केही पनि छैन।" स्वास्नीले काटिएको हाँगो जस्तो आवाजमा भनी। पहिले भएको भए भन्थी- "जाउँलै भए पनि पकाइदिऊँ कि ?"

अमरराज त्यस रात केही नबोलेर त्यसै सुत्यो । त्यसको भोलिपल्टदेखि ऊ अलिकति विचार गर्न थाल्यो । लाग्यो, उसलाई सबले एउटा बाहिरबाट आइपरेको वस्तु जस्तै भेल्नु पर्ने मानिसके छन् । उसलाई अचम्म लाग्यो, बाजे, बाबुपछि अब ऊ पो यस दर्जामा उक्लेछ, जहाँ सबै आफन्त हुन्छन्, तर आफू चाहि नितान्त एक्लो र वेवास्ताको पदार्थ होइन्छ । यो कसरी हुँदोरहेछ ? के ले गराउँछ, यसको अनुसन्धान गर्न गाह्रो लाग्यो उसलाई (पृ. १७८) ।

यसरी हाम्रो समाजमा रहेको सामाजिक विकृति र विसङ्गतिको यथार्थ चित्रण 'दुविधा' उपन्यासको मूल परिवेशका रूपमा आएका छन् । वृद्धावस्थामा पुगेपछि घरपरिवार, समाज र हुँदाहुँदै आफ्नै सन्तान र श्रीमती समेतको दृष्टिमा आँखाको कसिङ्गर हुनु पर्ने र दुर्दशापूर्ण जीवन बिताउँनु पर्ने स्थितिको परिवृत्तमा नै यो उपन्यास केन्द्रित छ । अन्य गौण प्रसङ्गमा पनि धर्म सँस्कृति राजनैतिक, शैक्षिक, प्रेम, वासना, युवायुवतीको वार्तालाप, विद्रोही भाव निःस्सारता र अस्तित्व बोध आदि देशमा तत्कालीन व्यवस्था र अवस्थाको साथै काठमाडौंको परिवेशको जीवन्त प्रतीकात्मक चित्रण 'दुविधा' उपन्यासमा गरिएको छ ।

**४.१.८ सारवस्तु :**

दुविधा उपन्यासको सारवस्तुका रूपमा गौतमले आजको विषम परिस्थिति चर्चा गर्दै सामाजिक, आर्थिक, राजनैतिक पक्षमा रहेको अन्यौल र भयावह स्थितिलाई देखाएका छन् । नयाँ र पुराना पुस्ताको बीचको द्वन्द्वमा पुरानो पुस्ताको हारले भोग्नुपर्ने कष्टकर दुःखद् जीवन- पद्धतिलाई औल्याँइएको छ । प्रत्येक नयाँ पिंढीले पुरानो पिँढीका वृद्ध व्यक्तिलाई गर्ने दुर्व्यवहार र हेर्ने दृष्टिकोणको उदाङ्गो चित्रण दुविधा उपन्यासमा उजागर गरिएको छ । यसरी नयाँ पिंढीले पुरानो पिंढीलाई बेकम्मा, परिवारको भार, कष्टकर जीवन बिताउन खोजेको र मिल्किएको वस्तु, अस्तित्वहीन जन्तु आदि जस्ता तिरस्कार छिःछि र दूर-दूरको अपमानित जीवन जिउनु पर्ने अवस्थाको चित्रण प्रस्तुत गरिएको छ । सामाजिक द्वन्द्वरत पिंढीहरूमा नयाँ पिंढी असत् पक्षमा र पुरानो पिंढी सत् पक्षमा उभ्याएका छन् । असत् पक्षको नेतृत्व कमलराज लगायतका नयाँ पिंढीले गरेका छन् भने सत् पक्षको नेतृत्व अमरराज र उसका साथीहरू आदिले गरेका छन् । प्रत्येक नयाँ पिंढी र पुराना पिंढीको बीचको द्वन्द्व यथार्थपरक ढङ्गबाट देखाइएको छ। समाजमा रहेको आर्थिक विपन्नता र सम्पन्नताको बीचको द्वन्द्वमा सम्पन्नताको विजयलाई दूभाग्यपूर्ण ठानिएको छ। समाजमा रहेका प्रेम र यौनजन्य विकृति र विसङ्गतिलाई समेत स्थान दिएको छ। मान्छे सामाजिक र आर्थिक रूपमा न्याय नपाई पिंडित भएपछि सामाजिक मूल्य र मान्यताप्रति वास्ता नराख्ने बाँच्ने आडमा रक्सी र वेश्याको कुलतमा फस्ने जस्ता कार्य गर्न समेतपछि पर्दैन भन्ने कुरालाई पनि यसमा देखाइएको छ। स्वभाविक रूपमा बाल्यकालमा देखिने मित्रताको गाढा सम्बन्ध समान समस्या ग्रस्त भएपछि वृद्धावस्थामा पनि हुन्छ भन्ने कुरा यसमा देखाइएको छ । जसरी घर पुरानो र जीर्ण हुँदै जाँदा त्यसको अस्तित्त्व ठानिदैन, त्यसै

गरी मान्छे पनि बूढो भएपछि अस्तित्त्वविहिन ठानिने सामाजिक चिन्तन र विचारप्रति व्यङ्ग्य गरिएको छ। वृद्धावस्थामा पुगेका मान्छेहरूले समाज घरपरिवार र राष्ट्रले समेत संरक्षण गर्न नसकेको विवशताको पराकाष्ठामा पुगेर सहज रूपले मृत्युवरण गर्नु पर्ने विडम्वनाको यथार्थ चित्रण यसमा गरिएको छ।

माधवले भन्यो- "एउटा सानो चिट लेखेको रहेछ। पछि थाहा भयो, चिटमा उसले धेरै केही लेखेको थिएन। लेखेको थियो उही कुरा- "ब्रह्माण्डमा यो ग्रह बाँच्ने लायक रहेन, यो ग्रहमा यो मुलुक बाँच्न लायक रहेन, यो मुलुकमा हामी बाँच्ने लायक रहेनौं, अनि अब हामीमा म झन् बाँच्ने लायक रहिन्। तैपनि मर्ने र बाँच्ने दोधारमा लेख्दैछु, यो एउटा यस्तो मानिस आफूलाई समाप्त पार्दैछ। जो अझै केही समय बाँच्न चाहन्थ्यो।" पृ. १९७

नेपाली समाजमा दिन-प्रतिदिन खस्किदै गएको आर्थिक अवस्था र केही सीमित व्यक्तिहरू नवधनाढ्य बन्ने स्थितिको चित्रण यसमा देखाइएको छ। सामाजिक आडम्वर र पूरातनवादी सोचले जकडिएको अमरराजको पारिवारिक आर्थिक स्थिति कमजोर हुँदै गएर छोराछोरीको पढाइ-शुल्क तिर्न समेत छोरीको मुन्द्री बेच्नुपर्ने अवस्था, खाद्यान्न समस्या जुटाउँन नसकी जाउलो खानु पर्ने अवस्था आदि नेपाली समाजका तत्कालीन यथार्थ अवस्थाका बारे यसमा देखाएको छ। जीवन यापन गर्ने सिलसिलामा नेपाली युवतीको प्रतिनिधित्वका रूपमा नर्मदाले वेश्यावृत्ति जस्तो घृणित काम गर्न पुग्छे। आर्थिक अवस्था कमजोर हुँदै गएकाले समाजका वृद्धजनहरूले अपमानित र कष्टपूर्ण जीवनयापन गर्न बाध्य हुने स्थिति सृजना हुन्छ भन्ने कुराको यस उपन्यासमा चित्रण गरिएको छ। "तर हामी धेरै खान्छौ, अनि अनेक किसिमले आफूलाई आश्वस्त पार्दै खान्छौ, यही खराव हो। घर समेत बिग्रिन आँटिसक्यो। जुनसुकै विपत्तिको दोष पनि रक्सीलाई नै दिन्छन्। के गर्ने ?" जीवनले भन्यो।

समाजमा विद्यमान परम्परागत मूल्य र मान्यतामा ह्रास आएको र धर्म, संस्कृति र परम्पराको जगेर्ना गर्ने समेतको आचरण बिग्रिदै गरेको छ भन्ने कुरालाई पनि औंल्याइएको छ।

यसरी समाजमा रहेका अनेक विकृति र विसङ्गतिलाई यथार्थपरक ढङ्गबाट यस उपन्यासमा देखाउने प्रयास गरिएको छ। धर्म रक्षा खातिर उभिएको अंगुल ऋषिले आफ्नै यजमानकी श्रीमतीलाई बलत्कार गर्न खोज्नु, कक्षा ८ मा पढ्दै गरेकी कलिली छोरीलाई आफ्नै बाबुले बलत्कार गर्न बिक्री गर्नु, प्रेमको ढोङ रचेर दुव्यर्सनी प्रेमीले प्रेमिकालाई बलत्कार जारी मध्यरातमा अलपत्र सडकमा छोड्नु आदि समसामायिक घटनाहरूको यथार्थ चित्रण गरिएको छ। यसै गरी एउटै घरपरिवारभित्रको आर्थिक सम्पन्न पक्ष र विपन्न पक्षका बीचमा मनमुटाव सृजना भई छुट्टी भिन्न हुने पारिवारिक स्थितिलाई पनि प्रस्तुत गरिएको छ। समाजमा किशोरावस्थामा देखिने विपरीत लिङ्गप्रतिको यौन आकर्षण, प्रेम, सपना र सेक्सका विषयवस्तुको चित्रण पनि यस उपन्यासमा गरिएको छ। उपन्यासमा अनैतिक

ढंगबाट नवधनाढ्य बनेकाहरूले आफन्तलाई आर्थिक समस्या परेको बेलामा आर्थिक सहयोग दिने नाममा घरजग्गा र अंश समेत हडप्ने प्रवृत्तिलाई देखाइएको छ। साथी-साथीहरूको बीचमा एक अर्कामा खुट्टा तान्ने प्रवृत्ति, असहयोगी भावना भ्रुटो र गलत मनोवृत्ति रहेको विद्यमान नेपाली समाजको चरित्र यसमा देखाइएको छ।

यी लगायतका समाजका अनेक विकृति, विसङ्गतिले भित्र्याएको सामाजिक मूल्य, मान्यता र चेतनाको ह्रासोन्मुख गति नै यस उपन्यासको सारवस्तु हो भन्न सकिन्छ। मान्छेले व्यक्तिगत स्वार्थका लागि पारिवारिक सम्बन्ध, मानवता, नैतिकता जस्ता कुराहरू बिर्सिंदै गएको हुन्छ र जस्तोसुकै नित्कृष्ट कार्य गर्न समेत पछि पर्दैन भन्ने आधुनिक यथार्थको मर्मलाई यस उपन्यासले आत्मासात गरेको छ। सामाजिक आस्था र विश्वासको बाधक रूपमा रहेका गलत मूल्य र मान्यताको यथार्थ चित्रण यसमा भएको छ। सामाजिक कर्तव्यबोध नैतिकता, आदर्शता, इमान्दारीता, मानवता, दया, धर्म आदि जस्ता मानवीय गुणहरू नष्ट हुँदै गएको तीतो यथार्थको विशिष्ट चित्रण नै दुविधा उपन्यासको सारतत्व वा सारवस्तु हो भन्न अनकनाउँनु पर्दैन।

### ४.१.९ भाषाशैली

उपन्यासको प्रमुख तत्त्वका रूपमा भाषाशैलीलाई मान्न सकिन्छ। उत्कृष्ट उपन्यासको सिर्जनामा भाषाशैलीको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। शैली वर्णनात्मक, विवरणात्मक, भावात्मक, विचारात्मक जेसुकै भएपनि त्यसको प्रयोग र प्रस्तुतीकरणमा भर पर्छ। त्यसैले उत्कृष्ट उपन्यास निर्माण गर्दा भाषा पनि उत्तिकै सन्तुलित हुनु पर्दछ। हाम्रै सामाजिक परिवेशमा घटित घटनालाई भाषिक संयोजनका माध्यमबाट नै लेखकले प्रस्तुत गरेको हुन्छ। कतिपय उपन्यासकारहरू र उपन्यासहरू भाषाशैलीको माध्यमबाट उदाएका छन्। विषय मात्र निकृष्ट भएपनि भाषामा सरलता, सरसता, लयात्मकता, कोमलता छ भने त्यसले सफलता प्रदान गर्न सक्छ। समय परिस्थितिअनुसार विभिन्न किसिमका विम्ब, प्रतीक प्रयोग गर्नाले पनि उपन्यासको गरिमामा झन् बृद्धि हुन्छ। शैलीको परिकारमा विभिन्नता देखिए पनि यसको काम त कथ्यवस्तुको आकर्षक, रोचकपूर्ण र सजीव प्रस्तुतीकरण नै हो।[९२] वातावरण, संवाद, कार्यव्यापार आदि कुराहरू भाषाकै माध्यमबाट अभिव्यक्त भइरहेका हुन्छन्। आफूले व्यक्त गर्न खोजेका कुराहरूलाई लेखकले आफ्नै कला र सीपको प्रयोग गरेर भाषालाई उत्कृष्ट बनाएको हुन्छ। उपन्यास सिर्जनामा भाषालाई ध्यान दिइएन भने लेखक दुर्घटनामा पर्न सक्छ। उपन्यासकारले विषयवस्तुलाई रोजिसकेपछि त्यसलाई आफ्नो सीप र क्षमताले भ्याएसम्म भिन्न ढङ्गबाट प्रस्तुत गर्ने प्रयास गर्दछ। एउटै विषयमा पनि शैलीगत भिन्नताले गर्दा उपन्यासले उच्चता प्राप्त गरेको हुन्छ। उत्कृष्ट उपन्यासकारले भाषाशैलीमा आफ्नो निजी छाप छोड्न सकेको हुन्छ। यसरी भाषाशैलीको सन्तुलित प्रयोग भएमात्र उपन्यासले मूल्य प्राप्त गर्न सक्ने देखिन्छ।

---

[९२] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, पूर्ववत्, पृ. ९।

भाषा शैलीगत दृष्टिले 'दुविधा' मध्यमस्तरको उपन्यासको रूपमा रहेको छ । यसमा प्रयुक्त भाषा सरल, सहज, बोधगम्य र वर्णनात्मक देखिन्छ । उपन्यासका अधिकांश चरित्रहरू निम्न वर्गीय भएकाले उनीहरूले प्रयोग गरेका भाषा पनि स्तर अनुसारकै छ । पात्रहरू सुहाउँदो भाषाको प्रयोग गरिएकाले सर्वसाधारण पाठकका लागि पनि यो उपन्यास ग्राह्य रहेको छ । उपन्यासमा नेपाली सरल शब्दहरूको प्रयोग अधितकम रहेकै कारणले भाषा स्वाभाविक र सरस बनेको छ । यस उपन्यासमा अभिव्यक्तिका यान्त्रिक रूढ पश्चभूमिलाई तोड्दै नयाँ भाषाशैलीको खोजीतर्फ शक्तिशाली गद्यभाषाको प्रयोग भएको छ । सरलतम भाषाका माध्यमबाट उच्च गद्यशक्तिको सबल प्रयोग गरी औपन्यासिक भाषा एवम् अभिव्यक्तिलाई नयाँ स्वरूप दिइएको छ ।

प्रस्तुत 'दुविधा' उपन्यासमा संस्कृत, अंग्रेजी, हिन्दी, पोर्चुगाली, अरवी, तुर्की, फारसी, उर्दू आदि आगन्तक शब्दहरूको सफल प्रयोग गरिएको छ । संस्कृत भाषाका विविध पद र पदावलीको प्रयोग उपन्यासभित्र ठाउँ-ठाउँमा प्रशस्त भेट्न सकिन्छ । समुचित, निरापद, मुग्द्य, सूर्यास्त नीरस, हेतु, मन्त्री, मन्त्रमुग्ध, यजमान, संयमित, तपस्वी, कामासक्त सतीत्व, आर्द्र, विध्न, उद्भव, निमग्न, अनुपम, अदम्य, अनुगृहित तेजोमय, क्रोधित धीत, चिर, शास्वत, उदास, दूर्भाग्य जस्ता अनेक नेपाली जनजिब्रोले पचाउने खालका संस्कृत भाषाका शब्दहरूको अधिक प्रयोग गरिएको छ । संस्कृत भाषाका अधिकांश शब्दहरू हाम्रो दैनिक बोलचालको भाषामा आउने गरेका देखिन्छन् । तत्सम शब्दहरू आए पनि क्लिष्टता नभई सरल र सरस र स्वाभाविक लाग्दछ ।

यसरी नै 'दुविधा' उपन्यासमा रात, काम, घाम, आँखा, हात, अध्यारो, दाँत, ठूलो नयाँ, बहिनी भात, आँसु, भाँडा आदि तद्भव शब्दहरूको पनि प्रयोग भएको पाइन्छ ।

यसका साथै 'दुविधा' उपन्यासमा संस्कृत भाषा बाहेक अन्य विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरूको व्यापक प्रयोग पनि गरिएको छ । अंग्रेजी भाषाका आगन्तुक शब्द र वाक्यहरूको प्रयोग ठाउँ-ठाउँमा प्रशस्त गरिएको छ । फ्रिज, मिनरल वाटर, स्कूल जुनियर, टेन्सन रेष्ट, आइसक्रिम, क्यामेरा, क्याम्पस, बसस्टप, लाइफ, डाक्टर, ज्वाइन, क्लिनिक फेमिली, गेयर, प्रोटेक्शन क्यालेण्डर, क्रिकेट, पार्टनर, फ्याक्ट्री स्वायल, नीट, ट्रक ऋकिङ, गुड आदि रहेकाछन् । यसै गरी उपन्यासभित्र ठाउँ-ठाउँमा अंग्रेजी पदावलीको प्रयोग पनि गरिएकाछन् । जो यसप्रकार रहेकाछन्- एन अल्कोहलिक बडी इज प्रोन टु एनी डिजिज, अन्लकी थर्टिनदेखि पार्कर फिफ्टीवन, वोयोलोजिकल नीड, आई वाण्ट टू म्यारी हर, आई वाण्ट टू गिम हर ए स्टायाट्स इन द सोसाइटी । यस आई एम ए जीनियस, लेट्स बी फ्रयाङ्क एण्ड प्राक्टिकल नो प्रबोलम, आई क्यान हेल्प यू एनी अमाउण्ट, दिस इज द सेम बोटल, डण्ट टेक दिस एज अ जोक, दिस इज मोष्ट ऋुसियल क्वेश्चन अफ आवर टाइम, विमेन शुड बी आउट अफ दिस क्वेश्चन, अक्सर्डिटी विगिन्स फ्रम दिस भेरी प्वाइन्ट आदि रहेकाछन् ।

दुविधा उपन्यासभित्र अरबी भाषाका शब्दहरूको प्रयोग पनि भेटन सकिन्छ। ऐजन, कवुल हदबन्दी, ऐन, दलाल, तलब, कानुन, रिवाज, किताब, राय, मालिक, जमाना, खलल, हैसियत गरिब, इज्जत, नजर, बाँकी, हाजिर आदि अरबी शब्दको प्रयोग भएको पाइन्छ।

फारसी भाषाका शब्दहरू सुरुवा, सिकिस्त, बिरामी, मेच, परहेज, सहर, ताजा, हजार, पैसा, कमी, सरकार, नोकरी आदिको प्रयोग पनि भएको छ। यसका साथै दुविधा उपन्यासमा अन्य भाषाहरूबाट आएका आगन्तुक भाषाहरू निम्नअनुसार रहेकाछन्।

| | | |
|---|---|---|
| ल्याटिन शब्दहरू | : | क्याम्पस आदि। |
| ग्रीक शब्दहरू | : | प्रोग्राम आदि |
| हिन्दी शब्दहरू | : | मरते है, गले, मिही, चुमी आदि |
| भोट बर्मेली शब्दहरू | : | रक्सी आदि |
| नेवारी शब्दहरू | : | छिँडी, झ्याल, पसल, ढोका आदि |
| फ्रान्सेली शब्दहरू | : | पुलिस आदि |

'दुविधा' उपन्यासमा विभिन्न भाषाका आगन्तुक शब्दका साथै नेपाली झर्रा शब्दहरूको प्रयोग प्रशस्त मात्रामा भएको छ। यी शब्दहरूको प्रयोगले भाषालाई झन् जीवन्त र सरस बनाएको छ। अनुकरणात्मक शब्दले झन मीठासपूर्ण बनाएको छ। पुलुक्क प्याट, मुसुक्क, झ्यापझिप, ठट्याव्क, रनक्क, जुरूक्क, लस्तपस्त चपक्क, ढुक्क, निथ्रुक्क, लुसुक्क, स्वाट्ट, चुइँक्क, झ्वाट्ट, गद्गद, झ्वाट्ट, झसङ्ग, छ्या, सत्तो, फरक्क, झ्वाम्मै, लौ लौ, डङ्गरङ्ग, हस्याङ्फ्याङ् आदि ठेट नेपाली अनुकरणात्मक शब्दको प्रयोगले भाषिक उच्चता शिखरमा पुग्न सफल छ।

यसैगरी उपन्यासमा प्रयोग भएका द्वित्व र निपात शब्दले अझै सरस र सुवोध तुल्याएको छ। मुसुमुसु, करकरे, खोतल खातल, हतारहतार, झिकाई झिकाई झनझन, लस्तपस्त, निमोठनामोठ, नोटसोट, यसोउसो, भित्रभित्रै, जिनतिन, छोटोमोटो, सानोतिनो, घस्रीघस्री, राती-राती, हाँसी-हाँसी तलतल, कराइकराइ, हल्लाखल्ला, खिइदाखिइदा, खाउँखाउँ किचकिच, चुपचाप, हानाहान आदि द्वित्व शब्दहरू र नि नै ब्यारे, व्या, नै, त, पो, नि, रे, वाह, क्यारे, आदि निपात शब्दहरूको प्रयोगले उपन्यासको भाषालाई चखिलो र स्वादिलो बनाएको छ। उपन्यासमा नयाँ अन्वेषित भाषाका रूपमा प्रयोग भएका वाक्य र वाक्यांशले औपन्यासिक भाषिक शिल्पलाई नयाँ मोड र गति दिएको छ। परिस्थिति आई.सी.यू.मा भर्ना हुनु, सस्तो जातको होटल, काठमाडौंमा क्याप्सुल जस्तै निलिएर बस्नु, लगभग पिसापले च्यापे जस्तै हतारमा थाल्नु  बूढा ग्याँस सिलिण्डर जस्तै रित्तिएका थिए, रक्सी छाड्नु भनेको झटारोले तारा झार्नु जस्तै, नोटको न्यापकिन, यौवनाको त्यत्रो ढुङ्गो बूढाबाट समालिने हो कि होइन, सानदार वौद्धिक पशु, बेहासीमा नाकबाट ग्लुकोज खाएजस्तो आदि वाक्यशंहरूले उपन्यासलाई भाषिक नवीनतातर्फ उन्मुख गरेका छन्।

### ४.१.१० द्वन्द्व :

उपन्यासभित्र द्वन्द्व हुन अति आवश्यक भनिन्छ द्वन्द्व विना उपन्यास अगाडि बढ्न सक्दैन। द्वन्द्वलाई सङ्घर्ष पनि भन्ने गरिन्छ। कथावस्तु र पात्रको विविध क्रियाकलापद्वारा आबद्ध गराएर अभिव्यक्ति दिने तत्त्व द्वन्द्व हो।[९३] उपन्यास विभिन्न पात्रका माध्यमबाट अगाडि बढ्दै जाँदा द्वन्द्वको सिर्जना हुन पुग्छ। उपन्यासभरि सत् पक्ष र असत् पक्ष, न्याय-अन्याय, नायक-प्रतिनायक, आदिका वादविवादबीच द्वन्द्व अगाडि बढ्छ। द्वन्द्वले गर्दा नै कुतूहलता र उत्सुकता प्रकट हुने गर्दछ। सामाजिक परम्परा, परिवेश, वातावरण आदि कार्यले उपन्यासका पात्रहरूमा द्वन्द्व सिर्जना भएको हुन्छ। उपन्यासभित्रको द्वन्द्वले पाठकको मानसिक क्षमतालाई गतिशील बनाइदिन्छ। द्वन्द्वको सिर्जना भएपछि पाठकको अन्तर्मन पनि गतिशील भई उनीहरू उपन्यासको अन्त्यसम्म नै जिज्ञासु रहन्छन्। उपन्यासमा संवाद अनिवार्य रहेको हुन्छ। उपन्यासमा रोचकता, कौतूहलता सृजना गर्न द्वन्द्वको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। उपन्यासकारले के भन्छ भन्दा पनि उपन्यासकारले चयन गरेको पात्रले के भन्छ भन्ने कुरा बुझ्न पाठक आतुर हुन्छन्। द्वन्द्वमार्फत उपन्यासकारको शैल्पिक क्षमतालाई जाँच्न सकिन्छ। त्यसकारण, संवाद वा द्वन्द्वलाई आकर्षक बनाउन लेखक सतर्क भएको हुनुपर्छ।

### ४.१.११. बिम्व तथा प्रतीकहरू :

'दुविधा' उपन्यासमा प्रयोग गरिएका बिम्व तथा प्रतीकको योजनाले उपन्यासको उद्देश्यमा पुग्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। चौथो पुस्ताभन्दा अघिको पुरानो र जीर्ण अवस्थामा रहेको घर मानिसले जतातते च्यातिएको लुगा टालेर लगाएको जस्तो हरेक भत्काइमा पर्खालहरू टाल्दा-टाल्दाको गरेको अवस्थामा पुगेको छ। पुरानो घरमा बस्दै गरेको कमलराजको आर्थिक अवस्था सुदृढ बनेपछि उक्त थोत्रो र पुरानो जीर्ण अवस्थाको घरमा उस्तै अवस्थामा पुगेको अमरराजलाई बस्न बाध्य हुने स्थितिको बिम्व उतारेको पाइन्छ। पुरानो घरलाई वृद्ध अवस्थाको प्रतीकको रूपमा आएको छ र जसरी सो पुरानो घरले त्यहाँ बस्नेहरूलाई घाम-पानी, जाडो-गर्मी र सुरक्षा दिएर एउटा सरल र सक्षम जीवन दियो त्यसै घरलाई पुरानो र जीर्ण काम नलाग्ने भग्नावशेषका रूपमा तुल्याएर मतलब नराखिएझैं हाम्रा समाजका वृद्ध-वृद्धाहरूको यथार्थ स्थितिको चित्रण उतार्ने काम पुरानो घरका माध्यमबाट देखाइएको छ। यसै गरी पुरानो घरले हाम्रो पुरातन मूल्य, मान्यता, परम्परा र सामाजिक रहनशैलीको जीवन्त प्रतीकका रूपमा देखाइएको छ भने नयाँ भव्य महलहरूले अहिले हाम्रो समाजमा भित्रिएको पश्चिमेली जीवनशैली र आयातित भड्किलो संस्कार, चाडपर्व, रीतिरिवाज, चालचलन आदिको प्रतीकको रूपमा लिइएको छ। यसरी हाम्रा धार्मिक, आर्थिक राजनैतिक पक्षमा देखिएका विकृति र विसङ्गतिलाई यथार्थ र मूर्त रूपदिन उपन्यासभित्र प्रशस्त रूपमा बिम्व तथा प्रतीकको यत्रतत्र सान्दर्भिक प्रयोग भएको पाइन्छ।

---

[९३] ऐजन, पृ. २२५।

१. उसले त्यसबाट ठट्टा उमार्ने प्रयत्न गरेको थियो । तर परिस्थिति भने, आइ.सी.यु.मा भर्ना भइसकेको थियो । पृ. ३

२. राजनीति, बौद्धिक गफ चुटीचुटी, देश खाडलमा गयो भनी-भनी आफ्नो पेटको खाडलमा अन्न पुऱ्याउँदथे ।पृ. ५

३. "निरपराधलाई फसाउँने त यो देशको परम्परै रहेको छ ।" पृ. ६

४. त आफ्नो त्यत्रो महान् पुरूषत्व साबित गर्ने वचनवद्धताले गर्दा उसले शिफ्टका शिफ्ट चलायो । पृ. १४

५. हामीले एउटा अर्को पुत्ररत्न प्राप्त गर्नुपर्दछ, नत्र यो जीवन, एउटै मात्र इन्जिन भएको हवाइजहाज जस्तो आकांक्षाग्रस्त भइरहन्छ । पृ. १८

६. यसरी विस्तारो, विस्तारो, हाम्रो यो भतिजो बादलमा पाइला टेक्दै उन्नति गरेर आकाशतर्फ लम्किन थाल्यो । पृ. ४२

७. स्त्रीको यौवन, पाँच पुत्र र एक पुत्रीको माता भए पनि अझै राँको, आगो, करेन्ट वा हट प्लेट आदि शीर्षकले स्मरण गर्ने योग्य थियो । पृ. ७४

८. त्यो सुकेशा र कमल समान नेत्र भएकी देख्दै शोषण गरूँ गरूँ लाग्ने प्रकारकी कामाङ्गी स्त्रीलाई ऋषिले एक निमेष मात्र हेरे । पृ. ७७

९. बुबाले भने- सधैंभरि आफ्नो परिवारलाई एउटै अँगालोमा बाँधेर राख्न सकिदो रहेनछ । समय फेरिन्छ । परिवार अगाँलोमा नअटाउँने हुन्छ । मञ्चमा एकथरी हुन्छन् । एकथरी नेपथ्यमा पुग्छन् । पृ. ८६

१०. कमलराजले एकदिन भनेको थियो, आजको फाष्ट लाइफमा, जीवन पनि यतिको लामो र स्लो किसिमको काम लाग्दैन । पृ. ९५

११. रकम त नर्मदाले बताइदिए कै थिई । मात्र बताइदिनाले कस्तो भएको थियो भने क्रिकेटको बल नाकमा लागेको होस् । पृ. १११

१२. जसको उपचार गर्नु मात्र तिनीहरूको दायित्व हो । एउटा बाहिरबाट बनाइदिएको थोप्लो, जुन मेटिएपछि २-४ दिन राईधोई गरेपछि तिनको दिनचर्या सामान्य बन्न जान्छ । पृ. १६९

१३. शम्भुले अमरराजलाई देखेपछि सुकेको पात टाँसेर हाँसे जस्तो गरी हाँस्यो । पृ. १७२

१४. यस वखत अमरराज आफूलाई चिरेको दाउराको चिर्पट जस्तै भूँईमा लडेको र मिल्किएको अनुभव गरिरहेको थियो । पृ. १८७

१५. अमरराज महाभारतको युगको रहेछ । अब 'गढा पर्व' को दुर्योधन जस्तै एक्लो र अर्धजीवित जीवनलाई निवृत्तिभरण जस्तै खाएर बस्छ । पृ.१८९

१६. त्यसले असफलता र दुःख अँगाल्यो जीवनमा। यो देश, यो हाम्रो प्यारो देश, प्राकृतिक देशको विधिविधान र बनोट नै यस्तै छ। पृ.१९५

माथि उल्लिखित विविध बिम्व र प्रतीकको प्रयोगका माध्यमबाट उपन्यासकार गौतमले सामाजिक विकृति, विसङ्गतिले उब्जाएका समस्यामध्येको वृद्धावस्थाका वृद्ध-वृद्धाले भोग्नुपर्ने कहालीलाग्दो भयावह दर्दनाक अवस्थाको यथार्थ चित्रण र अन्य सामाजिक विकृति राजनैतिक भ्रष्ट चरित्र र आर्थिक दुरावस्थाको सजीव चित्रणलाई ध्वन्यात्मक गहिराइमा पुऱ्याउन सान्दर्भिक बिम्व र प्रतीकको प्रयोग भएको छ।

### ४.१.१२. सम्वाद :

उपन्यासकार गौतमले दुविधा उपन्यासमा सरल संवादको प्रयोग गरेका छन्। कतिपय प्रसङ्गहरूमा उपन्यासकारले सम्वाद प्रयोगमा भन्दा पनि वर्णनात्मकतामा जोड दिएका छन्। उपन्यासकारले सम्वाद हुनु पूर्व र पछिका प्रसङ्गहरू सम्वाद स्वयम्ले निर्माण गरेका छन् भने उपन्यासका बीच-बीचमा पात्रहरूलाई एकआपसमा बोल्न लगाएका छन्। सम्वाद प्रयोग अनावश्यक, बोझिलो, झन्झटलाग्दो लामो नभई पात्र सुहाउँदो र स्तर अनुसारको सरल र छोटा सम्वादको प्रयोग गरिएको छ। स्वाभाविक सरल भाषाको आधिक्य भए पनि सहज र स्वाभाविक लाग्ने नयाँ शैलीको सम्वाद प्रयोग पनि ठाउँ ठाउँमा भेट्न सकिन्छ। परम्परागत भाषाशैलीभन्दा आधुनिक पाश्चात्य भाषाशैलीको सफल सम्वाद प्रयोगले गर्दा एक प्रकारको छुट्टै पहिचान दिन सफल छ दुविधा उपन्यास। यस उपन्यासमा प्रयोग भएका सम्वादका केही अंशलाई जस्ताको तस्तै उतार गर्नु सान्दर्भिक देखिन्छ।

जीवनसित एकदिन भट्टीमा कसैले सोधेको थियो- “हैन, तपाईको छोरो कत्रो छ ?”

जीवनले नशा र हास्यको राम्रो ब्लेण्डिङ दिएर भन्यो, “बाबु कुट्ने लायक भइसकेको छ।”

मानिसले झस्केर सोध्यो- “के भन्नु भएको त्यो ?” “केही पनि होइन” जीवनको अघिकै हास्यमा भन्यो- “अहिलेसम्म हात छोडेको छैन। चाह्यो भने कुट्न सक्ने छ पो भनेको।” - पृ. ४८

सबै केटी हाँस्न थाले। सोध्न थाले- “केटोलाई कहिल्यै देखेकी थिइस् कतै ?”

अहँ, मन्जुले भनी।

“त्यसले अरू केही त गरेन, अर्थात् टच सच यताउति ?”

‘अहँ’ मन्जुले भनी “तर त्यसले कानैतिर मुख ल्याउँदा त्यसको तातो सास आएको थियो।”

जा मोरी तँ त प्रतिमाले भनी- “यसले जीवनलाई कसरी थेग्ली, यो त यतिकैले यस्ती हुँदिरहिछ।”

मृदुलाले भनी- "म भरे तँलाई देखाइदिउँला, बसमा चढेको बखत ठिटाहरूले ठाउँ ताकेर चिमटेका डामहरू, हामीले के गर्नु भन त ? यहाँ यस्तै हो, लोग्ने मान्छेको देश रहेछ यो भन्ठानेर बस्नु पर्ने । तँलाई त्यति गरेको त, फी नलिएर ट्युशन पढाए जस्तै हो ।" पृ. ९२

एकदिन शम्भुले भनेको थियो- "यो हाम्रो ग्रह यो ब्लानेट नै बिग्रिसक्यो भने, मान्छे किन नबिग्रोस् ? यो ग्रह अब बस्ने लायक रहेन, एक किसिमले दुषित भए पो मिलाउनु ?"

"अब अर्को ग्रह खोज्नु पऱ्यो, होइन त ?"

माधवले भनेको थियो- एक पटक मलाई केही समय दे, म यसबारे एउटा आर्टिकल लेख्छु, प्लानेट माइग्रेसनबारे ।"

सबै हाँस्न थाले । कारण थियो । लेख्ने नाउँमा माधवका लागि के प्रचलित थियो भने, बिदाको दरखास्त समेत अर्कासित लेखाएर सही गर्दथ्यो ।

तिनै दिनहरूमा शम्भुले भनेको थियो- "लेट्स कनफेस इट, हामी प्रायः जसो अब आ-आफ्नो दुनियाँमा, घरमा अरूको दिनचर्चाको अङ्ग मात्र हुँदै गइरहेका छौ । पूर्ण रूपमा भइसकेका छैनौं, हाम्रो बाँच्ने आधार त्यति हो ।"

"हामी बाँच्ने लायक छौ-छैनौं भनेर अरूले निर्णय गर्ने ?" जीवनले प्रश्न गऱ्यो । ऊ गम्भीर थियो ।

अमरराजले भन्यो- हाम्रो जस्तो समाजमा छान्ने स्वतन्त्रता हुँदैन, छानिदिएको स्वतन्त्रता हुन सक्छ ।" पृ. १६९

माधवले भन्यो- "हाम्रा तीन साथी गए, जसरी भएपनि गए नै भनुँ न ? हामी यतिका वर्ष अनेक गरेर बाँच्यौ । जीवनलाई संघर्ष भन्छन् । अब यो उमेरमा आएर हामीले आफ्नो जीवनलाई के भन्ने ?"

"नो लस नो गेन" जीवनले भन्यो- "हाम्रो जस्तो देशमा जीवन संघर्ष त हो, तर संघर्ष सफलता होइन ।"

मान्छेले बाँच्नलाई एक दुईवटा आदर्श त चाहियो नि ? अमरराजले भन्यो- यस्तो आदर्श जसलाई कहिल्यै हुन पनि मन नपराइयोस् । तर मूर्ख बनाउँनका लागि आवश्यक होस् ।"

कि हामी मूर्ख हौं कि तिनीहरू मूर्ख हौं कि तिनीहरू मूर्ख हुन्, जो हामीलाई मूर्ख बनाउँछन् । म त यही भन्छु ।" जीवनले भन्यो । पृ. १९५

यसरी उपन्यासकार गौतमले 'दुविधा' उपन्यासमा पात्रको स्तर अनुरूपको संवाद प्रयोग गरी उपन्यासलाई यथार्थ स्वाभाविक, जीवन्त तुल्याएका छन् । उपन्यास परम्परालाई नयाँ गति दिशा वा मोड दिन यसमा प्रयुक्त संवादले महत्त्वपूर्ण भूमिका खेलेको छ भन्न सकिन्छ ।

### ४.२. **संरचना :**

साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास एक स्वछन्द आख्यानात्मक विधा हो । उपन्यासकारले समाजमा देखिएका, भोगेका र अनुभव गरिएका विषयवस्तुलाई पाठकमाझ पस्किने

गर्दछ। पाठकमाझ आफ्ना धारणा र विचारलाई ल्याउनको निमित्त एउटा बनोटको खाका तयार गर्दछ। विचारहरूलाई चरित्र, परिवेश, शैली, घटना आदिमा व्यवस्थित ढंगमा प्रस्तुत गर्दछ। यसरी यी तत्त्वलाई व्यवस्थित र उपयुक्त ढंगमा संयोजन गरी एउटा खास आकार प्रदान गर्छ। यही आकार नै उपन्यासको संरचना हो। संरचना र रूपका बीच कार्य र फलको सम्बन्ध रहेको हुन्छ। विभिन्न तत्त्वहरूको संगठन गर्ने कार्य संरचना हो भने रूप त्यसको परिणाम वा निष्कर्ष हो। संरचनाको अर्थ कुनै वस्तुको आन्तरिक तथा बाह्य उपकरणको अनुशासित र व्यवस्थित व्यवस्थापन हो।[९४] यसरी हेर्दा संरचनालाई दुई स्वरूपबाट हेर्ने गरिन्छ आन्तरिक र बाह्य। यहाँ दुविधा उपन्यासलाई आन्तरिक तथा बाह्य रूपबाट यसरी अध्ययन गरिन्छ।

### ४.२.१. बाह्य संरचना :

कुनै पनि कृतिको बाह्यसंरचना भनेको कृतिको बनोट हो। बाहिरबाट हेर्दा कृतिको जे-जस्तो स्वरूप देखिन्छ, त्यो नै बाह्य संरचना हो। कृतिको बाह्य संरचना अन्तर्गत कृतिको आयाम, परिच्छेद, योजना, अनुच्छेद योजना, पङ्तियोजना आदि कुराहरू पर्दछन्। समग्रमा भन्नु पर्दा कृतिको आकार प्रकार नै बाह्य संरचना हो। उपन्यासकार गौतमको 'दुविधा' उपन्यासको बाह्य संरचनालाई हेर्दा यसलाई मध्यम आकारको औपचारिक कृतिका रूपमा लिन सकिन्छ। गौतमका प्रायः जसो उपन्यासका आकार मध्यम र वृहत्तर नै पाइन्छन्। आधुनिक नेपाली उपन्यासको समकालीन धारामा लेखिएको यथार्थवादी प्रवृत्तिको उपन्यास 'दुविधा' २०२ पृष्टमा संरचित छ।

यस उपन्यासको संरचना परम्परागत उपन्यासभन्दा भिन्न छ। यसले परम्परागत संरचना पद्धितिलाई अस्वीकार गर्दै नयाँ विश्रृङखलित संरचना पद्धतिलाई स्वीकारेको छ। यसमा औपचारिक रूपमा खण्ड र परिच्छेद विभाजन गरिएको छैन। यसमा स्पष्ट परिच्छेद विभाजन नगरी नयाँ प्रसङ्ग आएपछि परिच्छेद विभाजनतर्फ संकेत गरेको पाइन्छ। प्रस्तुत उपन्यासमा लामा छोटा गरेर जम्मा ६६ परिच्छेद रहेकाछन्। यस उपन्यासले परिच्छेद आकारले दृष्टिले व्यापकता प्राप्त गरेको छ। परिच्छेद आयामका दृष्टिले सबैभन्दा लामो परिच्छेद २४ औं रहेको छ। यस्तै सबैभन्दा छोटो परिच्छेद भने ४३ औं रहेकोछ। यो परिच्छेदमा ४० हरफहरू रहेकाछन्। सबैभन्दा लामो परिच्छेद लगभग ७ पृष्ठसम्म फैलिएको छ। परिच्छेद विभाजनमा देखिएको असमानताले वस्तु विभाजनमा उति प्रभाव भने पारेको देखिँदैन। बाह्य संरचनाका दृष्टिले मध्यम आकार ग्रहण गरेको यो उपन्यासले विषयवस्तुको वृहत फैलावट लिएको छ। सीमित आयाममा असीमित विषयवस्तु समेटेको यो उपन्यासमा मुख्य पात्र अमरराज, अमरराजको परिवार र अमरराजका साथीहरूकै सेरोफेरोमा घुमेको छ। आधुनिक सामाजिक विकृति र विसङ्गतिको मूल विषयवस्तुलाई विविध घटना र प्रसङ्गका माध्यमबाट यथार्थवादी दृष्टिकोणले मूर्त रूप दिन सफल घटनाप्रधान उपन्यास बन्न पुगेको छ।

---

[९४] ऋषिराज बराल, उपन्यासको सौन्दय शास्त्र (ललितपुर, साझा प्रकाशन, २०५९)

### ४.२.२. परिच्छेद संरचना :

**परिच्छेद १**

म पात्र पहिले जस्तै अलि बढी रक्सी खाएर बेलुका सुतेको छ, बिहान उसलाई उठन गाऱ्हो भइरहेकोछ, पहिले उमेर हुँदा यस्तो कहिल्यै हुँदैनथ्यो । तर अहिले उसलाई रिबल्बरको गोली टाउको छेडेर बाहिर निस्कने जस्तै टाउको दुखेको छ र छोरीले भात खान डाक्दा सबैले रक्सी खाएको थाहा पाउलान् कि भनेर संकोच मान्दै खानामा रौं फेला पर्ला कि भन्दै बहाना खोज्दै खाना खान्छ ।

**परिच्छेद २**

खान बसेको ऊ पात्र भातमा नुन चर्को भएको बहाना निकाल्दा श्रीमतीबाट फ्रिजको माग आउँछ । उता घरको आर्थिक अवस्था कमजोर बन्दै गएकाले काम गर्ने बुढी समेतले काम छोडेकी थिई । खानामा नुन चर्को हुनु र श्रीमतीको फ्रिजको मागसँगसँगै दिन प्रतिदिन जीर्ण हुँदै गएको आर्थिक अवस्थाले म घरमा रहेको टबेल कुनै सस्तो होटलको टेबुलसँग तुलना गर्छ, जुन होटलमा सामान्य आर्थिक अवस्थाका मानिसहरू मुला, खोर्सानी र प्याज सित्तैमा थप्न पाइने र दिउँसोको खाजा समेत खानु नपरोस् भनी राजनीतिक र बौद्धिक गफ गर्दै धेरै समय लगाएर खाना खान्थे । त्यस्ता होटेलमा घरबाट भागेका कम उमेरका केटा अश्लील र फोहरी शब्द बोलेर आफ्नो दैनिक काम गर्थे । म पात्र पनि कुनै समय त्यस्ता होटेलमा खाना खाने गर्दथ्यो । कतै भूलवश आफ्नो नाम सो होटलमा रहेको पाटीमा लेखिने भयले आत्तिन्छ । बिचार्छ, निरपराधलाई फसाउँने त यो देशको परम्परै रहेकोछ ।

**परिच्छेद ३**

म पात्र धेरै दिनदेखि आफ्नो चुडिएको चप्पललाई देखेर हरिभक्त कटुवालको कविताको सम्झना गर्दै श्रीमतीसँग चप्पल किन्ने सल्लाह गर्छ । अघिल्लो राती रक्सी खाएर आएको प्रसङ्गमा श्रीमतीले सोध्दा आफ्नो पैसा खर्च नगरी अरूले नै खुवाएको र हामी जस्ताले महङ्गो होटलमा पानी पनि खान नसक्ने कुरा गर्छ । म पात्र श्रीमतीको उमेरका प्रसङ्गमा उठेका कुरा गर्दै मीठो प्रेमालाप गर्दै श्रीमतीसँग एक सय लिएर चप्पल किन्न हिँड्छ ।

**परिच्छेद ४**

म पात्र भट्टी पसल नभएको फलफूल पसल भएको गल्ली गल्ली हिंड्दा हिंड्दै उसको साथी संजीवले बोलाउँछ । केही समयको वार्तालापपछि संयुक्त लगानी गर्ने सर्तमा भट्टी पसलतिर लाग्छन् । दुई सय पचास रुपैयाले भ्याउने योजना बनाई अरू कोही साथीसँग भेट होला कि भन्दै यौवना किशोरी भएको रक्सी पसलभित्र पस्छन् ।

## परिच्छेद ५

अमराजको घरमा बोलाउँने नाम भरत थियो। तर न्वारानको नाम भने लुम्वराज थियो। आफ्नो नाम लुम्वराज राख्ने पुरोहितले दक्षिणा थोरै पाएर यस्तो हस्यास्पद नाम राखेकोमा खेद र खुशी दुवै व्यक्त गर्छ। ऊ पचपन्न वर्षको अधवैंश अवस्थाको मानिस हो। उसको परिवार चार पुस्तादेखि एउटै घरमा बस्दै आएकाछन्। घरमा बाजे बज्यै, बाबुआमा, भाइबहिनी, बुहारी, छोराछोरी आदि बस्दथे। छोराको विशेष महत्व राखिन्थ्यो। त्यसैले छोरो नजन्मिएसम्म सुखै नभएकाले छोरीको संख्या धेरै नै थियो। पढे लेखेको परिवार भएतापनि रूढीवादी संस्कार सबैमा थियो। लोग्नेमानिस जति प्रायः जागीर खाए तापनि उच्च पदमा कोही पनि थिएन। आदर्शका कुरा गरेर छोराछोरीमा भेदभाव गर्नु हुँदैन भन्ने बौद्धिक विचार भए पनि व्यवहारमा कसैमा समानता भाव थिएन। अमराज तीन छोरी र दुई छोराका बाबु थिए र जेठी छोरीको विवाह भईसकेको थियो र आफू हजुरबा बन्ने अवस्थामा पुगेका थिए। अमरराजको ज्वाई धनाठ्य तर चारित्रिक गुणले कमजोर र हठी स्वभावको थियो भने छोरी सरल र सोझी स्वाभवकी पतिब्रता थिई।

## परिच्छेद ६

अमराजको पहिलो सन्तान छोरी भएकीले ऊ अलि आत्तिएको थियो किनभने उसले एउटा यस्तो मानिस देखेको थियो। जसले छोराको आशमा बाह्रै पुत्री समेत जन्माएर वृद्ध भइ संसारबाट बिदा भएको थियो। तर अमरराजको त्यस्तो भएन किन कि दोश्रो सन्तान छोरो भएको थियो र पनि ऊ सन्तुष्ट थिएन एकजना मानिसको छोराको व्यवहार देखेर दिक्क भएको थियो। उक्त मानिसले छोरालाई आवश्यकताभन्दा बढी माया दिएर हुर्काएरको फलस्वरूप छोरा विद्यालय जाने निहुँ गरी पढ्न पनि गएन र गलत संगतले गर्दा लागू पदार्थको ओसार पसार कार्यमा संलग्न भयो र पनि आमा बाबु दङ्ग थिए। केही समयपछि छोराले पैसा कमाउँन छाड्यो घर कै पैतृक सम्पत्ति आमा-बाबुलाई धम्की देखाउँदै खर्च गर्न लाग्यो र उक्त बाबुले दिक्क भएर अमरराजलाई एकदिन भनेको थियो। छोराहरू दुईवटा जन्माउनु पर्दोरहेछ। त्यसैले अमरराजले आफ्नो पनि एउटा मात्र छोरो भएकोले श्रीमतीसँग सल्लाह गरी सन्तान जन्माउन दत्तचित भएर लाग्यो। तेस्रो र चौथो सन्तान छोरी जन्मेपछि पाँचौं सन्तानका लागि स्वास्नीले भाकल गरेपछि छोरो जन्मिएकाले भाका पुरा गर्नु पर्ने कुरामा श्रीमानसँग अनुरोध गर्दा आधुनिक समयमा यस्तो अन्धविश्वास गर्नु गलत हो भन्दै अमरराजबाट आदर्शका कुरा गर्छ।

## परिच्छेद ७

अमरराजको घरमा धेरै छोरी भएकाले केही वर्षएता विवाह सम्पन्न भईरहन्थ्यो। निम्तालुहरू समेत दिक्क भईसकेका थिए। अमरराजका पिताको नाम शिव शर्मा र बाजेको नाम आत्माराम शर्मा थियो। बाबु शिव शर्माले आफ्नो सन्तुष्ट भएर वेस्सरी छोराछोरी जन्माए र सन्तान जन्मदा जन्माउँदै उनकी श्रीमतीको मृत्यु भएको थियो। श्रीमतीको इच्छा भने जहाँ सुकै जन्मे पनि काशीमा नै मर्ने थियो र बाँच्दा छोराहरूले खर्च गर्नुपर्छ भनेर गंगाको पानी प्रदूषित भएको भन्थे आमा चाहिँ पैसाको

लोभले त्यसो भनिरहेका छौ भनी चिच्याउँथिन् । उनको त्यो धोको पूरा नहुँदै अकालमा मृत्यु भयो । छोराहरूले आमाको यन्त्थेष्टि भावपूर्ण र श्रद्धापूर्वक गरेर छिमेकीहरूबाट समेत प्रशंसा पाए ।

## परिच्छेद ८

अमरराजका बुबा शिव शर्मा अवकाश प्राप्त कर्मचारी भएपनि विभिन्न यौनवद्धक औषधिको प्रयोगले गर्दा खाइलाग्दो नै देखिन्थे । फुलेको कपालमा कालो रंग लगाउँथे । आमाको वियोग शान्त पार्न छोराहरू प्रशन्न पार्ने चेष्टा राख्दथे । उता शिव शर्मा भने वैशालु स्वभाव देखाउँथे । घरको आर्थिक अवस्था झनभन्दा झन कमजोर हुँदै गएको थियो । शिवराज नातिनीहरूको विवाह एकपछि अर्को गर्नका लागि आवश्यक रकम जुटाउँथे । कहिले कहिँ उनी उदास देखिन्थे र लुकेर रक्सी र चुरोट पनि खाने गर्थे । पहिले पहिले आफ्नै स्वास्नीलाई समेत उनले रक्सी खाएको कुराको पत्ता नहुने गरी भिन्नै ओछ्यान लगाएर सुत्ने गर्थे । श्रीमतीले विस्तारै पानी निलेको प्रश्नमा घाँटी दुखेको वहाना गर्थे र आजको तिथिमासँगै नसुत्ने निहुँ निकालेर भिन्नै सुत्ने गर्थे । श्रीमती सोझी र पतिब्रता धर्मात्मा थिइन । श्रीमान्लाई समेत धर्ममीरू ब्राम्हणका रूपमा हेर्ने गर्थिन । एकदिन सानो बालकसँग हाँसखेल गरेको देख्दा उदास देखिएका बुबाको अनुहारमा खुशीको संचार भएकोमा छोराहरू प्रशन्न थिए तर बूढा भने उदासी मुद्रामा नै आफूलाई देखाउँन चाहन्थे ।

## परिच्छेद ९

अमरराजले बलरामलाई फोन गरी बलरामसँग केही रकम खोज्न भन्छ र आज अमरराजलाई सूर्यास्त अलि बेग्लै लाग्दछ र रक्सी खानै उपयुक्त समय भएको महशुस गर्छ । बलराम रक्सीमा पैसा खर्च गर्नु पर्दा विभिन्न बहाना बनाउँछ र श्रीमती रिसाउँने कुरा गर्छ । बलरामलाई पनि अमरराजले फोन गरेपछि रक्सी खान इच्छा जागेर आउँछ र नोट गन्न थाल्छ ।

## परिच्छेद १०

बलराम अमरराजलाई देख्ने बित्तिकै झस्किन्छ, पैसा खर्च गर्नु पर्दा अप्रशन्न हुने बलराम आज प्रशन्न देखिन्छ र अमरराजलाई खनालको विवाहमा जन्ती जाने र खनालले खास खास व्यक्तिहरूलाई रक्सीको व्यवस्था गरिदिने भएको कुरा बताउँछ । नत्र भने आफ्नै रकम खर्च गर्ने निश्चय गर्छ । दीपेन्द्र खनाल उनीहरूभन्दा कान्छो उमेरको ३५-३६ वर्षको साथी हो । जसले यो समेत दोस्रो विवाह गर्दैछ । खनालले साथीहरूलाई उपयुक्त खानपिन उपलब्ध नभएमा दुलहीको घरमा विद्रोह गर्नेछ भन्ने निश्चय गरेर उनीहरू जन्ती जाने निर्णय गर्छन । बलराम र अमरराज लगायतका जन्ती गएर रातभरि बस्ने सातजना थिए । उनीहरू दुलहीका दाजुको प्रतिक्षामा थिए । दुलहीका हजुरबा कट्टर बाम्हृण थिए, त्यसैले उनीहरूको माग पुरा हुन निकै ढिलाई भएको थियो । दुलहीको दाजुले उनीहरूको माग अनुसार आवश्यक रक्सी ल्याएपछि सातजना मिलेर रातभरि रक्सी पिई नै रहन्छन् ।

## परिच्छेद ११

अमरराजकी छोरी मञ्जुला अरू भाइहरूकी छोरीभन्दा सोझी र सरल स्वभावकी थिई। अमरराजको परिवारमा छोरीहरूको विवाह एस.एल.सी. पास भएपछि गरिन्थ्यो। छोरीलाई धेरै पठाउँनु हुन्छ र हुँदैनको छलफलपछि बेलैमा छोरीको विवाह गर्नुपर्ने मान्यताको जीत हुन्थ्यो। हुँदा हुँदै एकपटक पुण्य कमाउँने नाममा कक्षा आठमा पढ्दै गरेकी एउटी छोरीलाई अक्षय योनिको महिमा गर्दै विवाह गरिदिएका थिए, तर अहिले मञ्जुला र अरू काकाकी छोरीहरू क्याम्पस पढिरहेका थिए। यसको कारणहरू कमजोर आर्थिक अवस्था, समाजको डर, केटीको अनुरोध र पढाई राम्रो भएकाले उनीहरूले मञ्जुलाको विवाह गरिदिएका थिएनन्। मञ्जुलको सोचाई भने आफ्नो पढाई नसकुञ्जेल घरको आर्थिक अवस्था कमजोर नै भईरहोस भन्ने थियो। तर सधैंभरि होइन। जसले गर्दा आफ्नो विवाह चाँडै हुँदैन भन्ने थियो।

## परिच्छेद १२

अमरराज रूघाँ र ज्वरो आएकोले अफिस गएको थिएन। उसलाई घरमा बस्दा ज्यादै दिक्दार लागिरहेको थियो। अमरराजकी श्रीमती शान्ति जिल्लामा कहलिएको शास्त्रीसम्म पढेकाा पण्डित पद्मनाभकी छोरी थिइन। केही समय यता उनको काम कम हुँदै गईरहेको भएतापनि मन्त्रीसँगको सम्बन्धले गर्दा काठमाडौंमा गई मन्त्रीसँग मिलेर मानिसहरूलाई काम मिलाई दिने कार्यमा संलग्न भएका थिए। पद्मनाभ जिल्लामा मात्र चर्चित नभई काठमाडौंका मानिसका बीच पनि चर्चित हुन पुगेका थिए। पद्मनाभ मानिसहरूको काम अनुसारको दाम लिई मन्त्रीलाई समेत पारिश्रमिक दिने गर्थे। मन्त्रीहरूसमेत पण्डितको कार्यदेखि प्रसन्न भएर आफूले गरेको संघर्ष सार्थक भएको भनी दङ्ग थिए। अमरराज रूघाँ लागेर अफिस नजाने निधो गरी श्रीमतीलाई पानी तताउँने आग्रह गर्दै ब्राण्डी खाएर आराम गर्ने निर्णय गर्छ।

## परिच्छेद १३

अमरराजको घरमा फ्रिज ल्याइएको थियो। यसका साथै टि.भी., भी. सी.आर., क्यामरा, घडी, लुगाफाटो र सुनका टेलहरू समेत ल्याइएको थियो। घरमा फ्रिज ल्याइएको खुशीमा छरछिमेकी समेतलाई आइसक्रिम बाँडिएको थियो। अमरराजको छिमेकीहरूले घरमा आइसक्रिम खाँदा जुन प्रशन्नता देखाएका थिए, घरबाट फर्कदा त्यति नै खिन्न भएर फर्केका थिए। अमरराजको घरमा प्रशस्त सामान भित्रिएकाले हुनाले उनीहरू खिन्न थिए।

अमरराज पनि घरमा श्रीमतीको माग भए अनुसारको फ्रिज भित्रिएकोमा दङ्ग थियो। तर श्रीमती भने तनावपूर्ण मुद्रामा थिई। श्रीमती तनावग्रस्त हुनुको कारण ती सम्पूर्ण सामाग्री अमरराजको कमाई नभई एकवर्ष अघि सडक विभागमा ओभरसियर भएको भतिजो कमलराजको

पुरूषार्थपूर्ण कमाई थियो । अमरराजको घरमा ती सारा वस्तुहरू भित्रिएर पनि कमलराजको कोठामा मात्र सजिएका थिए ।

## परिच्छेद १४

अमरराजले ओछ्यानबाट उठ्ने बित्तिकै कागतको टुक्रा फेला पार्छ । जसमा कसैको फोन नं. लेखिएको थियो, जुन ठम्याउँन उसलाई गाह्रो भईरहेको थियो । हिजो साँझको रमझमका बारेमा ऊ सम्झन पुग्दछ । उनीहरू (अमर, भैरव, बलराम, जीवन शम्भु, दीपेन्द्र) मध्ये अफिसबाट विदेश जाने मौका पाएका बेला दुई बोटल रेड लेवल ल्याएका थिए । जुन रक्सी खान स्न्याक्स किन्नका लागि आवश्यक रकम सबै ५ जना मिलेर उठाएका थिए र एक अर्कामा ठट्टा गर्दै सुरूमा बौद्धिक गफ र अलि रक्सीले मात लाग्दै जाँदा देश, समाज र मानवताको विषयलाई जोड दिँदै गफ सम्झन्छ । जीवन अंग्रेजी पत्रिका पढ्दै आफू अरूभन्दा बढी बौद्धिक व्यक्तित्व भएको दावी गर्छ । बलराम रक्सी खाँदा वर्जित शब्द बोलेर आनन्द लिने गर्छ । तिनै हिजोको बारेमा सोचेर अमरराजले बिहान बिताइरहेको थियो ।

## परिच्छेद १५

अमरराज लगायत अन्य सबै साथीहरू बाल्यकालदेखि कै साथी थिए सबैजना पचपन्नदेखि साढी वर्षका उमेरका भईसकेका थिए र उनीहरूको प्राय: एकै समयमा विवाह भएको थियो । उनीहरूलाई समस्या परेको बेला एक अर्काबाट सहयोग मिल्दथ्यो । सबैजना विभिन्न ठाउँमा नोकरी गर्दर्थे र नोकरी कै भरमा जीवनयापन गर्नु पर्दथ्यो । उनीहरूको विडम्वना नै घुस खाने विभागमा नोकरी खान पाएका थिएनन् । सबैजना आफ्ना सन्ततीहरूले कसरी कमाएर खान्छन् भन्ने चिन्तामा थिए । उनीहरूलाई सन्तानले सुख देलान् भन्ने कुरामा उनीहरू ढुक्क थिएनन् । एकदिन जीवनलाई भट्टीमा एकजना मानिसले सोध्यो छोरो कत्रो छ ? भन्ने प्रश्नमा जीवनले छोरो बाबु कुटने लायक भईसकेको उत्तर दिंदा उक्त मानिसले पनि आफ्ना चार चारवटा छोराहरू बाबु कुटने लायक भईसकेको भनी जुरूक्क उठेर बाहिर निस्किएर हिड्नुले उक्त व्यक्ति पनि छोरादेखि पीडित भएको कुरा बुझ्दछन् । उनीहरू जाँड खाएर घर फर्कदा छोराले ढोकामा उभिएर हामीलाई साधारण विद्यालय पढाउँने र आफूहरू चाहिँ दिनहुँ रक्सी खाने भनेर उत्तर गर्लान कि भन्ने शंका गर्दै घर फर्कछन् ।

## परिच्छेद १६

अमरराज किशोरावस्थाको हुँदा युवतीहरूसँग भय र संकोचका कारण आफ्ना मनभित्रका इच्छाहरू व्यक्त गर्न सक्दैनथ्यो । कुनै युवतीले राखेको प्रेम प्रस्ताव समेतलाई स्वीकार्न नसक्ने डरपोक मानसिकताको व्यक्ति थियो । आफ्नो साथी किशोर जस्तो आकाश र पातालका कुरा गरेर केटीहरूलाई आफ्नो बाहुपाशमा पारी यौनतृप्ती गर्ने हिम्मत अमरराजमा थिएन, बरू आफूलाई पनि

उक्त अवसर मिलाई दिन किशोरलाई आग्रह गर्छ । उसको साथी किशोर यौन क्रीडाका मामिलामा पोख्त मानिथ्यो । उसले किशोरावस्थामा नै फ्रायडका पुस्तकका अध्ययन गरी फ्रायडवादी बनेको थियो । किशोर धानाड्य बाबुको एक्लो छोरो थियो । उसको त्यही सम्पत्तिको लोभले गर्दा केटीहरू उसप्रति बढी झुमिन्थे । अमरराज डरपोक र कमजोर मानसिकताको शिकार भएकै कारणले कति युवतीहरूले नजिक हुने चेष्टा राख्दा समेत हिनताबोधका कारणले नजिक हुन सक्दैनथ्यो ।

**परिच्छेद १७**

अमरराजलाई ताराले आफ्नो पुस्तकभित्र प्रेमपत्र राखेर दिंदा अमरले प्रेमपत्रको जवाफ नदिई पुस्तक नै तारालाई फर्काएको थिएन । अमरराजको कातरपनादेखि दिक्क भएर ताराले अमरराज कै साथी धनाठ्य बाबुको एक्लो छोरो किशोरलाई प्रेमपत्र लेख्न थालेकी थिई । उता किशोरको बुबाको मृत्यु भएको र आमाले नातिको मुख हेर्ने अभिलाशा राखेकीले किशोरले तारासँग विवाह गर्नुपरेको थियो । उक्त विवाहमा ताराका तर्फबाट अमरराजलाई पनि निम्ता आएको थियो । अमरराजले पनि आधा तोला सुनको सिक्रीसहित उक्त पुस्तक उपहार स्वरूप फिर्ता दिएको थियो । तर प्रेमपत्र चाहिँ होइन । उपहार दिंदा तारा मुसुक्क हाँसकी थिई । जसरी प्रत्येक आगन्तुकलाई दिने हाँसो जस्तै । अमरराज आफूलाई तुच्छ निरीह र कातर व्यक्तिको रूपमा उभ्याएर अब चाँडै एउटी प्रेमिकाको खोजीमा निस्कने निर्णयमा पुग्छ ।

**परिच्छेद १८**

अमरराजको कयौं महिनाको प्रयत्नपछि बसमा एउटी केटीसँग भेट हुन्छ । अमरराजको आवश्यकताभन्दा बढी भलाद्मीपनाबाट ऊ प्रभावित भएकी हुन्छे । बसमा यात्रा गर्दा प्राय: युवतीहरूसँग स्पर्श गर्ने युवकहरूभन्दा फरक स्वभावको अमरराजसँग एक हप्ताको बसको यात्राको अन्तिम दिन मुसुक्क हाँसेर दुई बीचको सम्बन्ध गाढा हुन पुगेको थियो । त्यसपछिका दिनमा ती दुवैजना ट्याक्सीको यात्राबाट आफ्नो गन्तव्य पुग्ने गर्दथे । अमरराजलाई ट्याक्सी खर्च ब्यहोर्न धौ-धौ भइरहेको थियो । दैनिक ट्याक्सी यात्रा महङ्गो हुनाले अब गर्ने यात्राका शिलशिलामा यिनीहरू एक-एक हप्तामा भेटघाट गर्ने वचनवद्ध भएर प्रेमलाई अगाडि बढाउँने निर्णयमा पुग्छन् ।

**परिच्छेद १९**

अमरराज र मीना एक-एक हप्तामा भेट्ने शर्त गरेको ठाउँमा एक हप्तापछि पुगेर दिनभरि अमरराजले कुर्दन पनि मीना आइन् । अमरराजले दोस्रो हप्ता पनि त्यसै गरी कुरेर मीना कै घर वरिपरि घुम्दा समेत अत्तोपत्तो पाएन । अमरराज ट्याक्सीमा घुमेका दिनको स्मरण गर्दै मीनाले भनेका कुरा सम्झन थाल्छ । मीना एक स्वप्नदर्शी केटी थिई । ट्याक्सीको साटो दिनदिनै आफ्नै कारमा घुम्ने सपना राखेकी थिई । अमरराजलाई प्रेममा धोका दिएर मीना आफ्नो एक नातेदारसँग विदेश भ्रमणमा

गएको उसले चाल पायो । त्यसैले अमरराज प्रेमसँग वाक्क भएर पण्डितकी छोरी शान्तिसँग विवाह गरी जीवन बिताउन विवश भयो ।

एकदिनको कुरा हो अमरराज आफ्नो अफिसमा काम गरी रहेको बेला उसको साथी प्रमोद आउँछ र मीनाले किशोरसँग अष्ट्रेलियामा विवाह गरेर बसेको कुरा सुनाउँछ ।

## परिच्छेद २०

भैरवका आँखा अन्य साथीका तुलनामा नजिक देख्ने क्षमतामा कम थिए । एकदिनको कुरा हो, उनीहरू सधैं झैं रक्सी खाएर घर फर्कने क्रममा पीपलका रूखको फेदमा एउटी घरानिया देखिने जसको कम्मरमुनि निर्वस्त्र भएकी केटीलाई देख्दछन् । आवश्यक सोधपुछपछि भैरबले आफूले लगाएका सुरूवाल माथिको पेन्ट खोलेर केटीलाई लगाउँन दिन्छ । उनीहरूले त्यस केटी (नर्मदा)लाई उनीहरूको साथी जो अहिले थिएन, उसैको डेरामा बसाउँछन् । तर साथी आएपछि पनि नर्मदा त्यहाँबाट जान चाहिन्न । नर्मदा यौवन र रूपले भरिपूर्ण र हाँसिरहने र रमाइलो गर्ने स्वभावकी केटी थिई । उसको दुव्यर्सनी प्रेमीले उसलाई भगाएर काठमाडौं ल्याई यौन तृप्ति गरी त्यस अवस्थामा छाडेर हिँडेको थियो ।

## परिच्छेद २१

अमरराज बाहेक अन्य पाँचै जना पालैपालो उनीहरूको दैनिक भेट हुने भट्टी पसलमा एकपछि अर्को अनुपस्थित हुन्छन् । अनुपस्थितिको शुरूवात भैरवबाट हुन्छ र सबै पाँचैजना आफू अनुपस्थित हुनका कारणमा घरमा पाहुना आएका र आफूलाई जग्गा किनिदिने आदि झुटो बहाना गर्दछन् र अन्त्यमा उनीहरू पालैपालो हराउँनुको रहस्योघाटन हुन पुग्छ । उनीहरू आफू नर्मदा कहाँ आएको कुरा अरू साथीहरूलाई नभन्ने शर्तमा नर्मदा कहाँ जाने गरेको कुराको वास्तविकता खुल्छ । अबदेखि सबैजना नर्मदा कहाँ नै गएर दुवै आवश्यकता पूरा गर्ने निर्णयमा पुग्छन र साथी साथी बीच शंकाको वातावरण नहुने कुरा स्वीकार्छन ।

## परिच्छेद २२

भैरव एकदिन नर्मदा कहाँ जाँदा नर्मदाको अदृश्य प्रेमीले ऊसँग भएको सबै रूपैया लिएर गएकाले रोइरहेको अवस्थामा देख्छ । नर्मदालाई शान्त पार्न भैरवले दुईहजार रूपैया दिन्छ र नर्मदाको प्रेमी त्यही बस्न आउने हो वा नर्मदा प्रेमीसँग जाने हो कि भनेर भैरव त्रसित हुन्छ । तर समस्या आफ्नै अनुकूल हुने बुझेर रक्सी खान्छ र नर्मदालाई थप पाँच सय दिदैं अरू आफ्ना साथीलाई आफूले रूपैया दिएको कुरा नभन्नु भन्छ । अरू साथीहरू चाहिँ भैरवलाई मूर्ख र भावुक छ भन्ने विचार राख्दथे । भैरवलाई कामवासनाका समयमा उसको आँखामा चश्मा चाहिन्थ्यो । ऊ कामवासनालाई सुक्ष्म ढंगबाट उपभोग गर्न चाहन्थ्यो । त्यसैले उसका आँखा नजिकको दृश्य देख्न कमजोर भएकाले अरूबेला पढ्ने र अन्य काममा भन्दा पनि उक्त समयमा उसलाई चश्माको महत्व

बढी हुन्थ्यो । भैरवले कुनै बेला नर्मदालाई तिम्रो प्रेमी पति हो कि दलाल हो भनी प्रश्न गर्दा नर्मदा केही समय नबोलि उदास भएर तीनैवटा भएको उत्तर दिएकी थिई ।

## परिच्छेद २३

अमरराजको मित्रहरूको संख्या ६ भए झैं उसको वंशमा पनि ६ जना कै सन्तान हुनु पर्ने परम्परा थियो । त्यसमा छोरीको संख्याको गणना गरिदैनथ्यो । अमरराजका बाजे शिव शर्माका अनुसार कुनै एक पुस्तामा एक भाइका पाँचवटा मात्र छोरा भए छैटौं पुत्रको प्राप्तिका लागि विभिन्न पूजाआजा, भाकल आदि प्रयत्न गर्दा गर्दै ती पुरूषको मृत्यु भएछ । तर सुखको कुरा के भएछ भने उसकी श्रीमती गर्भवती रहिछन् । गर्भवती भएको विषयमा विभिन्न शंका उपशंका गरिएछ । कसैका विचारमा ती पुरूषको मृत्युको अघिल्लो रातसम्मको अथक रात्रीकर्मका कारणले गर्भ रहेको भन्ने विश्वास राखेका थिए भने अर्काथरि मानिसका अनुसार पतिको अदम्य इच्छा पूरा गर्न उसले कुनै वीर्यवान पुरूषसँगको सहवासबाट गर्भ रहन गएको हुन सक्ने तर्क अघि सारेका थियो । अन्त्यमा पुत्र लाभ गरी ६ जना छोराको वंशज परम्परालाई कायम गर्न सफलता प्राप्त भएको थियो । अमरराजले बाजे शिव शर्मा समक्ष कतै हामी यही छैटौं पुत्र पक्षका सन्तान त छोनौं ? भन्ने प्रश्नको जिज्ञासा राख्दा बाजे शिव शर्मा यी सब कपोलकल्पित कुरा भएको बताउँछन् ।

## परिच्छेद २४

६ जनाको संयोगका बारेमा बाजे शिव शर्माले यस्तो विचित्रको कथा सुनाएका थिए । प्राचीनकालमा एक अंगुल नाम गरेका ऋषि गाउँको नजिकै पुण्प लतादिले र पशुपंक्षीले भरिपूर्ण वनमा कुटी बनाएर बस्दथे । गाउँलेहरू उनीसँग ज्ञान गुनका कुरा सुन्न आउने गर्दथे । बह्माचारी भएकाले शान्त र तेजोमय व्यक्तित्व भएका ऋषि, काला दाह्री र जटाले झन जर्जर देखिन्थे । उनी भिक्षाका लागि एकदिनमा एकजना यजमान कहाँ जे जति भिक्षादान पाउँथे त्यति नै लिएर फर्कन्थे । एकदिन एकजना यजमानको आग्रहमा गाउँको पल्लो छेउमा जाने निर्णय गरी त्यसै तर्फ लाग्छन् । ऋषि भिक्षादान लिन यजमानको घरको ढोकामा केहीवेर बसेपछि स्त्रीले ढोका खोलेर भिक्षादान दिईन । ऋषिलाई उतिखेरै मुख शुष्क भएको अनुभव भई शीतल जल माग्दछन् । यजमानकी स्त्री भर्खर स्नान गरी बसेकी कोमल नेत्र भएकी यौवनले भरिपूर्ण र लुगा पनि राम्रोसँग लगाउँन नपाएकी उनका यौवनका फलहरू स्वचालित यन्त्र जस्तै थर्किएको देखेर ऋषिले मन थाम्न नसकी स्त्रीलाई आफ्नो अँगालोमा हाल्न पुग्छन् । स्त्री ऋषिको अंगालोबाट छुट्न सफल भई "तेरो तपको फल आफैंबाट नष्ट होस्" भन्ने श्राप दिन्छिन । उता ऋषिलाई पनि एकप्रकारको भय र सन्त्रासले पिरोलेकोले उक्त कुरा कसैलाई भनेमा तेरा सन्तानलाई श्राप दिने वचन सुनेर दुवैजना आ-आफ्नो सतित्व र ऋषित्व जोगाउन भयभीत थिए । ती दुवैबाट ती कुरा आफैमा सीमित राखे । ऋषि आफ्नो आश्रममा पुगेर आफ्नो नित्यकर्मतिर ध्यान दिंदा समेत उक्त स्त्रीको सम्झनाले सताई नै रह्यो र अन्त्यमा ऋषिले उक्त स्त्रीको स्मरण गर्दै एकान्त क्रिया गरी ३६ तोला वीर्य स्खलित पारे । ऋषि, भोलि गाउँलेहरूले

उक्त स्खलित वीर्य देखेर लोकदृष्टिबाट तिरस्कृत हुने भयले चिन्तित थिए। ऋषि एउटा निश्कर्षमा पुगेर आश्रम नजिकै दाना टिप्ने पोथी मयुरलाई ढाकेर ल्याउने आज्ञा दिन्छन्। ६ वटा पोथी मयूर आएपछि उक्त मानव वीर्य ६/६ तोलाका दरले खाई दिन आदेश दिन्छन्। केही समयपछि ती मयुरहरू ऋषिसामु आई आफूहरू गर्भेणी भएको कुरा जाहेर गर्छन र ऋषिले तिमीहरूको पूर्वजन्मको सुकर्मको फल मान त्यसबाट तिमीहरू अमरत्व प्राप्त गर्ने छौं भनी आज्ञा दिए। समय बित्दै जाँदा प्रत्येक पोथी मजदुरले ६/६ वटाका दरले ३६ वटा फुलका आकार जत्रा मानवशिशुको जन्म दिए। त्यही कारणले ६ का संख्याबाट आफ्नो वंशले मुक्ति नभएको कुरा शिव शर्माले बताए।

## परिच्छेद २५

अमरराजका बाजेका ६ भाई थिए र बाजेका छोरा पनि ६ भाइ नै थिए। तिनीहरूले विवाह भइसकेको थियो। घर पुरानो र नअटाउँने भएकोले छुट्टिन आवश्यक थियो तर कठिन पनि थियो। बाबुका अगाडि आएर भन्ने साहस कसैमा पनि थिएन। आ-आफ्नो अनुकूल हेरी छुट्टिने योजनामा थिए। सबैलाई आ-आफ्नो दाउ थियो। एउटी बुहारी उर्मिलाको धनाढ्य व्यापारीकी छोरी थिइन र आफूलाई माइतीले घर र आवश्यक खाने व्यवस्था मिलाई दिने भएकाले आफ्ना अरू देउरानी र जेठानीहरूलाई छुट्टिन उक्साउँथिन। सबै देउरानी र जेठानीहरू आ-आफ्ना श्रीमानहरूलाई मनाउँन दत्तचित्त भएर लाग्दछन्। आफ्नो र आफ्ना सन्तानको भविष्य यस्तो घरमा बसेर नहुने निचोडमा आ-आफ्ना पतिलाई मनाउँन सफल हुन्छन्। अन्त्यमा बूढालाई एक्लो पार्ने र फाल्ने सम्पूर्ण गृहकार्य सम्पन्न गरी सबैजना भाइहरू बूढा कहाँ जान्छन्। बूढाँले आफू भाग्यमानी भएको र आफ्ना आज्ञाकारी सन्तान रहेकोमा गर्व गरेका कुरा सुनेपछि सबै अप्ठ्यारोमा पर्छन्। उनीहरूको छुट्टिने अर्को योजना सबैको राजिखुशीले बन्छ। आफू-आफू बीच झगडा उत्पन्न गराउँने र छुट्टिने अवस्थामा पुग्ने योजनामा पुगी फेरी एकदिन सबैजना बूढाका छेउ अन्तिम सेवा गर्ने उद्देश्यले जान्छन्। उता बूढा भने गर्वित भएर तिमी र बुहारीहरू समेत मैले भने जस्ता पाएकोमा आफूलाई सन्तोष लागेको बताउँछन्। उनीहरू आफ्नो योजना असफल भएकोमा खिन्न भएर झर्कन्छन्।

## परिच्छेद २६

झगडाको राजी खुशीको योजनाको थालनी कुन बिन्दुबाट शुरू गर्ने तयार हुँदा नहुँदै उर्मिला भान्से भएका दिन खानामा ढुङ्गा लागेको घटनाबाट झगडा शुरू हुन्छ। झगडाको कपोलकल्पित बिऊ वास्तविकतामा परिणत भयो र मौलाउँदै गयो। अब बूढाले सोचे जस्तो परिवार त्यो भएन। अन्त्यमा बूढाले आफूसँग भएको अचल जेथा कानुनी अधिकारभन्दा बढी अंश दिन्छन्। तीन भाइ छोरा-बुहारीहरू छुट्टिएर जान्छन्। यता पुरानो घरमा बूढाबुढीसँग भने जेठा आत्माराम र अरू दुई भाइसहित तीनभाइसँगै बस्ने निर्णय गर्छन छुट्टिएर जाने तीन भाइ छोरा बुहारीले याचना गर्दै बेलामौकामा बूढाको सेवा गर्ने आकांक्षा राख्दै बूढासँग बिदा लिएका हुन्छन्।

## परिच्छेद २७

बूढाबुढीको मृत्युपछि घरमा धेरै परिवर्तन आइसकेको थियो । घर पुरानो र जीर्ण हुँदै गएकाले आत्माराम सुधार र मर्मत गर्नुपर्ने ठाउँमा टालटुल पार्थे । आत्माराम बाजे भइसकेका थिए । उनका दुईभाइ छोराहरू मध्ये एकजना अमरराज र उनका भाइ थिए । उनीहरूका छोरीहरू मन्जु, मृदुला, रीता र प्रतिमा क्याम्पस पढन थालेका थिए । उनीहरूलाई "वायोलोजिकल नीड" के हो भन्ने कुराको राम्रो ज्ञान हुँदै गएको थियो । अरू दिदी बहिनीहरू मध्ये मन्जु शान्त र भावुक स्वभावकी थिई । उनीहरू बीच साथीभाइको जस्तो व्यवहार थियो । उनीहरू आधुनिक संसारका विषयवस्तु प्रति कुराकानी गर्थे । उनीहरू बीच सपना सेक्स र प्रेमका कुराहरू हुने गर्थे । उनीहरूकी साथी रोहिणीको परिवार भने संकोचित परम्परावादी थियो । ऊ सपना प्रेम र सेक्सका बारेमा कुरा सुन्न पनि चाहदिनथी ।

## परिच्छेद २८

एकदिन मन्जु क्याम्पस जान बस कुरिरहेको बेला एउटा केटाले जिस्क्याएकोले ऊ क्याम्पसको एक कुनामा रोहइरहेकी थिई । उसको कुरा सुनेर सबै केहीहरू हाँस्न थाले र यस्तो सामान्य कुरालाई लिएर चिन्ता नगर्न मृदुलाले सान्तना दिदै आफूलाई केटाहरूले बसमा चढ्दा निमोटेका डामहरू देखाउँने कुरा गर्दै हामीहरू विवश भएको कुरा बताउँछे । यो लोग्नेमानिसहरूको देश रहेछ भनेर चुप लाग्नु सिवाय यहाँ केही गर्न सकिदोरहेनछ । त्यसपछि मन्जु सधैं साथीहरूसँगै क्याम्पस आउँन जान थाल्छे ।

## परिच्छेद २९

हजुरआमाको मृत्यु भयो अथवा आत्मारामकी श्रीमतीको मृत्यु भएकोले अरूलाई त केही फरक परेन तर आत्माराम एक्ला र उदास भए । उनको बाँच्ने आधार र आफ्ना कुरा परिवारका सदस्यसम्म ल्याउँने लाग्ने माध्यम नै रहेन । आत्मारामको दिनचर्या आफू जस्तै अवकाश प्राप्त व्यक्तिहरूसँग बित्न थाल्यो । एकदिन उनी पशुपति पुगेर फर्कदा बाटोमा लड्न पुग्छन् । उक्त कुरा उनले कसैलाई सुनाउँदैन र बरू आफ्नी श्रीमती भएको भए धेरै ठोक्किएयो भनी सोधपुछ र सेकताप हुने कुराको कल्पना गर्थे । घरका केटीहरू बूढालाई केही सामान ल्याई दिनुपर्‍यो भने आनाकानी गरी ल्याउन चाह्दैन्थे । तर मन्जु भने अपवाद थिई । ऊ बूढाबुढीप्रति सद्भाव राख्दथी । मन्जु हजुरबाकी एकमात्र सहारा थिई र समस्या प्रति सचेत हुन्थी र सोधपुछ गरेर बाजेका समस्यालाई समाधान गर्थी । कहिले काँही आत्माराम भन्ने गर्थे, मान्छे बाँच्ने लायक हुँदैन, अरूले उसलाई बाँच्ने लायक ठान्दैन र मिल्किएको हुन्छ, तर पनि बाँच्नु पर्दछ । यी कुरा सुनेर मन्जु हजुरबालाई टाढस दिएर पनि उदास हुन्थी ।

## परिच्छेद ३०

आत्माराम रोग, शोक र भोकका कारणले सिकिस्त विरामी हुँदै बाँच्दै गरेका थिए परिवारले भार मानेको देखिन्छ। नाति कमलराज आजको जस्तो छिटो जीवनमा यस्तो सुस्त जीवन व्यर्थ हुने धारणा व्यक्त गर्छ। आत्माराम आफ्नो रोगको अवस्था बारे कसैलाई नवताउँने शर्तमा मन्जुलाई भन्ने गर्थे। आत्मारामले एकदिन पिसाबबाट रगत आएको कुरा मञ्जुलाई बताउँछन्। मन्जुले डाक्टर ल्याउने कुरा गर्दा उनी नकार्दछन्। उनी पूर्ण आस्तिक र अन्धविश्वासका भक्त थिए किनकी उनी पूर्वपट्टि फर्केर मन्त्रोचारण गरेर मात्र औषधि सेवन गर्दथे। आफू उठ्न नसक्ने विरामी भइएला कि भनेर शिरान पूर्वपट्टि नै फर्काएर सुतेका थिए।

## परिच्छेद ३१

आत्माराम एकान्तमा वर्षौं अघिका घटनाहरू एकपछि अर्का गर्दै सम्झन पुग्छन्। उनका लागि वर्तमान अतितमा परिवर्तन भए झै लाग्थ्यो। घरका केटाहरू बूढाको दूरावस्थालाई व्यंग्य गर्दै भन्ने गर्थे, आज सिकिस्त कि किस्ति भनेर सोध्ने गर्थे र व्यङ्ग्य गरेर उनीहरू उत्तर दिदैं किस्ति नै होला सिकिस्त भए खवर आउँथ्यो नि भन्थे। परिवारका प्रायः सबै बूढाको मृत्यु पर्खिरहेका थिए। आफ्नै पुत्र शिव शर्मा समेत हाँस्न थालेका थिए र भन्ने गर्थे। यसरी पनि बाँचेर हुन्छ संसारमा। घरपरिवारका केटाकेटी बूढा मरेपछि उक्त कोठामा आफू आफू बस्ने होड गरिरहेका थिए र आफू आफू बीच झगडा समेत गर्थे। आत्मारामले एकदिन भनेका थिए, तिमीहरू मध्ये जसले म मरेको देख्छ, त्यसैले मेरो कोठा पाउँछ। त्यसपछि बाजेका कोठामा जाने र हेर्नेको संख्यामा वृद्धि भयो। पहिले मन्जु मात्र आउने बाजेको कोठामा अहिले बाबुहरू समेत आएर आफूभन्दा ठूलाको सेवा गर्नुपर्ने, ठूलाबाट आशिष लिनु पर्ने अर्ति उपदेश लिनु पर्ने आदि आदर्शका कुराहरू गर्न थाल्छन्, बूढा भने प्रशन्न देखिन्थे।

## परिच्छेद ३२

आत्मराम बाजेलाई हेर्न र माया पोख्न घुँइचो लागेर आउँनेको संख्या बढेको थियो। डाक्टरले घोषणा गरेको मृत्युको दिन पनि गुज्रिसकेको थियो। बाजेका कोठामा मन्जु मात्र भएका बेला बाजेले आफूलाई हेर्न आउनाका दुई कारण बताए। एउटा आफू चाँडै मर्दैछु भनेर र अर्को आफूसँग बाकसमा भएका सुनका डल्लाहरूका कारण खुलाए। मञ्जुले वास्तवमा सुनका धेरै डल्लाहरूका बारेमा चासो राख्दा बाजेले बताउँन चाहेनन्। बाजेकी विश्वास पात्र मन्जु मात्र भएकीले उनले बाकसको साँचो मन्जुलाई नै जिम्मा दिएका थिए र आफ्नो मृत्यु भइसकेपछि उक्त सुन विवाह नगरिएका छोरीहरूलाई बराबर बाँड्ने इच्छा राखेका थिए। यत्तिकैमा जब मन्जु कोठाबाट बाहिर निस्की तब के सोचेर हो, बूढा धेरै वर्षपछि पुनः एकपटक रोएका थिए।

## परिच्छेद ३३

विवाहको समय हुनाले घरका सबैजना आफन्त कहाँ निम्ता मान्न सिंगारिन थाल्छन् । अमरराज र स्वयम् मन्जुले हजुरबालाई एक्लै नछाड्ने इच्छा राखे पनि हजुरबाको चाहना अनुसार मन्जुले पनि विवाहमा जाने निधो गर्छ । विवाहबाट फर्केर मञ्जुले हजुरबाको कोठामा सुतिरहेका आत्मारामलाई ओढ्ने ओढाउँनु भनी खोज्दा त बूढा ग्याँस सिलिण्डर जस्तै रित्तिसकेका पाउँछे । मन्जु रून थाल्छे र आफू विवाहमा गएको पछुतो मान्न थाल्छे र आमालाई हजुरबाको कोठामा जान अनुरोध गर्छे ।

## परिच्छेद ३४

आत्मरामको मृत शरीरलाई चोकमा राखिएको थियो । सारा नाताकुटुम्ब छिमेकीहरू अलाप विलाप गरिरहेका थिए । घरका बुहारीहरू पनि समाजका अगाडि केही रोए जस्तो गरी एकपछि अर्को गर्दै बूढाको कोठामा सम्झनारूपी धनको पोको फेला पार्ने दाउमा गोहीका आँसु बगाउँन ओहोर दोहोर गरिरहे । उता शब यात्रा शुरू गरेर दाहसंस्कारको कार्य सम्पन्न भईसकेपछि बूढाको सुनका डल्लाको चर्चा शुरू भयो । मन्जुले बाजेले बताए अनुसार कै बाँड्ने शर्तमा बाकस खाली । उक्त बाकसमा भएको प्रत्येक विवाह नगरिएका छोरीलाई २/२ तोलाका दरले पुग्ने गरी सुन बाँडफाँड गरे । उनीहरूले अपेक्षा राखे अनुसारको धन प्राप्त गर्न नसकेकोमा सबै खिन्न भए ।

## परिच्छेद ३५

अमरराज लगायतका ६ जना साथीहरू आफू-आफू बीच अल्कोहोलिक हौं कि होइनौ भन्ने विषयमा वहस गर्दछन् । उनीहरू मध्ये बलराम पैसा खर्च गर्नमा कजुस थियो । उनीहरू आफ्नो कारणले घरपरिवारको आर्थिक स्थिति कमजोर भएको कुरा स्वीकार गर्छन् र अबदेखि रक्सी नखाने विचार राख्दछन् । यस्तो विचार उनीहरूले धेरै पहिले नै धेरै पटक गरे तापनि कार्यान्वयन गर्न सकिरहेका थिएनन् । उनीहरुले रक्सी छोड्ने कुराप्रति घरपरिवारलाई विश्वास थिएन र स्वयम् उनीहरूलाई समेत पत्यार थिएन । उनीहरूले रक्सी छोड्नु भनेको झटारोले तारा झार्नु जस्तै अप्ठ्यारो भएको कुरा उनीहरू स्वीकार गर्दछन् ।

## परिच्छेद ३६

नर्मदाको अदृश्य प्रेमी, पति वा दलालको बारेमा पाँचै जनालाई शंका लाग्न थालेको थियो । नर्मदा अमरराज बाहेकलाई रतिक्रिया गर्नु अघि विभिन्न बहानामा रकम असुल्ने गर्थी र प्रत्येकलाई आफ्नोपनको आभास दिन पनि पछि पर्दिनथीं । भैरवले सबैभन्दा बढी रकम खर्चिएको थियो । ऊ अरूभन्दा बढी भावुक र मूर्ख पनि थियो । नर्मदाको अदृश्य पति कसैले देखेका पनि थिएनन् । अन्त्यमा प्रत्येकसँग आँसु झारेर विभिन्न शीर्षकमा ५ हजारभन्दा नबढाई रकम मागेर उनीहरूलाई मूर्ख बनाई रहेको कुरा उनीहरूको थाहा पाउँछन् ।

## परिच्छेद ३७

भैरव सामान्य भाषामा प्रयोग गरिने वर्जित शब्दलाई आफ्नै छुट्टै ढङ्गबाट प्रयोग गर्दथ्यो । अरू साथीको सोचाई उसले यसरी वर्जित भाषाको प्रयोग गर्नुकापछि अतृप्त यौन आकांशाको कारण हुन सक्ने थियो । भैरवकी श्रीमती नराम्री भएकीले पूर्ण यौन असन्तुष्टि भएका कारण उसले वर्णित शब्द बोलेको उनीहरूको ठहर थियो । जे भए पनि भैरव भएन भने उनीहरूको भेटघाट निरस हुन्थ्यो । नर्मदाले समेत भैरव रमाइलो मान्छेका रूपमा स्वीकारेकी छे । एकदिन सबैजना नर्मदा कहाँ नै रक्सी खाएर बसेका हुन्छन् । नर्मदाले भैरव रमाइलो मान्छे भएको स्वीकारेको सहन नसकेर बलराम बाहिर बसेको अमरराजसँग आएर अबदेखि नर्मदासँग शारिरिक सम्पर्क नराख्ने कुरा गर्छ । अरू सबैजना ( अमरराज बाहेक) नर्मदालाई आर्थिक सहयोग गर्दथे । तर बलराम चाहिँ नर्मदासँग ऋण लिने गरेको कुरा समेत खुल्दछ । त्यसदिन पछि पनि बलराम नर्मदा कहाँ जाने गरेको कुरा अमरराजले नर्मदासँग गरेको कुराकानीबाट थाहा हुन्छ ।

## परिच्छेद ३८

अमरराजका बुबा शिवराज अवकाश प्राप्त वृद्ध हुन् । आफ्नी श्रीमतीलाई समेत गुमाई सकेको बूढा घरपरिवारका सदस्यहरूले गरेको दुर्व्यवहार र वेवास्ताका कारण कहिले काँही आफ्ना साथीहरूका घरमा खवर गरी जाने गरेका थिए । केही दिन यता आएर उनले कपाल कालो बनाउँनु र घरमा खवर नगरी बाहिरै बस्ने कुरा देखिन्छ । अमरराज र भतिजो कमलराजले कारण बुझ्न खोज्दा बूढा यसो भन्छन्, जुन घर जंगल जस्तो झम्टने खालको हुन्छ, कि पर्खेर बस्नु पर्‍यो कि थर्केर कि त चर्केर बस्नु पर्‍यो भन्दै छुट्टै डेरामा बस्ने निर्णय सुनाउँछन् । केही दिनपछि थाहा हुन्छ कि एक नवयुवती (मीना) जो बूढाभन्दा ज्यादै कम उमेरकी केटीसँग विवाह गरिसकेका रहेछन् ।

## परिच्छेद ३९

शिवराज शर्माको जीवनमा जुन नैराश्यता र विरक्ती छायो फलस्वरूप एउटा निकासको बाटो खोज्यो जुन ७० वर्षको उमेरमा विवाह गर्नुपर्ने बाध्यता आयो । समाजमा एउटा नौलो आयाम थपियो । बूढाको अदम्य साहस र यौनईच्छा दमिट जागत भयो र विवाह पश्चात पूर्ण भयो । शिव शर्माका लागि घरपरिवारभित्र नै विवाह गरी ल्याउने उपयुक्त मार्ग प्रशस्त नभएकाले छुट्टै बसेर दाम्पत्य जीवन गुजार्नु उपयुक्त थियो । मीना अर्काकी घरमा पालिएकी यौवना कुमारी केटी हो जसले धेरैपटक मर्ने योजना गरेकी थिई । पढे लेखेकी भएकीले एक संस्थानकी अधिकृत पनि थिई । सौन्दर्यकी धनी तथा एक असल स्वभावकी केटी थिई । उसले वृद्ध अवस्थाको शिवशर्मालाई सहज स्वीकार गरी । शिव शर्मालाई कतै उक्त किशोरीको यौनतृप्ति पूरा गर्न नसक्ने हुँ कि भन्ने भय थियो, त्यसैले उनी यौनवर्द्धक औषधी सेवन गर्न तल्लिन थिए ।

## परिच्छेद ४०

शिवराज शर्मा आधुनिक पहिरनमा आनन्दपूर्वक हिड्न थालेका थिए। उनीभित्र एक प्रकारको त्रासले भने गहिरो डेरा जमाएको थियो। आफू अफिसको कर्मचारी छदाँ कार्यालयका महिला कर्मचारीहरू प्रति गरिने दूर्व्यवहार जस्तै कतै मिनाप्रति गरिन्छ कि भनेर दिनरात चिन्तित देखिन्थे। कहिलेकाँही अप्रत्यक्ष रूपमा मिनासँग कोही कसैले यस्तो व्यवहार देखाउँ छन् कि भनेर प्रश्न पनि सोध्ने गर्थे। मीनाले आफूलाई त्यस्तो अभद्र व्यवहार कसैबाट नभएको कुरा बताएपछि बूढा ढुक्क हुन्थे। आफूलाई दिदी र हजुरलाई भिनाजुका भावले सम्मान गरेको कुरा सुनाउँदा बूढा खुशी हुन्थे। बूढा यौनवर्द्धक औषधि प्रयोग गरी वयस्क श्रीमतीलाई सन्तुष्ट दिन कार्यमा दत्तचित्त थिए।

## परिच्छेद ४१

बाजे शिवराज विवाहपछि शंकालु नवयुवक झै देखिन्छन्। तरपनि कर्तव्यपरायण पतिका रूपमा सफलतासाथ जीवन यापन गरेकाछन्। शिवराजले कार्यालयमा हुने श्रीमतीप्रतिको शंका पनि गर्न छाडेका छन्। उनी आफै पनि कुनै प्रोजेक्टमा काम गर्न थालेका थिए र उनीहरूको आर्थिक सम्पन्नतामा वृद्धि हुँदै गएको छ। दशैंको समयमा शिवराज श्रीमती मीनाकासाथ आफ्नो पुख्यौली घर जान्छन्। परिवारले उनीहरूप्रति राम्रो व्यवहार देखाउँछन् र मीनालाई सबै केटीहरूले हजुरमुना भनी सम्बोधन पनि गर्छन। मीनाको आग्रहमा हजुरमुमा नभनेर आन्टी भन्ने अनुरोधलाई केटा-केटीहरू ग्राण्ड अण्टी भनेर सम्बोधन गर्न थाल्छन। केही समयपछि मीनाबाट पनि एउटा छोरा जन्मिन्छ। अमरराज र परिवारकाहरू कतै ६ जनाको क्रम फेरि दोहरिने हो कि भन्ने आंशकामा हुन्छन्।

## परिच्छेद ४२

अमरराजको भतिजो कमलराजको आर्थिक सम्पन्नता राता-रात सुदृढ हुँदै गएकाले पुरानो घर भत्काई ऊ नयाँ आधुनिक घर बनाउँने इच्छा गर्छ। कमलराजको विवाहपछि पुरानो र थोत्रो घरमा नबस्ने उसको श्रीमती संगीताको आग्रहमा ऊ नयाँ घर बनाउने दाउमा छ। त्यसो त उसले सुसुरालबाट प्रशस्त सम्पत्ति पनि पाएकै थियो। उसकी श्रीमतीको रवाफ परिवारभित्र बढ्दै गइरहेको थियो। संगीताको रबाफको पराकाष्टामा एकदिन अमरराज भोकै सुत्नुपर्छ। यतिमात्र होइन अमरराजकी श्रीमतीले नमीठो वचन पनि खेप्नु पर्छ। अमरराजलाई भोकका कारण राति अवेरसम्म निन्द्रा लागेन र रातमा आएको आवाजलाई नियाल्दा कमलराज र संगीताले भान्साकोठामा चिकेन रोष्ट र ब्रिफकेशबाट नोट झिकी गनेको देखेर अमरराज रोई रहेकी श्रीमतीको आँसु पुछ्दै सुन्छ।

## परिच्छेद ४३

अमरराजलाई कमलराजका सामु आफ्ना छोराछोरी निरीह लाग्न थाल्छन्। आफ्ना छोराछोरीमा मन्जुला बाहेक सबै उही कमलराज जस्तैः अनुर्त्तीण हुँदै पढेका थिए। तर कमलराजले त पढ्न नै छाडेका थियो। उसैको उन्नतिको राता-रात चमत्कारपूर्ण ढङ्गले चल्दै गइरहेको थियो।

कमलराजकी श्रीमती पनि अमरराजका छोराछोरी टी.भी. हेर्न जाँदा आफ्नो मुड अनुसारको व्यवहार देखाउँछे । अमरराज आफै भित्रैभित्र निरीह र दु:खित देखिन्छ ।

## परिच्छेद ४४

अमरराजको छोरो विदेश जानलाई तीन लाख खोजी दिए करोडौं रूपैयाँ कमाएर ल्याउँने इच्छा राख्छ । उता छोरीहरू भने फाराम भर्न केही रकम माग गर्छन । त्यसैले अमरराजले आफ्ना घनिष्ट मित्रहरूसँग २ हजार रूपैया ऋण माग्न सबैतिर भौतारिन्छ । कसैले पनि आफूसँग रकम नभएको र फलानोसँग भएको बहना गर्दै सबैजना तर्कन पुग्छन् वा कोही कसैले ऋण पत्याउँदैनन् । अन्त्यमा छोरीको मुन्द्री राखेर फाराम भरिन्छ । अब कसरी ३ लाख जुटाउँने त्यो त सम्भवै नहुने निचोडमा ऊ पुग्छ ।

## परिच्छेद ४५

अमरराजको छोरा जागिरका लागि अन्तरवार्ता दिएर घर फर्कन्छ । नोकरी पाउन नसकेपछि घरमा आएर रोष प्रकट गर्छ । घुस खाउँन सके नोकरी हुने र नसके नोकरी प्राप्त गर्न नसकिने कुरा बताउँछ । उता अमरराजलाई मन्जुको विवाहका लागि खर्च जुटाउँने समस्या थियो । जुन समस्या लिएर कमलराजको कोठामा जान्छ । त्यसबेला संगीता माइत गएकी हुन्छे । अमरराजले आफ्नो समस्या कमलराजका अघि राखेपछि कमलराजले यसभन्दा अघिको हिसाव किताब नलिने र अबदेखि लिने ऋणमा अमरराजको अंशमा पर्ने हिस्सा बुहारी संगीताको नाम गरी दिने शर्तमा ऋण दिन मन्जुर गर्छ । निरीह अमरराज शर्त मान्न राजी भई आफ्नो कोठा फर्कन्छ ।

## परिच्छेद ४६

अमरराज र साथीहरू एउटा रेष्टुराँमा पुग्छन, जहाँ भीड थियो । अमरराजले परिचित लागे जस्ता नशामा लर्वराउँदै गरेका दुईजना मानिसलाई देख्छ । ऊ एक दिनको घटना सम्झन पुग्दछ । त्यसदिन रक्सी खादाँ खाँदै धेरै अबेर र धेरै नशा लागेको थियो । ऊ घर जाँदाजाँदै बाटोमा थिप्लिएर एउटा खाल्टोमा फस्न पुगेछ । केही समयपछि त्यस्तै हालतको अर्को मानिस पनि त्यही खाल्टोमा खस्न पुग्छ । ऊ नशामा भएकोले अन्य कुरा बिर्सिएको थियो । खाल्टोबाट निस्किने धेरै प्रयत्न गर्दा नसकी रहेको अवस्थामा एकअर्काको सहायताबाट बल्ल-तल्ल २-३ बजेतिर निस्कन सफल भएका थिए । एकछिन पछि एकजना मानिस लर्बराउँदै आएर **अमर** सम्बोधन गर्दा ऊ झसङ्ग हुन पुग्छ र त्यो मानिस **उही खाल्डो** भनेर निस्कन्छ । जसको नाम अमरराजलाई थाहा हुँदैन ।

## परिच्छेद ४७

एकपटक अमरराज र उसका ६ जना साथी घुम्ने शिलशिलामा झापा गएका थिए । उनीहरू झापाको कुनै होटलमा बसेका थिए । एउटा कोठामा माधव र अमरराज बसेका थिए । माधवसँग भएको स्कच उनीहरूले खाएर साथीहरूले शंका गर्लाा की भनी कोठा माथिको सिलिङ्गमा बोटल

लुकाएका थिए। त्यसको ५ वर्षको अन्तरालपछि उनीहरू घुमफिरको सिलसिलामा झापा नै पुगेर त्यही होटलमा वास बसेका थिए। संयोगले त्यही कोठामा उही मित्र माधव र अमरराज बढ्न पुग्छन्। जीवनको अर्थ के ? माधवले सोधेको प्रश्नको विषयमा तर्क वितर्क गर्छन। अन्त्यमा माधव उही ५ वर्षअघि राखेको स्कचको बोटल निकाल्दै जीवनको अर्थको उदाहरण दिन्छ। उनीहरू खाँदै गरेको कमसल स्तरको रक्सीलाई त्यही बोटलमा हालेर हाँस्दै खान्छन्।

## परिच्छेद ४८

अमरराज लगायतका ६ जना साथीहरू एउटा भट्टी पसलमा रक्सी खाँदै एक्काइसौं शताब्दीका बारेमा तर्क विर्तक गर्छन। बीसौं शताब्दीले एक्काइसौं शताब्दीलाई एउटा बौद्धिक पशु दिने टुङ्गोमा पुग्छन्। त्यो बौद्धिक पशु समय सापेक्षा भई मानवतावादी, आध्यात्मिकवादी, संवेदनशीलवादी आदि रङ्ग बदल्ने छेपारो प्रवृत्तिका हुने ठहर उनीहरूको छ। मानवीय संवेदना र चेतना हराउँदै जानेछ र ह्रिंसक, क्रुर र देहयुक्त बन्दै जीवनको आनन्द भोग गर्ने हुनेछ भन्ने निश्कर्षमा पुग्छन्। अन्त्यमा जीवनले त्यही होटलमा काम गर्ने केटो शिवेलाई साट्न दिएको नोट पर्खिएर धेरैवेर कुर्दछन्। तर शिवेको अत्तोपत्तो हुँदैन। शिवे त्यही भट्टीमा केहीदिन अघि काम गर्न बसेको केटो थियो। उनीहरूले साहुलाई पछि रकम भुक्तानी गर्ने शर्तमा त्यहाँबाट हिड्छन्।

## परिच्छेद ४९

कमलराजका ठाउँ ठाउँमा भव्य घर बन्दै गरेका हुन्छन्। सबै मानिसहरूको प्रशसाको मूल पात्र नै कमलराज थियो। प्रायः मानिसहरू कमलराजको सम्पन्नता र वैभवको गुनगान गाउँदै आफ्ना सन्तानलाई भन्ने गर्थे, छोरो जन्मे यस्तो पो जन्मनु बेकारमा पढेर जागिर समेत पाएका छैनौं। बरू यिनै कमलको कारिन्दा बन्नलाई भनी दिने कुरा गर्दथे। श्रीमती कमलको तारिफ गर्न पनि पछि पर्दैनथे र भन्थे लोग्नेको भाग्य स्वास्नीले लेखाएर ल्याएकी हुन्छे भन्थे ठीकै पो रहेछ, यस्तै यस्तै। चारैतिर कमलराजको र उसका भव्य महलको चर्चा सुनेर अमरराज पनि अरूले केही भन्लान कि भनेर अरूबाट सुनेका आधारमा घरको वयान गर्ने चेष्टा राख्छ। उता कमलराजको रवैया बढ्दै जान्छ सम्पत्तिको आड्मा। उसले सम्पादनलाई अखवारका सबैप्रति आफैंले किनी दिने प्रलोभन देखाई अन्तर्वार्ता छपाउँछ। कमलराज उक्त अखवारमा आफू धर्ती पुत्र र समयको मानिस र भोट किन्न सक्ने व्यक्ति प्रेमको कुरा छापिन्छ। उसले यसै अन्तरवार्ता र जन्मदिन दुवैको उपलक्ष्यमा भव्य भोजको आयोजना समेत गर्छ।

## परिच्छेद ५०

लामो समयको अन्तर्रालपछि फेरि आज ६ जना आफूभित्रका इर्ष्या कपट र धोकालाई बिर्सेर मैत्रीभाव राखेर जीवनमा भरी उसलाई लाने के छ भन्दै राम्रो भट्टीमा जाने निधो गर्छन। जाँदा जाँदै बाटोमा अकस्मात एकदिन एकहजार लिएर भाग्ने शिवेलाई भेटछन्। उसलाई केरकार गर्दा साहु कै निर्देशनमा आफू त्यसो गरेको स्वीकारर्दछ। साहुले भेद खुल्ने डरले भनी आफूलाई समेत निकालेको

रहस्य बनाउँछ। उनीहरू राती अवेरसम्म रक्सी खाँदै ईश्वरको इच्छा विरूद्धको ब्रह्माण्ड सृष्टि भएको र त्यसबाट ईश्वर पनि लाचार हुनुपरेको विचार व्यक्त गर्छन।

## परिच्छेद ५१

उनीहरू भट्टिमा अबेरसम्म बस्दछन् र मध्यराततिर आफूलाई नायक ठान्दै सुनसान सडकमा हिडिरहेका थिए। अन्त्यमा उनीहरूले चाल पाए कि उनीहरू बाटो बिराएर त्यता आएछन्। उनीहरू फर्कन मात्र के लागेका थिए उनीहरू कमलराजको सात भव्य घरमध्येको एउटा घरको नजिक रहेछन्। अमरराजले कमलराजको घरको वयान गरेर कमलराजलाई खुशी पार्ने अठोट लिन्छ र त्यस भव्य घर नजिक पुग्छन्। जहाँभित्र पाले रहेछ। साथीहरूले पालेलाई आफ्नो मालिकको बाबु अमरराज भएको बताई पालेलाई रक्सी खोज्न पठाउँछन्। उनीहरू त्यही बसेर बिहान उज्यालो हुनु अगाडिसम्म रक्सी खाई नै रहन्छन्।

## परिच्छेद ५२

केहीदिन यता आएर उनीहरूको रक्सी खाने ठाउँ कमलराजको भव्य घर बनेको थियो। पालेलाई केही बक्सिस दिएपछि उनीहरूको सम्पूर्ण व्यवस्था उसले मिलाई दिन्थो। एकदिन दिउँसै पालेले अमरराजलाई फोन गरी सबै साथीहरू आई सकेर प्रबन्ध मिलेकोले चाँडो आउने खवर गर्छ। अमरराज आई पुग्दा सबैजना मातिसकेका हुन्छन्। विभिन्न परिकारका साथ अमरराज र साथीहरू रक्सी खान्छन्। अमरराजले घर फर्कने कुरा गर्दा शम्भु यही नै रमाइलो गरेर रात काट्ने कुरा गर्छ। त्यसपछि उनीहरू अर्को कोठामा जान्छन्। जुन कोठामा कक्षा ८ मा पढ्दै गरेकी १४-१५ वर्षकी कलिली केटी रोईरहेकी हुन्छे। जसलाई यौनतृप्तिका लागि ल्याइएको हुन्छ। अमरराज र जीवन अरू साथीहरूको त्यस्तो व्यवहारप्रति रोष प्रकट गर्छन। शम्भुले त्यस केटीका बाबुलाई १ सय रूपैया दिएर उक्त पाशाविक कार्य गर्न ल्याइएको बताउँछ। अन्त्यमा अमरराज र जीवनको प्रतिकारपछि शम्भु र अन्य साथीहरूले केटीलाई बलत्कार नगरी छोडिदिन्छन र फेरी सबैजना मिलेर रक्सी खान्छन्।

## परिच्छेद ५३

त्यस घटनापछि उनीहरू त्यस घरमा नजाने निर्णय गर्छन, उता नर्मदा पनि हिंडिसकेकी हुनाले उनीहरूको खानपिन पहिले झै भट्टी पसलमा हुन थाल्छ। उनीहरूको जीवन जस्तोसुकै अस्तव्यस्त भएतापनि सँगै मिलेर एकै ठाउँमा रक्सी खाने व्यवस्था मिलाउँछन्। कोही अनुउपस्थिति हुदाँ कुर्सी खाली हुन्थ्यो। यताकेही दिनदेखि शम्भुको कुर्सी खाली भएको थियो। उनीहरू सातौं दिनको साँझ शम्भुको घरमा जान्छन्। शम्भुलाई ज्वरो आएको थियो। डाक्टरले रक्सी नखान सल्लाह दिएको थिए। शम्भु तीनदिनपछिसँगै बसेर रक्सी खाने निधो गर्छ र उनीहरू शम्भुसँग बिदा हुन्छन्।

## परिच्छेद ५४

केही दिनपछि पनि शम्भु नआएपछि उनीहरूले फोन मार्फत बुझी अस्पतालमा हेर्न जाने निधो गर्छन् । उनीहरूले बुझ्दा शम्भुलाई ज्वरो घट्ने बढ्ने क्रम यथावत थियो । अस्पतालमा घरका कोही मानिसहरू पनि थिएनन् । बरू केही रकम दिएर कुरूवा राखेका रहेछन् । खानेकुरा समेत अस्पतालमा नै व्यवस्था गरिदिएका रहेछन् । उनीहरूले शम्भुको स्वास्थ्य स्थिति बुझ्न उनीहरूकै साथी डा. ईश्वरीभक्तको खोजी गर्छन । तर ईश्वरीभक्तको ड्यूटी भोलिपल्ट बिहान भएकाले बिहान आउने निधो गरी हिड्छन् ।

## परिच्छेद ५५

अमरराज अस्पताल जान भनेपछि ज्यादै भयभीत र त्रसित हुन्थ्यो, त्यसैले उनीहरू अपस्ताल गएनन् । उनीहरूले शम्भुलाई घरमा ल्याएको कुरा सुनेपछि घरैमा हेर्न जान्छन् । साँझपख उनीहरू पुग्दा डा. ईश्वरी र शम्भुसँगै बसेका थिए र डा. ईश्वरीको अनुमति लिएर शम्भुसहित सबैजना रेष्टुराँतिर लाग्छन् । उनीहरूले धेरैदिनसम्म शम्भु नआएमा न्यास्रो लागेको कुरा बताउँछन् । शम्भु आफू मरेको भए एक छाक रक्सी नखाएर त्यही खर्चले मेरो समवेदना लेख्ने थियौ कि भनेर जिज्ञासा राख्छ । सबैजना रमाइलोसँग खाईपिन गरेर घर जान निस्कछन्, तर शम्भु भने अमररराजको पाखुरा समाएर भावविभोर भई रूँदै घरतिर जान्छ ।

## परिच्छेद ५६

केही दिनपछि शम्भु भेटिन छाड्छ शम्भुका स्वास्थ्य स्थिति बुझ्न उनीहरूका लागि प्रतिकूल थियो । उसका घरमा  साथीहरू भेट्न जाँदा घरका मानिसले नराम्रो सोच्दथे । केही दिन अघि शम्भुले यो ग्रह नै बिग्रिसक्यो र हामीहरू बस्न लायक नभएको बताएको कुरा स्मरण गर्छन् । यसै गरी घरमा हामी एउटा दिनचर्याको अङ्ग मात्र भएर बाँच्ने आधारमा ‘जीवन गुजारा गरिरहेका छौ पनि भनेको कुरा स्मरण गर्दछन् । जब मानिससँग धन सम्पत्ति वैभव आदि हुन्छ, तबमात्र मान्छे सबैको केन्द्रविन्दु हुन्छ, तर यदि ऊसँग ती कुराहरू हुँदैन, तब ऊ परिवारका लागि बाधक तगारो बन्छ भन्ने उनीहरूको निचोड थियो । शम्भु फेरी बिरामी भएको खवर माधवले ल्याएको थियो । उनीहरू एक पटक घर परिवारका मानिसले गर्ने अपमानलाई सहेर भएपनि भेट्ने जाने निर्णय गरेर छुट्छन् ।

## परिच्छेद ५७

अमरराज र साथीहरू शम्भुलाई हेर्न उसका घरतिर जादै गर्दा बाटोमा डा. ईश्वरीसँग भेट हुन्छ । अमरराजले ईश्वरीको अनुरोधमा औषधि लिएर फर्कदा शम्भुको रोगका बारेमा यथार्थ बुझ्छ । डा. ईश्वरीले शम्भुलाई रगत क्यान्सर भएको र ४-६ महिनासम्म बाँच्ने कुरा बताउँछ । सबैजना शम्भुको अवस्थादेखि निराश हुन्छन् । घरका मानिसले स्वास्थ्यमा सुधार आउँला कि भनेर भोलि पहाड पठाउँदै गरेको कुरा उनीहरूलाई थाहा हुन्छ र उनीहरू शम्भुसँग बिदा भएर फर्कन्छन् । केही महिनापछि शम्भुको उतै पहाडमा मृत्यु भएको कुरा सुन्छन् ।

## परिच्छेद ५८

शम्भुको मृत्युपछि पाँचै जना साथीहरू विक्षिप्त, मौन र सुर हराएका जस्ता हुन्छन् तिनीहरू बाह्रऔं दिनसम्म शम्भुको यादले रक्सी पनि खान सक्दैनन् । तर तेह्रऔं दिनमा भने शम्भुको नाममा खान बस्छन र अन्त्यमा बलराम ज्यादै भावुक भएर शम्भुलाई सम्झेर रून थाल्छ । त्यसै दिनदेखि भैरवले पनि रक्सी खान छोडेर साधु सन्यासीसँग संगत गरी हिड्छ । भैरवका छोराहरूले उसलाई खर्च दिन छाडेपछि यो बाटो समाएको थियो । उसले गाँजा खाँदा रक्सीभन्दा सस्तो र कलेजोको समस्या पनि कम हुने देखेर उक्त निर्णय गरेको थियो । उसका घरपरिवार र आफन्तको निर्णय अनुसार भैरवको पेन्सन मन्जुरीनामा लेखाई खर्च रोकेका थिए । अब भैरव साथीहरूसँग भेट गर्न सकिरहेको थिएन ।

## परिच्छेद ५९

अमरराजलाई भित्रैदेखि एकप्रकारको अनौठो उकुसमुकुस र एक्लोपनको आभास भईरहेको थियो । परिवारभित्र भान्छाहरू अलग-अलग भईसकेका थिए । एकदिन बाहिरबाट अबेर गरी घर आउँदा खान नपाई भोकै रात बिताउँनुपर्छ । परिवारभित्र अमरराजको कोठामा बाहेक अरूका कोठामा चहलपहल हाँसो रमाइलो चल्ने गर्थ्यो । विशेष चहलपहल त कमलराजको कोठामा सबैजना जम्मा भएर गर्थे । एकदिन अमरराज पनि त्यस हाँसो र रमाइलोमा मिसिन पुग्छ । तर उसको प्रवेशसँगै कोठामा चकमन्न छाउँछ र सबैजना आ-आफ्नो काम भएको बहाना गरेर बाहिर निस्कन्छन् । अमरराज आएको गएको केही मतलब वा वास्ता नै गरिदैन यतिसम्मकी अमरराजका परिवारले समेत उसलाई तिरस्कार र अपहेलितको व्यवहार देखाउँछन् । धेरै पटकसम्म अमरराजले यस्तो तिरस्कृत व्यवहार खेप्नु परेको थियो ।

## परिच्छेद ६०

बलराम पनि परिवारका दृष्टिबाट दिन प्रतिदिन अपहेलित र तिरस्कृत बन्दै गइरहेको थियो । बलरामले पनि शम्भु जस्तै आफ्नो परिवारको बारेमा कोही साथीहरूलाई केही भनेको पनि हुँदैन । ऊ परिवारभित्र अटाउँन नसक्ने भएकाले शम्भुको मृत्यु भएकै ठाउँमा सरूवा भएर जादैं थियो । बलराम जानु अघि चारैजना मिलेर रक्सी खान्छन् । आजसम्म उनीहरूले जुन-जुन भट्टीमा खान्थे, ती सबै ठाउँमा पुगेर रक्सी खाँदै रमाइलो गर्छन । तिनीहरूका बीचमा नैराश्यता, निरूत्साह, उदासिपन र एक्लोपनको आभास छाएको थियो । बलरामले अब फेरि भेट नहुने कुरा समेत गरेकाले झन गहिरो अन्यौलको वातावरण छाएर तिनीहरू बिदा भए ।

## परिच्छेद ६१

अमरराजको घर दिन प्रतिदिन जीर्ण बन्दै गएको थियो । सडकमा ट्रकहरू हिड्दा घर थर्किन थालेको थियो । गाह्रो भत्किने अवस्थामा पुगेको थियो । कमलराजका भव्य घरहरूका निर्माण सम्पन्न

भईसकेका थिए । घर सर्ने भोजमा सरिक हुन सबैजना हर्षिद हुँदै जादै थिए, तर अमरराजलाई कुनै वास्ता नै राखिदैन । मन्जुले भोजमा जान सोध्न भने आएकी थिइँ । सबैजना भोजबाट फर्केर कमलराज र उसकी श्रीमतीको प्रशंसा गर्छन । केहीदिनपछि अमरराजको परिवार बाहेक अरूपनि घर सरेर अन्यत्र जान्छन् ।

## परिच्छेद ६२

अमराजको परिवार थोत्रो र भत्किरहेको घरमा बस्न विवश थियो । कमलराजले खाली भएका कोठाहरूमा भाडावाला मानिसको घुँइचो जम्मा गरिदिएको थियो । आँगनको चोक फोहरको डङ्गुरले दुर्गधित भएको थियो । कोलाहल र अशान्तिको वातावरण व्यक्त थियो । अमरको छोराले यस्तो वातावरणलाई छाडेर अर्कै ठाउँमा गर्नुपर्ने कुरा गर्छ । त्यसपछि कमलराजको निर्देशन अनुसार कमलराजको घरमा अमरराज बाहेक सबैजना जाने निर्णय गर्छन् । अमरराजको छोराले मन्जुको विवाह कमलराज दाइले खोजेको कुनै धनाढ्यको छोरासँग गरिदिने उसको प्रशंसा समेत गर्छ । निरीह दिनहीन अमरराज जो सबैको दृष्टिमा र व्यवहारमा फालिएको थियो, के गर्न सक्थो विचरा निरूत्तर बन्छ र टुलुटुल हेर्न र सुन्नु बाहेक ऊ केही गर्न असमर्थ हुन्छ । उसका परिवारले समेत परित्याग गरेर हिड्छन् ।

## परिच्छेद ६३

मन्जुला र रोहिणीको विवाह एकै समयमा हुन गइरहेको थियो । रोहिणीले यता आएन कुनै केटासँग प्रेम गर्न थालेकी भएपनि परिवारको निर्णय अनुसार अर्कै केटासँग विवाह गर्न मन्जुर हुन्छे । अमरराज विवाहमा बाबुको नाताले कन्यादान दिन जान्छ र साँझमा नै फर्किन्छ । उसलाई झन सुन्यता र एक्लोपनले छोप्छ र केही रक्सी खान्छ । मन्जुला र रोहिणीको विवाह एउटै गाउँमा धनाढ्य परिवारमा भएको थियो । रोहिणी गर्भवती भईसकेकी थिई । मन्जुलाको विवाह भने केही वर्ष अघि बसस्टायाण्डमा जिस्कयाउँने केटासँग भएको कुरा मन्जुले पहिलो रातको पतिसँगको वार्तालापमा थाहा पाउँछे ।

## परिच्छेद ६४

अमरराजको एकान्त विथोल्न कहिलेकाँही उसकी श्रीमती र छोराछोरी आई आफ्ना सम्पूर्ण आवश्यकता पूरा भएको कुरा सुनाई उसलाई झन कमजोर पार्थे । केही समय यता माधव अमरराज र जीवनको भेट भएको थिएन । माधव र अमरराज जीवनलाई रक्सी खान बोलाउँन आउँछन् । जीवनको चिउँडो र कन्चटमा भएको घाउको सोधपुछमा जीवनले अध्यारोमा लडेको कुरा गर्दै तीनैजना रक्सी खान जान्छन् । उनीहरू विछोडिएका साथीलाई सम्झदै रक्सी खाई नै रहन्छन् । यो बह्राण्ड आफूहरू बाँच्ने लायक नभएको र जीवन संघर्ष भएको तर संघर्ष सफलता नभएको दावी गर्छन् । मान्छेभित्रको यथार्थ खोक्रो आदर्श मात्र भएको र असफल डरलाग्दो र दुःखत भएको कुरा

गर्छन् । एक्कासौं शताब्दी झन कहाली लाग्दो र कमलराज जस्तो व्यक्तिवादीहरूका क्रुर पज्जाभित्र मान्छे कैद भईसकेको उनीहरूको ठहर छ ।

## परिच्छेद ६५

अमरराज, जीवन र माधव छुटेको पर्सीपल्ट माधव आत्तिदै अमरराज आई जीवनका घर जान भन्छ । अमरराज र माधवले जीवनले आत्महत्या गरेको हेर्छन् । जीवनले आत्माहत्या गर्नु अघि यो ग्रह बाँच्ने लायक नरहेको छ । यो मुलुक पनि बाँच्न लायक नभएको यो मुलुकका हामी झन् बाँच्नलायक नरहेको कुरा लेखेको हुन्छ । अमर र माधवका बीच यसबारे अरू पनि कुराकानी भए । माधवले थाहा पाएको सबै कुरा अमररराजलाई बताएको थियो । केहीदिन अघि जीवनका कञ्चट र निधारमा भएको घाउ लडेर नभई छोराहरूले कुटेको र कमलराजका नयाँ घरमा ल्याइएकी केटीलाई बलात्कार गर्ने दोष समेत जीवन र अमरराजलाई भएको कुरा माधवले बताउँछ । अन्त्यमा माधवसँग छुटेपछि अमरराज आफूप्रति परिवारले गरेको दूर्व्यवहारको बारे रक्सी खाँदै सोच्न थाल्छ ।

## परिच्छदे ६६

केहीदिन यता अमरराज घरबाहिर निस्कन चाहँदैन थियो । उसलाई सबैप्रति एक प्रकारको अनौठो वितृष्णा पैदा भएको थियो । ऊ श्रीमती आउँदा पनि आफू घरमा नभएको भन्न लगाउँछ । साँझ परेपछि रक्सी खाएर बस्छ । एकान्तमा उसभित्रको भाव र सम्झना फेरिन्थे । एक साँझ अमरराज मुसुक्क हाँस्दै शम्भुका कुराको संस्मरण गर्छ । शम्भुको परिवार धार्मिक अनुशासन र आचरणमा कट्टर थियो । आफू पनि धार्मिक नित्यकर्ममा तल्लीन हुन्थ्यो । उसका बाबु गरिब गाउँलेलाई ऋण लिनदेन गर्न कडा थिए । समय खराव भयो भनी उनीहरूको परिवार काठमाडौंमा बस्न थाल्छ । गाउँलेहरू काठमाडौंमा समेत ऋण माग्न आउने गर्थे । एकदिन गाउँबाट तल्ला जात मानिएका ७-८ जनाको हुल जसमा एउटी केटी पनि आएकी थिई । सधै झैं नित्यकर्म गर्न शम्भु सबेरै उठेको थियो, बाहिरको बत्ती बालेर आँगनमा हेर्दा त लहरै लागेर सुतिरहेका गाउँलेलाई र खास गरी त्यही युवती जसको तिघ्रासम्म धोती सरेको उसले देख्यो । उज्यालो हुन धेरै समय बाँकी थियो । त्यसैले शम्भु त्यही हुलका युवकले लगाउने पोशाक लगाएर त्यो केटीसँग यौनसम्पर्क राख्न सफल भएको कुरा सम्झेर अमरराज हाँस्छ । त्यस्तो विषय परिस्थितिमा पनि उसलाई पुराना सम्झनाले सताइरहन्छ । जीवनले भनेका कुरा र चौध वर्षकी केटीलाई बलात्कारको आरोप सम्झेर अनौठो मान्छ । के गर्ने वा नगर्ने दुविधामा घण्टौसम्म बसिरहन्थ्छ । राती २ बजेसम्म निदाउँदैन किनभने जीवनको मृत्यु राति ठीक १ बजेर पैतालीस मिनेटमा भएको थियो । त्यसपछि मात्र आफू सुरक्षित अनुभव गरी सुत्ने गर्छ । ऊ अहिलेलाई मर्न चाहँदैन थियो ।

### ४.२.३. आन्तरिक संरचना :

आन्तरिक संरचना भनेको उपन्यासको बुनोट हो । उपन्यासकारले उपन्यासको घटनावलीलाई सुव्यवस्थित ढङ्गबाट गरिएको व्यवस्थापन नै उपन्यासको आन्तरिक संरचना हो । **'दुविधा'** उपन्यासको आन्तरिक संरचनाको रूपमा रहेको वस्तुसन्दर्भ भनेको अमरराज, भैरव, शम्भु बलराम, जीवन, माधव, नर्मदा र कमलराज आदिको कार्यमार्फत विकृति, विसङ्गतिलाई देखाउँनु रहेको छ। घटनाक्रम क्रमिक र सिलसिलाबद्ध ढङ्गले अघि बढेको नभई रैखिक ढंगले अघि बढेको छ। उपन्यासमा प्रस्तुत भएका पात्र-पात्रा कुनै न कुनै घटना, सङ्गति-असङ्गति र विकृति बोकेर देखापरेका छन्। उपन्यासको बीच-बीचमा भएका प्रासङ्गिक स्वैर-कल्पनात्मक घटनाहरूले उपन्यासको उद्देश्य प्राप्तिलाई अघि बढाएको देखिन्छ ।

घटनाक्रमको वर्णन गर्दै जाँदा एउटै परिच्छेदमा अर्को घटनाको प्रसङ्ग ठाउँ-ठाउँमा गरिएको छ। उपन्यासको काल्पनिक कथ्य सुरूबाट विकास हुँदै गएर अमरराजको द्विविधापूर्ण अवस्थामा समाप्त भएको छ। उपन्यासमा असल प्रेमिकाको खोजी गरी सुखद् दाम्पत्य जीवन बिताई सम्मानपूर्वक जीवन बाँच्ने आशावादी भएको अमरराजले नारकीय र दुर्दशापूर्ण वृद्ध जीवन बिताउँनु पर्ने स्थितिमा पुगेको छ। घरको पारिवारिक आर्थिक अवस्था कमजोर हुँदै जान, तनावपूर्ण घरायसी वातावरण सुल्भ्फाउन नसकी समस्या गमन गर्न दिनहुँ जस्तो रक्सीभट्टी चाहर्ने अमरराज र उसका साथीहरूको प्रसङ्गले समस्याको समाधान खोज्ने विकृतिजन्य मानसिकताप्रतिको व्यङ्यलाई समेत समेटेको छ। सहरी सभ्यताको विकास सँगसँगै भित्रिएको काठमाडौंका मानिसहरूको प्रवृत्तिलाई पनि यसमा खोतलिएको छ। प्रेमी र प्रेमिकाका प्रेमका प्रसङ्गलाई जोडेर धनसम्पत्तिसँग प्रेम किन्न पाउने र प्रेमीबाट धोका पाएर वेश्यावृत्ति गर्नुपर्ने बाध्यतालाई पनि उपन्यासमा देखाइएको छ। यसरी विविध प्रसङ्ग र विषयलाई सँगसँगै लिएर जाने क्रममा कथावस्तुको आदि, मध्य र अन्त्यको सृखला व्यवस्थित पारिएको छैन। औपचारिक कार्यव्यापारको केन्द्रविन्दु काठमाडौं, काठमाडौंकै पुरानो जीर्ण अवस्थाको घर र यसैको सेरोफेरोमा कथावस्तु घुमेको छ। अमरराजका बाजेकै पालामा चर्किएर टालटुल पारिएको पुरानो घरमा बसेका कमलराजले भव्य महल बनाई परिवारका सबै सदस्य सरेर गएपनि अमरराज एक्लै वृद्ध जीवन बिताउन विवश हुन्छ। यसै गरी उपन्यासमा अदृश्य देखिएको नर्मदाको दुव्यर्सनी प्रेमीले उसलाई अर्धनग्न अवस्थामा छाड्नु, अमरराज लगायतका उसका साथीहरूले उसलाई आश्रयको व्यवस्था मिलाई दिनु र प्रायःजसो पालैपालो गरी संयुक्त जमघट हुने भट्टी पसलमा अनुपस्थित भई नर्मदालाई यौनशोषण गर्नु सहरिया अवस्थालाई देखाइएको छ। राता-रात भव्य महल बनाउँने कमलराजको भष्ट्राचारी कुकृत्यको  देखाइएको छ। यसका साथै यसमा अङ्गुलले यजमानकी श्रीमतीमाथि गरेको यौन दुर्व्यबहारको कार्य पनि छ। कमलराजले अमरराजलाई ऋण दिँदा घरजग्गा बन्दकी राख्न बाध्य गराइएको कार्य छ। अमरराजलाई बलात्कारीको आरोप लगाएको घटनाको कार्य

यस उपन्यासमा गरिएको छ । पद्मनाभ पण्डितले मन्त्रीलाई काम गराई सर्वसाधारणाबाट घुस लिने कार्य समेत देखाएको छ ।

उपन्यासको परम्परागत मूल्य र मान्यतालाई त्यागेर समकालीन नेपाली उपन्यास परम्परामा रचिएको दुविधा उपन्यास आन्तरिक संरचनाभित्र वस्तु विन्यासमा विविधता, नवीन शैलीको प्रयोग, जातीय आवाजलाई सशक्त ढंगले प्रस्तुत गरिएको यथार्थवादी उपन्यासका कसीमा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

**४.२.४. पात्र विधान :**

नेपाली आख्यान साहित्यका शिखर व्यक्तित्व वरिष्ठ उपन्यासकार डा. ध्रुवचन्द्र गौतमका महत्त्वपूर्ण उपन्यासहरूमध्ये 'दुविधा' उपन्यास पनि एक हो । विसङ्गति-अस्तित्वको पृष्ठभूमिमा आलोचनात्मक यथार्थताभित्र भय-आतङ्क र सन्त्रासको स्वैरकल्पनात्मक ढंगबाट नग्नचित्रण गर्नु गौतमको निजात्मक प्रवृत्ति हो । यसै परिधिभित्रकै एक महत्त्वपूर्ण कृति हो **दुविधा** । यस उपन्यासका पात्र-पात्राहरूको चरित्र चित्रणद्वारा नै उक्त कुराको पुष्टि हुन्छ । पात्र तथा चरित्र कथावस्तुलाई गतिदिने बाहन हुन् । दुविधा उपन्यासको स्वैरकल्पनात्मक कथावस्तुलाई चरित्र-चित्रणले अघि बढाएको छ । उपन्यासमा मूलत दुई प्रकारका पात्रहरूको चित्रण छ । समाजमा देखिने विकृति र विसङ्गति र सन्त्रासमा बाँचेका इमान्दार र संघर्षशील व्यक्ति र समाजको बदलिदो परिस्थितिसँगै रातारात करोडौपति बन्ने चरित्रहरू यस उपन्यासभित्र रहेका छन् । कतिपय पात्रहरू रङ्गमञ्चमा प्रत्यक्ष रूपमा देखा नपरेर पूर्व स्मृतिमा आएका छन् । उपन्यासमा भएका सबै पात्रहरूले लेखकीय उद्देश्य र औपन्यासिक कथावस्तुलाई लक्ष्यमा पुऱ्याउन उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । उपन्यासको काल्पनिक घटनावस्तुलाई जीवन्त पार्ने काम यसका चरित्रको सुन्दर चित्रणले गरेको छ । उपन्यासका प्रमुख सहायक र गौण पात्रहरूको चरित्र-चित्रण क्रमशः निम्नानुसार गर्न सकिन्छ ।

**१. प्रमुख पात्रहरू :**

**अमरराज :** दुविधा उपन्यासको प्रमुख पुरुष पात्र अमरराज हो । उपन्यासको सुरूदेखि अन्त्यसम्म प्रमुख भूमिका रहेको छ । अमरराज पचास साठीको दोसाँध उमेरको छ । अमरराज सँधै जसो साँझ आफ्ना साथीहरूसँग रक्सी खान भट्टी र रेस्टुरेन्ट जाने गर्दछ । ऊ संयुक्त परिवारको वंशको जेठो सन्तान हो । उसको परिवारमा छोराको महत्त्व ज्यादै थियो । पूर्खाहरूदेखि नै ६ भाइ छोरा हुनैपर्ने पुरातन प्रचलन अमरराजको तहसम्म आइपुग्दा भङ्ग भएको देखिन्छ । उसको घर जीर्ण र पुरानो हुँदै गइरहेको हुन्छ । परिवारको आर्थिक अवस्था समेत कमजोर हुँदै गइरहेको छ । आफ्ना सन्तानहरूका सामान्य आवश्यकता समेत पूरा गर्न असमर्थ हुन्छ ।

अमरराज आफू क्याम्पसमा पढ्दा सोझो सरल र नम्र स्वभावको हुन्छ । सामन्यतय किशोरावस्थामा देखिने विपरीत लिङ्गीप्रतिको यौन झुकावका कारणले कुनै असल चरित्र भएकी केटीलाई प्रेम बन्धनमा पार्न समेत असफल हुन्छ । अन्त्यमा बाबु-आमाले खोजेकी केटीसँग विवाह गर्न बाध्य हुन्छ । सामान्य विभागको जागिरे जीवनमा प्रवेश गरेका अमरराज लगायतका ६ जना साथीहरू सहरीया वातावरण प्रायः जसो साँझमा रक्सी खाएर रमाइलो गर्छन् । अमराज केटीका

सम्बन्धमा अरू साथीहरूभन्दा भिन्नै धारणा राख्छ। अरू साथीहरू यौन सम्बन्धलाई बढी महत्त्व दिन्छन्, तर अमरराज परस्त्रीसँग यौनसम्बन्ध राख्न चाहदैन। बाटोमा भेटिएकी प्रेमीबाट परित्याग गरिएकी नर्मदा कहाँ जाँदा अमरराज बाहिरै बसेर रक्सी खान्छ। तर अन्य साथीहरू नर्मदालाई रकम दिई यौन-शोषण गर्दछन्। अमरराज यौनसम्पर्कका सम्बन्धमा निकै टाढा रहेर सतर्क भएपनि कमलराजको षडयन्त्रको जालोमा अमरराज फस्न पुग्छ। उसलाई कमलराजको नयाँ घरमा आयोजना गरिएको भोजमा निम्ता गरी उक्त भोजमा ल्याइएकी १४-१५ वर्षकी बालिकालाई बलात्कार गरिएको लाञ्छना लगाइन्छ। परिवारले उसलाई बलात्कारी, तुच्छ र अनैतिक व्यक्तिका रूपमा व्यवहार गर्दछन्। यही नियोजित घटनापछि घरपरिवारहरूले अमरराजलाई त्यही पुरानो भत्किएको घरमा एक्लै छाडेर उनीहरू कमलराजको महलमा बस्न जान्छन्।

अमरराज परिवारका नजरमा तुच्छ र नीच व्यक्तिको रूपमा हेरिन्छ। तर ऊ वास्तवमा निर्दोष, निरापराध, सोझो र सरल व्यक्ति कै रूपमा रहेको छ। प्रायः जसो साथीहरू बीच भट्टीमा रक्सी खानुबाहेक अरू कुनै कमजोरी उसमा देखिदैन। अमरराज सोझो सरल हुनाको साथै इमान्दारी र नैतिकवान चरित्रको रूपमा उपन्यासको सुरूदेखि अन्त्यसम्म देखापर्छ। अमरराज भ्रष्टाचार गर्न नमिल्ने विभागमा भएकाले र स्वयम् पनि कतै भ्रष्ट आचरण नभएकाले इमान्दार कर्मचारीका रूपमा देखा पर्छ।

अमरराज पचपन्न वर्ष नाघिसकेको व्यक्ति भए तापनि वयस्क अवस्थाको जस्तो स्वभावमा देखिन्छ। घरपरिवारका सम्पूर्ण आवश्यकता पूरा गर्न असफल हुन्छ। ऊ पति, बाबु र परिवारको प्रमुख व्यक्तिको भूमिकामा समेत असफल छ। ऊ अन्तिममा आफ्नो परिवारको भतिजो कमलराजको कपटपूर्ण षडयन्त्रको जालोमा फसेर थोत्रो र भत्किएको घरमा श्रीमती र सन्तान समेतको उपेक्षा सहेर, एक्लै सबैबाट फालिएर बस्न विवश हुन्छ।

उपन्यासको अन्त्यतिर आफ्ना साथीहरू समेत घर परिवारबाट तिरस्कार र अपमान सहेर बाँचेको कुरा एक आपसमा गरिएको कुराकानीबाट थाहा हुन्छ। त्यसपछि उनीहरूको उत्साहपूर्ण भेटघाट क्रमिक रूपमा कमहुँदै गएको देखिन्छ। शम्भु जागिर सरुवा भएर जानु र भैरव सन्यासी हुनु, जीवनले आत्महत्या गर्नु जस्ता घटनाहरू घट्दै जानु र आफ्नै छोरीहरूको विवाहको टुङ्गो लाग्दा समेत उसलाई थाहा नहुनु, एक्लै अर्धजीवित जस्तो उपेक्षित जीवन बिताउनुले अमरराज झन् कमजोर र जिउनु र मर्नुको दुविधामा अल्झिन्छ।

अमरराज कमजोर र डरपोक मानसिकता भएको व्यक्तिको रूपमा पनि देखिएको छ। किशोरावस्थामा प्रेमिकाको प्रेम प्रस्तावको प्रतिउत्तर दिन नसक्नु, मनभित्र रहेको प्रेम गर्ने प्रबल इच्छा र चाहना हुँदा समेत आफ्ना भावना व्यक्त गर्न नसक्नुले ऊ कमजोर र डरपोक व्यक्तिको रूपमा देखापर्छ। प्रेमजालमा फसाई यौनशोषण गर्ने अतृप्त इच्छा अमरराजले नसोचेको होइन तर आर्थिक

दुरावस्थाका कारणले यसो गर्न नसकेर आदर्शवादी भएको देखिन्छ । किशोरले जस्तो आर्थिक वैभवका आडमा केटीहरूलाई प्रेममा फसाई यौनतृप्ति गर्ने चाहना अमरराजमा पनि देखिन्छ । अमरराजको आर्थिक स्थिति कमजोर भएकाले चुपचाप बस्न बाध्य हुन्छ । एक साँझ आफ्नै घरमा खाना खान नपाउँदा समेत चुपचाप सहनु, घरमा कमलराजको हैकम प्रत्यक्ष बढ्दै जाँदा समेत नबोल्नु, पुरानो घरबाट सबै जना निस्किएर आफूलाई एक्लै छाड्दा पनि कुनै प्रतिक्रिया नदेखाउनुले अमरराज कमजोर र निरीह व्यक्तिको रूपमा देखापर्छ । घटनाचक्र विश्रृखलित भएपनि आदि अन्त्य जोडने काम भने अमरराजबाटै भएको छ ।

अमरराजले आफ्नी प्रेमिका बन्ने आग्रह गर्ने केटी (तारा) लाई अन्तरआत्मादेखि चाहेर पनि प्रेमपत्रको जवाफ दिन सक्दैन फेरि पनि दोस्री प्रेमीकासँग पनि प्रेम गर्ने चाहना राख्दा उसको बढी इमान्दार र भलादमीपनले गर्दा असफल हुन्छ । त्यही दुवै प्रेमिकाहरूलाई किशोरले नै विवाह गर्दा पनि उसमा सहजपना देखिनुले अमरराज एक डरपोक, काँतर, आत्मा कमजोर र आवश्यकताभन्दा बढी भावुक व्यक्तिको रूपमा देखिन्छ । सामान्यतया यौवनास्थामा देखिने विपरीत लिङ्गीहरूप्रतिको झुकाव हुने स्वभावबाट ऊ अछुतो छैन अमरराज तर भय र संकोचको कारणले आफूभित्रको यौनइच्छा प्रकट गर्न नसक्नु उसको कमजोरी हुन भन्न सकिन्छ । अमरराजको जीवनलाई नै मूल रूपमा प्रस्तुत गरिएकाले ऊ उपन्यासको बद्ध पात्र हो । यस उपन्यासबाट अमरराज झिकी दियो भने उपन्यासको अस्तित्व नै समाप्त हुन्छ ।

अमरराजले घरपरिवारप्रतिको जिम्मेवारीपूर्ण अभिभावकत्वको दायित्व पूरा गरेको देखिदैन । वृद्ध अवस्थाको भएर पनि अपरिपक्क अल्लारे वयश्क अवस्थाको जस्तो भट्टी पसलमा दैनिक जस्तो रक्सी खान जानु उसको कमजोरी हो । समय र परिस्थिति आफ्नो विपरीत भएपछि अस्तित्वको खोजी गर्नु र दुविधापूर्ण जीवन बिताउँनु उसका कमजोरी पक्ष हुन् । यसै गरी आफूप्रति लगाइएको बलात्कारीको झुटो लाञ्छनाको प्रतिकार गर्न नसक्नु उसको लाचारीपन हो । आसन्नताको आधारमा अमरराज मञ्चीय पात्र हो । आबद्धताका आधारमा हेर्ने हो भने पनि ऊ आबद्ध पात्र हो । उपन्यासबाट अमरराजलाई झिकिदिने हो भने उपन्यासको संरचना नै भताभुङ्ग हुन्छ ।

**भैरव :** दुविधा उपन्यासको प्रमुख पात्र अमरराजका साथीहरूमध्येको एक मिल्ने साथी भैरव हो । अन्य साथीहरूको दाँजोमा आँखाको नजिकको दृष्टि कम थियो । ऊ नियमित जस्तो अमरराजसँगै विभिन्न वहानामा रक्सी खान भट्टीमा जाने गर्छ । एकदिन बाटोमा अर्धनग्न अवस्थामा फेला परेकी नर्मदाकहाँ सबै साथीहरूलाई घरमा जग्गा किनिदिने आफन्तहरू आएको झुटो बहाना गरी रक्सी भट्टीमा जमघट हुने ठाउँमा नगएर नर्मदा कहाँ जाने गर्दछन् ।

ऊ सबै साथीहरूलाई मूर्ख बनाउँन चाहन्छ । ऊ प्रत्येक दिन सबै साथीहरूसँग भट्टीमा रक्सी खाने ठाउँमा अनुपस्थित भई नर्मदाकहाँ जाने गर्दछ । भैरवले नर्मदासँग यौन सम्पर्क राख्न जाँदा

नर्मदाले आफ्नो अदृश्य प्रेमीले रुपैया मागी दुःख दिने गरेको कुरा गरी रुने गर्दा पटक-पटक रकम दिई नर्मदालाई शान्त पार्ने काम गर्दछ। आफू नर्मदा कहाँ आएको र रकम दिएको कुरा अन्य साथीहरूलाई नभन्ने सर्त पनि राख्दछ। भैरव नर्मदाको अदृश्य प्रेमी त्यही बस्न आउने वा नर्मदा प्रेमी भनाउँदासँगै जान्छे कि भनेर सशंकित हुन्छ। भैरवले नर्मदालाई अन्य साथीहरूभन्दा बढी प्रभाव पार्न खोजेको छ। अरू साथीहरू भैरवको व्यवहार देखेर मूर्ख र भावुक भएको दाबी गर्छन्। ऊ लाज-भाँडका शब्दहरूलाई अंग्रेजी भाषामा आफ्नै शैलीमा प्रयोग गर्छ। ऊ पढने-लेख्ने काममा उति ध्यान नदिने तर विदेशी टी.भी च्यानलका कार्यक्रम प्रायः हेर्ने गर्छ। ऊ आफ्नी श्रीमतीसँग सन्तुष्ट छैन, जसका कारणले नै उसले वर्जित शब्दहरूको प्रयोग गरी यौनसन्तुष्ट हुने चेष्टा राख्दछ। उसको निकट दृष्टि कमजोर भएकाले नर्मदाको कोठामा समेत उसले एउटा चश्मा राखेको छ। ऊ शरीर-सुखलाई अत्यन्त सूक्ष्म र आध्यात्यिक ढंगले भोग्न चाहन्छ। उसलाई नर्मदाले पूर्ण रूपमा यौन सन्तुष्टि दिएकीले उसलाई आवश्यक आर्थिक सहायता दिएर भएपनि गुमाउँन चाहदैन।

जब शम्भुको मृत्यु हुन्छ तव भैरवमा जीवनप्रति नैराश्य छाउँछ र साधु सन्यासीको सरसंगत गर्छ। जीवनप्रति बिरक्तिएर साधु रूपधारी भई जीवनको अस्तित्वको खोजी गर्न थाल्छ। ऊ अन्त्यमा आध्यात्मिक जीवन यापन गर्न थाल्छ। स्वभावका आधारमा उसको चरित्र गतिशील रहेको छ। त्यसै गरी ऊ पनि यस उपन्यासको अमरराजको समयव बद्ध पात्र हो। उपन्यासमा उसको कार्यव्यापार अमरराजसँगसँगै रहेकाले मञ्चीय पात्रको भूमिकामा रहेको आबद्ध पात्र हो।

**शम्भु** : यस उपन्यासभित्रका ६ जना पात्रहरूमध्येको एक पात्र शम्भु हो। कुनै दिन दैनिक जस्तो भट्टीबाट फर्किएर आउने क्रममा बाटामा पीपलको रूखमुनि बसेकी अर्धनग्न अवस्थामा फेला परेकी नर्मदालाई आफ्ना लगाएका दुई पोसाक मध्ये भित्रपट्टि लगाएको प्यान्ट फुकालेर लगाउन दिने पात्र हो। प्रायः ६ जना साथीहरूको संयुक्त जमघटमा अनुपस्थित हुने सक्रिय पात्रको रूपमा देखापर्दछ। संयुक्त ६ जनाको जमघटमा हराउने व्यक्तिमध्येको तेस्रो व्यक्ति शम्भु हो। जसरी अन्य साथीहरूले काल्पनिक बहाना झिकेर हराएका थिए। त्यसै गरी ऊ पनि नर्मदाकहाँ गएर हराउँनै व्यक्ति हो। अंग्रेजी भाषाको प्रयोग गरी आफूलाई विद्वान हूँ भन्ने घमण्ड उसमा छ। शम्भुमा अन्य साथीहरूको भन्दा भिन्न र गहिरो सोचाइ रहेको छ। उसका अनुसार बीसौं शताब्दीको अन्त्यमा शताब्दीमा के कस्तो परिवर्तन होला भन्ने जिज्ञासा व्यक्त गर्छ। ऊ अब आउने समय अहिले आफूले भोगेजस्तै कष्टपूर्ण जीवन भोग्नुपर्ने हो वा सुख-सुविधा सम्पन्न जीवन भन्ने विषयमा चिन्तनशील छ।

उपन्यासको अन्त्यतिर कमलराजको भव्य घरमा ल्याइएकी बालिकालाई बलात्कार गर्न उद्यत पात्रको रूपमा रहेको छ। ऊ एक बलात्कारी मनोवृत्तिको पात्र पनि हो। एकप्रकार विक्षिप्त र उदासिन चरित्रको रूपमा देखिएको छ। एकदिन सधैंझैं साथीहरूसँग कुराकानी गर्दा उसले ग्रह नै बिग्रिसक्यो र हामीहरू यहाँ बस्न लायक नभएको र बाँच्ने आधारमा जीवन गुजारा मात्र गरिरहेको

बताउँछ। उसलाई रगत-क्यान्सर भएर सिकिस्त बिरामी हुँदा समेत घरपरिवारले वास्ता राख्दैनन्। जबकि अस्पतालमा समेत पैसा तिरेर कुरुवा राख्छन्। उसका साथीहरू उसलाई घरमा भेटन आउँदा समेत घरका मानिसले मतलब राखिदैन्, अन्त्यमा शम्भुको मृत्यु हुन्छ। ऊ उपन्यासको अगाडिबाटै देखापरेको पात्र हो। आसन्नताका आधारमा हेर्ने हो भने ऊ मञ्चीय पात्र हो। ऊ हालको सामाजिक अवस्था देखेर वाक्क हुँदै अबको नयाँ शताब्दीको वृद्धहरूमाथि गरिने दुर्व्यवहारलाई हटाएर सम्मानपूर्वक बाँच्ने वातावरण ल्याउने कुरामा आशावादी देखिन्छ।

आबद्धताको आधारमा पनि उसको स्थान महत्त्वपूर्ण देखिन्छ। सामाजिक विसङ्गतिलाई यथार्थपूर्ण बनाउन सशक्त भूमिका खेलेको छ। ऊ आबद्ध पात्रको रूपमा देखिन्छ।

**बलराम :** दुविधा उपन्यासका प्रमुख पात्रहरूमध्ये बलराम पनि एक सक्रिय पात्र हो। एकरात पीपलको रूखमुन्तिर अर्धनग्न अवस्थामा फेला परेकी नर्मदालाई घरसम्म पुऱ्याइदिने विचार गर्दछ। प्रायः जसो ६ जनाको संयुक्त जमघटमा अनुपस्थित भई भैरवको जस्तै बहाना झिकेर नर्मदा कहाँ जाने द्वितीय पात्र हो। ऊ रक्सी खाएपछि वर्जित शब्दको प्रयोग गर्छ र रक्सी किन्न खर्च गर्नु पर्ने हुँदा हामीले कलेजोको पनि ख्याल राख्नुपर्छ भनी कन्जुसीपन देखाउँछ। बलराम अन्य साथीहरू जानुअघि नै नर्मदाकहाँ जाने गरेको कुरा नर्मदाले अमरराजलाई भनेकी छे। ऊ बेलाबखत आफ्ना छोराछोरीको स्कुल फिस तिर्न नर्मदासँग ऋण पनि माग्दछ। शम्भुको मृत्युपछि उसमा एक किसिमले जीवनप्रतिको मोहभङ्ग देखिन्छ। प्रायः जुनसुकै दुःखद अवस्थामा पनि गम्भीर र उदासीन नदेखिएको बलराम परिवारको दुर्व्यवहारबाट जागिर नै सरुवा गरी शम्भुको मृत्यु भएकै ठाउँमा जाने निधो गर्दछ। ऊ पनि यस उपन्यासको आसन्नताका आधारमा मञ्चीय पात्र हो। उपन्यासको शुरुदेखि नै उसको निकै ठाउँमा भूमिका देखिन्छ। उपन्यासमा उसको र उसले गरेको कार्यको महत्त्वपूर्ण भूमिका रहेकाले आबद्ध र गतिशील पात्रका रूपमा देखिन्छ।

**जीवन :** अमरराजका ६ जना साथीहरूमध्येको जीवन सहायक पात्र हो। ऊ आफूलाई अन्य साथीहरूभन्दा बढी बौद्धिक ठान्दछ र देशका बौद्धिक कहलिएकाभन्दा पनि आफू बढी बौद्धिक भएको घमण्ड गर्छ। अंग्रेजी पत्रिका पढेर प्रायः अंग्रेजी नै बोल्न रुचाउँछ। ६ जना साथीहरू रक्सी खाएर फर्कदा बाटोमा भेटिएकी अर्धनग्न अवस्थाकी नर्मदालाई लुगाको प्रबन्ध मिलाउने कुरामा जोड दिन्छ। उसका घरपरिवारभित्र पनि ऊ बिस्तारै अपहेलित हुँदै गएको देखिन्छ। घरभित्र देखापर्ने सम्पूर्ण समस्याको बीज रक्सी खानाको कारण हो भनी परिवारमा झगडा समेत भएको कुरा उसले बताउँछ। कुनै दिन एकपरिचित व्यक्तिसँगको कुराकानीमा छोराहरू बाबु कुट्न लायक भइसके भन्ने उत्तर दिने बित्तिकै उक्त साथी केही नबोली हिँड्छ। जसबाट के बुझ्न सकिन्छ भने घरमा झै झगडा हुँदा छोराहरूले कुट्न पनि पछि पर्दैनन् भन्ने अप्रत्यक्ष आशय व्यक्त गर्छ। जीवन आफूले अहिले

भोगिरहेको अपमानित र संकटपूर्ण जीवन एक्काइसौं शताब्दीमा भोग्नुपर्ने हुन्छ कि हुँदैन भन्ने विषयमा जिज्ञासु छ। उपन्यासको अन्त्यतिर बाँकी रहेका तीन जना अमरराज माधव र जीवन

आफ्नै व्यथा-कथा र संत्रासपूर्ण जीवनको चिन्तनसँगै राती अबेरसम्म रक्सी खाइ नै रहन्छन् र छुट्छन् । उनीहरू छुटेको केही दिनपछि जीवनले एउटा सानो कागजमा ब्रह्माण्डको यो ग्रह र यो मुलुक र यो मुलुकको आफू अझ बाँच्ने इच्छा हुँदाहुँदै पनि मर्न चाहेको कुरा लेखी आत्महत्या गर्छ । जीवनका छोराहरूले समय-समयमा कुट्ने गरेको र अमरराज जीवन दुवै मिलेर कमलराजको भव्य घरमा ल्याइएकी बालिकालाई बलात्कार गरेको झुटो अभियोग जीवनलाई पनि लागेकोले सहन गर्न नसकेर आत्माहत्या गर्न विवश भएको रहस्य माधवले बताउँछ ।

**माधव**: यस उपन्यासको सहायक पात्र मध्येको एक हो । माधव अन्य साथीहरूजस्तै दैनिक रक्सी खाने कार्यक्रममा अनुपस्थित भएको भैरवलाई हराउँनु रहस्य सोध्दै जग्गा हत्याइस् कि भन्दै प्रतिप्रश्न गर्छ र केही दिनपछि आफू पनि नर्मदाकहाँ गई अनुपस्थित हुने चौथो व्यक्तिको रूपमा रहेको छ । ऊ जीवनलाई पुरानो खाली सिसीसँग तुलना गर्दै जीवनको अस्तित्व पनि त्यस्तै भएको तर्क दिन्छ । माधव एक्काइसौं शताब्दीमा आफूहरूले भोगेजस्तो जीवन नहोला भन्ने कुरामा आशावादी छ । कमलराजको भव्य घरमा प्रायोजित गरिएको भोजमा सामेल भई कलिली केटीलाई बलात्कार गर्ने कार्यक्रममा मौन रहेर बलात्कारीकै पक्षमा उभिएको छ। ऊ पनि घर परिवारबाट तिरस्कृत र अपहेलित पात्र हो । शम्भु बिरामी भई अस्पताल हेर्न जानुपर्ने कुरामा अन्य साथीहरूलाई जोड गर्छ ।

आफूहरू बसेको ग्रह नै दूषित भइसकेको र मानिसको मनोवृत्ति समेत प्रदूषित हुँदै गरकोले फुसर्द निकालेर ग्रह बसाई-सराईसम्बन्धी लेख लेख्ने विचार गर्छ । जीवनको आत्महत्याको रहस्योदघाटन र अमरराजप्रति गरिएको दूर्व्यवहारको तथ्यपरक घटनाको खोजी गरेर अमरराजलाई घटनाको वास्तविकता बताई यथार्थमा पुग्न सहयोगी भूमिका खेलेको छ । उसको भूमिका उपन्यासको मध्यतिर मात्र देखिन्छ । अमरराजका ५ जना साथीहरूमध्येको एक महत्त्वपूर्ण साथी हो । उपन्यासको अन्त्यतिर उसको भूमिका बढी उल्लेखनीय देखिन्छ । ऊ पनि यस उपन्यासको आबद्ध र मञ्चीय पात्रको रूपमा देखिन्छ ।

**नर्मदा** : यस उपन्यासकी प्रमुख नारी पात्र हो। दुव्यर्सनी प्रेमीको मायाजालमा फसेर काठमाडौंको व्यस्त सहरमा अर्धनग्न अवस्थामा पीपलको रूखमुन्तिर बसेको अवस्थामा देखिन्छे। दैनिक जस्तो भट्टीमा रक्सी खाने ६ जना अमरराज लगायतका साथीहरूले फेला पारी उसलाई बस्ने व्यवस्था मिलाई दिन्छन् । अमरराजबाहेकको यौनतृप्तिको सिकार भएकी नर्मदा समय सापेक्ष बाँच्ने र धन कमाउने उद्देश्यले अभिप्रेरित भएकी छे। यौन तृष्णा मेट्न आउनेसँग विभिन्न बहानमा रकम असुल्न खप्पिस छे। ग्रामीण युवती भइकन पनि सहरिया भाषाको प्रयोग गरी आफ्ना ग्राहकहरूलाई सन्तुष्टि दिने काममा ऊ पूर्ण सफल छे। अदृश्य प्रेमीको डर देखाएर भैरब जस्ता मूर्खसँगै रकम असुल्न सफल छे। नर्मदाले नरिसाउने बानी र रूप र सौन्दर्यले भरिपूर्ण यौवना नारी पात्रको सफल भूमिका निर्वाह गरेकी छे। उपन्यासको अन्त्यतिर अमरराज लगायतका सबै उसको रकम असुल्ने

बहनादेखि सर्तक भएर उसकहाँ जान–आउँन छाडेका छन्। ऊ यस उपन्यासकी प्रमुख नारी भूमिकामा रहेकी पात्रा हो। उपन्यासको मध्यभागतिर तत्कालीन युवा नारीहरूले प्रेमका नामबाट भोग्नुपर्ने विषम स्थितिको चित्रणको महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छे। नर्मदा पनि यस उपन्यासकी आबद्ध र मञ्चीय पात्रा हो।

**कमलराज** : यस उपन्यासको प्रमुख खलपात्रको भूमिकामा रहेको कमलराज अमरराजको भतिजो हो। सडक विभागको ओभरसियर पदमा कार्यरत कमलराज रातारात करौडौंपति बन्न सफल छ। कमलराज आधुनिक नवधनाढ्यको प्रतिनिधि पात्र हो। जसले पुरानो मूल्य र मान्यतालाई बिर्सेर आधुनिकताका नाममा आफन्तहरूको समेत उठिबास पार्न सफल छ। दिनप्रतिदिन अवैध धन्दा गरेर करौडौंपति बनेको कमलराज आफ्नै ठूलोबुबा अमराजको वृद्धावस्थाको दाम्पत्य जीवनलाई तहसनहस पार्दै अमरराज जस्तो निरीह व्यक्तिको पुर्ख्यौली अंश समेत हडप्न पछि पर्दैन। अमरराजको आर्थिक अवस्थाको कमजोरीको फाइदा उठाउँदै सोझो, सरल र निष्कपट अमरराजलाई बलात्कार जस्तो नीच कार्यको लाञ्छना लगाई परिवारबाट अलग्याउन सफल छ कमलराज आधुनिक आफन्तहरूमा देखिने व्यवहारको प्रतिनिधित्व हो कमलराज, जसले “मुखमा राम-राम बंगलीमा छुरा” को व्यवहार देखाउँछ। आजको यथास्थितिको वास्तविक मूल चरित्रको भूमिका निर्वाह गर्न सफल छ कमलराज। ऊ यस उपन्यासको मञ्चीय पात्र हो। यस उपन्यासको सत्-असत् पात्रको दोधारमा रहेको र अमरराजको जीवनलाई तहस- नहस पार्ने खलपात्रकै रूपमा देखिन्छ। उपन्यासको मध्यभागतिर देखा परेको कमलराज आबद्ध र मञ्चीय पात्र नै हो।

**मञ्जुला** : अमरराजकी माहिली छोरी, जसले यस उपन्यासमा सत् पात्रको भूमिका निर्वाह गरेकी छे। मञ्जुला शान्त, सरल, सोझी र भावुक स्वभावकी छ। आवश्यकताभन्दा बढी इमान्दार र संकोची स्वभावकी छे तर बुद्धु भने होइन। अन्य काकाहरूकी छोरीभन्दा मञ्जु कान्छी थिई। आधुनिक केटीहरूभन्दा फरक स्वभाव भएकी केटी हो। ऊ पुरातन मूल्य र मान्यताको पूरा ख्याल राख्ने हजुरबुबा आत्मारामकी विश्वासपात्रको भूमिकामा उभिएकी छे। हजुरबुबा आत्माराम बिरामी परेको वेलामा दिनरात स्याहार सुसारमा खटिन्छे। आधुनिक जमानाका युवतीहरूमा हुने तडक- भडक र एकान्त वातावरण हुने प्रेम र यौनका विषयमा अनभिज्ञ छे र चासो समेत देखाउँदिन। मञ्जुला व्यक्तिवादी स्वार्थभन्दा माथि उठेर कर्तव्यपरायण नातिनीको भूमिका सफल छे। हजुरबुबालाई घर परिवारले गरेको बेवास्ता र दुर्व्यवहार देखेर दिक्क मान्छे। हजुरबा आत्मारामले मृत्यु हुनु केही दिनअघि दिएका दराजको साँचो र वचनलाई उनको मृत्युपछि इमान्दारीपूर्ण ढंगबाट पालना गरेकी छे। हजुरबाको दराजको साँचो भेटेर सम्पत्ति हत्याउने दाउमा रहेका सबैलाई आफूसँग साँचो रहेको र हजुरबाको इच्छा मुताबिक विवाह नगरिएका सबै छोरीहरूलाई बराबर बाँडेर चरम इमान्दारीताको

निर्वाह गर्न सफल छ । उपन्यासको अन्त्यतिर कमलराजको कपटपूर्ण षडयन्त्रको बाबु अमरराजदेखि अलग गरिदिएपछि कमलराजले छानिदिएको धनाढ्य केटोसँग वैवाहिक जीवन शुरु गर्छे । ऊ पनि यस उपन्यासकी आबद्ध र मञ्चीय पात्रा हो ।

**शिव शर्मा :** यस उपन्यासका गतिशील चरित्र भएका पात्र अमरराजका ७० वर्षका बाबु शिवराज हुन् । उनकी श्रीमतीको मृत्यु भईसकेको छ । उनलाई घरपरिवारले बेवास्ता र फालिएको जस्तो व्यवहार देखाएपछि सामाजिक मूल्य र मान्यतालाई चुनौती दिदैं आफूभन्दा ज्यादै कम उमेरकी नवयुवती मीनासँग वैवाहिक जीवन, गाँस्न पुग्छन । उनी परिवारले आफूप्रति देखाएको दुर्व्यवहार विरुद्ध यस्तो रोष व्यक्त गर्छन् "आफ्नै घर मान्छेलाई वनजंगल जस्तो डरलाग्दो र झम्टिने खालको हुन्छ, तब कि पर्खेरै बस्नु पऱ्यो कि त थर्केरै बस्नु पऱ्यो । कि अलि चर्केर बस्नुपऱ्यो भनी घरबाट छुट्टिएर बेग्लै घरमा डेरा लिएर सुखद् दाम्पव्य जीवन बिताउँछन् । उनी समाजमा हेपिएर पीडित र दुर्दशामा बाँच्न विवश वृद्धहरूको विद्रोही प्रतिनिधि पात्र हुन् ।

उनी सामाजिक संरचनाको विरुद्धको आन्दोलनमा समेत उत्रिएका छन् । जस्तै फुलेको कपाल कालो पार्नु, यौनवर्द्धक औषधिको प्रयोग गरी नवयुवक पहिरन लगाई समाजमा वृद्धावस्थाका भन्दा भिन्न व्यवहार देखाई घरजम गरी बस्नु आदि उदाहरण लिन सकिन्छ । आफ्नी श्रीमती मीनालाई कसैले कुदृष्टि लगाउला कि भनी शंसकित हुँदै उसको यौन सन्तुष्टिमा समेत दत्तचित्त भएर लाग्छन् । मीना कुनै कार्यालयमा कार्यरत अधिकृत हुन भने शिवराज त्यसै कार्यालयबाट अवकाश प्राप्त कर्मचारी हुन् । केही समयपछि आफ्नो परिवारसँग राम्रो सम्बन्ध कायम गरी घरबार समाल्छन् । उनीहरूले पुत्र लाभ समेत गर्छन । उनको भूमिका यस उपन्यासमा महत्त्वपूर्ण रहेकोले आबद्ध र मञ्चीय पात्र नै हुन् ।

**गौण पात्रहरू :** यस उपन्यासमा प्रयोग भएका मुख्य, सहायक र अन्य गौण तथा अप्रत्यक्ष ( नेपथ्य) पात्र पात्राहरू पनि रहेका छन् । उपन्यासलाई गतिदिने भूमिकामा सबैको आ-आफ्नै महत्त्वपूर्ण रहेको छ । अन्य गौण पात्र -पात्राहरू निम्नप्रकार रहेकाछन् । आत्मराम पण्डित, पद्मनाभ, अमरराजकी श्रीमती शान्ति, दीपेन्द्र खनाल, रामबाबु, संजीव, अमरराजको (ज्वाइँ भाइहरू, आमा, छिमेकीहरू), किशोर, तारा, अमरराजकी प्रेमिका मीना, प्रमोद, नर्मदाको अदृश्य प्रेमी, ऋषि अंगुल, आत्मरामका भाइ बुहारीहरू (उर्मिला, भगवती) अमरराजका भाइका छोरीहरू (मृदुला, रीता, प्रतिमा र उनीहरूकी साथी वीना, रोहिणी) अमरराजकी सौतिनी आमा मीना, कमलराजकी श्रीमती, संगीता, होटलमा काम गर्ने केटो, साहु, नेता, सम्पादक, पाले, कलिली केटी, डा.ईश्वरी, अमरराजका छोराछोरी, शम्भुका गाउँबाट आएका गाउले केटा र केटी आदि रहेका छन् ।

माथि उल्लिखित पात्रहरूमध्ये केही पात्रहरू उपन्यासमा प्रत्यक्ष रहेका छन भने केही पात्रहरू उपन्यासमा अप्रत्यक्ष रूपमा रहेका छन् । केही पात्रहरू सूच्य रूपमा मात्र रहेका छन् । ती

पात्रहरूमध्ये कतिपय गौण रहेता पनि उपन्यासको गतिलाई उत्सुकता प्रदान गर्न र विषयवस्तु संगठित  गर्न र लेखकीय उद्देश्य स्पष्ट पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

यसरी कार्यव्यापारका दृष्टिले दुविधा उपन्यासमा प्रयुक्त पात्र-पात्राहरूलाई निर्वाह गरेका भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी तीन भागमा वर्गीकरण गरिएको छ। अमरराज,अमररजका सहयात्री साथीहरू, नर्मदा र कमलराज प्रमुख पात्रका रूपमा रहेका छन् भने शिव शर्मा, आत्मराम मन्जुला आदि सहायक पात्रका रूपमा र अंगुल ऋषि, दीपेन्द्र खनाल अमररजका भाइका छोरी संगीता, डा. ईश्वरी, मीना आदि गौण पात्रका रूपमा रहेका छन् ।

# परिच्छेद - पाँच
# 'दुविधा' उपन्यासको प्रवृत्तिगत अध्ययन

## ५.१ सामाजिक यथार्थवादी प्रवृत्ति :

'दुविधा' उपन्यास हाम्रै नेपाली समाजमा रहेका वृद्धजनहरूले भोग्नु पर्ने यथार्थ घटनाहरूको कलात्मक कथा हो । यस उपन्यासले समाजका अतिरञ्जनात्मक विषयवस्तु मनोजगत आदिलाई मनोवान्छित रूपले प्रस्तुत नगरी जस्ताको तस्तै यथार्थ ढङ्गले प्रस्तुत गरेको छ । यस वादले सामाजिक मर्यादा र हितलाई ख्याल राख्छ, र त्यसै रूपमा यथार्थ परिस्थितिको उद्घाटन गर्दै आफ्नो अभिव्यक्ति दिन्छ ।[९५] यसले सामाजिक जीवनजगतका बीच व्यक्तिगत यथार्थताको सम्बन्ध देखाउँदै समाजका कुरीति, विसङ्गति, विकृति, शोषण, अन्याय, अत्याचार बाध्यता र विवशतालाई प्रस्तुत गरिएको छ । समाजका वृद्ध सदस्यहरूले आफ्नै सन्तानबाट भोग्नुपर्ने त्रासदीपूर्ण दुर्व्यवहारबाट कसरी कष्टपूर्ण दु:खदायी जीवन गुजार्न बाध्य हुनपर्छ भन्ने कुराको कटु यथार्थ चित्रण उपन्यासले दुरुस्त प्रस्तुत गरेको छ । यस प्रसङ्गलाई पुष्टि गर्न यस उदाहरणको मद्दत लिन सकिन्छ :- त्यसको भोलिपल्टदेखि ऊ अलिकति विचार गर्न थाल्यो । लाग्यो उसलाई सबले एउटा बाहिरबाट आइपरेको वस्तुजस्तै झेल्नुपर्ने मानिसकेछन् । उसलाई अचम्म लाग्यो, बाजे, बाबुपछि अब ऊ यो यस दर्जामा उक्लेछ, जहाँ सबै आफन्त हुन्छन् । तर आफू चाहिँ नितान्त एक्लो र बेवास्ताको पदार्थ होइन्छ । पृ.१७८

यसै गरी मानिस सबैबाट लखेटिएर बेमतलबको अर्थहीन बन्छ तब आफ्नो घर आफ्नो हुँदैन, आफ्नो सन्तानको भावानात्मक नाता छ जस्तो समेत हुँदैन र आफ्नै पत्नी समेत माया तोड्न उद्दत देखिन्छे र जीवन नै उदासपूर्ण हुन्छ भन्ने यथार्थ कुराको पुष्टि यसरी दिन सकिन्छ :- अमरराज महाभारतको युगको रहेछ। अब 'गर्दा पर्व' को दुर्योधन जस्तै एक्लो र अर्धजीवित जीवनलाई निवृत्तिभरणजस्तै खाएर बस्छ। यो सत्य हो जाने बेलामा स्वास्नी रोई, छोरी रोई, छोराहरू उदास भए । तर सारांश के भने तिनीहरू गए । पृ. १८९

यसै गरी समाजमा रहेको जल्दोबल्दो वास्तविक समस्यामा छोरा-छोरीमा गरिने भेदभाव पनि हो । छोरा जन्माउँने आसामा जन्मिएका धेरै छोरीहरूलाई उमेर नपुगी विवाह गरी दिने प्रचलनको यथार्थ चित्रण यस उपन्यासमा गरिएको कुराको पुष्टि यसरी दिन सकिन्छ :-

निम्तालुहरू केटी धेरै भएको घरमा घनिष्टता बढाउँन हच्किन थालेका थिए । भन्न थालेका थिए- "सालेहरू मोज आफू गरेर छोरी जन्माउँछन्, त्यसपछि छोरो जन्माउँन भनेर मोज गर्छन्, त्यसपछि एउटा आँखो के आँखो आदि नानाथरी उखान हालेर अर्को छोराका लागि मोज गर्छन्, अनि छोरी जन्मदै गएको सजाय हामीलाई भोग्न भनेर निम्तो पठाइदिन्छन् ।" पृ. २० ।

अन्य समाजमा देखिने दुष्प्रवृत्तिहरूमा प्रेमका नाममा हुने बलात्कार धर्मका नाममा हुने यौनजन्य विकृति र परिवारको सदस्यको आर्थिक वैभवसँगै पारिवारिक कलह र अंशवन्डाका समस्या

---

[९५] कृष्णप्रसाद पराजुली, 'राम्रो रचना र मीठो नेपाली' चौथो सं. (काठमाडौं : सहयोगी प्रेस, २०४७), पृ.३०९ ।

आदिलाई उपन्यासले जस्ताको जस्तै उतारेको छ। ग्रामीण क्षेत्रबाट रोजगारका सिलसिलामा सहर पसेका कलिला केटाहरूप्रति गरिने बालश्रम शोषणको चित्रलाई समेत उपन्यासले समेटेको छ। राजनैतिक व्यक्तिहरूको भ्रष्ट चरित्र र राता-रात अरबौंपति बन्ने कमलराज जस्ता चरित्रहरूको पनि सफल चित्रण गरिएको छ। पारिवारिक विखण्डनको कारकतत्त्व आपसी मनमोटाव नभई परिवारभित्र कै सदस्यको सम्पन्नता हुन्छ भन्ने कुरालाई उपन्यासले देखाएको छ। अमरराज एक्लो र निरीह बन्नु पर्ने एउटा कारणमध्ये कलमराजको आर्थिक उन्नति पनि हो। धन सम्पत्तिका पछि लाग्ने मानिसहरूको प्रवृत्तिलाई समेत उपन्यासले चित्रण गरेको छ। धन सम्पत्ति नभएपछि आफ्नै सन्तान र स्वास्नी समेत पराई हुन्छन् भन्ने यथार्थतालाई यसमा देखाइएको छ। आर्थिक सम्पन्नतालाई जोड दिँदै मानवीय नैतिकता, आदर्श, मानवीय चेतना, दया, धर्म, प्रेम आदि पक्षलाई गौण मान्ने आजको मानवीय प्रवृत्तिको दुरुस्त चित्रण उतार्न उपन्यास सफल छ।

यसरी एक्कासौं शताब्दीको संघारमा रचिएको यस उपन्यासले सामाजका यावत् विषयवस्तुलाई समेट्दै समाजका वृद्धजनहरूप्रति गरिने तल्लो स्तरको दुव्यर्वहारलाई मुख्य रूपमा जोड दिएको छ। समाजमा भइरहेका अन्य विकृतिहरूमा धार्मिक, राजनैतिक, आर्थिक र मानवीय ह्रासोन्मुख चरित्रहरूको जीवन्त चित्रण उपन्यासले उतारेको छ। प्रत्येक किसिमका सामाजिक विकृतिलाई निर्वैर्यक्तिक ढङ्गले उपन्यासमा प्रस्तुत गरिएको छ। समाजका राम्रा-नराम्रा पक्षहरूको सबल र सफल चित्रण उतारेको यस उपन्यासलाई सामाजिक यथार्थवादी चिन्तनको उच्च कोटीको उपन्यास मान्न सकिन्छ।

## ५.२ आलोचनात्मक यथार्थवादी प्रवृत्ति :

समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपर्ने आकाङ्क्षा राख्ने लेखन पद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ।[९६] यसवादले समाजमा सिर्जिएका राम्रा पक्षको समर्थन र नराम्रा पक्षको आलोचना गर्दछ। समाजमा देखिएका विविध प्रवृत्तिहरूलाई देखाउने काम मात्र गर्दैन बरु त्यसप्रति आलोचना पनि गर्दछ। यस वादले समाजमा सिर्जिएका राम्रा पक्षको समर्थन र नराम्रा पक्षको आलोचना गर्दछ। समाजमा देखिएका विविध प्रवृत्तिहरूलाई देखाउने काम मात्र गर्दैन बरु त्यसप्रति आलोचना पनि गर्दछ। यस उपन्यासले पनि समाजका विभिन्न क्षेत्रमा व्याप्त सामाजिक विकृति र विसङ्गति, आर्थिक दुराचार, भष्ट्राचार, राजनैतिक विकृति आदिलाई औंल्याउँदै त्यसपति आलोचना पनि गरेको छ। उँभोलाग्न नदिएर गतिरुद्ध गर्ने समाजका अहितकर कार्यहरू, दुषित तत्त्वहरू, अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना, आलोचना गर्ने प्रवृत्ति विशेष नै आलोचनात्मक

---

[९६] कृष्णचन्द्र सिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, पूर्ववत पृ. १४९

यथार्थवाद हो ।[९७] आलोचनात्मक यथार्थवादले समाजका विकृति र विसङ्गत पक्षलाई चिर्दै त्यसप्रति तीव्र आलोचना गरेको हुन्छ र सुधारको भावना राखेको हुन्छ । यस उपन्यासको विषयवस्तुको रूपमा सामाजिक, आर्थिक र राजनैतिक विकृति र विसङ्गतिलाई देखाउँदै त्यसको आलोचना गर्नु रहेको छ । यस उपन्यासमा नेपाली समाजमा वृद्ध उमेरका व्यक्तिहरूलाई गर्ने दुर्व्यवहार, गरिबीले निम्त्याएका विषम परिस्थिति, यौन दुराचार, आर्थिक अभाव, परम्परागत खराव मूल्य र मान्यता, राजनैतिक विकृति आदि पक्षलाई औंल्याउँदै सकारात्मक सुधारको अपेक्षा गरिएको छ । समाजमा वृद्ध अवस्थामा पुगेका अग्रज व्यक्तित्वहरूलाई हेरिने गलत दृष्टिकोण र गरिने अपमानपूर्ण दुर्व्यवहार खपेर कसरी जीवन भोग्न विवश छन् भन्ने कुराको यथार्थ चित्रण गरिएको छ । यसैगरी प्रेमका रूपमा हुने यौनदुराचार, परम्परागतत मूल्य र मान्यता बचाउने ठेक्का लिएकाहरूको गलत आचरण, राजनैतिक भष्ट्राचार र समाजका गरिब निमुखा व्यक्तिहरूको कारूणिक स्थिति र त्यसबाट उत्पन्न समस्यालाई उद्घाटन गरिएको छ । नेपाली समाजमा रुपैयाँ पैसाको भरमा र प्रेमको आडमा गरिने यौन दुराचार र बहुविवाह गर्ने प्रवृत्तिलाई देखाइएको छ । त्यसै गरी धर्मको रक्षा खातिर उभिएको अङ्गुल ऋषि जस्ता चरित्र बोकेका धर्मभीरुहरुको घिनलाग्दो चरित्रलाई पनि देखाएको छ । गरिबीले गर्दा पढ्नपर्ने कलिलै उमेरका बालकहरूले सहर पसेर होटलमा भाँडा माझ्ने र अश्लील शब्द बोल्ने गरेका साथै साहूको इसारामा ग्राहकको रकम ठग्ने स्थितिको समेत चित्रण भएको छ । पण्डित्याइँ गर्ने पद्मनाभ मन्त्रीहरूलाई घुस खुवाउँन उद्यत देखिन्छ भने मन्त्री पनि आफूले गरेको संघर्ष सार्थक ठानी गौरव गर्छ । अर्कातर्फ प्रेमको जालमा फसेकी नर्मदा आफ्नै प्रेमीबाट बलात्कृत भई सहरमा फालिन्छे र वेश्यावृत्ति गर्न विवश हुन्छे । भ्रष्ट आचारण भएको कमलराज धन, सम्पत्तिको भरले सामाजिक प्रतिष्ठा पाउँछ भने अमरराज जस्तो सीधा र सोझो मान्छे झुटो बलात्कारीको अभियोगमा सबैबाट दण्डित हुन्छ । यसरी उपन्यासकारले समाजका खराब प्रवृत्तिलाई देखाउन कलात्मक विषयवस्तुलाई नौलो भाषाशैलीका माध्यमबाट रहस्यमय ढङ्गले यथार्थताको धरातलमा अवतरण गराएका छन् । रातारात अकुत सम्पत्ति कमाउँने र भ्रष्ट प्रवृत्तिकालाई सम्मान गरिने र इमान्दार, नैतिकवान मान्छेलाई विभिन्न दोषारोपण गरी दण्डित गरिने परिपाटीलाई धज्जी उडाएका छन् ।

आफ्नो घरपरिवारका लागि दिनरात खटेर हुकाई, बढाई, पढाई गरेका सन्तानले अशक्त अवस्थामा पुगेका वृद्धजनलाई बेवास्ता नराख्ने मात्र होइन काम नलाग्ने, पारिवारिक बोझ र फालिएको वा मिल्किएको निर्जीव वस्तु ठान्ने गरिन्छ । उक्त दुर्व्यवहार सन्तानबाट मात्र नभई आफ्नै दुःख सुखमा साथ दिने बचनबद्ध भएकी जीवनसंगीनी समेतबाट त्याज्य हुनुपर्दछ । यसै सन्दर्भमा प्रस्तुत प्रसङ्गलाई लिन सकिन्छ :- यस्तो गम्भीर निर्णय गरेर ऊ पुग्छ कमलको कोठामा । एकछिन पारिवारिक हाँसो पनि हाँसिहालुँ भनेर ।

---

[९७] कष्ण हरि बराल र नेत्र एटम, पूर्ववत पृ. ११७

तर ऊ पुग्नासाथ सर्वथा एउटा अनुमानै नगरेको घटना घटित भइदिन्छ । उसलाई देख्नासाथ यावत सदस्य मौन हुन्छन् । कोही उसलाई बस्न पनि भन्दैन, जान पनि भन्दैन । 'अड म्यान आउट' जस्तो स्थितिमा उभिरहन्छ । पृ. १७८

त्यस्तै अवैध धन्धा गरेर रातारात करोडौंपति बनेका व्यक्तिहरूलाई समाजले नाम, इज्जत प्रतिष्ठा दिने गर्छ । ऊ समाजको मार्ग दर्शक, प्रेरणादायक शीर्ष व्यक्तिको रूपमा प्रतिष्ठित हुन्छ । त्यस्ता व्यक्तिहरूलाई सबैले प्रसंशा र स्तुती गाउँदै भन्ने गर्छन् भाग्यम् फलति सर्वत्र, नच विधा न च पौरुषम् । पृ. १४८ । यस्तै व्यक्तिहरूको महिमा गाउँदै हिड्ने जमातमध्येको राष्ट्रको चौथो अङ्ग मानिएको पत्रकार जगत समेतले नैतिक आचरण, भ्रष्ट चरित्र बोकेका आपराधिक व्यक्तिको अपराध ढाकछोप गर्ने गर्छन् भन्ने कुराको चित्रण गरिएको छ। यस कुराको पुष्टि यसरी गर्न सकिन्छ,:- सम्पादक झन् अलमल्लमा अल्झियो, उल्टो झुन्डिन थाल्यो ।

कमलराजले भन्यो- "बीस हजारप्रति नै म किनिदिन्छु ।" त्यसपछि कमलराजको अन्तर्वार्ता छापियो । पृ.१४९

प्रेमको नाममा सामाजिक विकृतिका रूपमा देखिएको बहुविवाह प्रथा र प्रेमीद्वारा परित्याग भए पनि बाध्यतावश बाँच्नलाई गरिने वेश्यावृत्तिको भयावह स्थिति देखाइएको छ। दिन-प्रतिदिन मौलाउँदै गएको यो स्थितिले समाजमा नराम्रो असर पार्दछ भन्ने कुरा चित्रण गरिएको छ। विभिन्न प्रलोभनबाट फसेकी युवतीहरूको प्रतिनिधि पात्रका रूपमा नर्मदा बलात्कृत भई सहरको कुनै चोकमा दुर्दशापूर्ण स्थितिमा देखिन्छे । यसलाई पुष्टि गर्न यस पङ्तिलाई लिन सकिन्छ :-

तिनीहरूलाई देख्नासाथ त्यसले घुँडामा मुख लुकाई । रुनमा भने वृद्धि गरी । उसले आफ्ना कुर्कुच्चाहरुले गुप्ताङ्ग ढाकेकी थिई । तर त्यो उसको श्यलीन देखिने एक मखमली प्रयास मात्र थियो । त्यही कारणले तिनीहरुलाई देखेपछि उसले अनुहार छोप्नुपरेको थियो । पृ. ६४

यसरी समाजमा बढ्दै गएको स्वार्थी, अवसरवादी र नितान्त व्यक्तिवादी चरित्रले मानवीय चेतनामा निरन्तर रुपमा ह्रास भइरहेको छ। आफ्नै परिवारबाट तिरस्कृत भई द्विविधापूर्ण अवस्थामा पुग्नु, आर्थिक विपन्नताले ल्याएका सामाजिक विकृति र विसङ्गतिका साथै प्रेमीबाट धोका खाई बाँच्नुपर्ने स्थिति र धर्म र संस्कारका नाममा हुने यौन दुराचार जस्ता विषयवस्तुको यथार्थतालाई आलोचनात्मक रुपले प्रस्तुत गर्दै तिनका बिरुद्ध सुधारको अपेक्षा राखिएको छ। त्यसैले दुविधा उपन्यास आलोचनात्मक यथार्थवादी प्रवृत्ति भएको उपन्यास हो भन्न सकिन्छ ।

## ५.३ प्रकृतवादी प्रवृत्ति :

दुविधा उपन्यास पूर्णतः प्रकृतवादी सिद्धान्तमा आधारित भएर लेखिएको भने होइन । तर पनि उपन्यासका विविध सन्दर्भमा प्रसङ्गमा भने मानवीय गुण पाइँदैन । मान्छे र समाजको प्रवृत्तिमा अन्तर्निहित प्राकृतिक धर्म र प्रक्रियाको अङ्गिकार नै प्रकृतवादको खास आफ्नो पहिचान हो ।[९८] यस उपन्यासमा प्रस्तुत भएका प्रमुख नायकीय भूमिकामा रहेको पात्रहरु र पात्राहरूले आफ्ना पाशविक प्रवृत्तिहरूलाई मौका पाउना साथ उपभोग गरिहाल्ने दाउमा देखिन्छन् ।

उपन्यासकार ध्रुवचन्द्र गौतमको ‘दुविधा’ उपन्यासमा प्रकृतवादको राम्रो चित्रण भएको छ । पाका अचेतन मनद्वारा संचालित पाशविक क्रियालाई ह-वहु प्रस्तुत गर्नु नै प्रकृतवादको लक्ष्य हो । मानवीय जीवनका वैयक्तिक जीवन चर्चालाई अलिकति पनि घटबढ नगरी जस्ताको तस्तै यथार्थ चित्रणमा कुनै आदर्शता र नैतिकताले छेक्दैन । मानव विकासका क्रममा ज्ञान, वुद्धि र विवेकको प्रचुर विकास भएपनि उसका आदिम प्रवृत्ति यथावत् रहेका हुन्छन् । उपन्यासमा ठाउँ-ठाउँमा अश्लील भाषालाई उदाङ्गो पारामा प्रस्तुत गरिएको छ । मानव जनेन्द्रीय, यौनक्रिडा, अप्राकृतिक तथा प्राकृतिक यौन क्रीडाको खुला चर्चा गर्दाका प्रसङ्गमा निम्नस्तरका अपाच्य गाली गलौज जस्ताको तस्तै यथार्थपरक ढङ्गमा प्रस्तुत भएको छ । कतिपय ठाउँमा यौनक्रियाका चर्चालाई अप्रत्यक्ष शैलीमा व्यक्त गरिएको छ । यस उपन्यासमा यथार्थको नग्न चित्रणलाई चरमोत्कर्ष रूपमा प्रयोग गरिएको छ । जसका केही उदाहरणहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :- अमरराज त्यसलाई केटाकेटी बेलादेखि नै चिन्दथ्यो । घनिष्ट होइन, परिचित मात्र । तर जेसुकै भएपनि यसले १४ वर्षकै उमेरमा एकपटक नेपालको नं. वन मूल्य लिने केटीलाई सित्तैमा ओछ्याएर आफ्नो यस क्रिकेट इनिङको थालनी गरेको थियो । पृ. ५०

पतिको अदम्य इच्छा पूरा नहुँदै शरीरान्त भएकाले उसले कुनै बलशाली र वीर्यवान् पुरुषलाई हार्दिक र मार्मिक अनुरोध गरेर उक्त गर्भधारण गरेकी हो । स्त्रीको यौवन, पाँच पुत्र र एक पुत्रीकी माता भएपनि अझैं राँको, आगो, करेन्ट वा हट प्लेट आदि शीर्षकले स्मरण गर्ने योग्य थियो । पृ. ७४

त्यो सुकेशा र कमल समान नेत्र भएकी देख्दै शोषण गरूँगरूँ लाग्ने प्रकारकी कामाङ्गी स्त्रीलाई ऋषिले एक निमेष मात्र हेरे । भर्खर स्नान गरर आएकी र ट्बेलको चलन आइनसकेकाले शरीर नपुछ्दै एकसरो वस्त्र बेरेकी स्त्रीका दुवै स्तनहरू स्वचालित यन्त्र झैं थर्किरहेका थिए । चोलो नलगाएकाले दुवैतिरबाट तिनको सुडौल स्थितिको दर्शन भइरहेको थियो । अनि भिजेका हुनाले अग्रभागको श्याम वर्णको बाटुलो चक्काको बीचको दानाको समेत दर्शन भइरहेको थियो । पृ.७७

केहीबेर अमरराज केही बोलेन । शम्भु अघि सऱ्यो । केटीनिर पुगेर पहिले त्यसको फ्रक पल्टाइदियो, अनि एक्कासि उचालेर आफ्नो काखमा पछाऱ्यो । पृ. १५९

---

[९८] बासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२, तृतीय सं. (ललितपुर,साझा प्रकाशन २०५८) पृ. ५५ ।

यसरी यस उपन्यासमा मान्छेभित्रको मुलतत्त्व मन र मनको अवचेतन प्रवृत्तिलाई महत्त्व दिनुका साथै मानवीय नैतिक, धार्मिक तथा सामाजिक दृष्टिकोणका विपरीत मान्छेभित्रको नग्नता, उत्तेजना, उन्माद र विशुद्ध प्राकृत वा प्रकृतिवादी पाशविकताको चित्रण प्रस्तुत गरिएको छ । यस उपन्यासको किशोर, अंगुल ऋषि र शम्भुका व्यवहार चिन्तन र क्रियाकलापबाट प्रकृतवादी पद्धति उद्घाटित भएको छ भने मृदुला, भैरव, शिव शर्मा आदिका चरित्रबाट पनि यस कुराको पुष्टि गर्न अझ मद्दत मिलेको छ । समग्रमा मानवीय धर्म, नैतिकता र आदर्शमा विरुद्ध मान्छेको आदिम तथा प्राकृतिक आवेग आदिको यथार्थ अभिव्यक्ति भएको यो उपन्यासलाई प्रकृतवादी कोटीको उच्चतम उपलब्धि मान्न सकिन्छ ।

## ५.४ विसङ्गतिवादी प्रवृत्ति :

'दुविधा' उपन्यासमा सामाजिक विकृति र विसङ्गति यथेष्ट रूपमा पाइन्छ। उपन्यासको विभिन्न खण्डमा विकृति र विसङ्गतिजन्य घटनाक्रमको समेत चर्चा गरिएको छ। 'दुविधा' उपन्यासमा सहरिया समाजमा मानवीय जीवनको आदर्श, नैतिकता र बौद्धिकता कतै पनि भेटिदैन बरू सबैतिर विकृति र विसङ्तिले मात्र दरिलो जरा गाडेको छ। मुख्य भूमिकाको पात्र समेत विसङ्गतिपूर्ण स्थितिमा रहेको देखिन्छ । यस उपन्यासमा मानवीय दुष्टता, छुद्र अभद्र र हीन विसङ्गत चरित्रको चित्रण गरिएको छ, जो बाँच्नु र मर्नुको दोधारमा अल्मलिएका, मर्न विवश र वैराग्य जीवन भोग्न बाध्य जीवनको अस्वभाविक परिणति विद्यमान छ ।

उपन्यासमा प्रस्तुत भएको घरको संरचना नै विसङ्गत पूर्ण छ । लामो पुस्तादेखि नै संयुक्त परिवारलाई आश्रय दिँदै आएको घर पुरानो र जीर्ण भइसकेको छ । घरका भित्ताहरू चर्केर टालटुल पारेको घरले जसोतसो ओत दिएको छ। उपन्यासका अधिकांस पात्रहरू (आत्माराम, शिव शर्मा, अमरराज, कमलराज, मञ्जुला, मृदुला, श्रीमती अमरराज र श्रीमती कमलराज) यसै जीर्ण घरमा विसङ्गत जीवन भोगिरहेका छन् । बाजे आत्माराम बिरामी हुँदै बाँच्दै गरेका हुनु, शिव शर्माले पारिवारिक दुर्व्यवहार सहन गर्न नसकी विद्रोह गर्दै दोस्रो विवाह गर्नु, कमलराजले अवैध धनआर्जन गर्नु आदि सबै कार्य विसङ्गतपूर्ण देखिन्छन् । अमरराजको प्रेम गर्ने इच्छा असफल हुनु, अमरराज र साथीहरू परिवारप्रति अनुत्तरदायी भई प्रायः जसो रक्सी भट्टी-भट्टी चहार्नु, शम्भुको मृत्यु हुनु, भैरव विक्षिप्त भई सन्यासी हुनु, जीवनले आत्महत्या गर्नु र अमरराज मृत्यु र जीवनको दोधारमा रुमलिनु आदि सबै विसङ्गतपूर्ण अवस्था देखाएको छ । यसै गरी नर्मदालाई प्रेमीले बलात्कार गरी छाड्नु र वेश्यावृत्ति कार्यमा लाग्नु पनि विसङ्गति नै हो ।

त्यस्तै राजनैतिक र धार्मिक क्षेत्रमा हुने गरेको विसङ्गतिलाई समेत उपन्यासमा चित्रण गरिएको छ । पण्डित पद्मनाभ र अंगुल ऋषिका क्रियाकलापबाट यसको पुष्टि हुन्छ । पद्मनाभले पण्डित्याँई पेसा छाडेर मन्त्रीलाई घुस पुऱ्याउँने कार्यमा लाग्नु, अंगुल ऋषिले यजमानकी पत्नीलाई बलात्कार गर्न खोज्नु र कुटीमा आई कुसासनमा बसी हस्तमैथुन गर्नु जस्ता कार्य समेत विसङ्तपूर्ण

रहेका छन्। अमरराजको परिवारमा धर्मका नाममा छोराछोरीप्रति गरिने भेदभाव पूर्ण व्यवहार पनि विसङ्गतिपूर्ण नै देखिन्छ। परिवारले गरेको अपमानपूर्ण व्यवहारबाट उनीहरूको जीवनमा नैराश्य आई अनुत्तरदायी भावना देखिनुले अमरराज र साथीहरूमा विकृत र विसङ्गत चरित्र देखिन्छ। नारी पात्रहरूमध्येकी रोहिणीमा राम्रो घरमा विवाह गरी दिन पढाएकी हुँ भन्दै सन्तान जन्माउँनु मात्रै आफ्नो कार्य भएको भन्नुले पनि विसङ्गत स्थितिलाई देखाउँछ।

समाजका हरेका वृद्ध-पाका उमेरका मानिसहरूलाई गरिने अमानवीय अनैतिक दुर्व्यवहारबाट वृद्धावस्थामा नहुनु पर्ने संगत देखिनु र मदिरालय र वेश्यालयमा धाउने प्रवृत्ति देखिएको छ। एकअर्का बीच साथीहरूमा असल सम्बन्ध देखिएता पनि भित्री रूपमा एक अर्कालाई असल मित्र नठान्नुले विसङ्गत स्थितिलाई औल्याउँछ। फेरि अमरराजका बाबु शिव शर्माले ७० वर्षको उमेरमा गरेको आफूभन्दा ज्यादै कम उमेरकी युवतीसँग विवाह सन्दर्भले पनि विसङ्गत कै स्थितिलाई देखाउँछ। यस प्रसङ्गलाई केही उदाहरणलाई उपन्यासमा प्रस्तुत लिन सकिन्छ। बूढालाई : नै कहाँ थाहा थियो। उनी यस कलिली केटीलाई बिहे गरेर ल्याउँछन् ? एकदिन कुनै मित्रकहाँ भेट भयो। उमेर जुन भए पनि प्रेम भयो भने, किशोरावय हुन्छ भन्ने धारणा राख्ने वृद्धलाई ती तरुनी देख्नासाथ आफ्नो किशोरावस्था फर्केर आएजस्तो अनुभव भयो, एक्कासि उनको हृदयको गति तीव्र हुन थाल्यो। अनुहार रातो भयो, शरीरमा कम्पन्न हुन थाल्यो र चिटचिट पसिना समेत आउन थाल्यो। पृ. ११९

अमरराज र उसका साथीहरू विसङ्गतपूर्ण जीवनदेखि दिक्क भएर एक्काइसौं शताब्दीले बीसौं शताब्दीले भित्र्याएको विसङ्गतलाई अन्त्य गर्ने हो वा झन् असङ्गत जीवन भोग्नुपर्ने तर्क-वितर्कमा सम्बन्धमा झन् असङ्गत जीवन नै भोग्नु निष्कर्ष निकाल्दै यसो भन्छन्- त्यो बौद्धिक हुन्छ, त्यसकारण आँसु बगाउँने अवसरमा आँसु बगाउँने छ, मानवता देखाउँने अवसरमा मानवीय हुनेछ, आध्यात्मिक हुने अवसरमा आध्यात्मिक बन्ने छ। संवेदनशील क्षण फेला पाऱ्यो भने संवेदनशील बन्ने छ। पहिले-पहिलेभन्दा पनि बढी। शेष समयमा आफ्नो महान् बौद्धिक कलाद्वारा आफ्नो पशुभन्दा पनि उच्चकोटीको पशुत्वको भोगचलन गर्नेछ। त्यसलाई अझै हिंस्रक, क्रुर र देहयुक्त बनाउँदै जीवनको आनन्द प्राप्त गर्नेछ। पृ. १४५

यसरी उपन्यासका प्रायः सबै पात्रहरू कुनै न कुनै रूपबाट पीडित भएका देखिन्छन्। अधिकांशको मानव जीवन विसङ्त छ, त्रासद् छ, नैतिकताहीन छ, बौद्धिकतारहित छ। यहाँ न पारिवारिक माया मोह छ न मानवीयता नै छ। सबैले सबैलाई उपयोगिताका दृष्टिले हेरेका छन्। दुविधा उपन्यासले यिनै विकृत विषयवस्तु विचार र घटनालाई समेटेको छ।

## ५.५ अस्तित्ववादी प्रवृत्ति :

अस्तित्ववादी मान्यताअनुसार आफ्ना स्वसत्ता वा अस्मिताका निम्ति मान्छेले कर्म गर्नुपर्ने भएकाले उसले कुनै मूल्य प्रणालीसँग आफ्ना क्रिया र कर्मलाई सम्बद्ध गर्नुपर्दछ। मान्छे अस्तित्वका

लागि संघर्ष गर्दागर्दै विसङ्गतिको चुलीमा पुगेपछि पुनः अस्तित्वको लागि सङ्घर्ष गर्दछ भन्ने कुरा शिव शर्माबाट पनि थाहा हुन्छ । यस उपन्यासमा अमरराजका बाबु शिव शर्माले वृद्धावस्थामा भोग्नुपर्ने दुःखत घृणित विसङ्गतपूर्ण जीवन बाँच्न विवश भएपछि अस्तित्व खोजीका लागि ७० वर्षको उमेरमा आफूभन्दा निक्कै कलिली केटी मीनासँग विवाह गर्न बाध्य हुन्छन् ।

गौतमले व्यक्तिका इच्छा, आकाङ्क्षा र स्वतन्त्रताको अपहरण हुने स्थितिबाट उब्जिएका विसङ्गतिलाई देखाएका छन् । दुविधा उपन्यासको मूत्र पात्र अमरराज आफूले रोजे जस्ती र खोजे जस्ती प्रेमिका प्राप्त गर्न नसकेर वैयक्तिक इच्छा र आकांक्षा कुण्ठित भएपछि बाबु आमाबाट खोजिएकी केटीसँग विवाह गरेपछि विसङ्गत परिस्थितिमा उभिएको देखिन्छ । प्रायः जसो आफ्ना प्रौढ दौतरीसँग मदिरालय जानुले यो कुरालाई पुष्टि गर्छ । अन्त्यमा परिवारका सम्पूर्ण सदस्यहरूद्वारा अपमानित र तिरष्कृत भएपछि उसमा अस्तित्वको बोध भएको देखिन्छ । उसले अस्तित्व प्राप्तिको गति भने लिनसकेको देखिदैन । बरु विसङ्त अवस्थामा पुगेको देखिन्छ । मानिसका निम्ति उसको आफ्नो स्वतन्त्रता महत्त्वपूर्ण पक्ष हो र त्यसका लागि उसले बाँच्नुपर्ने, तर बाँच्नका निम्ति ऊ कैयन् सङ्घर्षका आकार प्रकारमा जेलिने र त्यस क्रममा कैयौं पटक पराधीन हुने र पराजित मनस्थितिमै बाँच्न विवश भएपछि यहाँ शिव शर्माले अस्तित्ववादी चेतबाट अभिप्रेरित भई सत्तरी वर्षको उमेरमा विवाह गर्न पुगेको देखाइएको छ ।

अमरराजले जीवनका विभिन्न मोड घुम्तिहरूमा जीवनदेखि वितृष्णा देखाए तापनि उपन्यासमा ठाउँ-ठाउँमा अस्तित्व रक्षार्थका निम्ति चिन्तनशील देखिएको पाइन्छ । उपन्यासमा रहेको यस उदाहरणबाट यस कुराको पुष्टि हुन्छ । “कमलराजका सामु आफ्ना छोराछोरीहरूलाई ज्यादै निरीह देख्दथ्यो अमरराज । आफू निरीह थियो त्यसमा केही थिएन । तर छोराछोरीको निरीहता देख्दा, ऊ ज्यादै दुःखी हुन्थ्यो । आफूलाई नालायक ठान्न थाल्दथ्यो । एउटा नालायकीपन त के भने, धेरै तोड परेको क्षणमा ऊ कहिले कही सोच्न थाल्दथ्यो, ऊ आफैं कमलराजको बाबु हुने गरी किन जन्मेन । पृ. १३१

यसरी नै जब अमरराजका सम्पूर्ण परिवारका सदस्यहरूले उसलाई फालिएको वा मिल्किएको वस्तुझैं पुरानो र जीर्ण घरमा एक्लै छोडेर जान्छन् । तब ऊ जीवनका उतार चढावका घटनाहरू स्मरण गर्दै अस्तित्व खोज्न तत्पर जस्तो देखिन्छ । यस कुराले उक्त कुराको पुष्टि गर्छ । उसको हाँसोमा एउटा प्रश्न पनि सामेल थियो । यस्तो विपरित परिस्थितिमा, अस्तित्वको अपरम्पार अल्झोमा उसले यस्तो घटना किन सम्झियो ? पृ. २०१

तत्कालीन जटिल सामाजिक परिवेशभित्र आफ्नो समाज वा परिवारबाट निरन्तर पीडित भई दुव्यर्वहारपूर्ण दुरुह जीवन जिउन नसकेपछि शिव शर्मा अस्तित्व रक्षाका लागि विसङ्गत परिस्थितिमा घरजम जोड्ने योजना बनाइसकेपछि विद्रोह वा अस्तित्वका स्वरहरू यसरी ओकल्छन् । “आफ्नै घर

मान्छेलाई वन जङ्गल जस्तो खुख्वार र झम्टिने खालको लाग्न थालेपछि कि पर्खेर बस्नु पऱ्यो, कि थर्केर बस्नु पऱ्यो, कि अलि चर्केरै बस्नु पऱ्यो होइन त ?" पृ. ११८

उपन्यासमा अमरराजको परिवारलाई क्षत-विक्षत पार्ने दोधारे चरित्र बोकेको कमलराज अरूलाई (अमरराज) दुःख दिएर आफ्नो स्वत्व स्थापित गर्ने भ्रष्ट चरित्र भएको पात्र अस्तित्व स्थापित गर्ने सिलासिलामा गलत कार्य गर्न पनि पछि पर्दैन । उपन्यासका अन्य गौण पात्र-पात्राहरूमा किशोर, मीना अँगुल ऋषि, आत्माराम, मञ्जु, मृदुला, नर्मदा आदि आ-आफ्ना अस्तित्व कायम गर्न संघर्षरत देखिन्छन् ।

# परिच्छेद - छ
# निष्कर्ष

ध्रुवचन्द्र गौतम नेपाली साहित्यको आख्यान विधाका सफल उपन्यासकारका रूपमा चिनिएका छन् । कलिलै उमेरदेखि नै साहित्य सिर्जनामा लागेका गौतमले धेरै कृतिहरूको सृजना गरेका छन् । उनी साहित्यका प्रायः सबै विधामा उदाएका छन् । उनले कविता, कथा, नाटक, निबन्ध आदि विधामा हात हाले तापनि उनको रचनाको विशिष्ट पहिचान भने उपन्यास नै हो । उनको लेखन कार्य कविताबाट बीजारोपण भएर कथा, नाटक निबन्धमा मौलाउँदै उपन्यासमा झ्याङ्गिएको छ । उनले एकल १८ वटा र सहलेखन ४ वटा गरी जम्मा २२ वटा उपन्यासहरूको सृजना गरिसकेका छन् । उनले आफ्नो साहित्यिक प्रेरणाको रूपमा भने पारिवारिक वातावरण, अग्रजको प्रेरणा, विदेशी लेखकहरूको प्रभाव र आफ्नै अध्ययन रहेको छ । यति धेरै उपन्यासको रचना गरेका गौतमले समय सापेक्ष भई आफ्ना रचनामा विविध परिवर्तनहरू ल्याएका छन् । वैचारिक चिन्तन, वस्तु संगठन आदिका हिसाबले उनको औपचारिक यात्रालाई दुई चरणमा विभाजन गरिएको छ । वि.सं. २०२४ सालदेखि २०३३ सालसम्म पूर्वचरण र वि.सं. २०३७ सालदेखि हालसम्म उत्तरचरणका रूपमा रहेको छ । उपन्यास यात्राको झन्डै चार दशक लामो यात्रामा अनेक नवीन परिवर्तनहरू आएका छन् । उनको उपन्यास यात्रामा विसङ्गतिवादी धाराबाट शुरु भई क्रमशः आलोचनात्मक यथार्थवादलाई मूल आधारभूमि बनाउँदै विसङ्गतिवादी र अस्तित्ववादी चिन्तनप्रणालीलाई एकैसाथ लगेको पाइन्छ । नेपाली उपन्यासमा सैद्धान्तिक पक्षको निकै प्रयोग गर्दै आएका गौतमले नेपाली उपन्यासको क्षितिजमा नयाँ-नयाँ सम्भावनाको ढोका खोलेका छन् । विधाविश्रणगत नयाँ संरचना, संस्मरणकै हाराहारीको अनुभवन्यास, विश्वसाहित्यमा चलेका आधुनिकोत्तर विषय, शैली संरचना आदिको निर्माण नेपाली साहित्यका मौलिक पहिचान भएका छन् । विसङ्गतिवादी प्रवृत्तिबाट शुरु भएको साहित्यिक यात्रा श्याम व्यङ्ग्य, प्रकृतवाद चेतनप्रवाह शैली आदि विशेषताहरू बोक्दै अघि बढेका छन् । यही नै उनको औपन्यासिक निजी पहिचान हो ।

दुविधा उपन्यास सहरीया मध्यम वित्तिय परिवारको अमरराजका चार पुस्ता र उसका साथी शम्भु, बलराम, जीवन, भैरव र माधवको दैनिक जिन्दगीका सङ्गत, असङ्गत गतिविधिको कथा हो । यसमा अमरराजको वंश र उसका रक्सीया साथीहरूको घटनालाई सँगसँगै जोड्दै तिनका हास्य र रोदन पक्षलाई मार्मिक, सारभूत कलात्मक नवीन ढङ्गले प्रस्तुत गरिएको छ । वर्तमान समाजमा वृद्ध पुस्ताको निरीहता र दुर्व्यवहारको चित्रण गर्दै दुःखद् पारिवारिक विघटन आदिको युगीन यथार्थको चित्रण यसमा गरिएको छ । आर्थिक अवस्था कमजोर हुँदै जाँदा र उमेर पनि असक्त बन्दै जाँदा नयाँ पिंढीका पुस्ताले कस्तो अपराधजन्य दुर्व्यवहार गर्छन् र बाँच्नु र मर्नुको दोसाँधमा पुग्ने अवस्था सृजना

हुन्छ भन्ने कुराको कटुसत्यलाई प्रस्तुत गरिएको छ। ओरालो लागेको मृगलाई बाछाले पनि लखेट्छ भन्ने उक्ति जस्तै वृद्धावस्था र आर्थिक विपन्नता बढ्दै जाँदा आफैले जन्मदिएका सन्तान र आफ्नै जीवन संगिनी समेतको दृष्टिमा पतित र घृणित हुनुपर्दछ भन्ने कुराको चित्रण यसमा गरिएको छ। जीवनमा प्रेम र यौनको अपरिहार्यता हुन्छ र यस्ता विषयमा कोही कसैको विश्वास हुँदैन न त सहयोग नै मिल्दछ भन्ने कुरालाई पनि उपन्यासमा देखाएको छ। यसै गरी वर्तमान समयमा कमलराज जस्तै कुटिल द्वैत चरित्र बोकेका मान्छेले कसरी अरूको जीवनलाई तहसनहस पार्दछन् भन्ने कुरालाई पनि उपन्यासमा देखाइएको छ। दुविधा उपन्यासमा वर्तमान युगीन सहरिया परिवारका वृद्धजनहरूले भोग्नु परिरहेको मानवीय पीडा, बाध्यता, कमजोरी र उनीहरूको जीवनको अस्तव्यस्तता बाहेक पनि छोरा-छोरीमा गरिने भेदभाव, धर्मका नाममा कुकृत्य, नेताहरूको भष्ट्र चरित्र, प्रेम र यौनका बीचमा देखिने यौनदुराचार, आर्थिक विपन्नताले निम्त्याएको विसङ्गतपूर्ण जीवन आदिलाई मार्मिक ढङ्गले यथास्थितिको दुरुस्त चित्रण उतारेको छ।

'दुविधा' उपन्यास २०४६ सालको पुनः प्रजातन्त्र प्राप्तिको दशकभित्रमा रचिएको प्रवृत्तिगत दृष्टिले आलोचनात्मक यथार्थवादी उपन्यास हो। यो वाद नेपाली उपन्यास विधामा २०११ सालमा भित्रिएको भएता पनि यस उपन्याससम्म आईपुग्दा परिस्कृत अवस्थामा हुर्किएको छ। यसले वर्तमान आधुनिक सहरिया समाजमा देखिएको विकृतजन्य जीवन पद्धतिको भयावह र कहालीलाग्दो कथाको यथार्थतालाई औँल्याउँदै सकारात्मक सुधारको आग्रह गरेको छ। यसैले यस उपन्यासलाई आलोचनात्मक यथार्थवादको थप निधिको रूपमा स्वीकार्न सकिन्छ।

दुविधा उपन्यासको शीर्षक विधान विषयवस्तुसँग अभिधा अर्थ दिने किसिमको छ। यस उपन्यासको नायकीय भूमिकामा रहेको अमरराज र उसका साथीहरू जीवनको उत्तरार्ध अवस्थामा पारिवारिक दुव्यर्वहार र निर्दयपूर्ण व्यवहारले मर्नु र बाँच्नुको दोसाँधमा अल्मलिएका स्थितिमा छन्। अन्य पात्रहरू समेतको चरित्र पनि स्पष्टसँग यसो वा उसो गर्ने भन्नेतर्फ नभई दिशाहीन अवस्थामा रुमालिएको स्थितिमा छ। मुख्य पात्र अमरराज जीवनको शुरुवातदेखि नै कुनै ठोस निर्णय गर्न सक्ने अवस्थामा देखिदैन। प्रेम गर्न चाहने तर केटीसँग खुलेर आफ्ना आन्तरिक इच्छा प्रकट गर्न नसकि अन्यौल ग्रस्त अवस्थामा पुगेपछि बाबुआमाले रोजिदिएकी केटीसँग विवाह गर्छ। यसै गरी जब ऊ पौढावस्थामा पुग्छ, तब जीवनको अस्तव्यस्त क्षणमा बाँच्ने र मर्ने निर्णय गर्न नसकी द्विविधापूर्ण अवस्थामा पुगेको देखाएकोले यस उपन्यासको नामकरण 'दुविधा' हुन सार्थक देखिन्छ।

दुविधा उपन्यासको संरचना पक्षलाई हेर्दा वाह्य संरचना मध्यम आकारको छ। जम्मा २०२ पृष्टमा संरचित यो उपन्यासमा परिच्छेद विभाजन गरिएको छैन। प्रसङ्ग परिवर्तन मात्र गरिएको छ। यसरी प्रसङ्ग परिवर्तन गरिएको ठाउँलाई हेर्दा यसमा ६६ परिच्छेद रहेका छन्। यसको लामो परिच्छेद ७ पृष्ठसम्म फैलिएको छ भने सबैभन्दा छोटो परिच्छेद २ पृष्ठसम्म सीमित छ। यसमा चौथो

पुस्तासम्म एउटै पुरानो जीर्ण अवस्थाको घरमा सगोलमा बसेका देखिन्छन् । उक्त जीर्ण घर समाजका जीर्ण स्थितिमा पुगेका वृद्धहरूको प्रतीकका रुपमा देखाइएको छ । उपन्यासका अधिकाँश पात्रहरू यसै पुरानो र जीर्ण घरमा बसेका छन् । उक्त पुरानो र जीर्ण घरको सम्भार र जीर्णोद्धार पनि पुरानो पुस्ताको पात्रले गरेका छन् । नयाँ पुस्ताहरू उक्त चिसो र थोत्रो घरमा नबस्ने इच्छा प्रकट गर्दै अंशबण्डा गरी छुट्टिएर अन्यत्र बस्न गएका छन् । हुँदाहुँदै उपन्यासको अन्त्यतिर उक्त पुरानो र जीर्ण घरको स्वामित्व नयाँ पुस्ताको कमलराज हत्याउँन सफल हुन्छ । द्वैत चरित्र बोकेको कमलराज आफ्ना भव्य आधुनिक महलमा अमरराजका छोराछोरी र श्रीमतीलाई आश्रय दिएर अमरराजलाई उक्त पुरानो र जीर्ण घरमा बस्न बाध्य र विवश बनाउँछ । खाली घरमा निम्नस्तरका फोहरी अभद्र मानिसहरूलाई भाडामा लगाएर घरको बिग्रिएको प्रदूषित वातावरणमा अमरराजलाई एक्लै निर्दयतापूर्वक छोडेको अवस्था छ । आन्तरिक पक्षको संरचनामा प्रमुख विषयवस्तु यही नै देखाइएको छ । अन्य समसामयिक पक्षलाई समेत उपन्यासमा महत्व दिएको छ । उपन्यासमा धर्मका नाममा हुने धार्मिक विकृति, राजनैतिक नाममा हुने घुसखोरी तन्त्र, प्रेमका नाममा हुने यौनदुराचार, गरिब बाल श्रमिकको स्थिति, जाँड, रक्सी रन्डीबाजी आदि विद्यमान सामाजिक विकृति र विसङ्गतिको यथार्थ चित्रण गरिएको छ । उपन्यासको कथानक श्रृखलाविहीन र एकै परिच्छेदमा एकभन्दा बढी पात्रहरूको प्रसङ्ग आदिका कारणले औपन्यासिक नवीन प्रवृत्तिलाई आत्मासात गरे तापनि बाह्य संरचनाका तुलनामा आन्तरिक संरचना केही कमजोर जस्तो देखिन्छ ।

'दुविधा' उपन्यासको कथानक स्रोत सामाजिक यथार्थतामा आधारित छ । विद्यमान समाजमा प्रौढमाथि गरिने दुर्व्यवहारलाई मूल कथानक बनाइएको भएता पनि अन्य समाजमा फैलिएका धार्मिक, राजनैतिक, आर्थिक विकृति र विसङ्गतिलाई उपन्यासकारले कलात्मक ढंगले प्रस्तुत गरेका छन् । समाजमा देखिने यस्ता विकृति र विसङ्गतिप्रति तीखो व्यङग्य गर्दै त्यस्ता पक्षले सामाजिक विकासलाई अवरोध पुऱ्याउँने भएकाले त्यसप्रति आलोचनात्मक सुधारको अपेक्षा गरिएको छ ।

'दुविधा उपन्यासको कथानक वृत्तकारीय ढाँचामा रहेको छ । त्यसको मतलब उपन्यासको कथानक अस्तव्यस्त छ भने खोजिएको नभई पूर्ण रैखिक ढाँचामा नभएको । तर झन्डै कहीँ-कहीँ रैखिक भन्न मिल्ने किसिमको पनि रहेको छ । उपन्यासमा कौतूहलपूर्ण कथानक रहेको छ । ठाउँ-ठाउँमा प्रयोग गरिएको मिथकले झन् उत्साह बढाउँछ, उपन्यासको अन्त्यतिर त झन् दुःखद् पूर्ण स्थितिले उत्सुकता चुलीमा नै पुगेको छ । किशोरले तारा र मीनालाई विवाह गरेर विदेशमा के गर्दै होला ? अंगुल ऋषि अहिले पनि त्यस्तै काम गर्दा हुन् कि ? नर्मदाको प्रेमी वास्तवमा उसैको पति हो वा होइन ? नर्मदा कहाँ गई होली ? अमरराजका पिता शिव शर्माले कति सन्तान जन्माए होलान् ? अमरराज अहिले पनि द्विविधामा नै छन् कि छैनन् ? आदि निकै उत्सुकता जगाउँने विषय रहेका छन् । उपन्यासमा आन्तरिक द्वन्द्वभन्दा बाह्य द्वन्द्व सशक्त रहेको छ । अमरराज र किशोरको द्वन्द्व, अंगुल

ऋषि र यजमानकी श्रीमती बीचको द्वन्द्व, शिव शर्मा र कमलराज बीचको बाह्य द्वन्द्व सामान्य अवस्थामा देखाइएको छ। नयाँ पुस्ता र पुराना पुस्ता बीचको आन्तरिक द्वन्द्व बढी प्रभावकारी रहेको छ। अर्न्तमुखी स्वभाव भएका अमरराज र उसका साथीहरू भैरव, जीवन, शम्भु, बलराम र माधवले भोग्नुपर्ने जीवन र भावी आफूहरु जस्तै उमेरका मानिसहरूले भोग्ने जीवन र एक्काइसौं शताब्दीमा दुर्दशापूर्ण नहोला भन्ने मनोकाङ्क्षा राखेका छन्।

दुविधा उपन्यासमा मुख्य, सहायक र गौण पात्रहरू सत् असत् चरित्रका रूपमा छन्। यसै गरी नारी युवायुवती र साना केटाहरू आदि विविध किसिमका पात्रहरू रहेका छन्। आत्माराम, अमरराज, भैरव, बलराम, शम्भु आदि सत् पात्र र अमररराजका लागि असत् चरित्रका रूपमा कमलराज देखिएको छ। कमलराज, अमरराजका लागि असत र उसका छोराछोरी र श्रीमतीका लागि सत् पात्रका रूपमा दोहोरा भूमिकामा देखिएको छ। यसै गरी नारी पात्रको प्रमुख भूमिकामा नर्मदा देखिएकी छ र किशोर, शिव शर्मा, अंगुल ऋषि, मृदुला, मञ्जुला आदि सहायक पात्रका रूपमा रहेका छन् भने तारा, मीना, श्रीमती कमलराज, श्रीमती अमरराज, होटलका केटा आदि गौण पात्रका रूपमा देखिएका छन्। अन्तरमुखी र बहिर्मुखी पात्र उपन्यासमा चरित्रका दृष्टिले यसरी नियाल्न सकिन्छ। अमरराज र लगायतका साथी अन्तर्मुखी चरित्र देखिन्छन् भने कमलराज, मञ्जुला लगायत पात्रहरू बर्हिमुखी स्वाभावका चरित्रका रूपमा देखिएका छन्।

दुविधा उपन्यासमा स्वैरकल्पना, परिकल्पना, मिथक आदिको प्रयोग वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ। नाटक वा एकाङ्कीमा जस्तो बहुल सम्वादको प्रयोग यसमा भएको छैन। पात्र, परिवेश, शिक्षा, मानसिक स्थिति अनुसारको नै सम्वाद पाइन्छ। यस उपन्यासमा सम्वादको प्रयोग कम नै देखिएको छ। तापनि सम्वाद सरल, सरस, स्वाभाविक, सरल नवीन आकर्षक र प्रभावकारी रहेकोछ।

दुविधा उपन्यासको सम्पूर्ण परिवेश काठमाडौंभित्रकै रहेको छ। छिटपुट रूपमा झापा जिल्लाको लजभित्रको परिवेशबाहेक अन्य परिवेश काठमाडौंभित्र नै सीमित छ। उपन्यासको नेपथ्यमा कुनै घटनाहरू देखाइएको छैन। उपन्यासको रचना समय २०५२ सालको भए तापनि मूलकथानक अतीत र वर्तमानमा वृद्धजनले भोग्नुपर्ने दुर्दशापूर्ण जीवनको कथा र आर्थिक, राजनैतिक, सामाजिक समकालीन विकृतिजन्य यथार्थ स्थितिको चित्रण गरिएको छ।

दुविधा उपन्यासमा तृतीय पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ। यस उपन्यासमा आएका सबै पात्रहरू बाह्य सर्वदर्शी दृष्टिबिन्दु ऊ र त्यो पात्रका रूपमा कथानकमा प्रयोग भएका छन्। उपन्यासका सम्पूर्ण कार्यव्यापार लेखक बाहिर बसेर कथावाचन गरेको हुनाले तृतीय पुरुषको रुपमा रहेको छ।

उपन्यासको सारवस्तुका रुपमा विद्यमान नेपाली समाजमा वृद्धहरूले निरर्थक वस्तुसरह भई दुरवस्था भोग्नुपर्ने भयावह चित्रण देखाइएको छ। यसका साथै समाजमा यस्तो स्थिति सृजना हुनमा

भूमिका खेल्ने राजनैतिक, आर्थिक र धार्मिक विकृति, विसङ्गतिको समसामायिक यथार्थ चित्रण यसमा गरिएको छ। बीसौं शताब्दीमा देखिएको प्रेमलाई यौनतृप्तिको विषयवस्तु बनाउने परिपाटी र प्रेम विवाहले भित्र्याएको विसङ्गतपूर्ण वेश्यावृत्तिलाई समेत यसले समेटेको छ। ग्रामीण क्षेत्रबाट मीठो खाने, राम्रो लाउने र धन कमाउने धोको लिएर भागेर शहर पस्ने बाल श्रमिकको स्थिति समेतलाई समेट्न उपन्यास सफल छ।

'दुविधा' उपन्यासका सबै प्रसङ्गमा असङ्त पात्र र असङ्गत घटनालाई एकाम्विति प्रदान गरी श्याम व्यङ्ग्यलाई जीवन्त तुल्याउँदै लगिएको छ। यी प्रसङ्गको चर्चा गर्दा सरल, सरस र सम्प्रेषणीय नवीन भाषाको प्रयोग भएको पाइन्छ। तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरूको प्रयोग भए पनि अंग्रेजी र तत्सम सरल शब्दको प्रयोग व्यापक रहेको छ। आगन्तुक शब्दका रूपमा भने अंग्रेजी, फारसी, अरबी, फ्रान्सेली तुर्की हिन्दी, उर्दू, पोचुगाली, भोटबर्मेली, नेवारी आदि भाषाबाट आएका शब्दहरूको पनि प्रयोग भएका छन्। यसै गरी शब्दवर्गलाई हेर्ने हो भने नाम सर्वनाम, विशेषण, अव्यय आदि सबै वर्गका शब्दको प्रयोग पाइन्छ। वाक्य गठनका दृष्टिले सरल, संयुक्त र मिश्र तीनै प्रकार वाक्यको प्रयोग भएको छ। धेरैजसो कर्म र भाववाच्यको प्रयोग गरिएको छ। उपन्यासमा बिम्व, प्रतीक, मिथक पूराकथा आदि नवीन शिल्प र शैलीको प्रयोगले उपन्यास जीवन्त बन्न गएको छ। परम्परागत भाषिक मान्यतालाई तोड्दै विचलन युक्त नवीन भाषिक शैलीको प्रयोगले उपन्यासलाई अझ उच्चतामा पुऱ्याएको छ।

# सन्दर्भसामग्री सूची

## (क) सन्दर्भग्रन्थसूची

केशवप्रसाद उपाध्याय, : **रिमाल व्यक्ति र कृति**, (तृ.सं.), ललितपुर : साझा प्रकाशन, २०५३ ।

लक्ष्मणप्रसाद गौतम, **सान्दर्भिक समालोचना**, काठमाडौं : भुँडी पुराण प्रकाशन, २०५७ ।

ध्रुवचन्द गौतम, : **दुविधा**, (द्वि.सं.), काठमाडौं : प्रस्तुति प्रकाशन २०४५ ।

भूपति ढकाल, : **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष**, स्याङ्जाः जय नेपाल प्रकाशन, २०५६ ।

रोशन थापा 'निरव', **घुर्मीको भूमिकामा,** प्रतिभा प्रकाशन, काठमाडौं २०६२ ।

टङ्क न्यौपाने,**साहित्यको रूपरेखा**, (द्वि.सं.), काठमाडौं : साझा प्रकाशन २०४९ ।

कृष्णप्रसाद पराजुली, **राम्रो रचना र मीठो नेपाली**, (चौ.सं.), काठमाडौं : सहयोगी प्रेस २०४७ ।

कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, (तृ.सं.), ललितपुर : साझाप्रकाशन २०५२ ।

----,------,**साझा समालोचना**, (चौ.सं.), काठमाडौं : साझा प्रकाशन २०५६ ।

बालकृष्ण पोखेल र अन्य, (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, मुनर्मुद्रित संशोधन सहित परिवर्द्धित, पाँ.सं., ने.रा.प्र.प्र.२०५८ ।

ऋषिराज बराल, **उपन्यासको सौन्दर्य शास्त्र**, काठमाडौं : साझा प्रकाशन २०५६ ।

कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, (द्वि.सं.), काठमाडौं : साझा प्रकाशन २०५४ ।

कृष्णबहादुर बस्नेत, **आधुनिक नेपाली उपन्यास** (सैद्धान्तिक विश्लेषण), कीर्तिपुर : दीक्षान्त पुस्तक भण्डार २०५९ ।

गुणाकर भुसाल, **इन्द्रेणी सङ्गालो**, (सम्पा), कीर्तिपुर : क्षितिज प्रकाशन २०५८ ।

राजेन्द्र सुवेदी, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन २०५३ ।

---,-----,**सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम**, काठमाडौं : साझा प्रकाशन २०५४ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि**, (द्वि.सं.), काठमाडौं : साझा प्रकाशन २०५५ ।

मोहनराज शर्मा, **सूत्र उपन्यासको सिद्धि र फूलको आतङ्क**, काठमाडौं : प्रतिभा प्रकाशन २०५५ ।

तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, (तृ.सं.), काठमाडौं : नवीन प्रकाशन २०५१ ।

वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २**, (तृ.सं.), ललितपुर : साझा प्रकाशन २०५८ ।

दयाराम श्रेष्ठ, **कथा सिद्धान्त र इतिहास**, "नेपाली कथा भाग ४"(सम्पा), काठमाडौं : साझा प्रकाशन २०५७ ।

## (ख) सन्दर्भपत्रिकासूची

केशवप्रसाद उपाध्याय, **नेपाली नाट्यक्षेत्रमा ध्रुवचन्द्र गौतमको योगदान**, मधूलिका, (वर्ष १०, पूर्णाङ्क ९),२०६० पृ.६७ ।

नेत्र एटम, “ध्रुवचन्द्र गौतमको नाटकमा पाइने प्रयोगको स्वरूप”, **मधूलिका**, (वर्ष, अङ्क, पूर्णाङ्क), २०६० पृ. १८४ ।

कुमार कोइराला, **दुविधाको विसङ्गत संसार**, मधूलिका, (वर्ष १०, अङ्क ९), २०६० पृ. ६७ ।

गोबिन्द गिरी 'प्रेरणा', **कथाकार ध्रवचन्द्र गौतमको कथायात्रा,** मधूलिका, (वर्ष १०, अङ्क ९), २०६० पृ. १५१ ।

दिनेश गुप्ता, **उपन्यासस्रमाट ध्रवचन्द्र वीरगञ्ज**, मधूलिका, (वर्ष १०, अङ्क ९), २०६० पृ.२४६ ।

डा.ध्रुवचन्द गौतम, **साहित्य, समय र अँध्यारो**, समकालीन नेपाली साहित्य, काठमाडौं : वसुन्धरामान प्रज्ञा प्रतिष्ठान (वर्ष १, अङ्क १), २०५७ पृ. ६७ ।

----,----,**दौलतविक्रम विष्टः साहित्यका विशिष्ठ साधक**, वसुन्धरा, काठमाडौं : वसुन्धरामान प्रज्ञा प्रतिष्ठान, (वर्ष १०, अङ्क १), २०५८ पृ. ५१ ।

लक्ष्मणप्रसाद गौतम, **औपन्यासिक नवप्रयुक्तिका रूपमा बाढी र यसको अनुभवन्यासिक विश्लेषण**, समकालीन साहित्य, (वर्ष ११, अङ्क १, पूर्णाङ्क ३९), २०५७ पृ. १४२ ।

रोशन थापा 'नीरव', **केही अन्तरङ्गक्षण डा. ध्रुवचन्द्र गौतमसँग कुराकानी** समकालीन साहित्य, (वर्ष ९, अङ्क ४, पूर्णाङ्क ३६), २०५६ पृ. ६१-६९ ।

---,--,**मौनभित्रका विष्फोटहरू**, गरिमा, (वर्ष २०, अङ्क १०, पूर्णाङ्क २३८), २०५९ पृ. ६३ ।

राजेन्द पराजुली, **निरन्तर उपन्यासहरु** नेपाल समाचारपत्र (वर्ष, अङ्क , वैशाख २३), २०६३ पृ.घ ।

ज्ञानु पाण्डे, **उपन्यासकार ध्रुवचन्द्र गौतम : विषयमाथिको एक अध्ययन**, मधूलिका, (वर्ष १०, अङ्क ९), २०६० पृ.२५ ।

ऋषिराज बराल, **दृष्टिविन्दु र नेपाली उपन्यास**, मिर्मिरे, काठमाडौं : नेपाल राष्ट्र बैंक बैंकर्स क्लब (वर्ष २३, अङ्क ७, पूर्णाङ्क ११२), २०६० पृ. १७ ।

पाठक ब्याकुल, “आख्यान पुरूष”, **नेपाल समाचारपत्र**), २०६० पौष ३ पृ. ४ ।

जयदेव भट्टराई, “लेखेर नबाँचे पनि लेख्नलाई बाँचिरहने”, **गोरखापत्र**, २०६० मङ्सिर २७ पृ.६ ।

विनय रावल, “माड्साप, ध्रुवचन्द्र र मेरो रहर”, **देशान्तर,** २०६० मङ्सिर १४ पृ. ४ ।

लीला लुइटेल, “ध्रुवचन्द्र गौतमको औपन्यासिक शिल्प”, **गरिमा**, (वर्ष १८, अङ्क ६, पूर्णाङ्क २१०), २०५७ पृ. ८६ ।

खगेन्द्रप्रसाद लुइटेल, **दुविधा उपन्यासमा घोत्लिदा** कान्तिपुर (वर्ष ३, अङ्क ३३५), कोसेली २०५२ माघ १३ पृ.ग ।

----,------,“नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान”, **गरिमा**, (वर्ष २०, अङ्क ६, पूर्णाङ्क २३४), २०५९ पृ. ३० ।

खगेन्द्रप्रसाद लुइटेल, **श्यामव्यङ्ग्यका प्रयोक्ता उपन्यासकार ध्रुवचन्द्र गौतम**, समकालीन साहित्य, (वर्ष ५, अङ्क ४) २०५२ पृ. ११३ ।

ध्रुव सापकोटा, "भेटवार्ता डा.ध्रुवचन्द्र गौतम", **गरिमा**, (वर्ष ४, अङ्क १२, पूर्णाङ्क ४८), २०४३ पृ. ७८ ।

राजेन्द्र सुवेदी, "उपन्यासकार ध्रुवचन्द्र गौतम र उनको उपसंहार अथात् चौथो अन्त्य", **समकालीन साहित्य**, (वर्ष ३, अङ्क ४, पूर्णाङ्क १२), २०५० पृ. ६२ ।

मोहनराज शर्मा, "उपन्यासकार डा. ध्रुवचन्द्र गौतम", **समकालीन साहित्य**, (वर्ष १३, अङ्क १, पूर्णाङ्क ४७), २०५९ पृ. ८२ ।

दिनेश त्रिपाठी, "जटिल जीवनस्थिति यथार्थ चित्र 'दुविधा'", **गरिमा**, (वर्ष ६, अङ्क १२, पूर्णाङ्क ६१), २०४४ पृ. ६७ ।

(ग) **सन्दर्भशोधपत्रसूची**

ईश्वर गौतम, **'माइतघर' उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित शोत्रपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं २०६१ ।

कुमारराज दाहाल, **साहित्यकार डा. ध्रुवचन्द्र गौतमका कृतिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. कीर्तिपुर २०४७ ।

गिरीराज निरौला, **'उपसंहार अर्थात् चौथो अन्त्य' उपन्यासको स्रष्टापरक अध्ययन**, अप्रकाशित शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं २०६१ ।

श्रीधर न्यौपाने, **अग्निदत्त+अग्निदत्त उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोत्रपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा २०५७ ।

सरोज पौडेल, **निमित्त नायक उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नात्तोत्तर शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०६१ ।

थामप्रसाद लुइटेल, **'बाह्र कथा' सङ्ग्रहको कृतिपरक अध्ययन**, अप्रकाशित शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं २०६१ ।